## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष (तह ८)

### चतुर्थ पत्र

# बुद्धकालीन बौद्ध व्यक्तित्वहरू

**समग्र उद्देश्य :**

विद्यार्थीहरूले बुद्धको मौलिक दर्शनको ज्ञान पाएर, त्यसकै आधारमा चिन्तन मनन तथा अभ्यासद्वारा जीवनमा सम्यक मार्गतिर पाइला चाल्न सक्नेछन् ।

**सिकाइगत उद्देश्यहरू :**

१. महाप्रजापति गौतमी, सिद्धार्थकी सानी आमाले उनलाई हुर्काएको, महिलाहरूको लागि प्रव्रज्याको द्वार खोलेको तथा भिक्षुणी गौतमीको ज्ञान, ऋद्धि क्षमता आदिको बारे ज्ञान हासिल गर्नेछन् ।

२. बुद्धकालीन अग्रश्राविकाहरू खेमा र उत्पलवर्णाको जीवनी अध्ययन गरेर बुद्धका भिक्षुणी शिष्याहरूको ज्ञान र क्षमता बारे ज्ञान पाउनेछन् ।

३. बुद्धकालीन ब्राह्मणहरू अस्सलायन माणव, कसिभारद्वाज ब्राह्मण, कूटदन्त ब्राह्मणहरूको घटना पढेर बुद्धको समयमा ब्राह्मणहरू अन्य धर्मबाट बुद्धका शरणमा आई ज्ञान प्राप्त गरेर धन्य भएको कुरा जान्नेछन् ।

४. बुद्धकालीन विशिष्ट महिलाहरू अम्बपाली, नकुलमाता, चुलसुभद्रा, खुज्जुतराको जीवनी पढेर तिनको क्षमता र ज्ञानको बारेमा जान्नुको साथै बुद्धले नारी र पुरुषको बिचमा कुनै भेदभाव नराखेको बारेमा अवगत हुनेछन् ।

**अखिल नेपाल भिक्षु महासंघ**
**नेपाल बौद्ध परियत्ति शिक्षा**

केन्द्रीय कार्यालय : विश्व शान्ति विहार, नयाँ बानेश्वर, मीनभवन, काठमाडौं
फोन नं. : ४१०६९३६, ४१०६९४१, E-mail: pariyatti2556@gmail.com

परियत्ति सद्धम्म कोविद प्रथम वर्ष (तह ८)
चतुर्थ पत्र

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष (तह ८)

### चतुर्थ पत्र

# बुद्धकालीन बौद्ध व्यक्तित्वहरू

**अखिल नेपाल भिक्षु महासंघ**
**नेपाल बौद्ध परियत्ति शिक्षा**

https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष (तह ८)

## चतुर्थ पत्र

# बुद्धकालीन बौद्ध व्यक्तित्वहरु

Dhamma.Digital

प्रधान सम्पादक

**भिक्षु धर्मगुप्त महास्थविर**

सम्पादक मण्डल

**भिक्षु बोधिज्ञान महास्थविर**

**भिक्षु निग्रोध महास्थविर**

**अमिता धाख्वा**

**डा. त्रिरत्न मानन्धर**

**डा. रीना तुलाधर बनिया**

https://dhamma.digital

प्रकाशक : **धम्म डिजिटल**

प्रकाशनार्थ आर्थिक सहयोग :
**बुद्धिराम महर्जन, दशमाया महर्जन (मन) सपरिवार**
**केशब डंगोल सपरिवार**
कालधारा, काठमाडौं

**दाता परिवारलाई साधुवाद !**

परियत्ति सद्धम्मकोविद प्रथम वर्ष, चतुर्थ पत्रको यस
पाठ्यपुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्नुहुने
**बुद्धिराम महर्जन, दशमाया महर्जन (मन) सपरिवार**
**केशब डंगोल सपरिवार**
कालधारा, काठमाडौं परिवारलाई साधुवाद !

सर्वाधिकार : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा

Dhamma.Digital

प्रथम संस्करण : ५०० प्रति
बु.सं. २५६८
वि.सं.२०८१
ने.सं. ११४५
ई.सं. २०२४

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस, ग्वार्को, ललितपुर

सहयोगार्थ मूल्य : रु. २००/-

(नोट : यस पुस्तक बिक्री भएको रकम पुनःसंस्करणको लागि प्रयोग हुनेछ)

# साधुवाद

नेपालको बुद्धशासनमा ऐतिहासिक संस्था, 'नेपाल बौद्ध परियत्ति शिक्षा' को प्रारम्भकालदेखि पाठ्यसामग्री श्रृजना गर्दै अतुलनीय योगदान दिएर जानुभएका अति पूजनीय हाम्रा गुरुवर्ग श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, श्रद्धेय भिक्षु सुद्धर्शन महास्थविर, श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, श्रद्धेय गुरुमां अनागारिका सुशिला तथा धर्मभिरु उपासक धर्मरत्न शाक्य त्रिशुलीको गुणानुस्मरण गर्दै यस साधुवाद पत्रको शुरुवात गर्दछौं ।

बुद्धकालीन बौद्ध व्यक्तित्वहरू शीर्षकको प्रस्तुत पुस्तक 'अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित' 'नेपाल बौद्ध परियत्ति शिक्षा' को 'परियत्ति सद्धम्म कोविद प्रथम वर्ष (तह ८)' को चतुर्थ पत्रको पाठ्यक्रममा आधारित भएर तयार भएको पाठ्यपुस्तक हो ।

बुद्धकालीन बौद्ध व्यक्तित्वहरू शीर्षकको यस चतुर्थ पत्रको लागि भिक्षु अमृतानन्दद्वारा रचित ग्रन्थहरू बुद्धकालीन श्राविकाहरू, बुद्धकालीन महिलाहरू, बुद्धकालीन ब्राह्मणहरूको आधार लिइएको हो । 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको यस पाठ्यपुस्तकको मौलिक लेखक भिक्षु अमृतानन्दलाई हार्दिक नमन गर्दै यी ग्रन्थहरूको बुद्धकालीन नेपाली विश्वकोष नाममा नयाँ स्वरूपमा प्रकाशन गर्नुहुने पण्डित दुण्डबहादुर बज्राचार्यज्यूलाई पनि हार्दिक आभार व्यक्त गर्दै साधुवाद व्यक्त गर्दछौं ।

यस पाठ्यपुस्तक प्रकाशन हुनाले 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक सर्वसुलभ हुने भएको छ । यो पुस्तक तयार गर्नको लागि लेखन, अनुवाद, टाइपिङ्ग, शुद्धाशुद्धि, प्रेस सम्बन्धी कार्य इत्यादि कार्यहरू सम्पन्न गर्नको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सबै श्रद्धालुहरूलाई साधुवाद सहित हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

https://dhamma.digital

यस पुस्तक प्रकाशन गर्नको लागि आर्थिक सहयोगको साथै प्रकाशन सम्बन्धी सम्पूर्ण अभिभारा लिएकोले धम्म डिजिटललाई साधुवाद सहित हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

अन्तमा पुनः एकपटक 'नेपाल बौद्ध परियत्ति शिक्षा' को पाठ्यसामग्री निर्माण कार्यमा विगतका दिनदेखि आजसम्म विविध कार्यद्वारा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा योगदान दिँदै आउनुभएका श्रद्धेय भिक्षु महासंघ, श्रद्धेय गुरुमां संघ तथा श्रद्धालु महानुभावहरूलाई मैत्रीपूर्ण साधुवाद ।

बु.सं. २५६८ — प्रधान सम्पादक प्रमुख
वि.सं.२०८१, मंसिर — सम्पादक मण्डल

Dhamma.Digital

https://dhamma.digital

# प्रकाशकीय

नेपालको बुद्धशासनिक क्षेत्रमा बुद्धधर्म प्रचारप्रसार तथा बुद्धशिक्षालाई व्यवस्थित तवरले अध्ययन अध्यापन गराउनमा अतुलनीय योगदान पुऱ्याउँदै अघि बढिरहेको अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको परियत्ति सद्धम्म कोविद प्रथम वर्ष (तह ८) को चतुर्थ पत्र प्रकाशन गर्न पाउँदा धर्मप्रीतिको अनुभूति गरेका छौं। बुद्धधर्मका अनमोल पुस्तकहरूलाई डिजिटलाइज गरी जगेर्ना गर्ने र वेबसाइट मार्फत सर्वसाधारणको पहुँचमा पुऱ्याउने उद्देश्यका साथ स्थापना भएको यस धम्म डिजिटलले परियत्ति अध्ययन तथा अध्यापनमा नेपाल बौद्ध परियत्ति शिक्षाको तह ८ को चतुर्थ पत्र प्रकाशन गर्ने धम्म डिजिटलको योजनाको यो पहिलो प्रयास हो।

धम्म डिजिटलको २०७६ साल फागुन १० गते स्थापना भए पश्चात् यस संस्थाले नेपालको बौद्ध साहित्यलाई डिजिटलाइज गरी संसारको जुनसुकै क्षेत्रमा बसोबास गर्ने, बुद्धशिक्षा अध्ययन गर्न चाहनेहरूलाई अध्ययनको लागि www.dhamma.digital वेबसाइटमा जम्मा १५०० वटा नेपालमा प्रकाशित पुस्तकहरू संग्रहित गरेका छौं र पुस्तकहरू निरन्तर रूपमा थप्ने कार्य भईरहेको छ। विशुद्ध धार्मिक उद्देश्यका साथ शुरु गरिएको धम्म डिजिटलले डिजिटलाइज संग संगै प्रतिलिपि अधिकार लिई पुस्तक प्रकाशन तथा श्रव्य दृश्य भिडियोहरू पनि प्रसारण गर्दै आइरहेको छ। आर्थिक सहयोगहरू पारदर्शी बनाउने, सहयोगी दाताहरूको पुस्तक प्रकाशन गर्ने अनुरोध आएमा पुस्तक प्रकाशन गर्न धम्म डिजिटल तत्पर रहेको छ। विगत दुई वर्षदेखि तिपिटक अनुवाद तथा प्रकाशन समिति गठन गरी त्रिपिटक पालि संस्करण तथा पालि त्रिपिटकको नेपाली अनुवाद कार्य पनि भईरहेको छ।

प्रस्तुत पुस्तक परियत्ति शिक्षा, परियत्ति सद्धम्म कोविद प्रथम

https://dhamma.digital

वर्ष (तह ८), चतुर्थ पत्र प्रकाशनका लागि दाता बुद्धिराम महर्जन, दशमाया महर्जन (मन) सपरिवार कालधारा, काठमाडौं र केशब डंगोल सपरिवार कालधारा, काठमाडौंले धर्मदान गर्नु भएको छ । बुद्धशिक्षा अध्ययनको लागि उपयुक्त पुस्तक धर्मदान गरी संचय गरिएको यस पुण्यले दाता परिवारको आयु आरोग्य एवं निरोगीको कामना गर्दछौं ।

पुस्तक प्रकाशनको लागि अनुमति दिनु भएकोमा अ.ने.भि. महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा परिवार सबैमा साधुवाद व्यक्त गर्न चाहन्छौँ। केन्द्रीय परीक्षा नियन्त्रक श्रद्धेय बोधिज्ञान महास्थविरमा पनि कृतज्ञता ज्ञापन गर्न चाहन्छौँ। उहाँको सहयोगमा यस अघि नेपाल बौद्ध परियत्तिकै अभिधर्मार्थ संग्रह पुस्तक प्रकाशन भएको कुरा पनि स्मरण गराउन चाहन्छु । पुस्तक सम्पादन तथा संयोजन गर्नुहुने रीना बनियाँ तुलाधरज्यूमा पनि आभार व्यक्त गर्न चाहन्छौँ । पुस्तक समयमा नै प्रकाशन गर्ने कार्यमा आवश्यक सहयोग पुऱ्याउनु भएकोमा आइडियल प्रेस परिवारलाई पनि धन्यवाद ज्ञापन गर्दछौँ ।

भवतु सब्ब मङ्गलं ।

मितिः २०८१ मंसिर १२

**धम्म डिजिटल**
धापाखेल बुद्ध विहार
धापाखेल, ललितपुर।

Dhamma.Digital

# परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

## चतुर्थ पत्र

## बुद्धकालीन बौद्ध व्यक्तित्वहरू

### विषय सूचि


| | पृष्ठ |
|---|---|
| **एकाइ १ : बुद्धकालीन अग्रणी महिला, बुद्धमाता** | **१** |
| महाप्रजापति गौतमी | २ |
| **एकाइ २ : बुद्धकालीन अग्रश्राविकाहरू** | **८३** |
| १) खेमा स्थविरा | ८४ |
| २) उत्पलवर्णा स्थविरा | १०८ |
| **एकाइ ३ : बुद्धकालीन ब्राह्मणहरू** | **१३७** |
| १) अस्सलायन माणव | १३८ |
| २) कसिभारद्वाज ब्राह्मण | १४९ |
| ३) कूटदन्त ब्राह्मण | १६० |
| **एकाइ ४ : बुद्धकालीन विशिष्ट महिलाहरू** | **१९१** |
| १) अम्बपाली | १९२ |
| २) नकुलमाता | २०२ |
| ३) चुलसुभद्रा | २१६ |
| ४) खुज्जुतरा | २२४ |


https://dhamma.digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद प्रथम वर्ष (तह ८)

चतुर्थ पत्र

# बुद्धकालीन बौद्ध व्यक्तित्वहरू

Dhamma.Digital

## एकाइ १ : बुद्धकालीन अग्रणी महिला, बुद्धमाता

### १) प्रजापति गौतमी

पुस्तक : बुद्धकालीन श्राविका चरित्र (भाग १)

लेखक : भिक्षु अमृतानन्द महास्थविर

https://dhamma.digital

# एकाइ १ : बुद्धकालीन अगुवा महिला बुद्धमाता

## १. महाप्रजापति गौतमी

### परिचय

महाप्रजापति गौतमी शुद्धोदन महाराजकी कान्छी बडामहारानी हुनुहुन्थ्यो । शुद्धोदन महाराजाको देहान्त भएपछि उहाँ बुद्धकहाँ भिक्षुणी हुनुभयो । अतः त्रिपिटक मूलपालि तथा अर्थकथाहरूमा उल्लिखित कारणहरू खोज गरी यहाँ, उहाँकै परिचय दिने प्रयास गरेको छु ।

**शुभजन्म :** हालै नेपाल अधिराज्यको पश्चिम तराइतिर छब्बीस सय वर्षअघि कपिलवस्तु र कोलिय देशहरू रोहिणी नदीको वारी पारी र पूर्वपट्टि शाक्य जनपदको देवदह र पश्चिमपट्टि कपिलवस्तु भन्ने दुई समृद्धशाली शाक्य नगरहरू थिए । महाप्रजापति गौतमीको जन्म देवदह नगरमा भएको थियो । उहाँ देवदह नगरका अञ्जन शाक्य र सुलक्षणा रानीकी कान्छी छोरी हुनुहुन्थ्यो । उहाँको साख्ये दिदी महामायादेवी हुनुहुन्थ्यो ।

**नामकरण :** नामकरण गर्ने दिनमा ज्योतिष-आचार्यहरूले "यदि यी राजकन्याले छोरी जन्माएमा चक्रवर्ती राजाकी महिषी र छोरा जन्माएमा चक्रवर्ती राजा हुनेछन् । दुवैको तर्फबाट धेरै प्रज्ञाहरू हुनेछन्" भन्ने भविष्यवाणी गरे[१] । यसै अर्थलाई ध्यानमा राखी राजकन्यालाई "महाप्रजापति" भन्ने नामकरण गरिएको हो र गौतम गोत्रकी भएकीले "गौतमी" पनि भनिएको हो ।

**शुभ-विवाह :** यी दुवै दिदी बहिनीहरूको स्वभाव अत्यन्त राम्रो थियो र त्यति नै सुन्दरी पनि थिए । यौवन अवस्थामा पुगेपछि यी दुवै दिदी बहिनीहरूलाई कपिलवस्तुका सुप्रसिद्ध शुद्धोदन महाराजाले विवाह

[१] अं.अ.क..पृ.१८६मा 'दुवैकन्याहरू(=महामाया र महाप्रजापति गौतमी) का गर्भमा बस्ने बालकहरू चक्रवर्ती हुनेछन् ।' भन्ने कुरा समुल्लेख भएको पाइन्छ



https://dhamma.digital

गरे ।[२] अनि दुवै शुद्धोदन महाराजाका जेठी र कान्छी बडामहारानी बने ।

**सन्तान लाभ :** धेरै वर्षसम्म महाराज शुद्धोदनका सन्तान भएनन् । पछि महाप्रजापति गौतमीको तर्फबाट सर्वप्रथम एक कन्या जन्मिन् । सन्तानको मुख हेर्ने आशा भइरहेको बेलामा सर्वप्रथम कन्याको मुख हेर्न पाउँदा सबै राजपरिवारहरू अत्यन्त नन्दित भए । त्यसैले राजकन्याको नाम "नन्दा" रहन गएको हो । यसै क्रममा पछि जेठी बडामहारानी महामायादेवीले पनि बैशाख पूर्णिमाको शुभमुहूर्तमा माइतीघर देवदह गइरहनु भएको बेलामा बीचबाटैमा, एक रमणीय लुम्बिनी शालोद्यानमा सिद्धार्थ कुमारलाई जन्माउनुभयो । त्यस बखत कपिलवस्तु र देवदहवासी राजपरिवारहरूका साथसाथै साराका सारा जनताहरू पनि अत्यन्त हर्षित भए । त्यसपछि हर्षले गद्गद् भएका दुवैतिरका राजपरिवारहरूले महामायादेवीलाई कपिलवस्तुमै फर्काएर लगे ।

**महामायाको स्वर्गवास :** बुद्ध हुने महापुरुषलाई जन्माउने स्त्रीको आयु स्वभावत: नै बालक जन्माएको एक सातासम्म मात्र रहने धर्मतानुसार महामाया महारानी पनि सिद्धार्थ राजकुमार पाएको एक सातामै स्वर्गवास हुनुभयो । त्यस पछि शुद्धोदन महाराजाले सिद्धार्थकुमारकी सानीआमा महाप्रजापति गौतमीलाई बडामहारानीको पदमा राख्नुभयो । यसै समयमा उहाँले नन्दकुमारलाई जन्माउनुभयो । यस वखत उहाँको उमेर चालिस वर्ष पुगेको थियो ।

**सिद्धार्थ कुमारको भरण-पोषण :** केही समय पछि नै महाप्रजापति गौतमी महारानीले आफ्नो दुधे बालक नन्दकुमारलाई धाईको हातमा सुम्पी स्वयं आफूले दिदीको बालक सिद्धार्थकुमारको पालन पोषण गर्न थाल्नुभयो । बालक सिद्धार्थ कुमारलाई वहाँले दिनको दुई तीन पटक सुगन्धित जलमा नुहाइ दिनुहुन्थ्यो । त्यस्तै गरी तेल लगाइदिनु हुन्थ्यो, सुताउनु हुन्थ्यो, खेलाउनु हुन्थ्यो तथा आफ्नै दुध पनि पिलाउनु हुन्थ्यो । बालक हुर्किंदै गएपछि दिनको दुई तीन पटक खुवाउने, पिलाउने, हातखुट्टा मिच्ने आदि गर्नुपर्ने सबै शुश्रूषाको काम अत्यन्त

२ "ततो कपिलवत्थुस्मिं, शुद्धोदनघरं गता ।" थेरी.अप.दा.पा.पृ.२१०:महाप्रजापति गौतमी थेरी अपदानं ।



https://dhamma.digital

स्नेहपूर्वक आफैले गर्नुहुन्थ्यो र खेलाउने तथा डुलाउने समेत आफैले गर्नुभई वहाँले बालक राजकुमारको पालन-पोषण गर्नुभयो । यसरी अत्यन्त माया गरी स्नेहपूर्वक सिद्धार्थ राजकुमारलाई स्याहारसम्भार गरी ठूलो भएपछि खुवाउनु, पिलाउनुको साथै पान-सुपारी समेत आफैले दिनुहुन्थ्यो भन्ने कुरा पपञ्चसूदनीले उल्लेख गरको छ । साँच्चै भन्ने हो भने यो लोकमा महाप्रजापति गौतमी जस्ती प्रजावत्सला सानीआमा पाउनु महान दुर्लभको कुरा हो ।

**सिद्धार्थको गृहत्याग :** क्रमसंग राजकुमार यौवन अवस्थामा पुगेपछि यशोधरा नामक राजकुमारीसँग शुभविवाह गरिदिए । उनान्तीस (२९) वर्षको उमेरमा राहुल भन्ने छोरा पाएपछि आषाढ पूर्णिमाको अर्धरातमा वहाँले गृहत्याग गर्नुभयो ।[३] यसरी सिद्धार्थ राजकुमारले गृहत्याग गरिसक्नु भएपछि पूरा छ वर्षसम्म महाप्रजापति गौतमी महारानीले वहाँको मुख देख्न पाउनु भएन । सिद्धार्थ राजकुमारले बुद्धत्व प्राप्त गरिसक्नु भए पछि सातौं वर्षको अन्ततिर महाप्रजापति गौतमीले बुद्धको प्रथम दर्शन गर्नुभयो ।

**प्रथम दर्शन :** सिद्धार्थ बोधिसत्व बुद्ध भइसक्नु भए पछि उहाँ बुद्धगयाबाट (भारतको हाल गया जिल्लामा) ऋषिपतन मृगदावनमा (भारतको हाल वाराणसी जिल्लास्थित सारनाथमा) जानुभयो । त्यहाँ पञ्चवर्गीय भिक्षुहरूलाई प्रथम धर्मचक्रको उपदेश दिई उहीँ नै उहाँले पञ्चवर्गीय भिक्षुहरूका साथ प्रथम वर्षवास बिताउनुभयो । वर्षावास बिताइसक्नु भए पछि क्रमशः राजगृहमा जानुभयो । त्यहाँ राजा बिम्बिसारलाई बुद्धधर्ममा दीक्षित गरिसक्नु भएपछि हजारौं भिक्षुहरूका साथ आफ्नो जन्मभूमि कपिलवस्तुको निमित्त प्रस्थान गर्नुभयो । वैशाख पूर्णिमाकै दिन भगवान् कपिलवस्तुमा आइपुग्नुभयो । शाक्यमुनि गौतम बुद्ध कपिलवस्तुस्थित न्यग्रोध शाक्यका उद्यानमा बस्नुभयो । त्यस बखत त्यहाँ सबै शाक्य राजपरिवारहरूका महाविशाल परिषद् भेला भयो । बुद्ध

---

३ सिद्धार्थ राजकुमारले गृहत्याग गर्नुभएको सम्बन्धमा सविस्तार कुरा जान्न लेखकको 'संक्षिप्त बुद्ध जीवनी' को दोश्रो परिच्छेद र तेश्रो परिच्छेद तथा चौथो परिच्छेदमा हेर्नुहोस् तथा बु. रा.पृ.१३३ मा र बु.रा. पृ. ८४ मा पनि हेर्नुभए वेश हुनेछ ।



https://dhamma.digital

भगवान्‌ले त्यो विशाल परिषद्‌लाई सन्तुष्ट पार्नु हुँदै वेस्सन्तर जातकको उपदेश सुनाउनुभयो ।

**वस्त्रदानको संकल्प :** कपिलवस्तु पुग्नुभएको भोलिपल्ट भगवान् बुद्ध आफ्नो भिक्षु परिवारहरूका साथ, जुन सडकहरूमा आफू पहिले चारघोडे बग्गीमा जानुहुन्थ्यो सोही सडकहरूमा हातमा भिक्षापात्र लिई भिक्षाटन जानुभयो । उहाँ भिक्षाटन जानुभएको खबर सुन्नासाथ राजदरवारमा ठूलो खलबल मच्चियो । अनि शुद्धोदन महाराज आई भगवान् बुद्धलाई राजदरवारमा निम्तो गरी लैजानुभयो ।

त्यस बखत राजदरवारको झ्यालमा बसी बुद्धका श्री शौभाग्यलाई अवलोकन गरिरहनुभएकी महाप्रजापति गौतमी महारानीलाई साह्रै खुशी लागी वहाँको मनमा त्यसबेला यस्तो कल्पना उठ्यो-

"आहा, कति शोभनीय हुनुहुन्छ । आहा, कति दर्शनीय तथा शौभाग्यशाली, हुनुहुन्छ !! उनान्तीस वर्षसम्म उहाँ गृहस्थीमा छँदा उहाँलाई मैले नगरेको सेवाशुश्रूषा केही थिएन । पान-सुपारी समेत मैले आफैले दिएको थिएँ । अब उहाँलाई के दिउँ !"

यस्तो मनमा कल्पना हुँदा त्यसबखत उहाँले यस्तो चिताउनुभयो-

"मेरो पुत्रलाई अब एक जोर वस्त्र बाहेक अरू कुनै वस्तुको आवश्यकता छैन । अतः उहाँलाई मैले सर्वोत्तम एकजोर वस्त्र चढाउँ । राजदरवारमा अनेकौं प्रकारका वस्त्रहरू त छन् तर ती वस्त्रहरू दिनमा मलाई उति सन्तोष लाग्दैन । यसमा कुनै महत्व पनि छैन । त्यस्ता वस्त्रहरू त उहाँलाई सबैले दिन सक्छन् । अतः आफ्नै हातले कपडा तयार पारी दिन पाए सर्वोत्तम हुने थियो । भगवान् बुद्ध राजप्रासादमा आउनु भई भोजनोप्रान्त "धम्मंचरे सुचरित"[४] भन्ने गाथाद्वारा उपदेश गर्नुभई शुद्धोदन महाराजालाई सकृदागामी-फलमा र महाप्रजापति गौतमी महारानीलाई स्रोतापत्ति-फलमा प्रतिष्ठित गराउनुभयो। भगवान् राजदरवारबाट फर्कनु भएपछि पूर्वकल्पना अनुसार महाप्रजापति गौतमीले बजारबाट धेरै कपास ल्याउन लगाई, आफ्नै हातले कपास केलाई फट्की, मसिनो धागो काटी,

---

४ धम्म. प.पा.पृ.३३: लोकवग्ग १३, गा.नं. १६९



https://dhamma.digital

राजदरवारभित्रै तान राख्ने शाला बनाउन लगाई, शिल्पकारहरूलाई बोलाई आफूले खाने जस्तै खानपान दिई कपडा बुन्न लगाउनुभयो । समय समयमा आफू स्वयं पनि धाईहरूका साथ शालामा गई तान चलाउनु हुन्थ्यो । कपडा तयार भएपछि शिल्पकारहरूलाई ठूलो सम्मान गरी बिदा दिनुभयो । त्यसपछि तयार गरिएको कपडा सुगन्धित पार्न, सुगन्धित पानीमा भिजाई राख्नुभयो । केही दिनपछि "मेरो पुत्रलाई चीवर-वस्त्र चढाउन जान चाहन्छु" भनी शुद्धोदन महाराजासँग बिन्ति गर्नुभयो ।

राजाले राजदरवारदेखि निग्रोधारामसम्मको बाटो सफा-सुग्घर गर्न लगाई, ठाउँ ठाउँमा पूर्ण घडाहरू राख्न लगाई, ध्वजापताकाहरू फहराउन लगाई तथा बाटोमा फूल छरी अलंकृत गराउनुभयो । अनि महाप्रजापति गौतमी सबै अलंकारहरूले अलंकृत भई, धाईहरूद्वारा परिवृत्त भई, आफ्नै शीरमा सुगन्धित वस्त्र राखी भगवान्‌लाई वस्त्र-पूजा गर्न निग्रोधाराममा जानुभयो भन्ने कुरा पपञ्चसूदनीले उल्लेख गरेको छ ।

**सङ्घमा वस्त्र दिन लगाउनुभयो :** निग्रोधाराममा पुगेर महाप्रजापति गौतमीले आफूले लगेको वस्त्र भगवान्‌लाई चढाउन लाग्दा उहाँले महाप्रजापति गौतमीलाई "गौतमी ! सङ्घमा देऊ सङ्घमा दिंदा म पनि पूजित हुनेछु र सङ्घपनि" भनी तीन तीनबारसम्म भन्नुभयो । जुन कुरालाई तल उल्लिखित "दान विभाजन" शीर्षकको मूल सूत्रले प्रष्ट गरेको छ ।

तलको मूल सूत्रको अध्ययन गर्दा हामीलाई स्वभावतः यस्तो मनमा लाग्न सक्छ कि- भगवान्‌ले यो वस्त्र आफूले ग्रहण गर्नु नभई किन सङ्घलाई दिन लगाउनु भएको होला ? बुद्धभन्दा सङ्घ श्रेष्ठोत्तम भएकोले त्यस्तो गर्न लगाउनु भएको हो कि, क्या हो ?

भगवान्‌ले त्यसो भन्नुभएको कारणहरू प्रष्ट पार्दै सोही सूत्रकै अर्थवर्णना पपञ्चसूदनीले सविस्तार कुराहरू समुल्लेख गरेको छ । यसमध्ये केही कुराहरू निम्न प्रकार छन्-

"बुद्धभन्दा सङ्घ ठूलो छ भन्ने भावनाले सङ्घमा दिन लगाउनुभएको



https://dhamma.digital

पनि होइन, न त सङ्घमा दिंदा आफू पनि सङ्घमै सम्मिलित हुने भएकोले नै हो । परन्तु एक मात्र आमाप्रति भएको महत् करूणाको कारणले र सङ्घप्रति श्रद्धा चेतना उत्पन्न गराइदिन सकेमा आमालाई धेरै बढी कल्याण हुनेछ भन्ने कुरालाई ध्यानमा राख्नुभई भगवान्ले "सङ्घमा देऊ" भन्नुभएको हो ।" अझ अगाडि यस्तो पनि उल्लेख गरेको छ-

"मलाई वस्त्र प्रदान गर्छु भन्ने बुद्धप्रतिको श्रद्धा चेतनाको कारणद्वारा महारानीको चित्तमा अनेक कुशल चेतनाहरू उत्पन्न भई नै सकेका छन् । यदि मैले वहाँलाई सो वस्त्र सङ्घमा दिन लगाउन सकेमा वहाँको चित्तमा सङ्घप्रति दान दिने श्रद्धा चित्त उत्पन्न हुनुको साथै अरू पनि कुशल-चेतनाहरू उत्पन्न भई वहाँको बढी कल्याण हुनेछ" भन्ने विचार भएको हुँदा भगवान् बुद्धले महाप्रजापति गौतमी महारानीलाई "सङ्घमा देऊ" भन्नुभएको हो । यस्तो गराउँदा सङ्घको पनि गौरव हुने र भविष्यमा लोकजनहरूले सङ्घप्रति गौरव राख्न पनि जान्ने छन् भन्ने आदि कुराहरूलाई पनि सोच्नु भई त्यस्तो भन्नुभएको हो ।"

यही कुरा सम्बन्धी प्रश्न मिलिन्द राजाले नागसेन महास्थविरसँग सोध्दा महास्थविरले पनि त्यस्तै नै उत्तर दिनुभएका कुराहरू मिलिन्द प्रश्नमा समुल्लेख भएको पाइन्छ । उक्त कुराको सिलसिलामा उदाहरण देखाउनु हुँदै नागसेन महास्थविरले मिलिन्द राजालाई यस्तो भन्नु भएको छ-

"महाराज ! कुनै पिताले आफ्नो छोराको बखान कुनै राजाको अगाडि गर्छ भने त्यसको मतलब यो हुन सक्दैन कि आफूभन्दा छोरा ठूलो छ । कुनै मातापिताले आफ्नो बालकलाई नुहाइदिन्छन्, काखमा राख्छन् भने त्यसको मतलब पनि यो होइन कि बालक आमाबाबुभन्दा ठूलो छ । कुनै राजालाई कसैले चढाएको उपहार राजाले अरू कसैलाई दिन्छन् भने त्यसको मतलब पनि यो होइन कि राजाभन्दा ऊ ठूलो छ ।"

अतः "सङ्घमा दिंदा म पनि पूजित हुनेछु र सङ्घपनि" भन्ने वाक्यको अर्थ कदाचित बुद्धभन्दा सङ्घ श्रेष्ठोत्तम छ भनी भनिएको होइन, न त भगवान् बुद्ध सङ्घमा अन्तर्गत हुनुभएको हो । यदि यसो भएमा "बुद्ध, धर्म तथा सङ्घ" भन्ने मूल सिद्धान्तसँग बाझिन जानेछ । अतएव मूल



https://dhamma.digital

सूत्रमा उल्लेख भएको सो वाक्यको अर्थ सिद्धान्तसँग नबाझिने गरी बुझेर लिन सक्नुपर्छ भन्ने आदि कुराहरू पनि पपञ्चसूदनीमै समुल्लेख भएका पाइन्छन्।

बुद्धको आज्ञा शिरोपर गरी सङ्घमा वस्त्र दान दिई अत्यन्त प्रमुदित भई महाप्रजापति गौतमी महारानी राजदरवारमा फर्कनुभयो।

भगवान् कपिलवस्तुमा पुग्नुभएको तेस्रो दिनमा महाप्रजापति गौतमीको छोरा नन्द राजकुमारलाई प्रव्रजित गर्नुभयो र सातौं दिनमा आफ्नो छोरा राहुल कुमारलाई पनि प्रव्रजित गराउनु भयो। आठौं दिनमा राजदरवारमा जानुहुँदा शुद्धोदन महाराजले बुद्ध भगवान्सँग बितेका दिनहरूका अनेक कुराहरू संस्मरण गर्नुहुँदै कुशल वार्ता गर्नुभयो। यस समयमा भगवान्ले उहाँलाई महाधम्मपाल जातकका कुराहरू सुनाउनु भई उहाँलाई अनागामी मार्गफलमा प्रतिष्ठित गर्नुभयो। अनि केही दिन पछि भगवान् बुद्ध कपिलवस्तुबाट चारिका गर्नुहुँदै क्रमशः मल्लराज्यको अनुप्रिय भन्ने **आम्रवन** तिर लाग्नुभयो र त्यहाँबाट राजगृह मै फर्कनुभयो।

**शुद्धोदनको परिनिर्वाण :** सत्कायदृष्टि आदि पाँच-संयोजनहरू निरूद्ध हुनुभएका संसारमा बस्नु भएर पनि कमलको पातको पानी झैं संसारबाट निर्लिप्त चित्त हुनुभएका, कुनै विषय-वासनामा कत्ति पनि आशा नलिनुभएका महर्षि शुद्धोदन महाराजाले एक दिन सबै शाक्यगणहरूलाई भेला गर्नुभई यस्तो अनुरोध गर्नुभयो-

“हे बन्धु हो ! यदि मेरो पुत्र गृहस्थीमा बसेको भए चक्रवर्ती राजा भई सप्तरत्न सम्पन्न हुने थिए होलान्। तपाईं क्षत्रीहरू पनि उनकै परिवार हुनुहुने थियो होला। मेरो नाति राहुल कुमार पनि धेरै क्षत्रीहरूका साथ उनकै परिवार हुने थिए होलान्। तर अब मेरो पुत्र जगत गुरू भई सम्यक् सम्बुद्ध भइसक्नुभयो। तपाईंहरूले यस कुरा माथि ध्यान दिनुहोस्। बुद्ध हुनु भएको मेरो छोराको परिवार हुनुहोस्। अतः तपाईंहरूले एक एक पुत्र दिनुहोस्।”

शुद्धोदन महाराजाको अपील सुन्ने बित्तिकै एक हजार क्षत्री कुमारहरू प्रव्रजित हुन तयार भए र प्रव्रजित पनि भएर गए।



https://dhamma.digital

त्यस समय भगवान् बुद्ध वैशालीस्थित कूटागार शालामा बस्दै हुनुहुन्थ्यो । एक दिन कपिलवस्तुमा शुद्धोदन महाराजा बिरामी भएको कुरा थाहा पाउनु भई शाक्यमुनि बुद्ध भगवान् केही श्रावकहरू लिई वैशालीबाट कपिलवस्तु जानुभयो । अनि श्वेतछत्रमुनि बसिरहनुभएको शुद्धोदन महाराजालाई धर्मोपदेश सुनाउनु भई अरहत्वमा प्रतिष्ठित गराउनुभयो । अरहत्व प्राप्त गर्नुभएका शुद्धोदन महाराजा अरहत् भएको एकसाता भित्रै रोइरहेका शाक्य परिवारहरूलाई सान्त्वना दिनुहुँदै परिनिर्वाण हुनुभयो । त्यसपछि भगवान् पनि वैशालीमै फर्केर जानुभयो ।

**प्रव्रज्या हुने इच्छा :** पुत्रहरूबाट वियोग भएर बस्नु परेतापनि बूढा हुनुभएको शुद्धोदन महाराजाको सेवा र शुश्रूषा गरी बस्नुभएकी महाप्रजापति गौतमीलाई उहाँबाट पनि सधैंको निमित्त विछोड भएर बस्नुपर्दा उहाँको मनमा कति गहिरो दुःख लाग्यो होला भन्ने कुरा सबैले सोच्न नसक्ने होइन । शोक र दुःख हुनु स्वाभाविक नै हो । नारीजातिलाई पति बिना जिउनु पानी नभएको नदी जस्तो हो भनी पालि साहित्यले भन्दछ । त्यत्रो राज्य-सुख ऐश्वर्यमा बसिरहनु भएकी महाप्रजापति गौतमी महारानीलाई वृद्धवैंशमा पतिसँग बिछोड भएर बस्नुपर्दा कत्रो मानसिक पीडा भयो होला भन्ने कुरा पनि सबैले बुझ्न नै सक्ने कुरा हो । नारीजातिलाई जतिसुकै बाहिरी मान, मर्यादा अथवा सुख ऐश्वर्य भएतापनि भित्री हृदयमा त उसको हृदय शोकरूपी ज्वालाले जलेकै हुन्छ र पति-वियोगको काँडा गढेकै हुन्छ । नारी जातिलाई पति-वियोग जस्तो ठूलो दुःख अरू के होला र ! पति विना उसको जीवनमा कुनै आश्वासन नै हुन्न । जतिसुकै परिवारहरू लिई जतासुकै गएपनि उसको हृदयले एक्लै असहाय जस्तै अनुभव गरिहाल्छ । त्यसैले पालि साहित्यले यस्तो उल्लेख गरेको छ-

१. **“नग्गा नदी अनुदका, नग्गंरट्ठ अराजिकं ।**
**इत्थीपि विधवा नग्गा, यस्सापि दसभातरो ॥”**

२. **“धजो रथस्स पञ्ञाणं, धूमो पञ्ञाणमग्गीनो ॥**
**राजा रट्ठस्स पञ्ञाणं, भत्ता पञ्ञाणमित्थिया ॥”**



https://dhamma.digital

**अर्थ –**

१. "पानी नभएको नदी नाङ्गो भए जस्तै राजा नभएको देश नाङ्गो हुन्छ, विधवी स्त्री पनि नाङ्गी हो चाहे उसका दशै दाजु-भाइहरू किन नहुन् ।"

२. "रथको चिन्ह झण्डा हो, आगोको चिन्ह धुँवा हो, राष्ट्रको चिन्ह राजा हो तथा स्त्रीका चिन्ह पति हो ।"

यस्तै यस्ता कारणहरूले गर्दा विधवी महाप्रजापति गौतमी महारानीको मनमा त्यागी जीवन लिई भिक्षुणी हुने इच्छा उत्पन्न भयो ।

**रोहिणी नदीको कारणमा झगडा :** शाक्य र कोलिय नगरहरूका बीचमा रोहिणी नदी रहेका कुरा माथि पनि उल्लेख भइसकेको छ । यस नदीको पानी लगी दुवै नगरवासीहरूले खेती गर्दथे । त्यसबखत जेठको महिना थियो । एक दिन, दुवै नगरका कामदारहरू बाँध बाँध्ने विचारले नदीमा आए । अनि कोलिय नगरका कामदारहरूले यसो भने-

"यो नदीको पानी दुवैतिर लैजाँदा कसैको पनि खेतलाई पुग्ने छैन । हाम्रो खेतमा एकपटक पानी राखेमा हाम्रो खेतीको बाली सप्रने छ । अतः यो पानी हामीहरूलाई देऊ ।"

अनि कपिलवस्तुका कामदारहरूले भने-

"अँ, त्यसो भए तिमीहरूको भकारी भरी, तिमीहरूलाई पैसा तिरी हामीहरूले तिमीहरूका दैलामा थैलो थाप्न आउन पर्ला ! यो कुरा हुन सक्तैन । हाम्रा खेतका बालीहरू पनि एकै पटकको पानीले सप्रिने छन् । अतः यो पानी हामीलाई देऊ ।"

"हामी दिन सक्तैनौं, हामी दिन सक्तैनौं" भन्दाभन्दै एकले अर्कोलाई हात छाड्यो र हुँदाहुँदै राजकुलका जातियतामा समेत आक्षेप गरी कलह बढ्न थाल्यो । यत्तिकैमा कोलियवासीहरूले "श्रोणश्रृगाल जस्तै आफ्नै बहिनीहरूसँग सहवास गरी बस्ने कपिलवस्तुवासीका हात्ती, घोडा, तथा भालाहरूले हामीलाई के गर्न सक्ला र ! जाऊ, तिमीहरू आफ्ना कपिलवस्तुवासीहरू लिएर फर्क ।" भन्दै मुख छाडे ।

शाक्यहरूका कामदारहरूले पनि-"कुष्ठिका सन्तानहरू लिएर



https://dhamma.digital

अनाथ भई कोलवृक्षमा बस्नेहरूका हात्ती, घोडा तथा भालाहरूले मात्र हामीहरूलाई के गर्न सक्ला र !, जाऊ, तिमीहरूका कुष्ठ सन्तानहरू लिएर कोलवृक्षमै !" भन्दै मुख छाडे ।

अनि शाक्यहरूका कामदारहरूले आफ्नो हाकिम अमात्यकहाँ गई यो कुरा सुनाए । अमात्यले राजकुललाई सुनाए । अनि शाक्यहरू- "बहिनीहरूसँग सहवास गर्नेहरूका शक्ति देखाउने छौं" भन्दै सुसज्जित भई, युद्धको तयारी गरी निस्के । उता कोलियहरू पनि- "कोलवृक्षमा बस्ने कुष्ठिहरूका शक्ति देखाउने छौं" भन्दै सुसज्जित भई युद्धको तयारी गरी निस्के ।

त्यसबखत भगवान् बुद्ध श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु हुनुहुन्थ्यो । सधैं जस्तै प्रातः कालमा "आज कसको उद्धार गर्न सकूँला" भन्ने विचार गरी ध्यानद्वारा लोकमा हेरिहरनु भएको बेलामा उहाँले "शाक्य-कोलियहरूका बीचमा झगडा हुनेछ र आफू त्यहाँ गएमा उनीहरूका झगडाहरू शान्त भई पाँचसय (५००) शाक्यकुमारहरू प्रव्रजित हुनेछन्, अनि कपिलवस्तुमा एक ठूलो समागम भई देव-मनुष्यहरूको समेत कल्याण हुनेछ" भन्ने कुरा थाहा पाउनुभयो । त्यसपछि श्रावस्तीमा भिक्षाटन् गर्नुभई, भोजनोप्रान्त सन्ध्या समयमा कसैलाई खबर नगरी, पात्र-चीवर ग्रहण गरी एक्लै आकाश मार्गद्वारा कपिलवस्तु जानुभयो । त्यहाँ पुगेपछि युद्धको तयारी गरी बसिरहेका दुवै कुलहरूका बीच आकाशमा पलेंटी मारी बस्नुभयो । उनीहरूलाई संवेग (वैराग) उत्पन्न गराउने उद्देश्यले आँखीभौबाट नीलो रश्मी फैलाई अन्धकार पार्नुभयो ।

अकस्मात् आकाशमा अन्धकार भएर आएको देखी शाक्य र कोलियहरू साह्रै त्रसित भए । जब उनीहरू भयभीत भएर बसे तब बुद्धले आफ्नो शरीरबाट छवर्ण रश्मी फैलाई आफ्नो शरीरलाई देखाउनुभयो । भगवान्लाई देखेपछि कपिलवस्तुवासी शाक्यहरूले "अवश्य नै भगवान्ले हामीहरू लड्न लागेको कुरा जान्नुभयो होला । त्यसैले उहाँ आउनुभएको होला । उहाँको अगाडि हामीले कसरी अर्कामाथि शस्त्र-पात गरौं । चाहे कोलियहरूले हामीहरूलाई किन नकाटून्, किन नमारून्, किन्तु



https://dhamma.digital

हामीहरूले भगवान्‌को अगाडि कुनै हालतमा पनि कसैमाथि शस्त्र-पात गर्न सक्तैनौं" भन्दै सबै हात हतियारहरू भुँइमा राखे । कोलिय नगरवासीहरूले पनि त्यस्तै गरे। अनि भगवान् पनि बुद्ध शरीरबाट अनुपम प्रभा फैलाउनु हुँदै आकाशबाट ओर्ली, रमणीय बगरमा बिच्छ्याइराखेको आसनमा बस्नु भयो । त्यस पछि उनीहरूलाई यस्तो भन्नुभयो-

"महाराजा हो ! किन तपाईंहरू यहाँ आउनुभएको ?"

"भन्ते ! हामीहरू यहाँ न नदी हेर्नको निम्ति र न क्रिडा गर्नको निम्ति आएका हौं, परन्तु संग्राम गर्नको निम्ति आएका हौं ।"

"महाराजा हो ! के कारणले कलह हुन लागेको त ?"

"भन्ते ! पानीको कारणले ।"

"महाराजा हो ! पानीको मोल कति छ त ?"

"थोरै छ भन्ते !"

"महाराजा हो ! पृथ्वीको मोल कति छ त ?"

"भन्ते ! धेरै छ ।"

"महाराजा हो ! क्षत्रीहरूको मोल कति छ त ?"

"भन्ते ! अनर्घ छ ।"

"महाराजा हो ! त्यसो भए, थोरै मोलको निम्ति अनर्घ क्षत्रीहरूको नाशहुने काममा लाग्न योग्य छ त ?"

"योग्य छैन, भन्ते !"

"महाराजा हो ! के कलहबाट कुनै आश्वासन पाउन सकिन्छ त ?"

"सकिन्न भन्ते !"

"महाराजा हो ! अतीतकालमा पनि कलहको कारणले गर्दा ज्ञाति-बन्धुहरूका कति हानी-नोक्सानी भए" भन्नु हुँदै फन्दनजातक, दद्दभजातक तथा लटुकिक जातकका कुराहरू सुनाउनु भई- "मेलमिलाप र संगठन बलियो भएमा कसैले पनि केही गर्न नसक्ने कुरामा जोड दिई, संगठित भएर बस्नु नै ठूलो सुख हो" भन्नु हुँदै रूक्खधम्मजातकको उपदेश सुनाउनुभयो । फेरि "मेलमिलापमा खलल पार्नाले र आँच



https://dhamma.digital

ल्याउनाले आफ्नै जातिहरूको विनाश हुनजान्छ" भन्नु हुँदै वट्टजातक को उदाहरण पनि सुनाउनुभयो । उपरोक्त पाँच जातकका उपदेशद्वारा युद्धको दुष्परिणामलाई औंल्याई त्यसबाट कसैको पनि भलो नभई बरू आ-आफ्नै नोक्सानी हुने कुरातिर ध्यानाकर्षित गराउनु भई सबैलाई निभेको आगोझैं शान्त पार्नुभयो । अन्तमा लडाईं-झगडाको कारणहरू देखाउनु हुँदै अत्तदन्तसुत्तको उपदेश दिनुभयो ।

उपदेश सुनीसकेपछि दुवै थरीका शाक्यहरू अत्यन्त प्रफुल्लित भई- "यदि भगवान् यहाँ नआउनु भएको भए हामीहरूको विनाश हुने थियो र रगतको खोला बग्ने थियो । भगवान् यहाँ आउनु भएकोले हामीहरूको उद्धार भयो" भगवान् गृहस्थीमा हुनुभएको भए पनि हामीहरू उहाँकै क्षत्री परिवारहरू हुने थियौं र अहिले पनि हामीहरू उहाँकै परिवार नै हौं" भन्दै दुवै पक्षले अढाइसय (२५०) अढाइसय क्षत्री राजकुमारहरू अर्पित गरे । भगवान्ले ती सबै क्षत्री राजकुमारहरूलाई प्रव्रजित गराउनुभयो र कपिलवस्तुकै महावनमा जानुभयो ।

**घर त्यागेर गए :** ती दिनहरूमा भगवान् बुद्ध ती पाँचसय (५००) भिक्षुहरू लिई एकदिन कपिलवस्तु नगरमा र अर्को दिन कोलिय नगरमा भिक्षाटन गरी कपिलवस्तुमै बस्नुहुन्थ्यो । दुवै नगरहरूमा उहाँहरूको ठूलो स्वागत भयो । यो दृश्य देखेर पाँचसय भिक्षुहरूका पहिलेका स्त्रीहरूले उहाँहरूलाई घर फर्कने अनुरोध गरी कसैले दूत पठाए र कसैले पत्र पठाए। आ-आफ्ना स्त्रीहरूबाट पाएका समाचार र पत्रहरूद्वारा उहाँहरूको मन घर फर्कनेतिर नै उत्कण्ठित हुन थाल्यो । यी कारणलाई बुझि एकदिन भगवान्ले उहाँहरू सबैलाई हिमाल पहाडतिर लैजानुभयो । त्यहाँ कुणाल जातकका कुराहरूद्वारा स्त्रीहरूका दुर्गुणहरू सुनाई, चतुरार्यसत्यको धर्मोपदेश पनि गरी उहाँहरूको मनबाट अनभिरत हटाई उहाँहरू सबैलाई भगवान्ले आर्यमार्ग-फलमा प्रतिष्ठित गराउनुभयो । त्यसपछि महावनमा फर्केर पुनः उत्तरोत्तर ध्यानका कुराहरू सुनाउनुभयो र उहाँहरू सबैले अरहत्व साक्षात्कार गर्नुभयो ।

जब उहाँहरूले फेरि आ-आफ्ना अघिका स्त्रीहरूबाट पत्रहरू तथा समाचारहरू पाउनुभयो तब उनीहरूलाई-"अब हामीहरू घर फर्कने



https://dhamma.digital

स्थितिमा छैनौं" भनी खबर पठाउनुभयो । यो खबर सुनी ती पाँचसय शाक्य स्त्रीहरूका मनमा- "त्यसोभए हामीहरू पनि महाप्रजापति गौतमी महारानीकहाँ गई, उहाँको आज्ञा लिई प्रव्रजित हुनुपर्‍यो" भन्ने विचार गरी उनीहरू सबै उहाँकहाँ गई सो कुरा बिन्ति गरे । यो कुरा सुनी विधवा महाप्रजापति गौतमीको प्रव्रज्या हुने इच्छालाई टेवा मिल्यो र त्यसपछि ती स्त्रीहरूका साथ भगवान्‌कहाँ गई उहाँले "नारीजातिको निमित्त प्रव्रज्या दिलाई पाऊँ" भनी विन्ति गर्नुभयो । तर महाकारुणिक भगवान् बुद्धले अघि जस्तै "गौतमी ! यस्तो इच्छा नराख भनी जवाफ दिनुभयो । तीन तीन पटकसम्म यस्तो जवाफ दिनुभए पछि महाप्रजापति गौतमी अत्यन्त दुःखी तथा दुर्मन भई फर्के । जानुभयो जुन कुरा तल उल्लिखित "गौतमी प्रव्रज्या" शीर्षकमा समुल्लेख भएको छ ।

भगवान् इच्छानुसार कपिलवस्तुमा बस्नुभई त्यसपछि अतुरित चारिका गर्नु हुँदै क्रमैसँग वैशालीमा पुगी उहीं बस्नुभयो । यो थियो उहाँको पञ्चम वर्षावास ।

भगवान् बुद्ध वैशाली जानुभए पछि - अरू कुनै उपाय सोच्न नसक्नु भई, प्रव्रज्या माग्दा पनि भगवान्‌ले स्वीकृति दिनु नभएको कारणले गर्दा नाउलाई बोलाई केश क्षौर गरी भगवान् बुद्धकै उद्देश्य लिई काषाय-वस्त्र धारण गरी, राजदरवारमै प्रव्रज्याभेष धारण गरी, ती पाँचसय शाक्यस्त्रीहरूलाई पनि काषाय-वस्त्र धारण गराई -महाप्रजापति गौतमी वैशालीको निमित्त प्रस्थान गर्नुभयो ।

राजदरवारबाट निस्केर जान लाग्नुहुँदा, शाक्य राजाहरूले उहाँको यात्राको लागि सुवर्णमय पाल्की सहित चाहिने व्यवस्था सबै गरिदिए । किन्तु बुद्धप्रति अटल श्रद्धा हुनु भएकी तथा त्याग बाहेक अरू कुनै आशा नराख्नु भएकी असी वर्षीय विधवा महारानी राजाहरूले प्रबन्ध गरिदिएको पाल्कीमा जानु उचित नठानी जतिसुकै सुकुमारी भई पैदल हिंड्ने बानी नभएता पनि कपिलवस्तुबाट वैशालीसम्मको एकाउन्न (५१) योजन[५] लामो बाटो पैदल नै हिंडेर जानुभयो । उहाँको रक्षाको निमित्त राजहरूले अगाडि पछाडि अङ्गरक्षकहरू राखिदिए । भोजन तथा अरू

[५] एक योजनको चारकोस हुन्छ ।



https://dhamma.digital

व्यवस्था गर्नको निम्ति राजकर्मचारीहरू पनि साथमा खटाइदिए ।

जीवनमा कहिल्यै पनि हिंड्नु नभएकी महारानी अति कठोरतापूर्वक पाँचसय स्त्रीहरूकासाथ पैदल हिंडेर वैशालीमा आइपुग्नुहुँदा उहाँको खुट्टा सुन्निएको थियो, ठाउँ ठाउँमा फोकाहरू पनि उठेका थिए र आँङभरि धूलै धूलो परेको थियो । जुन कुरा तल उल्लिखित "गौतमी प्रव्रज्या" शीर्षकको मूलसूत्रले समुल्लेख गरेको छ ।

**प्रव्रज्यात्व लाभ :** वैशालीमा पुगेर महावन भित्रको कूटागार विहारमा जानुभई, भगवान् बस्ने कोठाको दैलो बाहिरै गहभरी आँसु पारी सुँक्क सुँक्क रूँदै महाप्रजापति गौतमी उभिरहनुभयो । त्यसबेला वहाँको मनमा अनेक तर्क-वितर्कनाहरू भइरहेका थिए ।

"तथागतको स्वीकृति विना मैले स्वयं काषाय-वस्त्र धारण गरी प्रव्रज्याभेष धारण गरें । यो कुरा सारा जम्बुद्वीपमा फैलि पनि सक्यो । यस्तो अवस्थामा यदि मैले भगवान्‌बाट स्वीकृति पाउन सके त राम्रै भयो, यदि स्वीकृति पाउन सकिन भने मेरो के गति हुने होला, कसरी मैले समाजलाई मुख देखाउने !" भन्ने जस्ता धन्दा मनमा लागेको हुँदा एक्कासी भगवान्‌सँग भेट्ने साहस गर्न नसकी दैलोनिर उभिई वहाँ चिन्तामा डुबिरहनु भएको हो । त्यसैले तल उल्लिखित मूलसूत्रमा "कोठा बाहिरको दैलोनिर उभिइरहनुभयो" भन्ने कुरा समुल्लेख भएको हो ।

त्यसबेला भगवान् कोठाबाट बाहिर निस्कनुभएका आनन्द स्थविरले अकस्मात् त्यस्तो भेष लिई तथा सुन्निएको खुट्टा लिई गहभरी आँसु पारी, आङभरी धूलैधूलो पारी, सुँक्क सुँक्क गरी रूँदै उभिरहनुभएकी ठूलीआमा महाप्रजापतिको अनुहार देखेर वहाँलाई साह्रै आश्चर्य लाग्यो र उहाँको मनमा दुःख पनि लाग्यो । अनि वहाँले गौतमीसँग अत्यन्त सहानुभूतिपूर्वक सोध्नुभएको प्रश्नको जवाफ दिनुहुँदै महाप्रजापति गौतमीले यसो भन्नुभयो-

"भन्ते ! सबै पुत्रहरूसँग वियोग भई यस्तो उमेरमा पुगेकी, त्यसमाथि पनि विधवा हुनुपरेको म अभागिनीले कसको मुख हेरेर बसूँ ! के आश्वासन लिई राजप्रासादमा बसूँ !, मेरो निमित्त सर्वोत्तम शोभा भने



https://dhamma.digital

पनि आश्वासन भने पनि भगवान्कै शासनमा प्रव्रजित भएर बस्नुबाहेक अरू के हुनसक्ला र !! यस्तै विचार गरेर नै मैले भगवान्सँग नारी जातिको निमित्त प्रव्रज्या मागेकी थिएँ । तर वहाँले तीन पटकसम्म पनि अनुमति दिन चाहनुभएन । यस्तो परिस्थितिमा आफैले प्रव्रज्या-भेष धारण गर्ने बाहेक अरू के गरूँ र !"

यो कुरा सुन्नेबित्तिकै, मातृ-स्नेहको कारणले भावुकतामा आउनुभएका आनन्द स्थविरले "त्यसोभए, भगवान्सँग स्त्रीजातिको निमित्त प्रव्रज्याको अनुमति मागुञ्जेलसम्म तपाईं केहीछिन यहीँ बस्नुहोस्" भनी उत्तिखेरै भगवान्कहाँ गई आनन्द स्थविरले नारी जातिको निमित्त प्रव्रज्या पाउने प्रार्थना गर्नुभयो ।

आनन्द स्थविरको सहानुभूतिपूर्ण वाक्य सुन्ने बित्तिकै गौतमीको हृदय शोकाग्नी शान्त भयो, हृदय हलुंगो भयो, मनमा पूर्णआशाको लहर फैलियो तथा पूर्ण आश्वस्त भई हर्षित चित्त लिई उत्तरको प्रतीक्षामा उहीँनेर पर्खेर बस्नुभयो ।

यसपछिका अरू कुराहरू तल उल्लिखित "गौतमी प्रव्रज्या" शीर्षकको मूलसूत्रमै प्रष्ट भएको हुँदा यहाँ उल्लेख गरिएको छैन । अनि अष्ट-गुरू-धर्महरूका मूल सिद्धान्त-नियमहरूलाई स्वीकार गरी महाप्रजापति गौतमी बुद्धधर्ममा सर्वप्रथम भिक्षुणी हुनुभयो ।

**भिक्षुणी बनाउनमा ढिलाई :** तलका उक्त मूलसूत्र पढ्दा कुनै पाठकको मनमा यस्तो लाग्न सक्छ कि- "भगवान्ले नारीजातिको निम्ति अगाडि नै किन प्रव्रज्या दिनु नभएको होला ? यसरी किन ढिलाई गर्नुभएको होला ?"

यस सम्बन्धमा अर्थकथाहरूले यस्तो उल्लेख गरेका छन्- "नारीजाति स्वभावतः अल्पप्राज्ञी हुन्छन् । अतः एकैचोटि अनुमति दिंदा राम्ररी धर्मलाई गौरव राख्ने छैनन् । बार बार याचना गरेपछि अनुमति दिंदा प्रव्रज्यात्वको बढी कदर हुनेछ र भविष्यको निमित्त आदर्श पनि रहन जानेछ भन्ने आदि कारणहरूलाई ध्यानमा राख्नु भई, महाकारुणिक बुद्धले एकैचोटि अनुमति दिनु नभएको हो । कष्टपूर्वक प्रव्रज्या पाएपछि



https://dhamma.digital

"हामीहरूले बडो कष्टपूर्वक पाएको प्रव्रज्यात्वलाई प्राण समान जीवनभर राम्ररी पालन गर्नुपर्दछ" भन्ने जस्तो भावना तथा गौरव राख्न सकून् भन्ने आदि कारणहरूलाई पनि ध्यानमा राख्नु भई उहाँले अनुकम्पापूर्वक नै एकैचोटि अनुमति दिनु नभएको हो ।"

उपरोक्ताकारले कठोरतापूर्वक अष्ट-गुरू-धर्मको नियमलाई जीवनभर कुनै त्रुटी नहुनेगरी पालन गर्ने करार गरी भिक्षुणी हुनुभएको महाप्रजापति गौतमीले केही समय नबित्दैमा सो कुरालाई बिर्सनु भएको कुरा एकदिन उहाँले आनन्द स्थविरकहाँ गई- "भिक्षु र भिक्षुणीहरूका बीच परस्पर वन्दना गराउन पाए वेश हुने थियो" भन्ने अभिलाषा व्यक्त गर्नुभएबाट पनि "नारीजाति अल्पप्राज्ञी हुन्छन्" भन्ने कुराको स्वभाव झल्काउँछ ।

मोक्ष प्राप्तिको निमित्त स्त्री-पुरुषत्वको कुनै भेदभाव अथवा लिङ्ग मर्यादाको आवश्यकता नरहेता पनि मनुष्य समाजमा यसको मर्यादा त रहिनै रहनेछ । तत्कालीन समाजमा नारीजातिलाई भिक्षुणीत्वमा प्रवेश गराउँदा, उनीहरूको आरक्षाको निमित्त व्यवस्था मिलाउन पर्दा महाकारुणिक बुद्ध-भगवान् माथि कत्रो सामाजिक जवाफदेही आइपऱ्यो होला भन्ने कुराको अनुमान, निष्पक्ष ढंगले विचार गर्ने कुनै पनि बुद्धिजीवीले गर्न सक्नेछन् ।

स्त्रीत्वको स्वभावलाई जति गहिराइपनमा उहाँले बुझ्न सक्नुहुन्छ उति गहिराइपनमा पुगेर अरू कसैले बुझ्न सक्ला भनी भन्न गाह्रै छ । स्त्रीजातिको कमजोर स्वभावलाई तथा त्यसताकाका नारीसमाजलाई, राजपरिवारका स्त्रीहरूलाई, उनीहरूको सुरक्षालाई तथा भिक्षु र भिक्षुणी दुवै समाजको हितलाई समेत ध्यान राख्नु भई उहाँले दयापूर्वक, परिस्थिति अनुसार समय समयमा नियम र उपनियमहरू बनाई नारीजातिको ठूलो कल्याण गर्नुभयो । उनीहरूप्रति युक्तियुक्त ढंगले सहानुभूति दर्शाउनु भयो । मोक्षको निमित्त स्त्री-पुरुष दुवैको मार्ग खोलिदिनु भयो र समाजको उत्पीडनताबाट मुक्त हुने बाटो पनि उघारिदिनुभयो । यदि उहाँको मनमा नारीजातिप्रति पक्षपात अथवा अरू कुनै प्रकारले कुभावना रहेको भए वहाँले - "जबसम्म भिक्षु-भिक्षुणी तथा उपासक-उपासिकाहरू व्यक्त



https://dhamma.digital

तथा समर्थ हुने छैनन् तबसम्म म परिनिर्वाण हुनेछैन" भन्ने जस्ता कुराहरू मारलाई भन्नु नै हुने थिएन ।

**अरहत्व प्राप्ति :** त्यसपछि महाप्रजापति गौतमी भिक्षुणीको मनमा आफूसँगै आएका ती पाँचसय शाक्य-पुत्रीहरूको बारेमा के गर्नुपर्ला भन्ने विचार भएपछि भगवान्कहाँ गई उहाँले सो कुरा विन्ति गर्नुभयो । भगवान्ले यसै सन्दर्भमा भिक्षुसंघलाई एकत्रित पार्नुभई - "भिक्षु हो ! स्त्रीहरूलाई उपसम्पन्न गर्ने[६] नियम प्रज्ञापन गर्छु" भनी प्रज्ञापन गरिदिनु भयो । यो कुरा तल उल्लिखित "भिक्षुणीहरूको उपसम्पदा" शीर्षकमा समुल्लेख भएको छ । त्यसपछि भिक्षुसङ्घले ती पाँचसय शाक्यस्त्रीहरूलाई एकसाथ विधिपूर्वक उपसम्पन्न गरे । यसरी ती पाँचसय शाक्यस्त्रीहरू पनि विधिपूर्वक उपसम्पन्न भए ।

एकदिन महाप्रजापति गौतमी भिक्षुणीको मनमा भिक्षु र भिक्षुणीहरूका नियमहरूसम्बन्धी विषयमा कस्तो व्यवहार गर्नुपर्ला भन्ने विचार आएपछि भगवान्कहाँ गई त्यस सम्बन्धमा प्रश्न सोध्नुभयो । अनि भगवान्ले उहाँलाई त्यस सम्बन्धमा उत्तर दिनुभयो । जुन कुरा तल उल्लिखित "शिक्षापद बारेमा के गर्ने ?" शीर्षकमा समुल्लेख भएको छ ।

अर्को एकदिन, उहाँ वैशालीमै बसिरहनु भएको बेलामा उहाँको मनमा- "सागर समान गम्भीर र पृथ्वी समान महाविशाल बुद्धको सबै धर्म-विनयहरू म जस्ती वृद्ध वैंश भएकीले कहिले सिक्न सकूँला र ! अतः भगवान्बाट संक्षेप रूपमा केही धर्मोपदेश सुन्नपाए हुन्थ्यो, जुन कुरा सुनी म एकान्तमा बसी ध्यान-भावना गर्नसकुँ" भन्ने लागेपछि भगवान्कहाँ गई सोही अनुसार विन्ति गर्नुभयो र भगवान्ले पनि गौतमीको चित्ताचारलाई विचार गर्नुभई तथा उहाँले बुझ्नसक्ने गरी बुद्धधर्मको रूपरेखालाई प्रवृत्ति र निवृत्ति दुई अङ्गहरू देखाई, संक्षेपरूपमा धर्मोपदेश गर्नुभई, उपयुक्त हुने ध्यानको कुरा पनि सुनाउनुभयो । जुन धर्मोपदेशका कुराहरू तल उल्लिखित "संक्षिप्तधर्म" शीर्षकमा समुल्लेख भएका छन् । उपदेश सुनिसकेपछि महाप्रजापति गौतमी भिक्षुणी एकान्त ध्यान तल्लीन भई बसिरहनु बेलामा उहाँको चित्त आस्रवहरूबाट विनिर्मुक्त भई, यसै

[६] पूर्ण भिक्षु भिक्षुणीत्वलाई 'उपसम्पन्न' भनिन्छ ।



https://dhamma.digital

जीवनमा आस्रवक्षय गरी चतुप्रतिसम्भिदा र षडभिज्ञ-ज्ञानहरू सहित अरहत्व साक्षात्कार गर्नुभयो ।

**कपिलवस्तुमा :** त्यसबखत भिक्षुणीहरूका संख्या पनि निक्कै धेरै पुगिसकेको थियो । स्थविर भिक्षुहरूले भिक्षुणीहरूलाई अववाद-उपदेश दिने गर्दथे । यसद्वारा उहाँहरू लाभान्वित पनि हुन्थे । यो देखेर छवर्गीय भिक्षुहरूले पनि त्यस्तै गर्न थाले र उपदेशका कुराहरूभन्दा तिरश्चीनकथाहरू सुनाई दिन बिताउँदथे । यो कारणलाई बुझ्नु भई भगवान्ले "सम्मत" प्राप्त नभएका भिक्षुहरूले अववाद-उपदेश दिन नहुने नियम बनाई दिनुभयो ।

यसपछि छवर्गीय भिक्षुहरूले भिक्षुणीहरू बस्ने ठाउँमा (भिक्खुनुपस्सयं) गई अववाद-उपदेश दिन थाले । यसमा पनि प्रतिबन्ध लगाई भगवान्ले भिक्षुणीहरू बस्ने ठाउँमा गई अववाद-उपदेश दिन नहुने नियम बनाइ दिनुभयो ।

कपिलवस्तुमा बसेकै समयमा महाप्रजापति गौतमी भिक्षुणी बिरामी हुनुभयो । भगवान् बुद्ध पनि कपिलवस्तुमै हुनुहुन्थ्यो । केही स्थविर भिक्षुहरू बिरामी गौतमीलाई हेर्न जानुभयो । त्यसबखत गौतमी भिक्षुणीले स्थविर भिक्षुहरूसँग उपदेश गर्ने अनुरोध गर्नुभयो । तर भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुले उपदेश गर्न नहुने नियम बनिसकेको हुँदा संकोच मान्दै उहाँहरू उपदेश नगरी त्यसै फर्केर जानुभयो । यसबाट वहाँ चिन्तित हुनुहुन्थ्यो । किनभने अघि अघि विरामी हुँदा स्थविर भिक्षुहरूबाट अववाद-उपदेश सुनेर नै उहाँको रोग सञ्चो हुन्थ्यो । यस्तो अवस्थामा भगवान् बुद्ध पनि विरामी गौतमीलाई हेर्न जानु भयो । भगवान्ले महाप्रजापति गौतमीसँग "अहिले कस्तो छ त ?" सोध्नु हुँदा उहाँले भगवान्लाई यस्तो भन्नुभयो-

"भन्ते ! अघि अघि विरामी हुँदा स्थविर भिक्षुहरूबाट धर्मोपदेश सुनेपछि मलाई सञ्चो हुन्थ्यो । अब भगवान्ले भिक्षुणीहरू कहाँ गई उपदेश गर्न नहुने नियम बनाइदिनु भएको हुँदा स्थविर भिक्षुहरू आउनु भएता पनि उपदेश नगरिकनै फर्केर जानुहुन्छ, त्यसैले मलाई सञ्चो भएको छैन ।"



https://dhamma.digital

त्यसपछि महाप्रजापित गौतमीलाई भगवान्ले धार्मिक कथाद्वारा सन्तुष्ट पार्नु भई फर्केर जानु भयो । अनि यसै सन्दर्भमा भिक्षु सङ्घलाई एकत्रित पार्नु भई बिरामी भिक्षुणीकहाँ गई अववाद-उपदेश गर्नहुने उप-नियम बनाई दिनुभयो । जुन कुरा तल उल्लिखित "बिरामी गौतमी" शीर्षकमा समुल्लेख भएको छ ।

**श्रावस्तीमा :** एक दिन, श्रावस्तीमा भिक्षुणीहरूका बीच यस्तो कुरा चल्यो-

"महाप्रजापति गौतमी" आफैले कषाय-बस्त्र धारण गरी, आफै प्रव्रजित भई घरबाट आउनु भएको छ । वहाँको न आचार्य नै देखिन्छ न त उपाध्याय नै ।"

यस कुराबाट शंका र सन्देह उत्पन्न गरी भिक्षुणीहरूले उहाँलाई सम्मिलित गराई न उपोसथ गरे[७] न त पवारणा[८] नै ।

भिक्षुणीहरूका यस कार्यबाट महाप्रजापति गौतमीलाई सारै अप्ठ्यारो लाग्यो । अनि उहाँले यस सम्बन्धमा भगवान्लाई विन्ति गर्नुभयो । भगवान्ले बेठाउँमा उठेका भिक्षुणीहरूका शंका र सन्देहलाई दूर गर्नुहुँदै यस्तो घोषणा गर्नुभयो-

"अष्ट-गुरू-धर्मका नियमहरू बनाई मैले गौतमीलाई दिएँ । ती नियमहरूलाई पालन गर्ने स्वीकार गरेकै बेलादेखि गौतमी उपसम्पन्ना भिक्षुणी भइन् । उनको उपाध्याय भने पनि आचार्य भने पनि म नै हुँ । कायदुश्चरित्रादिबाट सुदूर भई बस्ने क्षीणास्रवी भिक्षुणीप्रति कुनै शंका वा सन्देह गर्नु पर्दैन ।"

यसपछि भगवान्ले निम्न गाथा पनि सुनाउनुभयो-

**"यस्स कायेन वाचाय, मनसा नत्थि दुक्कतं ।**
**संवुतं तीहिठानेहि, तमहं ब्रूमि ब्राह्मणं ति ॥"**

---

७ प्रत्येक दुईहप्तामा एक विशेष स्थानमा बसी भिक्षु, भिक्षुणीहरूले गर्ने शुद्धिकर्मलाई 'उपोसथ' भनिएको हो ।

८ वर्षावास सिद्धिएको दिनमा भिक्षु, भिक्षुणीहरूद्वारा गरिने उपोसथ कर्मलाई 'पवारणा' भनिएको हो ।



https://dhamma.digital

अर्थ- "जसको कायले, वचनले, तथा चित्तले कुनै दुष्कर्महरू गर्दैन, जो तीनै द्वारहरूमा सुसंयमी छ- त्यसैलाई म ब्राह्मण भन्दछु ।"

एक दिन, कौशम्बिक झगडालु भिक्षुहरू श्रावस्तीमा आउँदै छन् भन्ने खबर सुनेर उनीहरूप्रति कस्तो व्यवहार गर्नुपर्ला भन्ने कुरा महाप्रजापति गौतमीले भगवान्सँग सोध्दा जुन कुरा भगवान्ले जवाफ दिनुभयो सो कुरा तलकै "कौशम्बिक भिक्षुहरू" शीर्षक अन्तर्गत उल्लेख भएको छ ।

भिक्षुणीहरूलाई अववाद-उपदेश दिने बारेमा बनेको नियमहरूको सम्बन्धमा माथि चर्चा गरिसकेकै छु। यसपछि भिक्षुसङ्घले क्रमैसित पालो पालो गरी उपदेश गर्न जाने भिक्षु तोकिदिने नियम बनेको कुरा पनि **पाचित्तिय पालिबाट** थाहा हुन्छ। त्यस्तो तोकिएको भिक्षुले सूर्य अस्त हुनु अगाडि नै फर्कनुपर्ने नियम पनि बनेको कुरा उही नै समुल्लेख भएको पाइन्छ ।

एक दिन, महाप्रजापति गौतमीसँग प्रव्रजित भएका पाँचसय भिक्षुणीहरूकहाँ गई उपदेश गर्न पालो आयुष्मान् **नन्दकको** पऱ्यो । तर उहाँ उपदेश गर्न त्यहाँ जान चाहनुहुन्नथ्यो र यो उपदेश गर्न जाने कामलाई वहाँ प्रपञ्च ठान्नुहुन्थ्यो । उहाँले भिक्षुसङ्घलाई यो कुरा अवगत पनि गराउनुहुन्थ्यो । तल उल्लिखित नन्दकोवादसूत्रको अर्थवर्णनले र अरू **अर्थकथाहरूले** यसको कारणहरू प्रष्ट पार्दै यसो उल्लेख गरेका छन् ।

उपदेश गर्न जाने भिक्षुप्रति भिक्षुणीहरूको चित्त प्रसन्न नभएमा अथवा धर्मकथिकको अनुहार देखेर चित्त प्रसन्न नभएमा उनीहरूको चित्त एकाग्र नभई उपदेशको प्रतिफल पाउन गाह्रो हुनसक्छ । जस्तै - जब चूलपन्थक भिक्षुको पालो आउँथ्यो तब भिक्षुणीहरूले यस्तो भन्दथे - "आजको उपदेश भने साफल्य हुने छैन । उहाँले त त्यहीँ गाथा एउटा मात्रै सुनाउनु हुनेछ ।" भगवान् भने आयुष्मान् नन्दकलाई पठाई ती पाँचसय भिक्षुणीहरूलाई उपदेश गराउन चाहनुहुन्थ्यो । किन कि भगवान्लाई थाहा थियो कि नन्दक भिक्षुलाई देखी उनीहरूको चित्त



https://dhamma.digital

प्रसन्न हुनेछ र त्यसबाट उनीहरूले चित्त एकाग्र पनि गर्नसक्ने छन् । तर आयुष्मान् नन्दक भने आफ्नो पालोपर्दा कहिले टाढा गई चीवर सिउने काममा लाग्नुहुन्थ्यो, कहिले कुनै अर्कै काममा व्यस्त भई अर्कै भिक्षुलाई पठाउनु हुन्थ्यो र भिक्षुणीहरूकहाँ गई उपदेश गर्न जान चाहनुहुन्थ्यो । ती भिक्षुणीहरूकहाँ गई उपदेश गर्न नचाहनुको वास्तविक कारण के थियो भने-

"धेरै धेरै जन्म अगाडि वहाँ पाँचसय दासहरूका नाइके भएका बेलामा महाप्रजापति गौतमी सहित ती पाँचसय भिक्षुणीहरू पनि दासी थिए र महाप्रजापति गौतमी सो नाइकेकी पत्नी थिइन । त्यसपछि अर्को जन्ममा आयुष्मान नन्दक राजा भई जन्मिँदा महाप्रजापति गौतमी राजाकी अग्रमहिषी र ती पाँचसय भिक्षुणीहरू राजदरवारका रनवासी स्त्रीहरू (ओरोधा) भएका थिए । जुन कुरा महाप्रजापति गौतमीले तल उल्लिखित "गौतमी अपदान" शीर्षकको गाथा नं ११४ मा संकेत गर्नुभएको छ । अतः ती भिक्षुणीहरूकहाँ गई उपदेश गर्न जाँदा पूर्वेनिवासानुस्मृति ज्ञान हुने अरू भिक्षुहरूले पहिलेका स्त्रीहरूलाई अहिलेसम्म पनि छाड्न सकेको छैन भनी भनाउन पर्ला भन्ने आदि कारणलाई मनमा राख्नु भई आयुष्मान् नन्दक उपदेश गर्न जान नचाहनुभएको हो ।

तर नन्दक भिक्षुको उपदेश सुनेर नै ती पाँचसय भिक्षुणीहरूलाई धर्मावबोध हुनसक्ने कुरा भगवान् बुद्धले जान्नुभएको थियो । त्यसैले पछि वहाँले नन्दक भिक्षुलाई आफ्नो पालोमा अरूलाई नपठाई आफै जानुपर्ने कुराको पनि सूचित गर्नुभयो । यही कुराको संकेत तल उल्लिखित "नन्दकको उपदेश" शीर्षकको मूलसूत्रमा भगवान्ले नन्दक भिक्षुलाई "नन्दक ! ब्राह्मण भएका तिमीले भिक्षुणीहरूलाई अववाद-उपदेश गर ! ...." भनी भन्नुभएको हो । यस आज्ञाबाट बाध्य भई नन्दक भिक्षु ती पाँचसय भिक्षुणीहरूकहाँ गई पहिलो पटक अमावास्याको चतुर्दर्शी उपोसथको दिनमा र दोश्रोपटक पूर्णिमाको उपोसथको दिनमा उपदेश गर्न जानुभयो । दुईपटक उपदेश सुनिसकेपछि केही भिक्षुणीहरू अरहत् पनि भए । प्रव्रजित भएको सातौं वर्षमा ती भिक्षुणीहरूले आर्य-मार्ग-फल प्राप्त गरे भन्ने कुराको संकेत तल "गौतमी अपदान" शीर्षकको



https://dhamma.digital

गाथा नं.६९ ले गरेको छ। थेरीगाथा र अङ्गुत्तरनिकायार्थकथानुसार नन्दक भिक्षुको उपदेश सुनिसकेपछि उनीहरू सबै षडभिज्ञलाभी अरहत् पनि भए।

भगवान् बुद्ध श्रावस्तीमै छँदा एक दिन, भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरूका बीच महाप्रजापति गौतमी नै सबभन्दा पहिलो मेरी भिक्षुणी श्राविका हुन् भन्नुहुँदै उहाँले सभाको बीचमा महाप्रजापति गौतमीलाई "रात्रज्ञा" को अग्रस्थानमा राख्नु हुँदै औपचारिक घोषणा गर्नुभयो। जुन कुरा तल "अप्रमद" शीर्षकको मूलसूत्रमा समुल्लेख भएको छ।

महाप्रजापति गौतमी श्रावस्तीमै छँदा एकदिन, उहाँ विमुक्ति सुख-ध्यानको रसपान गरिरहनुभएको बेलामा वहाँको मनमा "यो विमुक्तिसुख-रस प्राप्त गर्न सकेको महाकारुणिक बुद्ध भगवान्‌कै आशिर्वादले हो" भन्ने लागेर उहाँप्रति कृतज्ञताभाव व्यक्त गर्नुहुँदै उहाँले उदानद्वारा बुद्धको स्तुति गर्नुहुँदै गाथाहरू प्रकट गर्नुभयो। जुन गाथाहरू तलको "गौतमीगाथा" शीर्षकमा समुल्लेख भएका छन्।

**वैशालीमा :** एक समय, भगवान् बुद्ध वैशालीस्थित महावनको कूटागार शालामा बस्नुभएको थियो। त्यसबखत महाप्रजाप्रति गौतमी पनि महावनस्थित कूटागार शालाको एक भिक्षुणी निवासस्थानमा बसिरहनु भएको थियो।

एक दिन, वैशालीमा भिक्षाटन गरी, भोजनोप्रान्त दिवाविहार गर्ने आफ्नो ठाउँमा बसी काल परिच्छेद गरी उहाँ फलसमापत्ति ध्यानमा बस्नुभयो। त्यसपछि समाधिबाट उठ्नु भई उहाँले आफ्नो प्रतिपत्ति सम्बन्धमा चिन्तन गर्नुभयो। एकसय बीस वर्ष हुनुभएकी उहाँले आफ्नो आयुसंस्कारलाई पनि हेर्नुभयो। यस्तो विचार गर्नुहुँदा उहाँले आफ्नो आयुसंस्कार सिद्धिएको कारणलाई ध्यान चित्तले देख्नु भई यस्तो विचार गर्नुभयो-

"त्यसोभए अब म विहारमा गई भगवान्‌सँग सोधी उहाँको आज्ञा लिई तथा आदरणीय सबै सब्रह्मचारी स्थविरहरूलाई पनि भेटी



https://dhamma.digital

उहाँहरूलाई पनि सूचित गरी यहीँ फर्की परिनिर्वाण हुनुपर्‍यो ।"

उहाँको मनमा यस्तो पनि कल्पना उठ्यो-

"मैले भगवान् बुद्ध र युगल अग्रश्रावकहरू परिनिर्वाण भएको देख्न पाउने छैन न त राहुल, नन्द, आनन्द, तथा महाकाश्यप स्थविरहरू परिनिर्वाण भएको नै देख्न पाउने छु ।

उपरोक्ताकारले चिन्तन भएको बेलामा भूकम्प पनि भएको थियो भन्ने कुरा **अपदान पालिले** समुल्लेख गरेको छ । जुन कुरा तलकै "गौतमी अपदान" शीर्षकको गाथा नं. ८ मा समुल्लेख भएको छ । अनि त्यस्तैगरी वहाँका पाँचसय भिक्षुणीहरूले पनि यस्तै कल्पना गरेका थिए भन्ने कुरा **थेरी गाथा अर्थकथाले** समुल्लेख गरेको छ र **महाप्रजापति गौतमी अपदानले** पनि ।

त्यसपछि महाप्रजापति गौतमी ती पाँचसय भिक्षुणीहरूका साथ भगवान् बसिरहनुभएको विहारमा जानुभयो ।

**क्षमा याचना :** महाप्रजापति गौतमी परिनिर्वाण हुने खबर सुनेर अवीतरागी स्त्रीहरू छाती पिट्दै विरह गर्न थाले । जब उहाँ भगवान्कहाँ जान बाटो लाग्नुभयो तब श्रद्धालु उपासिकाहरू घरबाट बाहिर निस्कँदै उहाँको पाउमा ढोग्दै विलाप गर्न थाले । विलाप गर्ने ती सबै श्रद्धालु उपासिकाहरूलाई उहाँले अति मार्मिक शब्दले करूणापूर्वक सम्झाउनु हुँदै धैर्य गराउनुभयो । त्यसबखतको दृश्य साह्रै हृदयस्पर्शी तथा सबैको मन रूवाउने खालको थियो । विलाप नगरी बस्नसक्ने कुनै पनि अवीतरागी स्त्रीहरू थिएनन् ।

विहारमा पुगेपछि भगवान्को पाउमा ढोगी उहाँले आफूले कल्पना गरेका सबै कुराहरू भगवान् समक्ष पोख्नुभयो र भगवान्सँग क्षमा प्रार्थना गर्नुहुँदै अनेक कविताद्वारा यस्तो बिन्ति गर्नुभयो-

"भन्ते भगवान् ! आज यो मेरो तपाईंसँगको अन्तिम भेटघाट हो । त्यसैले तपाईंको चक्राङ्कित सुकोमल पाउमा ढोग्न चाहन्छु । हुन त म तपाईंकी आमा हुँ, तर अर्को दृष्टिले हेर्ने हो भने तपाईं मेरो पिता हुनुहुन्छ, किनभने तपाईंकै धर्मको कारणले गर्दा म तपाईंको शासनमा



https://dhamma.digital

धर्मदायाद प्राप्त गरी तपाईंकी धर्मपुत्री भएँ । जस्तो मैले तपाईंको रूप-कायलाई संवर्धन गरे त्यस्तै तपाईंले पनि मेरा धर्मकार्यलाई संवर्धन गराइदिनुभयो । केही छिनको तिर्खा मेटिने दूध ख्वाई मैले तपाईंको पालन गरें तर तपाईंले सधैं तिर्खा मेटिने अजरामरणरूपी दूध ख्वाउनुभई मलाई पालन गर्नुभयो । भन्ते ! यो संसारमा स्त्रीजातिले मान्धाता जस्ता राजाकी महिषी वा माता भनाउनु कुनै दुर्लभको कुरा होइन, किन्तु यो संसारमा बुद्ध-माता भनाउन पाउनु नै परम दुर्लभको कुरा हो । त्यो दुर्लभ बुद्ध-माताको नाम पनि मैले आफ्नो प्रणिधानको कारणले पाइसकें । भन्ते ! त्यसो हुनाले अब म परिनिर्वाण हुन चाहन्छु । यदि मबाट कुनै साना वा ठूला अपराध वा त्रुटी हुन गएको रहेछ भने अनुकम्पापूर्वक क्षमा दिनुहोस् । मलाई थाहा छ कि यो संसारमा स्त्रीहरू नै सबै दोषकारी हुन् भन्ने कुरा, यस्तो भएर पनि मैले तपाईंसँग बारबार स्त्री जातिको निमित्त प्रव्रज्यात्व मागें तथा जोर पनि लगाएँ । अतः यस सम्बन्धमा यदि मेरो कुनै गल्ती छ भने महाकारुणिक भगवान्ले मलाई क्षमा गर्नुहोस् । अनि फेरि मैले तपाईंको आज्ञा मुताविक भिक्षुणीहरूको परिहरण गरें, कस्तो परिहरण गरें, के गरें वा गरिनं - यसमा पनि कुनै त्रुटी छ भने त्यसमा पनि मलाई क्षमा नै गर्नुहोस् !!"

महाप्रजापति गौतमीको कुरा सुन्नुभई महाकारुणिक बुद्ध भगवान्ले यस्तो भन्नुभयो-

"क्षमा नगरिनेलाई त क्षमा गर्नुपर्छ भने गुणभूषित हुने, त्यसमा पनि परिनिर्वाण हुन चाहनेलाई बढ्ता के भनूँ र ।"

**आनन्दको विलाप :** यसै प्रकारले महाप्रजापति गौतमीले राहुल, नन्द तथा आनन्द स्थविरहरूलाई पनि वन्दना गरी आफू परिनिर्वाण हुने कुरा सुनाउनुभयो । यो कुरा सुन्नु भई राहुल र नन्द स्थविरहरूले धर्मको स्मरण गर्नुभयो तर अनास्रवी हुनुभएका आनन्द[१] स्थविरले भने अति दुःख मानी गहभरी आँसु पारी विलाप गर्नुभयो ।

"केराको बोट जस्तै निस्सार भएको यो संस्कृत लोकलाई धिक्कार

[१] आनन्द स्थविर महाप्रजापति गौतमीका देवरका छोरा हुनुहुन्छ ।



https://dhamma.digital

छ । हरे ! भगवान्‌की सानीआमा बुद्ध-पोषिका महाप्रजापति गौतमी परिनिर्वाण हुँदै हुनुहुन्छ !!"

यसै कुरालाई वर्णना गर्दै **थेरीअपदानले** यस्तो उल्लेख गरेको छ-

**"धिरत्थु सङ्खतं लोकं, असारं कदलूपमं ।**

**मायामरीचिसदिसं, इतरं अनवट्ठितं ॥**

**यत्थ नाम जिनस्सायं, मातुच्छा बुद्धपोसिका,**

**गोतमी निधनं याति, अनिच्चं सब्बसङ्खतं ॥**

**आनन्दो च तदा सेखो, सोकट्टो जिनवच्छलो ।**

**तत्थस्सूनि करोन्तो सो, करणं परिदेवति ।"**

महाप्रजापति गौतमी परिनिर्वाण हुने कुरा सुनी आनन्द स्थविरलाई दोहोरो चिन्ता लागेको अनुमान हुन्छ । एक त महाप्रजापति जस्ता वयोवृद्धा स्त्रीले पनि आस्रव क्षय गरी परिनिर्वाण हुनुहुँदैछ भन्ने कुरा, अर्कोचाहिँ आफूले भने त्यस बेलासम्म पनि आस्रव क्षीण गरी अरहत् हुन नसकेको कुरा । यिनै दुई कारणहरूलाई सम्झी उहाँको हृदय रोएको हो भन्ने कुरा अध्ययनबाट थाहा हुन्छ । अनि महाप्रजापति गौतमीले उहाँलाई आश्वासन दिनुहुँदै यस्तो भन्नुभयो-

"हे श्रुतसागर हुनुभएका ! तपाईं बुद्धको प्रमुख उपस्थापक हुनुहुन्छ । तपाईंले शोक गर्नुहुन्न । तपाईंकै कारणद्वारा हामी नारीजातिले बुद्धको शासनमा प्रव्रज्यात्व पायौं । हे पुत्र ! तपाईं धर्मभण्डागारीक हुनुहुन्छ, शोक नगर्नुहोस् ! तपाईंको परिश्रम अवश्य नै सफल हुनेछ ।"

यसपछि भगवान् बुद्धले "स्त्रीहरूले धर्मावबोध गर्नसक्ने कुरामा शंका र सन्देह राख्नेहरूका शंका र सन्देह दूर पार्न आफ्नो ऋद्धि-प्रातिहार्य देखाऊ" भनी महाप्रजापति गौतमीलाई भन्नुभएपछि उहाँले अनेकविधि ऋद्धि-प्रातिहार्य देखाउनुभयो । अनि उहाँले देखाउनुभएका ऋद्धि-प्रातिहार्यलाई देखेर आश्चर्य भएको परिषद्‌ले "हे आर्या ! कसरी तपाईंले यस्ता आश्चर्यजनक ऋद्धि-प्रातिहार्य प्राप्त गर्न सक्नुभएको हो ? तपाईंले अतीतकालमा कस्तो प्रणिधान गरेर आउनु भएको थियो ?" भन्ने आदि कुराहरू सोधेपछि उहाँले अघि अघिका बुद्धका पालादेखि नै



https://dhamma.digital

प्रणिधानहरू गर्दै आएका कुराहरू वर्तमानका कुराहरू पनि परिषद्‌लाई सुनाउनुभयो । जुन कुराहरू तल "गौतमी-अपदान" शीर्षकमा अनुदित भएका छन् ।

**अन्तिम-सत्कार :** अनि महाप्रजापति गौतमीले भगवान्‌को कोमल चरणकमलमा पुनः ढोगी आफू बस्ने ठाउँमा फर्कन लाग्नुहुँदा, उहाँलाई स्वयं बुद्धले विशाल परिषद्‌का साथ उहाँ बस्ने कोठासम्म पुऱ्याउन जानुभयो । यो थियो सानीआमाप्रति दर्शाइएको बुद्धको अन्तिम सत्कार ।

आफ्नो कोठामा पुग्नुभई अर्धपलेंटी मारी उहाँ आसनमा बस्नुभयो । उहाँ परिनिर्वाण हुने खबर थाहा पाई उहाँको दर्शन गर्न आएका उपासिकाहरू त्यसबखत पनि अनगिन्ति नै थिए । उहाँकहाँ आई छाती पिट्दै रोइरहेका विशाल उपासिकाहरूलाई उहाँले- "पुत्रीहो ! मारबन्धनमा परी  तिमीहरू विलाप नगर ! सबै संस्कृत पदार्थहरू अनित्य नै हुन् । सबै चलाचल वस्तुहरूको अन्त वियोगमै हुन्छ" भन्नुहुँदै सम्झाउनुभयो । त्यसैले **थेरीअपदानले** यस्तो उल्लेख गरेको हो-

**"अलं पुत्ता विलापेन, मारपासानु वत्तिना ।**

**अनिच्चं सङ्खतं सब्बं, वियोगन्तं चलाचलं ॥"**

त्यसपछि उहाँ प्रथमध्यानमा तल्लीन हुनुभई क्रमैसँग माथिमाथिका ध्यानमा पुग्नुभई, त्यसै क्रमानुसार तलको प्रथमध्यानमा आउनुभई पुनः माथिल्लो ध्यानमा जानुभयो । यस्तैगरी माथि र तल गर्दै ध्यानमा समाधिष्ठ भई बस्नुभयो र त्यहाँबाट परिनिर्वाण हुनुभयो ।

यसरी चालीस वर्षको उमेरमा छोरा पाई, असी वर्षको उमेरमा भिक्षुणी भई, एकसय बीसवर्षको उमेरमा महाप्रजापति गौतमी स्थविरा निभेको बत्तीको ज्वाला कुन दिशातिर गयो भन्न नसकिनेझैं परिनिर्वाण हुनुभयो ।

भूमिकम्प गरी परिनिर्वाण हुँदाको त्यसबखतको वायुमण्डल कस्तो थियो भन्ने बारेका वर्णन तल अनुदित "गौतमी अपदान" शीर्षकमै समुल्लेख भएको छ ।

त्यस पछि बुद्ध भगवान्‌ले आनन्द स्थविरलाई आमन्त्रण गर्नुभई



https://dhamma.digital

मातृ-परिनिर्वाणको खबर सबैलाई घोषणा गर्ने आज्ञा दिनुभयो र सो बमोजिम उहाँले घोषणा गर्नुभएपछि चारै दिशाबाट भिक्षु र भिक्षुणीहरू भेला भए । महाप्रजापति गौतमी स्थविराको शवयात्रामा बुद्धसहित दुवै अग्रश्रावकहरू, राहुल, नन्द, आनन्द तथा महाकाश्यपहरूका साथ धेरै भिक्षु र भिक्षुणीहरू सम्मिलित भएका थिए, उपासक र उपासिकाहरूको त के कुरा । कुनै शव-यात्राको पछि पछि बुद्ध जानुभएको छ भने त्यो महाप्रजापति गौतमीकै शव-यात्रामा जानुभएको छ । बुद्धकालमा यो जस्तो ठूलो शव यात्रा बुद्धको बाहेक अरू कुनै पनि श्रावक वा श्राविकाहरूको भएको छैन । शव यात्राको वर्णन पनि तलकै "गौतमी अपदान" शीर्षक अन्तर्गत उल्लेख भएको छ ।

दाह-संस्कार सिद्धिएपछि भगवान् बुद्धले महाप्रजापति गौतमीको अस्थिधातु हातमा लिनुभई उपस्थित परिषद्लाई यस्तो भन्नुभयो-

"संसाररूपी सागरबाट उत्तीर्ण भएकी महाप्रजापति गौतमी शान्तिपूर्वक परिनिर्वाण हुनुभयो । भिक्षुणीहरूमध्येमा उहाँ रात्रज्ञा हुनुहुन्थ्यो । उहाँले ऋद्धि-प्रातिहार्यलाई आफ्नो वशमा राख्नुभएको थियो । उहाँ षडभिज्ञा लाभी हुनुहुन्थ्यो र उहाँको पुनर्भव पनि निरूद्ध भयो । अतएव मुक्ति हुन चाहने प्राणीहरूले आत्मद्वीप भई बस्नसक्नुपर्छ र सतिपट्ठान तथा सप्तबोध्यङ्गहरू भाविता गरेमा दुःखबाट मुक्ति पाउन सकिनेछ ।"

Dhamma.Digital

अरू कुराहरू तल संग्रहित चौध (१४) मूलसूत्रहरुमै प्रष्ट भएका छन् ।

### गौतमीसंगै निस्केका भिक्षुणीहरू

महाप्रजापति गौतमीकासाथ राजदरबारबाट एकसाथ निस्केका भिक्षुणीहरूका नामहरू यसप्रकार छन् ।

(१) धीरा भिक्षुणी, (२) वीरा भिक्षुणी, (३) मित्ता भिक्षुणी, (४) भद्रा भिक्षुणी, (५) उपसमा भिक्षुणी, (६) तिस्सा भिक्षुणी, (७) विसाखा भिक्षुणी, (८) सुमना भिक्षुणी, तथा (९) उत्तरा भिक्षुणी ।



https://dhamma.digital

महाप्रजापति गौतमीका समक्ष प्रव्रजित भएका केही भिक्षुणीहरूका नामहरू यसप्रकार छन्-

(१) थेरीका भिक्षुणी, (२) मुत्ता भिक्षुणी, (३) पुण्णा भिक्षुणी, (४) चित्ता भिक्षुणी, (५) मित्ता भिक्षुणी, (६) दन्तिका भिक्षुणी, (७) भद्दाकापिलानी भिक्षुणी, (८) गुत्ता भिक्षुणी, (९) सुभा भिक्षुणी तथा (१०) नन्दा भिक्षुणी ।

**अघिल्ला जन्महरू :** परापूर्वकालमा एक पटक महाप्रजापति गौतमी **चन्द्रादेवी** नामले महाप्रताप भन्ने राजाको महिषी भएकी थिइन् । उनीहरूका **धम्मपाल** भन्ने छोरा थिए, जो स्वयं गौतम बुद्ध हुनुहुन्थ्यो र महाप्रताप राजा देवदत्त भिक्षु थिए। सो राजाले आफ्नो छोरा धम्मपाललाई टुक्रा टुक्रा पारी मारेको थियो । अर्को एक जन्ममा महाप्रजापति गौतमी नन्दिय भन्ने बाँदरको माता भएकी थिइन् । नन्दिय भन्ने बाँदर स्वयं गौतम बुद्ध हुनुहुन्थ्यो । ती बाँदरहरूलाई मार्ने व्याधा देवदत्त नै भएका थिए ।

**प्रजापति गौतमी नामहरू :**

१. प्रजापति (पजापति) - यिनी संयुत्तनिकायको **धजग्गसुत्तंमा** समुल्लेख भएका एक देवपुत्र हुन् । यिनी शक्रदेवेन्द्रको जस्तो रूप, वर्ण तथा आयु भएका देवता हुन् । देवसभामा यिनले शक्रदेवेन्द्र भन्दा तल्लो आसन पाउँछन् ।

२. प्रजापति - यिनी मज्झिमनिकायको मूलपरियायसुत्तमा उल्लेख भएका "मार" हुन् । म. नि. I. पृ.४ : मूलपरियायसुत्तं । सबै प्राणीहरू माथि प्रभुत्व जमाउने भएकोले "प्रजापति" भनिएको हो भनी पपं.सू I. पृ.३१ मूल परियायसुत्तवण्णनाले उल्लेख गरेको छ ।

३. प्रजापति - यिनी गौतम बुद्धकी सानीआमा र शुद्धोदन महाराजकी कान्छी बडामहारानी महाप्रजापति गौतमी हुन् । यिनकै कुराहरू यस संग्रहमा समुल्लेख भएका छन् ।

१. गौतमी (गोतमी) - यिनी वेस्सभू बुद्धको अग्र उपस्थायिका उपासिका हुन् । बु. वं.पा. पृ. ३७० : वेस्सभू बुद्धवंसो ।



https://dhamma.digital

२. गौतमी (गोतमी) - यिनी गौतम बुद्धकी सानीआमा र शुद्धोदन महाराजाकी कान्छी बडामहारानी हुन् । यिनकै कुराहरू यस संग्रहमा संग्रहित भएका छन् ।

३. गौतमी सूत्र - यो सूत्र अं.नि. ८ पृ. ३६८ समुल्लेख भएको पाइन्छ ।

४. गौतमी सूत्र अथवा किसागोतमीसुत्तं - यो सूत्र सं. नि. I. पृ. १२९ मा समुल्लेख भएको पाइन्छ ।

× × ×

## मूल सूत्र

### १) दान–विभाजन

यस्तो मैले सुनें-

एक समय भगवान्, शाक्य जनपदको कपिलवस्तुस्थित निग्रोधाराममा बस्नु भएको थियो । अनि महाप्रजापति गौतमी एकजोर नयाँ कपडा लिई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएकी महाप्रजापति गौतमीले भगवान्लाई यस्तो बिन्ति गर्नुभयो ।

**क) वस्त्र–दान :**

"भन्ते ! यो मेरो एकजोर नयाँ कपडा भगवान्को निमित्त स्वयं मैले नै धागो काटी, मैले नै बुनेकी हुँ । भन्ते ! अनुकम्पापूर्वक यो मेरो कपडा भगवान्ले स्वीकार गर्नुहोस् ।"[१०]

**ख) बहूपकारी भगवान्**

यस्तो भन्नुहुँदा, भगवान्ले महाप्रजापति गौतमीलाई यस्तो भन्नुभयो- "गौतमी ! सङ्घमा देऊ, सङ्घमा दिँदा म पनि पूजित हुनेछु र सङ्घ पनि ।"

---

१० भगवान् बुद्ध, बुद्ध भइसक्नुभएपछि पहिलो पटक कपिलवस्तुमा जानु हुँदा महाप्रजापति गौतमीले यो वस्त्र–दान गरेकी हुन् ।



https://dhamma.digital

दोश्रोपटक पनि महाप्रजापति गौतमीले भगवान्लाई यस्तो बिन्ति गर्नुभयो- “भन्ते ! यो मेरो एकजोर नयाँ कपडा भगवान्को निमित्त स्वयं मैले नै धागो काटी, मैले नै बुनेकी हुँ । भन्ते ! अनुकम्पापूर्वक यो मेरो कपडा भगवान्ले स्वीकार गर्नुहोस् ।”

दोश्रोपटक पनि भगवान्ले महाप्रजापति गौतमीलाई यस्तो भन्नुभयो- “गौतमी ! सङ्घमा देऊ, सङ्घमा दिँदा म पनि पूजित हुनेछु र सङ्घ पनि ।”

तेश्रोपटक पनि महाप्रजापति गौतमीले भगवान्लाई यस्तो बिन्ति गर्नुभयो- “भन्ते ! यो मेरो एकजोर नयाँ कपडा भगवान्को निमित्त स्वयं मैले नै धागो काटी, मैले नै बुनेकी हुँ । भन्ते ! अनुकम्पापूर्वक यो मेरो कपडा भगवान्ले स्वीकार गर्नुहोस् ।”

तेश्रोपटक पनि भगवान्ले महाप्रजापति गौतमीलाई यस्तो भन्नुभयो- “गौतमी ! सङ्घमा देऊ, सङ्घमा दिँदा म पनि पूजित हुनेछु र सङ्घ पनि ।”[११]

यस्तो भन्नुहुँदा, आयुष्मान आनन्दले भगवान्लाई यस्तो विन्ति गर्नुभयो- “भन्ते ! महाप्रजापति गौतमीको एकजोर नयाँ कपडा भगवान्ले स्वीकार गर्नुहोस् । भन्ते ! भगवान्की सानीआमा महाप्रजापति गौतमी भगवान्को बहूपकारी हुनुहुन्छ । भगवान्लाई उहाँले पालन गर्नुभयो, पोषण गर्नुभयो र दुध दिनुभयो तथा भगवान्की आमा स्वर्गवास भइसकेपछि उहाँले (तपाईंलाई) दुध पनि पिलाउनुभयो । भगवान् पनि महाप्रजापति गौतमीको बहूपकारी हुनुहुन्छ । (१) भन्ते ! भगवानकहाँ आएर नै महाप्रजापति गौतमी बुद्धको शरणमा जानुभयो, धर्मको शरणमा

११ ‘सङ्घमा देउ...’भनी भन्नुभएको मतलब यो होइन कि बुद्धभन्दा सङ्घ श्रेष्ठोत्तम छ; न त सङ्घमा दिंदा बुद्ध पनि संघमा सम्मिलित भएको हुनेछ भन्ने अर्थ हो । संघमा दिन लगाउँदा भविष्यमा संघप्रति गौरव राख्ने कुरा सिकाउन र संघको गौरव बढाउने विचारले त्यसो भन्नुभएको हो । त्यहीँ नै यो कुरापनि समुल्लेख भएको पाइन्छ कि संघमा दिन लगाउँदा महाप्रजापति गौतमी–जस्ले बुद्धलाई पालन पोषण गरयो त्यसको हृदयमा संघप्रति दानदिने दान–चेतना उत्पन्न भई उहाँको ठूलो हित र कल्याण हुनेछ भन्ने उहाँप्रति महत् अनुकम्पा राख्नु भएर नै संघलाई दिन लगाउनु भएको हो ।



https://dhamma.digital

जानुभयो तथा सङ्घको शरणमा जानुभयो । (२) भन्ते ! भगवान्कहाँ आएर नै महाप्रजापति गौतमी प्राणघातबाट विरत हुनुभयो, अदिन्नादानबाट विरत हुनुभयो, काममिथ्याचारबाट विरत हुनुभयो, मृषावादबाट विरत हुनुभयो तथा सुरामेरय मद-प्रमादस्थानबाट विरत हुनुभयो । (३) भन्ते ! भगवान्कहाँ आएर नै महाप्रजापति गौतमी आर्यकान्त शीलले युक्त भई बुद्धप्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न हुनुभयो, धर्मप्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न हुनुभयो र सङ्घप्रति पनि उत्कृष्ट प्रसन्नताले सम्पन्न हुनुभयो । (४) भन्ते ! भगवान्कहाँ आएर नै महाप्रजापति गौतमी दुःख (सत्य) मा निःशंकी हुनुभयो, दुःख समुदय (सत्य) मा निःशंकी हुनुभयो, दुःख निरोध (सत्य) मा पनि निःशंकी हुनुभयो ।[१२] भन्ते ! भगवान् पनि महाप्रजापति गौतमीको बहूपकारी नै हुनुहुन्छ ।

१- "आनन्द ! त्यस्तै हो । आनन्द ! जो पुरुष जुन पुरुष कहाँ आई बुद्धको शरणमा जान्छ; आनन्द ! त्यस पुरुषले यस पुरुषलाई- अभिवादन, प्रत्युत्थान, अञ्जलीकर्म, सामीचिकर्म, अथवा चीवर, भिक्षा भोजन, शयनासन तथा ग्लानप्रत्यय भैषर्ज्य परिष्कारहरूको प्रदानद्वारा सुप्रतिकार गर्न सक्छ, भनी भन्दिन ।"

२- "आनन्द ! जो पुरुष जुन पुरुषकहाँ आई प्राणीहिंसाबाट विरत रहन्छ, अदिन्नादानबाट विरत रहन्छ, काममिथ्याचारबाट विरत रहन्छ, मृषावादबाट विरत रहन्छ तथा सुरा मेरय मद्य-प्रमादस्थानबाट विरत रहन्छ, आनन्द ! त्यस पुरुषले यस पुरुषलाई- अभिवादन, प्रत्युत्थान, .... तथा ग्लानप्रत्यय भैषर्ज्य परिष्कारहरूको प्रदानद्वारा सुप्रतिकार गर्नसक्छ भनी भन्दिन ।"

३- "आनन्द ! जो पुरुष जुन पुरुषकहाँ आई आर्यकान्त शीलले युक्त भई बुद्धप्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न हुन्छ, धर्मप्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न हुन्छ तथा सङ्घप्रति उत्कृष्ट प्रसन्नताले सम्पन्न हुन्छ; आनन्द ! त्यस पुरुषले यस पुरुषलाई-अभिवादन, प्रत्युत्थान, ....... ग्लानप्रत्यय भैपर्ज्य परिष्कारहरूको प्रदानद्वारा सुप्रतिकार गर्न सक्छ, भनी भन्दिन ।"

[१२] यी चार कारणहरूद्वारा महाप्रजापति गौतमी स्रोतापन्न भएको कुरा प्रकट गरिन्छ ।



https://dhamma.digital

४- "आनन्द ! जो पुरुष जुन पुरुषकहाँ आई दुःख (सत्य) मा निःशंकी हुन्छ, दुःख समुदय (सत्य) मा निःशंकी हुन्छ, दुःख निरोध (सत्य) मा निःशंकी हुन्छ तथा दुःख निरोध गामिनी प्रतिपदा (सत्य) मा पनि निःशंकी हुन्छ; आनन्द ! त्यस पुरुषले यस पुरुषलाई- अभिवादन, प्रत्युत्थान, ....... ग्लानप्रत्यय भैषर्ज्य परिष्कारहरूको प्रदानद्वारा सुप्रतिकार गर्न सक्छ, भनी भन्दिन ।"

**ग) चौध प्रति-पौद्गलिक-दान :**

"आनन्द ! यी चौध प्रकारका प्रति-पौद्गलिक (= व्यक्तिगत) दानहरू छन् । कुन चौध भने ?"

१- "तथागत अरहन्त सम्यक् सम्बुद्धलाई दान दिन्छ- यो पहिलो प्रति-पौद्गलिक-दान हो ।"

२- "प्रत्येक बुद्धलाई दान दिन्छ- यो दोश्रो प्रति-पौद्गलिक-दान हो ।"

३- "तथागतका अरहत श्रावकलाई दान दिन्छ - यो तेस्रो प्रति-पौद्गलिक-दान हो ।"

४- "अरहत्-फल साक्षात्कार गर्ने मार्गमा लागेकालाई दान दिन्छ- यो चौथो प्रति-पौद्गलिक-दान हो ।"

५- "अनागामी भएकोलाई दान दिन्छ- यो पाँचौ प्रति-पौद्गलिक-दान हो ।"

६- "अनागामी-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दान दिन्छ- यो छैठौं प्रति-पौद्गलिक-दान हो ।"

७- "सकृदागामी भएकोलाई दान दिन्छ- यो सातौं प्रति-पौद्गलिक-दान हो ।"

८- "सकृदागामी-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दान दिन्छ- यो आठौं प्रति-पौद्गलिक-दान हो ।"

९- "स्रोतापन्न भएकोलाई दान दिन्छ- यो नवौं प्रति-पौद्गलिक-दान हो ।"



https://dhamma.digital

१०- "स्रोतापत्ति-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दान दिन्छ- यो दशौं प्रति-पौद्गलिक-दान हो ।"

११- "कामविषयबाट विरत हुने बाहिरकालाई दान दिन्छ- यो एघारौं प्रति-पौद्गलिक-दान हो ।"

१२- "शीलवान्-पृथग्जनलाई दान दिन्छ- यो बाह्रौं प्रति-पौद्गलिक-दान हो ।"

१३- "दुःशील-पृथग्जनलाई दान दिन्छ- यो तेह्रौं प्रति-पौद्गलिक-दान हो ।"

१४- "तिरश्चीन(पशु)लाई दान दिन्छ- यो चौधौं प्रति-पौद्गलिक-दान हो ।"

"आनन्द ! त्यहाँ, (१) तिरश्चीन हुनेलाई दिएको दानबाट सयपटकसम्म फलको आशा राखिन्छ; (२) दुःशील पुथग्जन हुनेलाई दिएको दानबाट हजार पटकसम्म फलको आशा राखिन्छ; (३) शीलवान् पुथग्जन हुनेलाई दिएको दानबाट एकलाख पटकसम्म फलको आशा राखिन्छ; (४) कामविषयबाट विरत हुने वाहिरकालाई दिएको दानबाट हजारकोटी पटकसम्म फलको आशा राखिन्छ; (५) स्रोतापत्ति-फल साक्षात्कार गर्ने मार्गमा लागेकालाई दिएको दानबाट असंख्येय र अप्रमेय पटकसम्म फलको आशा राखिन्छ; (६) स्रोतापन्न भएकोलाई दिएको दान-फलको त के कुरा; (७) सकृदागामी-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दिएको दान-फलको त के कुरा; (८) सकृदागामी भएकोलाई दिएको दान-फलको त के कुरा; (९) अनागामी-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दिएको दान-फलको त के कुरा; (१०) अनागामी भएकोलाई दिएको दान-फलको त के कुरा; (११) अरहत्-फल साक्षात्कार गर्ने मार्गमा लागेकोलाई दिएको दान-फलको त के कुरा; (१२) अरहन्त भएकोलाई दिएको दान-फलको त के कुरा; (१३) प्रत्येक बुद्धलाई दिएको दान-फलको त के कुरा; (१४) तथागत अरहन्त सम्यक् सम्बुद्धलाई दिएको दान-फलको त के कुरा !!"



https://dhamma.digital

**घ) सात प्रकारका संघ–दान :**

"आनन्द ! यी सात प्रकारका सङ्घगत-दानहरू छन् । कुन सात भने ?"-

१- "बुद्ध प्रमुख दुवै सङ्घलाई (= भिक्षु र भिक्षुणी सङ्घलाई) दान दिन्छ - यो पहिलो सङ्घगत दान हो ।"

२- "तथागतको परिनिर्वाण पछि दुवै सङ्घलाई (=भिक्षु र भिक्षुणी सङ्घलाई) दान दिन्छ - यो दोस्रो सङ्घगत दान हो ।"

३- "भिक्षु सङ्घलाई दान दिन्छ - यो तेस्रो सङ्घगत-दान हो ।"

४- "भिक्षुणी सङ्घलाई दान दिन्छ - यो चौथो सङ्घगत-दान हो ।"

५- "सङ्घको तरफबाट 'यति जना भिक्षु र यतिजना भिक्षुणीहरू मलाई दिनुहोस्' भनी सङ्घको उद्देश्य गरी दान दिन्छ - यो पाँचौं सङ्घगत-दान हो ।"

६- "सङ्घको तरफबाट 'यति भिक्षुहरू मलाई दिनुहोस्' भनी सङ्घको उद्देश्य गरी दान दिन्छ - यो छैटौं सङ्घगत-दान हो ।"

७- "सङ्घको तरफबाट 'यति भिक्षुणीहरू मलाई दिनुहोस्' भनी सङ्घको उद्देश्य गरी दान दिन्छ - यो सातौं सङ्घगत-दान हो ।"

"आनन्द ! भविष्यकालमा गोत्रभू (= भिक्षु नाम धारी), काषायकण्ठधारी (= काषाय वस्त्रको टुक्रा घाँटीमा लगाउने) तथा दुःशील पापधर्मी (मानिसहरू) हुनेछन् । ती दुःशीलहरूलाई सङ्घको उद्देश्य गरी दान दिनेछन् । आनन्द ! त्यसबखत पनि संघगत दानको फल असंख्येय र अप्रमेय हुनेछ भनी म भन्दछु । आनन्द ! कुनै पनि प्रकारले संघगत दानको अगाडि प्रति-पौद्गलिक-दानलाई म महत्फलतर भनी भन्दिन ।"

**ङ) दान–विशुद्धिका कारणहरू :**

आनन्द ! दान-विशुद्धिका चार कारणहरू छन् । कुन चार भने ?" -

'(१) आनन्द ! दायकबाट दान-विशुद्धि हुन्छ तर प्रतिग्राहकबाट हुन्न; (२) आनन्द ! प्रतिग्राहकबाट दान-विशुद्धि हुन्छ तर दायकबाट हुन्न;



https://dhamma.digital

(३) आनन्द ! दायकबाट पनि प्रतिग्राहकबाट पनि दान-विशुद्धि हुन्न; (४) आनन्द ! दायकबाट पनि प्रतिग्राहकबाट पनि दान-विशुद्धि हुन्छ ।'

१- "आनन्द ! कसरी दायकबाट दान-विशुद्धि हुन्छ तर प्रतिग्राहकबाट हुन्न भने- आनन्द ! यहाँ दायक हुने शीलवान् कल्याणधर्मी हुन्छ; प्रतिग्राहक हुने भने दुःशील तथा पापधर्मी हुन्छ । आनन्द ! यसरी दायकबाट दान-विशुद्धि हुन्छ तर प्रतिग्राहकबाट हुन्न ।"

२- "आनन्द ! कसरी प्रतिग्राहकबाट दान-विशुद्धि हुन्छ तर दायकबाट हुन्न भने- आनन्द ! यहाँ प्रतिग्राहक हुने शीलवान् कल्याणधर्मी हुन्छ; दायक हुने भने दुःशील तथा पापधर्मी हुन्छ । आनन्द ! यसरी प्रतिग्राहकबाट दान-विशुद्धि हुन्छ तर दायकबाट हुन्न ।"

३- "आनन्द ! कसरी दायकबाट पनि प्रतिग्राहकबाट पनि दान-विशुद्धि हुन्न भने- आनन्द ! यहाँ दायक हुने पनि दुःशील तथा पापधर्मी हुन्छ, प्रतिग्राहक हुने पनि दुःशील तथा पापधर्मी हुन्छ । आनन्द ! यसरी दायकबाट पनि प्रतिग्राहकबाट पनि दान-विशुद्धि हुन्न ।"

४- "आनन्द ! कसरी दायकबाट पनि प्रतिग्राहकबाट पनि दान-विशुद्धि हुन्छ भने- आनन्द ! यहाँ दायक हुने पनि शीलवान् तथा कल्याणधर्मी हुन्छ, प्रतिग्राहक हुने पनि शीलवान् तथा कल्याणधर्मी हुन्छ । आनन्द ! यसरी दायकबाट पनि प्रतिग्राहकबाट पनि दान-विशुद्धि हुन्छ ।"

Dhamma.Digital

"आनन्द ! यिनीहरू नै दान-विशुद्धिका चार कारणहरू हुन् ।"

भगवान्ले यति भन्नुभयो । यति भन्नुभयो । यति भनिसक्नु भएपछि सुगतले फेरि यस्तो भन्नुभयो -

**१- "यो सीलवा दुस्सीलेसु ददाति दानं, धम्मेन लद्धं सुपसन्नचित्तो ।**
**अभिसद्दहं कम्मफलं उलारं, सा दक्खिणा दायकतो विसुज्झति ॥"**

**२- "यो दुस्सीलो सीलवन्तेसु ददाति दानं, अधम्मेन लद्धं अप्पसन्नचित्तो ।**
**अनभिसद्दहं कम्मफलं उलारं, सा दक्खिणा पटिग्गाहकतो विसुज्झति ॥"**

**३- "यो दुस्सीलो दुस्सीलेसु ददाति दानं, अधम्मेन लद्धं अपसन्नचित्तो ।**
**अनभिसद्दहं कम्मफलं उलारं, न तं दानं विपुलफलं ति ब्रूमि ॥"**



https://dhamma.digital

**४- "यो सीलवा सीलवन्तेसु ददाति दानं, धम्मेन लद्धं सुपसन्नचित्तो ।**
**अभिसद्दहं कम्मफलं उलारं, तं वे दानं विपुलप्फलं ति ब्रूमि ॥"**

**५- "यो वीतरागो वीतरागेसु ददाति दानं, धम्मेन लद्धं सुपसन्नचित्तो ।**
**अभिसद्दहं कम्मफलं उलारं, तं वे दानं आमिसदानानमग्गं ति ॥"**

**अर्थ–**

१- "सुप्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास गरी, धर्मपूर्वक लाभ गरेको वस्तु, जो शीलवान्‌ले दुःशीललाई दान दिन्छ- त्यो दान दायकको तर्फबाट विशुद्ध हुन्छ ।"

२- "अप्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास नगरी, अधर्मपूर्वक लाभ गरेको वस्तु, जो दुःशीलले शीलवान्‌लाई दान दिन्छ- त्यो दान प्रतिग्राहकको तर्फबाट विशुद्ध हुन्छ ।"

३- "अप्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास नगरी, अधर्मपूर्वक लाभ गरेको वस्तु, जो दुःशीलले दुःशीललाई दान दिन्छ- त्यो दान विपुलफलदायी हुन्न भनी भन्दछु ।"

४- "सुप्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास गरी, धर्मपूर्वक लाभ गरेको वस्तु, जो शीलवानले शीलवानलाई दान दिन्छ, त्यो दान विपुलफलदायी हुन्छ भनी भन्दछु ।

५- "सुप्रसन्न चित्त राखी, उदार कर्मफलमा विश्वास गरी, धर्मपूर्वक लाभ गरेको वस्तु, जो वीतरागीले वीतरागीलाई दान दिन्छ- त्यो दान नै आमिषदानहरूमध्ये श्रेष्ठ हुन्छ ।"

× × ×



https://dhamma.digital

## २) गौतमी–प्रवज्या

त्यससमय बुद्ध भगवान्, शाक्य जनपदको कपिलवस्तुस्थित निग्रोधाराममा बस्नुभएको थियो ।[१३]

अनि महाप्रजापति गौतमी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएकी महाप्रजापति गौतमीले भगवान्‌सँग यस्तो विन्ति गर्नुभयो -

**प्रवज्या याचना :** "भन्ते ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुन पाए वेश हुने थियो ।" "गौतमी ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने कुरामा तिमी इच्छा नराख, भइहाल्यो ।"

दोश्रोपटक पनि महाप्रजापति गौतमीले भगवान्‌सँग यस्तो विन्ति गर्नुभयो-

"भन्ते ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुन पाए वेश हुने थियो ।" "गौतमी ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने कुरामा तिमी इच्छा नराख, भइहाल्यो ।"

तेश्रोपटक पनि महाप्रजापति गौतमीले भगवान्‌सँग यस्तो विन्ति गर्नुभयो-

"भन्ते ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुन पाए वेश हुने थियो ।"

"गौतमी ! स्त्रीजातिले घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने कुरामा तिमी इच्छा नराख, भइहाल्यो ।"

अनि महाप्रजापति गौतमी- "भगवान् स्त्रीजातिलाई तथागतको धर्म-विनयमा घरछाडी अनगारिका भई प्रव्रजित हुने अनुमति दिनुहुन्न" भन्दै दुःखी दुर्मन भई गहभरी आँसु पारी रूँदै, भगवान्‌लाई अभिवादन

[१३] चुल्ल व. पा. पृ. ३७३: महापजापतिगोतमीवत्थु, अ. क. पृ. ९५१., यो कुरा अङ्गुत्तरनिकायको अट्ठकनिपातमा 'गोतमीसुत्तं' नामले समुल्लेख भएको पाइन्छ ।



https://dhamma.digital

तथा प्रदक्षिणा गरी फर्केर जानुभयो ।

**आफैले कषाय-वस्त्र धारण गरिन् :** भगवान् कपिलवस्तुमा इच्छानुसार विहार गर्नुभई त्यसपछि वैशालीका निम्ति चारिका गर्नुभयो । चारिका गर्दै क्रमशः जहाँ वैशाली हो त्यहाँ पुग्नुभयो । अनि भगवान् वैशालीस्थित महावनको कुटागारशालामा बस्नुभयो ।

त्यससमय महाप्रजापति गौतमी केश क्षौर गराई, काषाय-वस्त्र धारण गरी धेरै शाक्य-स्त्रीहरूका साथ जहाँ वैशाली हो त्यहाँ जानुभयो । अनि क्रमैसँग जहाँ वैशालीको महावनस्थित कूटागारशाला हो त्यहाँ पुग्नुभयो त्यसपछि महाप्रजापति गौतमी सुन्निएको खुट्टा लिई, धूलैधूलो भएको शरीर लिई, दुःखी तथा दुर्मन भई, गहभरी आँसु पारी रूँदै कोठाबाहिरका दैलोनिर उभिरहनुभयो ।

त्यसबखत आयुष्मान् आनन्दले - सुन्निएको खुट्टा लिई, धूलै धूलो भएका शरीर लिई दुःखी तथा दुर्मन भई गहभरी आँसु पारी रूँदै कोठाबाहिरका दैलोनिर उभिरहनुभएकी महाप्रजापति गौतमीलाई देख्नुभयो । देखेर महाप्रजापति गौतमीलाई यस्तो भन्नुभयो-

"गौतमी ! किन तपाईं सुन्निएको खुट्टा लिई, धूलैधूलो भएको शरीर लिई, दुःखी तथा दुर्मन भई, गहभरी आँसु पारी रूँदै कोठाबाहिरका दैलोनिर उभिरहनुभएको ?"

"भन्ते आनन्द ! के गरूँ त भगवान्‌ले स्त्रीजातिलाई घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने अनुमति दिनुहुन्न भने !"

"गौतमी ! त्यसोभए, भगवान्‌सँग मैले स्त्रीजातिको निमित्त तथागतको धर्म-विनयमा घरछाडी अनगारिका भई प्रव्रजित हुने आज्ञा मागुन्जेलसम्म तपाईं केही क्षण यहीँ नै बस्नुहोस् ।"

**बुद्धसँगको आनन्दको प्रार्थना :** अनि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दले भगवान्‌लाई यस्तो विन्ति गर्नुभयो-



https://dhamma.digital

"भन्ते ! यी महाप्रजापति गौतमी-"भगवान्ले स्त्रीजातिलाई घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुन अनुमति दिनु हुन्न" भन्दै सुन्निएको खुट्टा लिई, धूलैधूलो भएको शरीर लिई, दुःखी तथा दुर्मन भई, गहभरी आँसु पारी रूँदै कोठाबाहिरका दैलोनिर उभिरहनुभएकी छिन् । "भन्ते ! स्त्रीजातिलाई तथागतको धर्म-विनयमा घरछाडी अनगारिका भई प्रव्रजित हुने अनुमति दिनुभए वेश हुने थियो ।"

"आनन्द ! तथागतको धर्म-विनयमा स्त्रीजातिको निमित्त घरछाडी अनगारिका भई प्रव्रजित गराउने कुरामा तिमीले रूचि नराख, भइहाल्यो ।"

दोश्रोपटक पनि ......... तेश्रोपटक पनि आयुष्मान् आनन्दले भगवान्लाई यस्तो विन्ति गर्नुभयो-

"भन्ते ! स्त्रीजातिलाई तथागतको धर्म-विनयमा घर छाडी अनगारिका भई प्रव्रजित हुने अनुमति दिनुभए वेश हुने थियो ।"

"आनन्द ! तथागतको धर्म-विनयमा स्त्रीजातिको निमित्त घरछाडी अनगारिका भई प्रव्रजित गराउने कुरामा तिमीले रूचि नराख, भइहाल्यो ।"

अनि आयुष्मान् आनन्दले- "भगवान्ले स्त्रीजातिलाई घर छाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने अनुमति दिनुहुन्न, किन मैले भगवान्सँग अर्कै तरिकाले (अञ्ञेन पि परियायेन) स्त्रीजातिको निम्ति तथागतको धर्म-विनयमा घरछाडी अनगारिका भई प्रव्रजित हुने अनुमति नमागूँ" भन्ने सोच्नु भई भगवान्लाई यस्तो भन्नुभयो-

"भन्ते ! घरछाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने स्त्रीजातिले स्रोतापत्ति-फल, सकृदागामी-फल, अनागामीफल र अरहत्-फल साक्षात्कार गर्न सक्छे के ?"

"आनन्द ! तथागतको धर्म-विनयमा घरछाडी, अनगारिका भई प्रव्रजित स्त्रीजातिले स्रोतापत्ति-फल, सकृदागामी-फल, अनागामीफल र अरहत्-फल साक्षात्कार गर्न सक्छे ।"

"भन्ते ! यदि घरछाडी अनगारिका भई तथागतको धर्म-



https://dhamma.digital

विनयमा प्रव्रजित हुने स्त्रीजातिले स्रोतापत्ति-फल, सकृदागामी-फल, अनागामीफल र अरहत्-फल पनि साक्षात्कार गर्न सक्छे भने, भन्ते ! भगवान्‌की सानीआमा (मातृच्छा) महाप्रजापति गौतमी भगवान्‌को बहूपकारी हुनुहुन्छ। उहाँले भगवान्‌लाई पालन गर्नुभयो, पोषण गर्नुभयो, दुध दिनुभयो र भगवान्‌की आमा स्वर्गवास भएपछि उहाँले तपाईंलाई दुध पनि पियाउनु भयो । भन्ते ! त्यसो हुनाले स्त्रीजातिलाई घर छाडी अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुने अनुमति दिनुभए वेश हुने थियो ।"

**अष्ट-गुरू-धर्म :** "आनन्द ! यदि महाप्रजापति गौतमीले निम्न आठ-गुरू-धर्महरू स्वीकार गर्छिन भने सोही नै उनको उपसम्पदा होस् ।" (आठ-गुरू-धर्म यी हुन्)-

१- "उपसम्पदाद्वारा सयवर्ष भएकी भिक्षुणीले त्यतिखेरै उपसम्पन्न भएका भिक्षुहरूलाई पनि अभिवादन प्रत्युत्थान, अञ्जलीकर्म तथा सामीचिकर्म (सम्मान सत्कार) गर्नुपर्छ । यो धर्म (नियम) लाई सत्कारपूर्वक, गौरवपूर्वक, मान गरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न ।"

२- "भिक्षु नभएको आवास-गृहमा[१४] अर्थात् भिक्षुणी बस्ने ठाउँ नजिकै कुनै भिक्षु नभएमा त्यस्तो ठाउँमा भिक्षुणीले वर्षावास (वर्षाद् समय) बस्नुहुन्न । यो धर्मलाई सत्कारपूर्वक, गौरवपूर्वक, मान गरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न ।"

३- "प्रत्येक आधा महिनामा भिक्षुणीले भिक्षु सङ्घबाट दुई धर्म (कारण) हरूको प्रतीक्षा गर्नुपर्छ (उपोसथ कहिले हो भनी सोध्ने र अववाद-उपदेशको निमित्त जाने) । यो धर्मलाई सत्कारपूर्वक, गौरवपूर्वक, मान गरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न ।"

४- "वर्षावास बसिसकेकी भिक्षुणीले- "देखेको भए, सुनेको भए

---

[१४] 'भिक्षु नभएको आवास-गृहमा' भन्नाको अर्थ- भिक्षुणी बस्ने ठाउँबाट घटीमा आधा योजन भित्र कुनै अववाद दिने भिक्षु नभएको ठाउँ । भनाइको तात्पर्य कुनैपनि भिक्षुणी वर्षावास बस्दा घटीमा आधा योजन भित्र कुनै भिक्षु भएको ठाउँमा वर्षावास बस्नुपर्छ भनी भनिएको हो ।



https://dhamma.digital

तथा शंका भएको भए भन्नुहोस्"[१५] भनी यिनै तीन प्रकारले प्रवारणा (याचना) गर्नु पर्छ । यो धर्मलाई सत्कारपूर्वक, गौरवपूर्वक, मान गरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न ।"

५- "गुरूधर्म[१६] (= गरूंगो दोष) प्रात भिक्षुणीले दुवै सङ्घ (भिक्षु र भिक्षुणीसङ्घ) मा पक्ष मानत्त[१७] लिनु पर्छ । यो धर्मलाई सत्कारपूर्वक, गौरवपूर्वक, मान गरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न ।"

६- "दुई वर्षसम्म ६ धर्महरू[१८] (शिक्षाहरू) सिकिसकेकी शिक्षमाणाले दुवै सङ्घ (भिक्षु र भिक्षुणी सङ्घ) मा उपसम्पदा हुनुपर्छ । यो धर्मलाई सत्कारपूर्वक, गौरवपूर्वक, मान गरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न ।"

७- "कुनै पनि प्रकारले भिक्षुणीले भिक्षुलाई आक्रोश, परिभाष गर्नुहुन्न । यो धर्मलाई सत्कारपूर्वक, गौरवपूर्वक, मान गरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न ।"

८- "आजदेखि भिक्षुप्रति भिक्षुणीको वचन-पथ बन्द गरियो तथा भिक्षुणीप्रति भिक्षुको वचन-पथ बन्द गरिएन ।[१९] यो पनि धर्मलाई

---

१५ यसो भन्नाको मतलब कथंकदाचित् देखेबाट, सुनेबाट अथवा शंकै भएबाट कुनै त्रुटी वा दोष औंल्याइदिएको खण्डमा त्यसको प्रतिकार गर्नेछु भन्ने अभिप्रायले त्यसो भनिएको हो ।

१६ यहाँ 'गुरूधर्म' भन्नाले मतलव भिक्षुणी-प्रातिमोक्ष शिक्षापदहरू मध्येमा 'संघादिशेष' भन्ने दोषलाई भनिएको हो ।

१७ उक्त संघादिशेष दोषवाट विशुद्ध हुनु अगावै घमण्ड हटाउने उद्देश्यले पालन गर्नु पर्ने नियमलाई 'पक्ष-मानत्तं' भनिएको हो । यो मानत्त कसरी दिइन्छ भन्ने इत्यादि कुरा बुझ्न विनयपिटक,चुल्लवग्ग, समुच्चयक्वन्धक हेर्नुहोस् ।

१८ प्राणहिंसा नगर्ने, अदिन्नादान नलिने, ब्रम्हचर्य पालन गर्ने, मृषावाद नबोल्ने, सुरापान नगर्ने र विकाल भोजन नगर्ने यी छ शिक्षालाई 'छ धर्महरू' भनिएको हो ।

१९ वचन-पथ बन्द गरियो तथा वचन-पथ बन्द गरिएन' भन्नाले भिक्षणीले भिक्षुलाई कुनैपनि कुरा भन्न नपाइने भनी भनिएको होइन । केवल जुन किसिमले भिक्षुणीलाई भिक्षुले अववाद-उपदेश गर्न पाइने हो त्यस प्रकार भिक्षुणीले भिक्षुलाई अववाद-उपदेश दिन नपाइने भनिएको हो । अर्थात भिक्षुणीले भिक्षुहरूलाई शिक्षा सिकाउन नपाउने भनिएको हो । तर कुनै गल्ती देखेमा भिक्षुलाई गल्ती देखाउन पनि पाइदैन भनिएको होइन ।



https://dhamma.digital

सत्कारपूर्वक, गौरवपूर्वक, मान गरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न ।"

"आनन्द ! यदि महाप्रजापति गौतमीले यी आठगुरू (अट्ठगरु) धर्महरू (नियमहरू) लाई स्वीकार गर्छिन् भने सोही नै उनको उपसम्पदा होस् ।"

**उपसम्पन्ना भइन् :** अनि भगवान्का समक्ष यी अष्ट-गुरू-धर्महरू उद्ग्रहण गर्नुभई आयुष्मान् आनन्द जहाँ महाप्रजापति गौतमी हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि महाप्रजापति गौतमीलाई यसो भन्नुभयो-

"गौतमी ! यदि तपाईंले निम्न आठ-गुरू-धर्महरूलाई स्वीकार गर्नुहुन्छ भने सोही नै तपाईंको उपसम्पदा हुनेछ ।" (ती आठ-गुरू-धर्महरू हुन् ।)

१- "उपसम्पदाद्वारा सयवर्ष भएकी भिक्षुणीले त्यतिखेरै उपसम्पन्न भएका भिक्षुहरूलाई पनि अभिवादन प्रत्युत्थान, अञ्जलीकर्म तथा सामीचिकर्म (सम्मान सत्कार) गर्नुपर्छ । यो धर्म (नियम) लाई सत्कारपूर्वक, गौरवपूर्वक, मान गरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न ।"

(माथि उल्लेख भएका सबै आठ नियमहरू दोहऱ्याइ पढ्नु ।)

"गौतमी ! यदि तपाईंले यी आठ-गुरू-धर्महरूलाई स्वीकार गर्नुहुन्छ भने सोहीले नै तपाईंको उपसम्पदा हुनेछ ।"

"भन्ते आनन्द ! जस्तै कुनै ढाचा पार्नु पर्ने तरूण, युवा स्त्री वा पुरुष शिर नुहाई बसेको बेलामा-उत्पलको माला, जूहीको माला अथवा मोतीको माला, पाउँदा - उसले दुवै हातमा थापी लिई शिरमा राख्छ त्यस्तै भन्ते आनन्द ! मैले पनि यी आठ-गुरू (अष्टगुरू) धर्महरू (नियमहरू) लाई जीवनभर उल्लंघन नहुने गरी स्वीकार गर्छु ।"

अनि आयुष्मान् आनन्द, जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नु भएका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो भन्नुभयो-



https://dhamma.digital

"भन्ते ! महाप्रजापति गौतमीले ती अष्ट-गुरू-धर्महरूलाई स्वीकार गर्नुभयो । अब, भगवान्‌की सानीआमा उपसम्पन्ना हुनुभयो ।"

**बुद्धशासनको आयु :** "आनन्द ! यदि स्त्री जातिले तथागतको धर्म-विनयमा घर छाडी अनगारिका भई प्रव्रजित हुन नपाएको भए आनन्द ! यो ब्रम्हचर्य (बुद्धधर्म) चिरस्थायी हुने थियो-हजारवर्षसम्म सद्धर्म रहने थियो । जबदेखि स्त्री जातिले घरछाडी, अनगारिका भई तथागतको धर्म-विनयमा प्रव्रजित हुन पाए तबदेखि आनन्द ! यो ब्रम्हचर्य चिरस्थायी हुनेछैन । आनन्द ! अब यो सद्धर्म पाँचसय वर्षसम्म रहनेछ ।"

१- "आनन्द ! जस्तै- धेरै स्त्रीहरू भएका र थोरै पुरुषहरू भएका जुनसुकै कुलमा पनि चोरहरूद्वारा वा कुम्भचोर[२०] हरूद्वारा चाँडै नै विध्वंस पार्न सक्छ । आनन्द ! त्यस्तै जुन धर्म-विनयमा स्त्रीजातिले घरछाडी अनगारिका भई प्रव्रज्यात्व पाउँछे- त्यो ब्रम्हचर्य (धर्म) चिरस्थायी हुन्न ।"

२- "आनन्द ! जस्तै- कुनै सश्रीक धानको खेतमा सेतट्ठिका भन्ने रोग लागेमा त्यो धानको खेत चिरस्थायी हुन्न । आनन्द ! त्यस्तै जुन धर्म-विनयमा स्त्रीजातिले घरछाडी अनगारिका भई प्रव्रज्यात्व पाउँछे- त्यो ब्रम्हचर्य (धर्म) चिरस्थायी हुन्न ।"

३- "आनन्द ! जस्तै- सश्रीक उखुको खेतमा मजेठी (मञ्जिट्ठिका) भन्ने रोग लागेमा त्यो उखुको खेत चिरस्थायी हुन्न । आनन्द ! त्यस्तै जुन धर्म-विनयमा स्त्रीजातिले घरछाडी अनगारिका भई प्रवज्यात्व पाउँछे- त्यो ब्रम्हचर्य (धर्म) चिरस्थायी हुन्न ।"

४- "आनन्द ! जस्तै- कुनै विशाल पोखरीको पानीलाई बाहिर जान नदिन पर्खालहरू लगाउँछन् । आनन्द ! पहिले नै मैले भिक्षुणीहरूलाई जीवनभर उल्लंघन गर्न नहुने गरी अष्ट-गुरू-धर्महरूको नियम प्रज्ञापन गरिदिएँ ।"

x x x

---

[२०] हाँडीभित्र वत्तीबाली घर फोर्नेहरूलाई 'कुम्भचोर' भनिन्छ ।



https://dhamma.digital

# मूल पालि

## ३) भिक्षुणीहरुको उपसम्पदा

अनि (एक दिन) महाप्रजापति गौतमी जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिरहनु भयो । एक छेउमा उभिरहनु भएकी महाप्रजापति गौतमीले भगवान्लाई यस्तो विन्ति गर्नुभयो-

"भन्ते ! यी शाक्य स्त्रीहरूप्रति मैले कस्तो व्यवहार गरूँ ?" अनि महाप्रजापति गौतमीलाई भगवान्ले धार्मिक कथनद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभयो । महाप्रजापति गौतमी भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भई भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर जानुभयो । त्यसपछि भगवान्ले यसै कारणमा यसै सन्दर्भमा धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो-

"भिक्षुहो ! भिक्षुहरूले भिक्षुणीहरूलाई उपसम्पदा गर्ने अनुमति दिन्छु ।"

अनि ती भिक्षुणीहरूले महाप्रजापति गौतमीलाई यस्तो भने-

"आर्या अनुपसम्पन्ना हुनुहुन्छ, हामीहरू मात्रै उपसम्पन्ना हौं । यसरी भगवान्ले भिक्षुणीहरूलाई भिक्षुहरूद्वारा उपसम्पदा गर्ने (नियम) प्रज्ञापन गर्नु भएको छ ।"

अनि महाप्रजापति गौतमी जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा उभिरहनु भयो । एक छेउमा उभिरहनु भएकी महाप्रजापति गौतमीले आयुष्मान् आनन्दलाई यसो भन्नुभयो-

"भन्ते आनन्द ! यी भिक्षुणीहरूले मलाई - "आर्या अनुपसम्पन्ना हुनुहुन्छ, हामीहरू मात्रै उपसम्पन्ना हौं । यसरी नै भगवान्ले भिक्षुणीहरूलाई भिक्षुहरूद्वारा उपसम्पदा गर्ने (नियम) प्रज्ञापन गर्नु भएको छ, भनी भन्दछन् ।"



https://dhamma.digital

यति कुरा सुनी, आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो भन्नुभयो-

"भन्ते ! महाप्रजापति गौतमीले यसो भन्नुहुन्छ- भन्ते आनन्द यी भिक्षुणीहरूले मलाई - "आर्या अनुपसम्पन्ना हुनुहुन्छ, हामीहरूमात्रै उपसम्पन्ना हौं । यसरी नै भगवान्ले भिक्षुणीहरूलाई भिक्षुहरूद्वारा उपसम्पदा गर्ने (नियम) प्रज्ञापन गर्नुभएको छ, भनी भन्छिन् ।"

"आनन्द ! जुनबेला महाप्रजापति गौतमीले अष्ट-गुरू-धर्महरूलाई स्वीकार गरिन् उसै बेलामै उनी उपसम्पन्ना भइसकिन् ।"

× × ×

## मूल पालि

## ४) वर याचना

अनि (एक दिन) महाप्रजापति गौतमी जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो, त्यहाँ जानुभयो ।[२१] त्यहाँ पुगेपछि आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा उभिरहनु भयो । एक छेउमा उभिरहनु भएकी महाप्रजापति गौतमीले आयुष्मान् आनन्दलाई यस्तो भन्नुभयो-

"भन्ते आनन्द ! भगवान्सँग एउटा वर माग्न चाहन्छु । भन्ते ! भगवान्ले भिक्षुहरू र भिक्षुणीहरूको परस्परमा वयोवृद्धानुसार अभिवादन, प्रत्युत्थान, अञ्जलीकर्म तथा सामीचिकर्म गर्ने अनुमति दिनुभए बेश हुनेथियो ।"

त्यसपछि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दले भगवान्लाई यस्तो भन्नुभयो-

---

[२१] चुल्ल व पा प ३७. महापजापतिया बरयाचनादि ।।



https://dhamma.digital

"भन्ते ! महाप्रजापति गौतमीले मलाई यस्तो भन्नुभयो- "भन्ते आनन्द ! भगवान्सँग एउटा वर माग्न चाहन्छु । भन्ते ! भगवान्ले भिक्षुहरू र भिक्षुणीहरूको परस्परमा वयोवृद्धानुसार अभिवादन, प्रत्युत्थान, अञ्जलीकर्म तथा सामीचिकर्म गर्ने अनुमति दिनुभए बेश हुनेथियो ।"

आनन्द ! तथागतले स्त्रीहरूलाई अभिवादन, प्रत्युत्थान, अञ्जलीकर्म तथा सामीचिकर्म गर्नुपर्छ भनी कहिल्यै भन्न सक्तैन, यस्तो भन्नुको कुनै कारण छैन । आनन्द ! यी दुराख्यात धर्म भएका अन्यतीर्थीयहरूले पनि स्त्रीहरूलाई अभिवादन, प्रत्युत्थान, अञ्जलीकर्म तथा सामीचिकर्म गर्दैनन् भने- तथागतले स्त्रीहरूलाई अभिवादन, प्रत्युत्थान, अञ्जलीकर्म तथा सामीचिकर्म गर्नुपर्छ भनी कसरी अनुमति देला र !"

अनि, भगवान्ले यसै कारणमा यसै प्रसंगमा धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो-

"भिक्षुहो ! स्त्रीलाई अभिवादन, प्रत्युत्थान, अञ्जलीकर्म तथा सामीचिकर्म गर्नुपर्दैन, जसले गर्छ उसलाई दुष्कृत्य आपत्ति लाग्नेछ ।"

× × ×

## मूल पालि

### ५) शिक्षापद बारेमा के गर्ने

अनि (एक दिन) महाप्रजापति गौतमी जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिरहनु भयो । एक छेउमा उभिरहनु भएकी महाप्रजापति गौतमीले भगवान्लाई यस्तो भन्नुभयो-

"भन्ते ! जो ती भिक्षुणीहरूका शिक्षापदहरू, भिक्षुहरूका शिक्षापदहरूसँग समान छन्, भन्ते ! त्यस्ता शिक्षापदहरूका सम्बन्धमा हामीले कस्तो व्यवहार गर्नुपर्ला ?"

"गौतमी ! जो ती भिक्षुणीहरूका शिक्षापदहरू, भिक्षुहरूका शिक्षापदहरूसँग समान छन्, ती शिक्षापदहरूलाई भिक्षुहरूले जस्तै पालन गर्नू ।"



https://dhamma.digital

"भन्ते ! जो ती भिक्षुणीहरूका शिक्षापदहरू, भिक्षुहरूका शिक्षापदहरूसँग असमान छन्, भन्ते ! त्यस्ता शिक्षापदहरूका सम्बन्धमा हामीले कस्तो व्यवहार गर्नुपर्ला ?"

"गौतमी ! जो ती भिक्षुणीहरूका शिक्षापदहरू, भिक्षुहरूका शिक्षापदहरूसँग असमान छन्, ती शिक्षापदहरूलाई प्रज्ञापद गरेका शिक्षापद अनुसार पालन गर्नू ।"

× × ×

## मूल पालि

### ६) संक्षिप्त-धर्म

एक समय भगवान् वैशालीस्थित महावनको कूटागारशालामा बस्नुभएको थियो ।

अनि महाप्रजापति गौतमी जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिरहनु भयो । एक छेउमा उभिरहनु भएकी महाप्रजापति गौतमीले भगवान्लाई यस्तो भन्नुभयो-

"भन्ते ! भगवान्ले मलाई संक्षेपरूपमा धर्मोपदेश गर्नुभए बेश हुनेथियो, जुन धर्मलाई सुनी एकान्तमा बसी अप्रमत्तमा चित्त लगाई म विहार गर्न सकूँ ।"

"गौतमी ! जुन धर्मलाई तिमीले- "यी धर्महरूले सरागमा पुऱ्याउँछन्, वीतरागमा होइन, संयोगमा पुऱ्याउँछन्, विसंयोगमा होइन, संसारवृद्धिमा पुऱ्याउँछन्, संसार अवृद्धिमा होइन, महालोभमा पुऱ्याउँछन्, निर्लोभमा होइन, असन्तोषमा पुऱ्याउँछन्, सन्तोषमा होइन, प्रपञ्चवासमा पुऱ्याउँछन् एकान्तवासमा होइन, आलस्यतामा पुऱ्याउँछन्, निरालसतामा होइन, तथा दुर्भरतामा पुऱ्याउँछन् सुभरतामा होइन" भन्ने जान्नेछ्यौ, गौतमी ! तब तिमीले अवश्य नै यस्तो धारणा (विश्वास) गर कि - "न यो धर्म हो, न यो विनय हो, न यो शास्ताको शासन नै हो ।"



https://dhamma.digital

"गौतमी ! जुन धर्मलाई तिमीले- "यी धर्महरूले विरागमा पुऱ्याउँछन्, सरागमा होइन, विसंयोगमा पुऱ्याउँछन्, संयोगमा होइन, संसार अवृद्धिमा पुऱ्याउँछन्, संसार वृद्धिमा होइन, निर्लोभमा पुऱ्याउँछन्, महालोभमा होइन, सन्तोषमा पुऱ्याउँछन्, असन्तोषमा होइन, एकान्तवासमा पुऱ्याउँछन्, प्रपञ्चवासमा होइन, निरालसतामा पुऱ्याउँछन्, आलस्यतामा होइन तथा सुभरतामा पुऱ्याउँछन्, दुर्भरतामा होइन" भन्ने जान्नेछ्यौ, गौतमी ! तब तिमीले अवश्य नै यस्तो धारणा (विश्वास) गर कि- "यही धर्म हो, यही विनय हो, यही शास्ताको शासन पनि हो ।"

x x x

## मूल पालि

## ७) बिरामी गौतमी

त्यस बखत बुद्ध भगवान्, शाक्य जनपदको कपिलवस्तुको निग्रोधाराममा बस्नुभएको थियो ।[२२] **भिक्षुणी बस्ने ठाउँमा जानु हुन्न :** त्यस बखत छवर्गीय भिक्षुहरू भिक्षुणीहरू बस्ने ठाउँमा गई छवर्गीया भिक्षुणीहरूलाई अववाद-उपदेश दिन्थे । (एक दिन) भिक्षुणीहरूले छवर्गीया भिक्षुणीहरूलाई भने-

"आर्या ! आउनुहोस्, अववाद-उपदेश सुन्न जाऔं ।"

"आर्या ! जुन अववाद-उपदेशको निम्ति (विहारमा) जानुपर्ने हो सो अववाद-उपदेश हामीलाई छवर्गीय भिक्षुहरूले यहीँ नै दिनुहुन्छ ।"

यी कुरा सुनी ती भिक्षुणीहरू "कस्ता रहेछन् यी छवर्गीय भिक्षुहरू जो भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई अववाद-उपदेश दिन्छन्" भन्दै कराउन थाले, खिन्न हुन थाले र धिक्कार्न पनि थाले । अनि ती भिक्षुणीहरूले यी कुरा भिक्षुहरूलाई सुनाए । जो ती भिक्षुहरू अल्पेच्छी थिए, तिनीहरू पनि "कस्ता होलान् यी छवर्गीय भिक्षुहरू ! जो भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई अववाद-उपदेश गर्छन् ।" भन्दै कराउन थाले, खिन्न हुन थाले र धिक्कार्न पनि

२२ पाचि. पा. पृ. ८३ तेवीसतमपचित्तिय, अ. क. पृ. ५८९ ।



https://dhamma.digital

थाले । त्यसपछि ती भिक्षुहरूले यी कुरा भगवान्लाई सुनाए । भगवान्ले यसै कारणमा, यसै प्रसंगमा भिक्षुसङ्घलाई एकत्रित पार्नु भई छवर्गीय भिक्षुहरूसँग सोध्नुभयो-

"भिक्षु हो ! तिमीहरूले भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई अववाद-उपदेश गरेका कुरा साँच्चै हो ?"

"भन्ते ! साँच्चै हो ।"

अनि भगवान्ले निन्दा गर्नुभयो । "कस्ता रहेछौ तिमीहरू, मोघपुरुष हो ! जो कि भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई अववाद-उपदेश गर्छौ । यस कार्यद्वारा न अप्रसन्न हुनेको चित्त प्रसन्न हुन सक्छ, न त प्रसन्न हुनेको चित्त नै बढी प्रसन्न हुनसक्छ ..... ।" अनि भगवान्ले - "भिक्षु हो ! यसरी यो शिक्षापद सिक्नुपर्छ" भनी भन्नुभयो-

"जो भिक्षुले भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई अववाद गर्छ,[२३] उसलाई पाचित्तिय दोष लाग्नेछ ।"

[२३] भिक्षुणीहरूकहाँ गई उपदेश गर्ने सम्मत पाएकाले बाहेक अरू भिक्षुहरूले उपदेश गर्न नहुने नियम हो । यदि सम्मत नपाएको भिक्षुले भिक्षुणीहरू कहा गई अष्ट-गुरू- धर्म द्वारा अववाद गर्छ भने उसलाई पाचित्तिय दोष लाग्छ । अरू धर्मद्वारा अववाद गर्छ भने 'दुष्कृत्य आपत्ति' लाग्छ । सम पा. पृ. ५८९ पाचित्तियवण्णना, भिक्खुणीउपस्सय सिक्खापद ततिय ।

निम्न आठ गुणहरूले सम्पन्न भएका भिक्षुलाई भिक्षुणीकहाँ गई । अववाद गर्ने सम्मत दिइन्छ -

१. "आचार गोचर सम्पन्न भई अणुमात्र दोषलाई पनि भय मान्ने र प्रातिमोक्ष शीललाई राम्ररी पालन गर्ने
२. "आदि-मध्य-पर्यवशान कल्याण हुने बुद्धको धर्मलाई राम्ररी उद्ग्रहण गरी त्यसको अर्थलाई समेत राम्ररी मनमा विचार गरी असल दृष्टि हुने तथा बहुश्रुत, श्रुतधर आदि गुण हुने,
३. "दुवै प्रातिमोक्ष शिक्षापदहरू अध्ययन गरी परिशीलन गरी तथा त्यसको अर्थ सुत्र र विनय अनुसार राम्ररी बुझ्न सक्ने",
४. "कल्याण भाषी",.
५. "भिक्षुणीहरूले मन पराउने",.
६. "भिक्षुणीहरूलाई सम्झाउने बुझाउने समर्थ हुने",.
७. "चीवर वस्त्र पहिरी भिक्षु भइसके पछि कहिल्यै पनि 'गुरूदोष अर्थात सँघादिशेष दोष' नगरेको"



https://dhamma.digital

यसरी भगवान्‌ले भिक्षुहरूलाई शिक्षापद प्रज्ञापन गर्नुभयो ।

**बिरामी भिक्षुणीलाई उपदेश दिनुहुन्छ :** त्यस समय महाप्रजापति गौतमी बिरामी हुनुहुन्थ्यो । स्थविर भिक्षुहरू जहाँ महाप्रजापति गौतमी हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि महाप्रजापति गौतमीलाई यस्तो भन्नुभयो-

"गौतमी ! के तपाईंलाई क्षेमनीय र यापनीय छैन ?"

"आर्य ! मलाई क्षेमनीय र यापनीय छैन । आर्य ! धर्मोपदेश गर्नुभए बेश हुने थियो ।"

"भगिनी ! भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई उपदेश गर्नुहुन्न" भन्नुहुँदै संकोच मान्दै धर्मोपदेश गरेनन् । त्यसपछि पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी जहाँ महाप्रजापति गौतमी हुनुहुन्थ्यो त्यहाँ भगवान् जानुभयो । त्यहाँ पुग्नु भएपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो । अनि भगवान्‌ले महाप्रजापति गौतमीलाई यस्तो भन्नुभयो-

"गोतमी ! के तिमीलाई क्षेमनीय र यापनीय छैन ?"

"भन्ते ! अघि स्थविर भिक्षुहरू आई धर्मोपदेश गर्नुहुन्थ्यो र त्यसबाट मलाई सञ्चो हुन्थ्यो । अहिले त 'भगवान्‌ले प्रतिक्षेप गर्नुभएको छ' भन्नु हुँदै संकोच मानी (उहाँहरूले) उपदेश गर्नुहुन्न । त्यसैले मलाई सञ्चो हुन्न ।"

अनि भगवान्‌ले महाप्रजापति गौतमीलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भई आसनबाट उठी फर्केर जानुभयो ।

अनि भगवान्‌ले यसै कारणमा, यसै प्रसंगमा धार्मिक कथा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो-

---

८. "उपसम्पन्नताले बीसवर्ष वा सो भन्दा बढी भइसकेको ।" पाचि. पा. पृ. ७७: भिक्खुनोवाद सम्पन्नने,
एकवीसतिम पाचित्तियं, सम. पा. पृ ५७६–७९, अं. नि.–८पृ.३७३ :ओवादसुत्तं, अ. क ७७७



https://dhamma.digital

"भिक्षुहो ! भिक्षुणीहरू बस्ने ठाउँमा गई (भिक्खुनुपस्सयं) भिक्षुणीहरूलाई उपदेश गर्ने अनुमति दिन्छु। भिक्षुहो ! यसरी यो शिक्षापद उद्देशण गर्नु-

"जो भिक्षुले, भिक्षुणीहरू[२४] बस्ने ठाउँमा गई भिक्षुणीहरूलाई विशेष समय बाहेक उपदेश (ओवाद) गर्छ- उसलाई पाचित्तय दोष लाग्नेछ। विशेष समय भनेको भिक्षुणी बिरामी हुन्छे। यही नै यहाँ विशेष समय हो ।"

× × ×

## मूल पालि

### ९) भिक्षुणीहरूले ऊन धुन लगाउँछन्

त्यस समय बुद्ध भगवान्, शाक्य जनपदको कपिलवस्तुस्थित निग्रोधाराममा बस्नु भएको थियो । त्यस बखत छवर्गीय भिक्षुहरूले भिक्षुणीहरू लगाई भेडाका ऊनहरू धुन लगाउँदथे, रंगाउन लगाउँदथे तथा डाँख्लाहरू पनि छुट्याउन लगाउँदथे । भेडाका ऊन धुँदाधुँदै, रँगाउँदा रँगाउँदै तथा डाँख्लाहरू छुट्याउँदा छुट्याउँदै-अधिशील, अधिचित्त तथा अभिप्रज्ञासम्बन्धी सोध्-पूछ गर्ने वा सिक्ने समय हुँदैनथ्यो । अनि महाप्रजापति गौतमी जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ जानुभयो । एक छेउमा उभिरहनु भएकी महाप्रजापति गौतमीलाई भगवान्ले यस्तो भन्नुभयो- "गौतमी ! भिक्षुणीहरू अप्रमत्त भई आतप्ततामा चित्त लगाई विहार गरिरहेका छन् त ?"

"भन्ते ! कहाँ अप्रमत्त भई भिक्षुणीहरू विहार गर्न सक्छन् र ! आर्य छवर्गीय भिक्षुहरूले भिक्षुणीहरूलाई भेडाका ऊनहरू धुन लगाउनु हुन्छ, रंगाउनु लगाउनु हुन्छ तथा डाँख्लाहरू छुट्याउन पनि लगाउनुहुन्छ । भेडाका ऊनहरू धुँदाधुँदै, रँगाउँदा रँगाउँदै तथा डाँखलाहरू छुट्याउँदा

---

[२४] यहाँ भिक्षुणी भनी भिक्षुसंघ र भिक्षुणीसंघद्वारा उपसम्पन्ना भएकी 'भिक्षुणी' लाई भिक्षुणी भनेको हो। पाचि. पा. पृ. ८४: विभङ्गो ।



https://dhamma.digital

छुट्याउँदै-अधिशील, अधिचित्त तथा अभिप्रज्ञासम्बन्धी सोध्-पूछ गर्ने वा सिक्ने समय नै हुँदैन ।"

अनि भगवान् महाप्रजापति गौतमीलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भयो। भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भई भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी महाप्रजापति गौतमी फर्केर जानुभयो ।

त्यसपछि भगवान्ले यसै कारणमा, यसै सन्दर्भमा भिक्षुसङ्घलाई एकत्रित पार्नुभई छवर्गीय भिक्षुहरूसँग सोध्नुभयो-

"भिक्षुहो ! साँच्चै हो के तिमीहरूले भिक्षुणीहरू लगाई भेडाका ऊनहरू धुन लगाएका, रंगाउन लगाएका तथा डाँख्लाहरू छुट्याउन लगाएका ?"

"भन्ते ! साँच्चै हो ।"

"भिक्षुहो ! (ती भिक्षुणीहरू) तिमीहरूका ज्ञातिहरू हुन् कि अज्ञातिहरू हुन् ?"

"भन्ते ! अज्ञातिहरू हुन् ।"

"मोघपुरुष ! अज्ञातिहरूले अज्ञातिहरू लगाई (धुन लगाउन) हुन्छ वा हुन्न, प्रतिरूप छ वा अप्रतिरूप छ, प्रासादिक छ वा अप्रासादिक छ भन्ने कुरा पनि जान्न सक्दैनौ ? मोघपुरुष ! जहाँ तिमीहरूले अज्ञाति भिक्षुणीहरू लगाई भेडा ऊनहरू धुन लगाउँछौ, रंगाउन लगाउँछौ तथा डाँख्लाहरू छुट्याउन लगाउँछौ । मोघपुरुष यो कार्यद्वारा न अप्रसन्न हुनेको चित्त प्रसन्न हुनसक्छ, न त प्रसन्न हुनेको चित्त नै बढी प्रसन्न हुन सक्छ ........ अतएव यसरी यो शिक्षाप्रद उद्देशन गर्नू-

'जो भिक्षुले अज्ञाति भिक्षुणीहरू लगाई भेडाका ऊनहरू धुन लगाउँछ, रंगाउन लगाउँछ अथवा डाँख्लाहरू छुट्याउन लगाउँछ, उसलाई नैसर्गीय पाचित्तिय लाग्नेछ' ।"

x x x



https://dhamma.digital

## मूल पालि

### १०) कौशम्बिक भिक्षुहरू

त्यसबेला महाप्रजापति गौतमीले सुन्नुभयो कि- "सङ्घमा झगडा गर्ने, कलह गर्ने, विवाद गर्ने, कुरा गराउने तथा अधिकरण चलाउने ती **कौशम्बिक भिक्षुहरू** श्रावस्तीमा आउँदै छन् ।"

अनि महाप्रजापति गौतमी जहाँ भगवान् हुनुहुन्थ्यो, त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिरहनु भयो । एक छेउमा उभिरहनु भएकी महाप्रजापति गौतमीले भगवान्लाई यस्तो भन्नुभयो-

"भन्ते ! सङ्घमा झगडा गर्ने, कलह गर्ने, विवाद गर्ने, कुरा गराउने तथा अधिकरण चलाउने ती कौशम्बिक भिक्षुहरू श्रावस्तीमा आउँदै छन् ।" भन्ते ! उनीहरूप्रति कस्तो व्यवहार गर्नुपर्ला ?"

"गौतमी ! त्यसो भए, दुवैतिरका धर्महरू सुन । दुवैतिरका धर्महरू सुनिसकेपछि त्यसमध्ये जुन भिक्षुहरू धर्मवादी हुन् उनीहरूका दृष्टि, धारणा तथा विचारलाई रोज । भिक्षुणी सङ्घले भिक्षुसङ्घबाट जुन आशा लिनु पर्दछ ती सबै धर्मवादीहरूबाटै लिनुपर्दछ ।"

× × ×

Dhamma.Digital

## मूल पालि

### ११) नन्दकको उपदेश

यस्तो मैले सुनें, एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो । अनि महाप्रजापति गौतमी पाँचसय भिक्षुणीहरू साथ जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिरहनु भयो । एक छेउमा उभिरहनुभएकी महाप्रजापति गौतमीले भगवान्लाई यस्तो विन्ति गर्नुभयो -



https://dhamma.digital

“भन्ते ! भगवान्‌ले भिक्षुणीहरूलाई अववाद दिनुहोस्; भन्ते ! भगवान्‌ले भिक्षुणीहरूलाई अनुशासन गर्नुहोस्”; भन्ते ! भगवान्‌ले भिक्षुणीहरूलाई धार्मिक कथा सुनाउनु होस् ।”

त्यस समय स्थविर भिक्षुहरूले पालैसित भिक्षुणीहरूलाई अववाद-उपदेश गर्दथे। आयुष्मान् नन्दक आफ्नो पालोमा भिक्षुणीहरूलाई अववाद-उपदेश गर्न चाहनुहुन्नथ्यो । अनि भगवान्‌ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो-

“आनन्द ! आज भिक्षुणीहरूलाई अववाद-उपदेश गर्ने पालो कसको हो ?”

“भन्ते ! पालो अनुसार भिक्षुणीहरूलाई अववाद-उपदेश गर्ने पालो सबैले सिध्याइसके । भन्ते ! यी आयुष्मान् नन्दक आफ्नो पालोमा भिक्षुणीहरूलाई अववाद-उपदेश गर्न चाहनुहुन्न ।”

अनि भगवान्‌ले आयुष्मान् नन्दकलाई आमन्त्रण गर्नुभयो-

“नन्दक ! भिक्षुणीहरूलाई अववाद-उपदेश गर; नन्दक ! भिक्षुणीहरूलाई अनुशासन गर; नन्दक ! ब्राम्हण[२५] भएका तिमीले भिक्षुणीहरूलाई धार्मिक कुरा सुनाऊ ।”

“हवस्, भन्ते ! भनी भगवान्‌लाई प्रत्युत्तर दिई आयुष्मान् नन्दक पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटन जानुभयो । श्रावस्तीमा भिक्षाटन गरी, भिक्षाटनबाट फर्किसकेपछि भोजनोपरान्त आफू समेत दुईजना भई जहाँ **राजकाराम** हो त्यहाँ जानुभयो । ती भिक्षुणीहरूले टाढैदेखि आयुष्मान् नन्दकलाई आइरहनु भएको देखे । देखेपछि आसन बिछ्याए । पानी र पिरा पनि राखे । अनि आयुष्मान् नन्दक बिछ्याइ राखेको आसनमा बस्नुभयो । बस्नु भएपछि खुट्टा पनि पखाल्नुभयो । ती भिक्षुणीहरू पनि आयुष्मान् नन्दकलाई अभिवादन गरी एक छेउमा बसे ।

**अनात्म कथा :** एक छेउमा बसेका ती भिक्षुणीहरूलाई आयुष्मान्

---

२५ यहाँ ‘ब्राह्मण’ भन्नाले जातिय ब्राह्मण नभई ‘बाहित पापो ति’ अर्थात निक्लेशी भएको हुनाले ‘ब्राह्मण भनिएको हो



https://dhamma.digital

नन्दकले यस्तो भन्नुभयो- "भगिनी हो ! प्रतिपृच्छा अर्थात् सोधी सोधी कुरा हुनेछ । त्यहाँ, जान्नेले 'जान्दछु' भनी भन्नु पर्दछ; न जान्नेले 'जान्दिन' भनी भन्नुपर्दछ। जसलाई सन्देह वा विमति हुन्छ उसले भन्ते ! यो कसरी हुन्छ, यसको अर्थ के हो ?' भनी मसँगै प्रति-प्रश्न गर्नुपर्दछ।"

(उनीहरूले भने)- "आयुष्मान् नन्दकले हामीहरूलाई 'न बुझेको सोध्नू' भनी जुन कुरा भन्नुभयो- यत्तिकैले पनि हामीहरू आयुष्मान्प्रति सन्तुष्ट र खुशी नै भएका छौं।"

(क) १- "भगिनी हो ! के भन्छौ त, चक्षु (श्रोत...घ्राण...जिह्वा...काय...मन...लाई पनि यसरी नै बुझ्नुपर्छ) नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको (=परिवर्तनशील) हो- त्यसलाई- 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

"किन नि ?"

"भन्ते ! पहिले नै 'यी ६ आध्यात्मिक (= भित्री) आयतनहरूलाई अनित्य हुन्' भनी हामीहरूले यथार्थतः सम्यक् प्रज्ञाद्वारा देखिसकेका छौं।"

"साधु, साधु, भगिनी हो ! त्यस्तै हो; भगिनी हो ! यथार्थतः सम्यक् प्रज्ञाद्वारा देख्ने आर्यश्रावकलाई त्यस्तै हुन्छ ।"

(ख) १- "भगिनीहो ! के भन्छौ त, रूप (शब्द...गन्ध...रस...स्पर्श...धर्मलाई पनि यसरी नै बुझ्नुपर्छ) नित्य हो कि अनित्य हो त ?"



https://dhamma.digital

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको-हो-त्यसलाई- 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

"किन नि ?"

"भन्ते ! पहिले नै 'यी ६ बाहिरी आयतनहरूलाई अनित्य हुन्' भनी हामीहरूले यथार्थतः सम्यक् प्रज्ञाद्वारा देखिसकेका छौं ।"

"साधु, साधु, भगिनीहो ! त्यस्तै हो; भगिनीहो ! यथार्थतः सम्यक् प्रज्ञाद्वारा देख्ने आर्यश्रावकलाई त्यस्तै हुन्छ ।"

(ग) १- "भगिनीहो ! के भन्छौ त, चक्षुविज्ञान (श्रोतविज्ञान... घ्राणविज्ञान... जिह्वाविज्ञान... कायविज्ञान... मनोविज्ञानलाई पनि यसरी नै बुझ्नुपर्छ) नित्य हो कि अनित्य हो त ?"

"भन्ते ! अनित्य हो ।"

"जो अनित्य हो, त्यो दुःख हो कि सुख हो त ?"

"भन्ते ! दुःख हो ।"

"जो अनित्य हो, दुःख हो तथा विपरिणाम-स्वभावको-हो-त्यसलाई- 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी हेर्नु ठीक छ त ?"

"भन्ते ! ठीक छैन ।"

"किन नि ?"

"भन्ते ! पहिले नै 'यी ६ विज्ञान-कायहरू अनित्य हुन्' भनी हामीहरूले यथार्थतः सम्यक् प्रज्ञाद्वारा देखिसकेका छौं ।"

"साधु, साधु, भगिनीहो ! त्यस्तै हो; भगिनीहो ! यथार्थतः सम्यक् प्रज्ञाद्वारा देख्ने आर्यश्रावकलाई त्यस्तै हुन्छ ।"



https://dhamma.digital

**उपमाहरू :**

१- "भगिनी हो ! जस्तै- बलिरहेको तेल-प्रदीपको तेल पनि अनित्य हो, विपरिणाम धर्म हो; बत्ती (वट्टिं) पनि अनित्य हो, विपरिणाम धर्म हो; **अर्चि** (ज्वाला) पनि अनित्य हो, विपरिणाम धर्म हो; **आभा** (= प्रकाश = चमक) पनि अनित्य हो, विपरिणाम धर्म हो । भगिनीहो ! तर कसैले (यो बलिरहेको तेल प्रदीपको तेल पनि अनित्य हो; विपरिणाम धर्म हो; बत्ती पनि अनित्य हो, विपरिणाम धर्म हो; अर्चि पनि अनित्य हो, विपरिणाम धर्म हो; परन्तु **जुन त्यसको आभा हो त्यो भने नित्य हो,** ध्रुव, शाश्वत हो तथा अविपरिणाम धर्म हो (= अपरिवर्तन शील हो) भनी भन्दछ भने; भगिनीहो ! के उसले भनेको त्यो कुरो ठीक छ भनी भन्न सकिन्छ त ?"

"भन्ते ! सकिन्न ।"

"किन नि ?"

"भन्ते ! त्यो बलिरहेको तेल-प्रदीपको तेल पनि अनित्य हो, विपरिणाम धर्म हो; बत्ती पनि अनित्य हो, विपरिणाम धर्म हो; अर्चि पनि अनित्य हो, विपरिणाम धर्म हो; आभा त अगाडि नै अनित्य तथा विपरिणाम धर्म भई नै सकेको छ ।"

भगिनीहो ! त्यस्तै - यदि कसैले - यी छ आध्यात्मिक आयतनहरू अनित्य हुन्; तर जो ती छ आध्यात्मिक आयतनहरूको कारणद्वारा प्रतिसंविदित हुने सुख, दुःख अथवा अदुःख असुख हो - 'त्यो नित्य हो, ध्रुव हो, शाश्वत हो तथा अविपरिणाम धर्म हो' भनी भन्दछ भने, भगिनीहो ! के उसले भनेको त्यो कुरा ठीक छ भनी भन्न सकिन्छ त ?"

"भन्ते ! सकिन्न ।"

"किन नि ?"

"भन्ते ! त्यस त्यस प्रत्ययको कारणद्वारा त्यस त्यस वेदना उत्पन्न हुन्छ । त्यस त्यस प्रत्ययको कारण निरोधबाट त्यस त्यस वेदना पनि निरूद्ध हुन्छ ।"



https://dhamma.digital

"साधु, साधु, भगिनीहो ! त्यस्तै हो; भगिनीहो ! यथार्थतः सम्यक् प्रज्ञाद्वारा देख्ने आर्यश्रावकहरूलाई त्यस्तै हुन्छ ।"

२- "भगिनीहो ! जस्तै- खडा भइरहेको सारवान् महावृक्षको मूल (= फेद) पनि अनित्य हो, विपरिणाम धर्म हो; स्कन्ध पनि अनित्य हो, विपरिणाम धर्म हो; शाखा-पातहरू पनि अनित्य हो, विपरिणाम धर्म हो; छायाँ पनि अनित्य हो, विपरिणाम धर्म हो । भगिनीहो ! तर कसैले- त्यो खडा भइरहेको सारवान् महावृक्षको मूल पनि अनित्य हो, विपरिणाम धर्म हो; स्कन्ध पनि अनित्य हो, विपरिणाम धर्म हो; शाखा-पातहरू पनि अनित्य हो, विपरिणाम धर्म हो; परन्तु त्यसको छायाँ हो, त्यो भने नित्य हो, ध्रुव हो, शाश्वत हो तथा अविपरिणाम धर्म हो भनी भन्दछ भने; भगिनीहो ! के उसले भनेको त्यो कुरो ठीक छ भनी भन्न सकिन्छ त ?"

"भन्ते ! सकिन्न ।"

"किन नि ?"

"भन्ते ! त्यो खडा भइरहेको सारवान् महावृक्षको मूल पनि अनित्य हो, विपरिणाम धर्म हो; स्कन्ध पनि अनित्य हो, विपरिणाम धर्म हो; शाखा-पातहरू पनि अनित्य हुन्, विपरिणाम धर्म हुन्; छायाँ त अगाडि नै अनित्य तथा विपरिणाम धर्म भई नै सकेको छ ।"

भगिनीहो ! त्यस्तै - यदि कसैले - यी छ बाहिरी आयतनहरू अनित्य हुन्; तर जो ती छ बाहिरी आयतनहरूको कारणद्वारा प्रतिसंविदित हुने सुख, दुःख अथवा अदुःख असुख हो - 'त्यो नित्य हो, ध्रुव हो, शाश्वत हो तथा अविपरिणाम धर्म हो' भनी भन्दछ भने, भगिनीहो ! के उसले भनेको त्यो कुरा ठीक छ भनी भन्न सकिन्छ त ?"

"भन्ते ! सकिन्न ।"

"किन नि ?"

"भन्ते ! त्यस त्यस प्रत्ययको कारणद्वारा त्यस त्यस वेदना उत्पन्न हुन्छ । त्यस त्यस प्रत्ययको कारण निरोधबाट त्यस त्यस वेदना पनि निरूद्ध हुन्छ ।"



https://dhamma.digital

"साधु, साधु, भगिनीहो ! त्यस्तै हो; भगिनीहो ! यथार्थतः सम्यक् प्रज्ञाद्वारा देख्ने आर्यश्रावकहरूलाई त्यस्तै हुन्छ ।"

३- "भगिनीहो ! जस्तै- कुनै चतुर गोघातक वा गोघातक अन्तेवासीले गाई मारी, गाई काट्ने धार भएको चूपीले भित्री मासु (अन्तरं मंसकायं) पनि नकाटी, बाहिरी छाला (बाहिरं चम्मकायं) पनि नकाटी- गाईलाई काट्छ। त्यहाँ जुन जुन छालामा टाँसिएका भित्री मासु (अन्तर विलिमंस) हुन्, जुन जुन भित्री नसाहरू हुन्, जुन जुन भित्री गाँठाहरू हुन्- तिनीहरूलाई गाई काट्ने धार भएको चूपीले सबैतिरबाट चुँडाली काट्छ। त्यसपछि सोही बाहिरको छालाले मोडी 'यो गाई त्यस्तै गरी छालाले युक्त छ (जस्तै पहिले जिउँदोमा थियो)' भनी भन्दछ भने; भगिनीहो ! के उसले भनेको त्यो कुरो ठीक छ भनी भन्न सकिन्छ त ?"

"भन्ते ! सकिन्न ।"

"किन नि ?"

"भन्ते ! त्यो चतुर गोघातक वा गोघातक अन्तेवासीले गाई मारी, गाई काट्ने धार भएको चूपीले भित्री मासु पनि नकाटी, बाहिरी छाला पनि नकाटी- गाईलाई काट्छ। त्यहाँ जुन जनु छालामा टाँसिएका भित्री मासु हुन्, जुन जुन भित्री नसाहरू हुन्, जुन जुन भित्री गाँठाहरू हुन्- तिनीहरूलाई गाई काट्ने धार भएको चूपीले सबैतिरबाट चुँडाली काट्छ । त्यसपछि सोही बाहिरको छालाले मोडी 'यो गाई त्यस्तै गरी छालाले युक्त छ' भनी भनेता पनि सो गाई सोही छालाबाट विसंयुक्त भइसकेको छ ।"

भगिनी हो ! अर्थबोध गराउनाको निमित्त मैले यो उपमामात्र दिएको हुँ । यसको अर्थ यी हुन्- भगिनीहो ! 'भित्री मासु' भनी छ- आध्यात्मिक-आयतनहरूलाई नै भनिएको हो; भगिनी हो ! 'बाहिरी छाला' भनी छ-बाहिरी-आयतनहरूलाई नै भनिएको हो; भगिनीहो ! 'छालामा टाँसिएका भित्री मासु, भित्री नसाहरू तथा भित्री गाँठाहरू' भनी नन्दीरागलाई नै भनिएको हो; भगिनीहो ! 'गाई काट्ने धार भएको चूपी' भनी आर्यप्रज्ञालाई नै भनिएको हो;- यही आर्य-प्रज्ञाले भित्री क्लेश,



https://dhamma.digital

भित्री-संयोजन तथा भित्री-बन्धनलाई राम्ररी छेदन गर्छ, छुट्याउँछ तथा छिन्नभिन्न पार्छ ।"

**सप्तबोध्यङ्ग :** "भगिनीहो ! यी सप्तबोध्यङ्गहरू हुन् । जसको भाविता र बहुलिकृत गर्दा भिक्षु आस्रवक्षय गरी अनास्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई यसै जीवनमा (दिट्ठेव धम्मे) स्वयं अभिज्ञात तथा साक्षात्कार गरी उपशान्त भई विहार गर्छ । कुन सात भने ?"-

"(१) भगिनीहो ! यहाँ भिक्षुले विवेकनिश्रित, विरागनिश्रित तथा उत्सर्गगामी **स्मृतिसम्बोध्यङ्गको** भाविता गर्छ, (२) यहाँ भिक्षुले विवेकनिश्रित, विरागनिश्रित तथा उत्सर्गगामी **धर्मविचयसम्बोध्यङ्गको** भाविता गर्छ, (३) यहाँ भिक्षुले विवेकनिश्रित, ....... **वीर्यसम्बोध्यङ्गको** भाविता गर्छ, (४) यहाँ भिक्षुले विवेकनिश्रित, ....... **प्रीतिसम्बोध्यङ्गको** भाविता गर्छ, (५) यहाँ भिक्षुले विवेकनिश्रित, ....... **प्रशब्धिसम्बोध्यङ्गको** भाविता गर्छ, (६) यहाँ भिक्षुले विवेकनिश्रित, ....... **समाधिसम्बोध्यङ्गको** भाविता गर्छ, (७) यहाँ भिक्षुले विवेकनिश्रित, ....... **उपेक्षासम्बोध्यङ्गको** भाविता गर्छ ।

"भगिनीहो ! यिनै सप्तबोध्यङ्गहरू हुन् । जसको भाविता र बहुलिकृत गर्दा भिक्षु आस्रवक्षय गरी अनास्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञात तथा साक्षात्कार गरी उपशान्त भई विहार गर्छ ।"

अनि आयुष्मान् नन्दकले यी उपदेशद्वारा अववाद गरी ती भिक्षुणीहरूलाई "भगिनीहो ! जानुहोस्, समय भयो" भनी भन्नुभयो । ती भिक्षुणीहरू पनि आयुष्मान् नन्दकको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी, आसनबाट उठी आयुष्मान् नन्दकलाई अभिवादन र प्रदक्षिणा गरी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिरहे । एक छेउमा उभिरहेका ती भिक्षुणीहरूलाई भगवान्ले यस्तो भन्नुभयो-

"भिक्षुणीहो ! जाऊ, समय भयो ।"

अनि भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी ती भिक्षुणीहरू फर्केर गए ।



https://dhamma.digital

ती भिक्षुणीहरू गइसकेपछि केही छिनपछि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो-

"भिक्षुहो ! जस्तै- चतुर्दशी (अमावस्था) को उपोसथ दिनमै धेरै मानिसहरूलाई 'चन्द्रमा कम (ऊनो) छ कि पूर्ण छ' भन्ने शंका वा विमति नै हुन्न; किनभने त्यस दिनमा चन्द्रमा कम नै भएको हुन्छ । भिक्षुहो ! त्यस्तैगरी नन्दकको उपदेश सुनी ती भिक्षुणीहरू सन्तुष्ट नै भएका छन् तर परिपूर्ण सङ्कल्प भने होइन ।

## दोश्रोपटक पनि उपदेश दिन पठाए

अनि भगवान्‌ले आयुष्मान् नन्दकलाई आमन्त्रण गर्नुभयो-

"नन्दक ! त्यसोभए भोलि पनि ती भिक्षुणीहरूलाई सोही नै उपदेशद्वारा अववाद गर ।"

"हवस् भन्ते !" भनी आयुष्मान् नन्दकले भगवान्‌लाई प्रत्युत्तर दिनुभयो ।

अनि त्यस रात बितिसकेपछि आयुष्मान् नन्दक पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटन् जानुभयो । श्रावस्तीमा भिक्षाटन् गरी फर्कनु भइसकेपछि भोजनोपरान्त आफू समेत दुईजना भई जहाँ राजकाराम हो त्यहाँ जानुभयो । ती भिक्षुणीहरूले टाढैदेखि आयुष्मान् नन्दकलाई आइरहनुभएको देखे । देखेपछि आसन बिछ्याए । पानी र पिरा पनि राखे । अनि आयुष्मान् नन्दक विछ्याइराखेको आसनमा बस्नुभयो । बस्नु भएपछि खुट्टा पनि पखाल्नु भयो । ती भिक्षुणीहरू पनि आयुष्मान् नन्दकलाई अभिवादन गरी एक छेउमा बसे ।

एक छेउमा बसेका ती भिक्षुणीहरूलाई आयुष्मान् नन्दकले यस्तो भन्नुभयो-

"भगिनीहो ! प्रतिपृच्छा अर्थात् सोधी सोधी कुरा हुनेछ । त्यहाँ, जान्नेले 'जान्दछु' भनी भन्नु पर्दछ; न जान्नेले 'जान्दिन' भनी भन्नुपर्छ । जसलाई सन्देह वा विमति हुन्छ उसले भन्ते ! यो कसरी हुन्छ, यसको अर्थ के हो ?' भनी मसँगै प्रति-प्रश्न गर्नुपर्दछ ।"



https://dhamma.digital

(उनीहरूले भने)- "आयुष्मान् नन्दकले हामीहरूलाई 'न बुझेको सोध्नु' भनी जुन कुरा भन्नुभयो- यत्तिकैले पनि हामीहरू आयुष्मान्प्रति सन्तुष्ट र खुशी नै भएका छौं ।"

(क) १- 'भगिनीहो ! के भन्छौ त, चक्षु नित्य हो कि अनित्य हो त ?'

'भन्ते ! अनित्य हो ।'

............................

(यसपछिका अनित्य सम्बन्धि जम्मै कुराहरू माथि उल्लेख भए अनुसार दोहोऱ्याई पढ्नु होला ।)

भगिनीहो यी सप्तबोध्यङ्गहरू हुन् । जसको भाविता र बहुलिकृत गर्दा भिक्षु आश्रवक्षयगरी अनास्रवी भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिलाई यसै जीवनमा (दिट्ठेव धम्मे) स्वयं अभिज्ञात तथा साक्षात्कार गरी उपशान्त भई विहार गर्छ । कुन सात भने ?- ........

(यसपछिका सप्तबोध्यङ्ग सम्बन्धी जम्मै कुराहरू माथि उल्लेख भएअनुसार दोहोऱ्याई पढ्नु होला)

अनि **आयुष्मान् नन्दक**ले यी उपदेशद्वारा अववाद गरी ती भिक्षुणीहरूलाई "भगिनीहो ! जानुहोस्, समय भयो" भनी भन्नुभयो । ती भिक्षुणीहरू पनि आयुष्मान् नन्दकको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी, आसनबाट उठी आयुष्मान् नन्दकलाई अभिवादन र प्रदक्षिणा गरी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा उभिरहे । एक छेउमा उभिइरहेका ती भिक्षुणीहरूलाई भगवान्ले यस्तो भन्नुभयो -

"भिक्षुणी हो ! जाऊ, समय भयो ।"

अनि भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी ती भिक्षुणीहरू फर्केर गए ।

ती भिक्षुणीहरू गइसकेको केही क्षणपछि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो ।



https://dhamma.digital

भिक्षुहो ! जस्तै-पूर्णिमाको उपोसथ दिनमै धेरै मानिसहरूलाई 'चन्द्रमा कम(ऊनो) छ कि पूर्ण छ' भन्ने शंका वा विमति नै हुन्न, किनभने त्यस दिनमा चन्द्रमा पूर्ण नै भएको हुन्छ । भिक्षु हो त्यस्तैगरी नन्दकको उपदेश सुनी ती भिक्षुणीहरू सन्तुष्ट पनि छन् परिपूर्ण संकल्प पनि । भिक्षुहो ! ती पाँचसय भिक्षुणीहरू मध्येमा जो सबभन्दा पछिल्ला हुन् ती भिक्षुणीहरू स्रोतापन्न अविनिपाती छन् तथा निश्चय नै सम्बोधि प्राप्त हुने भएकाछन् ।[२६]

भगवानले यति भन्नु भएपछि सन्तुष्ट भएका ती भिक्षुहरूले भगवान्‌को भाषणलाई अभिनन्दन गरे ।

## मूल सूत्र

### १२) अग्रपद

**"एतदग्गं, भिक्खवे ! ममसाविकानं भिक्खुनीनं रत्तञ्ञूनं यदिदं महापजापति गोतमी ।"**

अर्थ- "भिक्षुहो ! मेरा रात्रज्ञा भिक्षुणी श्राविकाहरूमध्येमा महाप्रजापति गौतमी अग्रछिन् ।"

× × ×

Dhamma Digital

## मूल पालि

### १३– गौतमी–गाथा

**१- "बुद्ध वीर नमोत्यत्थु, सब्बसत्तानमुत्तम ।**
**यो मं दुक्खा पमोचेसि, अञ्ञं च बहुकं जनं ॥"**

---

[२६] पछि ती सबै भिक्षुणीहरू षडभिज्ञलाभी अर्हत भए भन्ने कुरा थेरी. गा. अ. क. पृ. ३ : निदानकथामा र उहीं पृ. १११ महापजापति थेरीगा था वर्णनामा समुल्लेख भएको पमइन्छ । प्रव्रजित भएको सातौं वर्षमा ती सबैले अरहत्व प्राप्त गरेको कुरा तल उल्लेखित "गौतम–अपदान" को गाथा नं. ६९ बाट प्रष्ट बुझिन्छ ।



https://dhamma.digital

**२- "सब्बुदुक्खं परिञ्ञातं, हेतुतण्हा विसोसिता ।**
**भावितो अट्ठङ्गिको मग्गो, निरोधो फुसितो मया ॥"**

**३- "माता पुत्तो पिता भाता अय्यका च पुरे अहूं ।**
**यथाभुच्चमजानन्ती, संसरिह अनिब्बिसं ॥"**

**४- "दिट्ठो हि मे सो भगवा, अन्तिमोयं समुस्सयो ।**
**विक्खीणो जातिसंसारो, नत्थि दानि पुनब्भवो ॥"**

**५- "आरद्धविरिये पहितत्ते, निच्चं दल्हपरक्कमे ।**
**समग्गे सावके पस्से, एसा बुद्धान वन्दना ॥"**

**६- "वहूनं वत अत्थाय, माया जनयि गोतमं ।**
**ब्याधिमरणतुन्नानं, दुक्खक्खन्धं ब्यपानुदो ति ॥**

**अर्थ–**

१- "सबै सत्वहरूभन्दा श्रेष्ठ हुनु भएका बुद्ध-वीरलाई मेरो नमस्कार छ; जसले मलाई र अरू पनि धेरै जनतालाई दुःखबाट प्रमुक्त पार्नुभयो ।

२- "सबै दुःखलाई परिज्ञात गरें, तृष्णाको हेतुलाई सुकाइदिएँ, अष्टाङ्गिकमार्गलाई भाविता गरें अनि निरोधलाई पनि साक्षात्कार गरें ।"

३- "यथार्थ रूपले न जान्नाको कारणले यो अनादि संसाररूपी सागरमा अघि घुमफिर गर्दा म आमा, बाबु, छोरा, भाइ तथा बाजेबज्यै पनि भइसकें ।"

४- "उहाँ भगवान्लाई मैले देखिसकें, समुच्चयको यो अन्त हो, जन्मरूपी संसार क्षीण भइसक्यो, अब उप्रान्त पुनर्भव पनि छैन ।"

५- "वीर्यवान्, नित्य पराक्रममा दत्तचित्त हुने, समगी (= मेलमिलाप) भएका श्रावकहरूलाई देख्नु नै- बुद्ध वन्दना गर्नु हो ।"[२७]

६- "धेरैको हितको निमित्त मायादेवीले गौतमलाई जन्माउनुभयो, व्याधि-मरणबाट उत्तीर्ण हुनेहरूले दुःखस्कन्धलाई दूर गर्छन् ।"

× × ×

---

२७ भनाइको तात्पर्य आर्य धर्मलाई स्वयं साक्षात्कार गर्नु नै साचैंको बुद्धवन्दना गर्नु हो ।



https://dhamma.digital

# मूल पालि

## १४) गौतमी-अपदान

१. एकसमय लोक-प्रदीप नरसारथी भगवान् बुद्ध वैशालीस्थित महावनको कूटागार-शालामा बस्नु भएको थियो ।

**परिनिर्वाण हुने संकल्प :**

२.३- "त्यस समय भगवान्की सानीआमा महाप्रजापति गौतमी भिक्षुणी पनि पाँचसय भिक्षुणीहरूकासाथ सोही महावनमा रहेको भिक्षुणी-निवासस्थानमा बस्नुभएको थियो । अनि एकान्तमा बसिरहँदा उहाँको चित्तमा यस्तो वितर्कना उठ्यो-

४- "बुद्धको, युगलश्रावकहरूको तथा राहुल, आनन्द, नन्दको परिनिर्वाण भएको मैले देख्ने छैन ।"

५-६- "बुद्ध, युगलश्रावकहरू, महाकाश्यप, नन्द, आनन्द तथा राहुलहरूको परिनिर्वाण हुनुभन्दा अगाडि नै, आयु संस्कार सिध्याई परिनिर्वाण हुनेछु । यसको लागि लोकनाथको पनि अनुमति लिनेछु ।"

७- "ती पाँचसय भिक्षुणीहरूले र क्षेमादि भिक्षुणीहरूले पनि यस्तै वितर्कना गरे ।"

८- "त्यसबखत त्यहाँ भूकम्प गयो, शोकले पीडित भएका निवासस्थानमा बस्ने देवताहरूले देव दुन्दुभी बजाए ।"

९-१०- "आँसु खसाल्दै करूण-रूदन गर्दै, गौतमीकहाँ गई भित्र भिक्षुणीहरूले अत्यन्त भक्तिपूर्वक पाउमा शिरले ढोगी यस्तो भने-

११- "आर्या गौतमी ! एकान्तमा बसिरहँदा हामीहरूले कोइली कराएको, भूकम्प भएको, देवदुन्दुभी-नाद गरेको तथा रोइरहेका आवाजहरू सुन्यौं किन होला ?"

१२- "अनि त्यसको कारण बताउनुहुँदै उहाँले आफूले वितर्कना गर्नुभएका सबै कुराहरू सुनाउनुभयो । त्यसपछि उनीहरूले पनि आ-आफूहरूले वितर्कना गरेका कुराहरू सुनाई यस्तो पनि विन्ति गरे-



https://dhamma.digital

१३-१४- "आर्या ! यदि तपाईं परिनिर्वाण हुन चाहनुहुन्छ भने हामी सबै पनि बुद्धको वचन लिई परिनिर्वाण हुनेछौं । संसारबाट पनि घरबाट पनि हामी सबै एकैसाथ निस्केका थियौं अतः उत्तम निर्वाणपदमा पनि हामी सबै एकैसाथ जानेछौं ।"

१५- अनि वहाँले भन्नुभयो- "परिनिर्वाण हुनेछौं भन्नेलाई म के भनूँ ।" त्यसपछि सबै भिक्षुणीहरूसँगै भिक्षुणी निवासस्थानबाट बाहिर निस्कनुभयो ।"

१६-१७- उहाँले भन्नुभयो- "जो देवताहरू वासस्थानमा बसेका छन्, ती देवताहरूले मलाई क्षमा गरून्, भिक्षुणीहरू निवास गर्ने ठाउँमा अब यो मेरो अन्तिम बसाई हो, जहाँ जरा, मरण तथा अप्रिय - समागम छैन, जहाँ प्रियसँग वियोग पनि छैन- त्यस असंस्कृत (असङ्खतं) तामा जानेछु ।"

१८-१९-२०- "सुगत-पुत्रीको यो कुरा सुनी, अवीतरागीहरू "हरे- हामीहरू अल्पपुण्यवान् रहेछौं-"भन्दै शोकले आत्तिँदै विलाप गर्न थाले । प्रभातकालमा ताराहरू नदेखिने झैं जिनरस हुनुभएका उहाँहरू विना भिक्षुणी-निवास शून्य नै हुनेछ । नदीहरूका साथ पाँचसय गङ्गाहरू सागरमा जानेझैं पाँचसय भिक्षुणीहरूका साथ महाप्रजापति गौतमी परिनिर्वाण हुँदै हुनुहुन्छ ।"

२१-२२- "सडकमा गइरहनु भएका महाप्रजापति गौतमीसहित भिक्षुणीहरूलाई देखी, श्रद्धालु उपासिकाहरू घरबाट निस्की प्रजापति गौतमीको पाउमा अत्यन्त भक्तिपूर्वक ढोगी- "महाभोग सम्पत्ति भएर पनि अनाथ पारी हामीहरूलाई छाडी, तपाईं परिनिर्वाण हुनुहुन्न" भन्दै कराउँदै उनीहरू इच्छा हुञ्जेलसम्म रून थाले ।

**आश्वासन :**

२३- "उनीहरूको शोक निवारणार्थ सुमधुर स्वरद्वारा उहाँले भन्नुभयो- "पुत्री हो ! हर्षको बेलामा आज तिमीहरू किन रून्छौ, भइहाल्यो नरोऊ !"

२४- "मैले दुःखलाई अववोध गरिसकें, दुःखको हेतुलाई छाडी



https://dhamma.digital

सकें, निरोधलाई साक्षात्कार गरिसकें तथा मार्गलाई पनि राम्रैसँग भाविता गरिसकें ।"

२५- "शास्तालाई मैले चिनिसकें, बुद्धशासनको कामलाई पूरा गरिसकें, गरूँगो-भार बिसाइसकें, भवचक्रको जाललाई पनि चुँडालिसकें।"

२६- "जसको निमित्त घरछाडी अनगारिका भई म प्रव्रजित भएको थिएँ, त्यो मेरो अर्थ पूरा भइसक्यो, सबै संयोजनहरू पनि क्षय भइसके ।"

२७- "बुद्ध तथा उहाँको सद्धर्म आज पनि छँदैछ, यसमा कुनै कमी छैन, यो मेरो परिनिर्वाण समय हो, पुत्री हो- यसमा शोक नगर !"

२८- "भगवान् बुद्ध, कौडिन्य, नन्द तथा आनन्दादि राहुल हुँदै हुनुहुन्छ, संहित सङ्घसुखी छ, तीर्थीयहरूमात्र दुःखी छन् ।"

२९- "मारलाई मर्दन गरी ओक्काक वंशको यश उच्च भएको छ, पुत्री हो- मेरो परिनिर्वाण हुने समय भयो, होइन त ?"

३०- "धेरै दिनदेखिको मेरो प्रार्थना आज सिद्ध हुँदैछ, आजको यो समय आनन्द- भेरी बजाउने समय हो, पुत्री हो ! आँखामा आँसु नराख ।"

३१- "यदि म माथि दया छ भने, यदि कृतज्ञता पनि छ भने- सद्धर्म-चिरस्थायीको निमित्त सकेसम्म बल गर !"

३२- "मेरो याचनाद्वारा सम्यक् सम्बुद्धले नारीहरूलाई प्रव्रज्यात्व दिनुभयो, अतः जति म आनन्दित छु उति नै शासन थीर रहोस् ।"

**क्षमायाचना :**

३३- "यसरी उनीहरूलाई अनुशासन गरी, सम्झाई, भिक्षुणीहरूको अगाडि हिंड्दै, बुद्धकहाँ वन्दना गरी (गौतमीले) यस्तो विन्ति गर्नुभयो-

३४- "**हे सुगत ! म तपाईंकी माता हुँ, तपाईं मेरा पिता पनि हुनुहुन्छ,** हे गौतम ! तपाईंद्वारा म सुखदिने सद्धर्मको नाथ बन्न पाएँ ।"

३५- "हे सुगत ! तपाईंको रूप-कायलाई मैले संवर्धन गरें, अनिन्दनीय मेरो सद्धर्मकायलाई तपाईंले संवर्धन गर्नुभयो ।"

३६- "मैले तपाईंलाई क्षणिक तृष्णा दूर हुने दुध पिलाएँ, तर



https://dhamma.digital

तपाईंले मलाई अत्यन्त शान्ति हुने धर्मको दुध पिलाउनु भयो ।"

३७- "मेरो बन्धनबाट अऋणी हुनुभएका तपाईं जस्ता सुपुत्र पनि पुत्र कामना गर्न स्त्रीहरूले पाउन सक्दा रहेछन् ।"

३८- "**मान्धातादि** राजाहरूका आमा भई जुन म संसाररूपी सागरमा डुब्दै थिएँ, अब तपाईंले मलाई त्यस भूमरीबाट उत्तीर्ण गराई दिनुभयो ।"

३९- "राज-माता र राज-महिषी भन्ने आदि नामहरू स्त्रीहरूलाई सुलभ नै छ, तर "बुद्ध माता" भन्ने जुन नाम हो त्यो पाउनु नै परम दुर्लभ छ ।"

४०- "हे महावीर ! त्यो दुर्लभ नाम पनि पाएँ, तपाईंको कारणद्वारा साना वा ठूला सबै मेरा प्रणिधानहरू पनि पूरा भइसके ।"

४१-४३- "म यो कलेबरलाई छाडी परिनिर्वाण हुन चाहन्छु, हे वीर ! हे दुःखान्तकर नायक ! अनुमोदन गर्नुहोस् । चक्र कुश ध्वजादि अंकित भएका तपाईंका कोमल पाउहरू पसार्नुहोस्, हे उत्तम पुत्र ! प्रणाम गर्नेछु । राम्ररी देखिने गरी सुवर्णराशी समान तपाईंको शरीर प्रकट गर्नुहोस्, हे नायक ! अब म शान्तिमा जानेछु ।"

४४- "अनि भगवान्ले आफ्नी सानीआमालाई बादलबाट मुक्त भएको चन्द्रमा जस्तै बत्तीस लक्षणहरूले प्रतिमण्डित आफ्नो शरीर देखाउनुभयो ।"

४५- "त्यसपछि प्रभासहित तरूण आदित्य झैं प्रतिमण्डित भएका कमल फूलरूपी चक्राङ्कित दुई पाउमा महाप्रजापति गौतमीले शिरद्वारा ढोग्नुभयो ।"

४६- "हे आदित्यनर ! हे आदित्य-कुलकेतु ! यो मेरो आखिरी मरणको प्रणाम हो, अब उप्रान्त म फेरि देखिने छैन ।"

४७- "हे लोकाग्र ! स्त्रीहरू नै सबै दोष गर्ने हुन् भनी भनिन्छ, हे करूणाकर ! यदि मेरो कुनै दोष छ भने मलाई क्षमा गर्नुहोस् ।"

४८- "स्त्रीहरूको प्रव्रज्याको निमित्त मैले तपाईंसँग याचना गरें,



https://dhamma.digital

हे नरासभ ! यदि त्यसमा मेरो कुनै दोष छ भने मलाई क्षमा गर्नुहोस् ।"

४९- "हे वीर ! तपाईंको अनुमति अनुसार मैले भिक्षुणीहरूको अनुशासन गरें, हे क्षमाधिप ! यदि त्यसमा मेरो कुनै गल्ती छ भने मलाई क्षमा गर्नुहोस् ।"

५०-५१- (बुद्धले भन्नुभयो)- "क्षमा नगर्नेलाई पनि क्षमा गरिन्छ भने गुणभूषित हुनेलाई त के कुरा ! परिनिर्वाण हुने तिमीलाई यस बाहेक अरू के भनूँ र ! प्रभातकालको किरणद्वारा तेज निष्क्रिय भएको चन्द्रमा जस्तै- लोकबाट पार तर्ने तथा कुनै कमी नभएको मेरो भिक्षुसङ्घलाई क्षमा नै छ ।"

५२- "अनि ती भिक्षुणीहरूले पनि सुमेरूमा पुग्ने चन्द्रमाको अनुगमन गर्ने ताराहरूले झैं जिनाग्रलाई प्रदक्षिणा गरी उहाँको दुई पाउमा ढोगी, उहाँकै श्रीमुख हेर्दै बसे । (अनि उभिरहनुभएकी प्रजापति गौतमीले यसो भन्नुभयो)-

५३- "अघि मलाई तपाईंको दर्शनद्वारा तृप्ति हुँदैनथ्यो, न त तपाईंको भाषण सुनेर नै तृप्ति हुन्थ्यो, एकमात्र धर्मरसद्वारा नै मेरो चित्त तृप्ति हुन्थ्यो ।"

५४- "बाजा बजाउने जस्तै परिषद्लाई नाद गर्नु हुने तपाईंको श्रीमुख जसले देख्छन् ती नरपुङ्गवहरू पनि धन्य हुन् ।"

५५- "हे गुणन्धर ! राम्रा तथा लामा कुर्कुच्चा भएका, दीर्घाङ्गुलिमा ताम्रवर्ण नख भएका तपाईंका पाउमा जसले ढोग्छन्- उनीहरू पनि धन्य हुन् ।"

५६- "हे नरोत्तम ! प्रहर्षित गराउने, मधुर तथा दोषरहित तपाईंको हितवाक्यलाई जसले सुन्दछन्- उनीहरू पनि धन्य हुन् ।"

५७- "हे महावीर ! पाद पूजाको निमित्त तत्पर रहेकी म पनि धन्य नै छु, जो तपाईंको श्रीवाक्यद्वारा संसाररूपी कान्तारबाट उत्तीर्ण भएँ ।"

## राहुल तथा नन्दहरुसँग बिदा याचना

५८- "यसरी तथागत सहित भिक्षुसङ्घलाई अनुश्रावण गरी-



https://dhamma.digital

राहुल, नन्द तथा आनन्दहरूलाई पनि वन्दना गरी प्रजापति गौतमीले यस्तो भन्नुभयो"-

५९-६०- "विषालय समान तथा रोगालय भएको यो कलेबर (शरीर) हो, सधैँ दुःखयुक्त भएको, जरामरण-गोचर भएको, नानाप्रकारका घृणित मलहरूले भरिपूर्ण भएको तथा पराधीन भएको यो शरीर हो, हे पुत्र हो ! त्यसैले म परिनिर्वाण हुन चाहन्छु, अनुमति दिनुहोस् ।"

६१-६३- "(यी कुराहरू सुनी) नन्द तथा राहुल जो वीतशोकी र अनास्रवी हुनुहुन्छ- धर्मतालाई चिन्तन गर्नुहुँदै, स्थिर तथा अचल-स्थितिमा थिर भई उहाँहरू रहनुभयो । अनि उहाँहरूले यस्तो विचार गर्नुभयो- "केराको बोटझैं असार भएको यो संस्कृत लोक पनि धिक्कारै हो, मायामरीचि जस्तै कुनै वस्तु स्थिर छैन, जहाँ कि जिनकी सानीआमा, बुद्धपोषिका गौतमी पनि निधन हुँदै हुनुहुन्छ, सबै संस्कारहरू अनित्य नै हुन् ।"

## विरही आनन्दलाई आश्वासन

६४- "त्यस बखत शैक्ष[२८] हुनुभएका जिनवत्सल आनन्द मात्र शोकाकुलित भई आँसु खसाल्दै, दया लाग्ने गरी विलाप गर्नुभएको थियो ।"

६५- "हाय् ! गौतमी शान्तिमा जाँदै हुनुहुन्छ, अवश्य नै बुद्ध पनि दाउरा सकिएको आगोझैं चाँडै नै परिनिर्वाण हुनुहुनेछ होला ।"

६६-६७- "यसरी विलाप गरिरहनुभएका आनन्दलाई गौतमीले यसो भन्नुभयो- "गम्भीर श्रुतसागर हुनुभएका, बुद्धोपस्थानमा तत्पर रहनुभएका हे पुत्र ! हर्षको बेलामा शोक गर्नु योग्य छैन, हे पुत्र ! तपाईंकै कारणले मैले बुद्धको शरणमा गई निर्वाण प्राप्त गरेकी हुँ ।"

६८- "**हे तात** तपाईंकै समर्थनबाट बुद्धले हामी नारी-जातिहरूलाई प्रव्रज्या अनुमत गर्नुभयो, हे पुत्र ! त्यसो हुनाले विमन नहुनुहोस्, तपाईंको परिश्रम सफल नै हुनेछ ।"

---

२८ स्रोतापति–फलमा शिक्षित हुनुभएकोले 'शैक्ष' भनिएको हो । शैक्ष क–कस्लाई भनिन्छ भन्ने बारेमा लेखकको बु. गृ. पृ. ७५ को पादटिप्पणीमा उल्लेख भएको छ ।



https://dhamma.digital

६९-"पहिलेका तीर्थकाचार्यहरूले पनि देख्न नसकेका जुन शान्ति-पद हो त्यसलाई सुकुमारीहरूले सातवर्षमा विदित गरे ।"

७०- "बुद्धशासनमा पालन गर्ने तपाईंसँगको यो मेरो अन्तिम दर्शन हो, **हे पुत्र** ! म त्यहाँ जानेछु जहाँ गएको देखिँदैन ।"

७१- "धर्म देशना गरिरहनुभएको कुनै कुनै बेलामा जब लोकाग्रनायकले हाछ्यूँ गर्नुहुन्थ्यो तब मैले उहाँप्रति अनुकम्पा राखी यस्तो आशिसना वाचा भन्दथें-

७२- "**हे महावीर !** चिरञ्जीवि हुनुहोस्, हे महामुनि ! कल्पसम्म बाँच्नुहोस्, सबै लोकका निमित्त अजरामरण हुनुहोस् ।"

७३- "अनि त्यस्तो भन्ने मलाई बुद्धले यस्तो भन्नुभयो- "गौतमी ! बुद्धलाई यसरी वन्दना गरिँदैन, जसरी तिमी वन्दना गर्छ्यौ ।"

७४- "**हे नाथ !** कसरी सर्वज्ञलाई वन्दना गर्नुपर्छ त ? कसरी बुद्धलाई वन्दना गरिँदैन त ? मलाई बताई दिनुहोस् ।" (भगवान्ले भन्नुभयो)-

७५- "वीर्य गर्नुतिर मन लगाई, सधैं पराक्रमी भई, समग्गी श्रावकलाई देख्न सक, यही नै बुद्ध-वन्दना हो ।"

७६-७८- "अनि निवासस्थानमा गई मैले एक्लै चिन्तन गरें, हे नाथ ! समग्गी परिषद्लाई देखी **त्रिभव**[२९] अन्त प्राप्त गरें । त्यसपछि परिनिर्वाण हुनेछु भन्ने विचार गरी **ऋषिसप्तम**कहाँ[३०] गई यो कुरा मैले उहाँलाई विन्ति गरें । उहाँले पनि "समय जान" भनी भन्नुभयो ।"

७९- "मेरा सबै क्लेशहरू भस्म भइसकेका छन्, सबै भवतृष्णाहरू नाश भइसकेका छन्, बन्धन चुँडाली बस्ने नाग (हात्ती) जस्तै अनास्रवी भई मैले विहार गरेकी छु।"

८०- "मेरा बुद्धका अगाडि मेरो स्वागत नै थियो, मैले तीनविद्या[३१]

---

२९ "कामभव, रूपभव तथा अरूपभव ।

३० विपश्वी बुद्धदेखि लिएर सातौं बुद्ध हुनुभएका गौतम बुद्धलाई 'ऋषिसप्तम' भनी भनिएको हो । अं. अ. क. III पृ. ६७

३१ "पूर्वेनिवासानुस्मृति, दिव्यचक्षु तथा आश्रवगय– ज्ञानहरूलाई 'तीन विद्या' भनिएको हो ।



https://dhamma.digital

प्राप्त गरी बुद्धशासन पूरा गरेकी छु ।"

८१- "चार-प्रतिसम्भिदा, आठ विमोक्ष, तथा छ-अभिज्ञाहरू[३२] समेत प्राप्त गरी मैले बुद्धको शासनलाई पूरा गरेकी छु ।"

८२- "(अनि भगवान्ले भन्नुभयो)- स्त्रीहरूको धर्मावबोध गर्ने सम्बन्धमा शंका र विमति गर्ने मूर्खहरूको दृष्टि र शंकालाई निवारणार्थ गौतमी ! तिमीले ऋद्धि प्रातिहार्य देखाऊ ।"

## प्रातिहार्य-प्रदर्शन

८३- "अनि सम्बुद्धलाई वन्दना गरी, उहाँको पनि आज्ञालिई, आकाशमा गई अनेक ऋद्धि-प्रातिहार्य देखाउनुभयो ।"

८४-८८- "देखिने गरेर पनि, नदेखिने गरेर पनि, एकबाट पनि धेरै भएर, धेरैबाट पनि एक भएर, पर्खालको उता पनि, पर्वतको उता पनि नछोइकन जानुभयो, पृथ्वीमा डुब्की लगाउनुभयो, भूमिमा हिँडेजस्तै पानीमा पनि पानीले नभिज्ने गरी हिँड्नुभयो, चराहरू आकाशमा उडे जस्तै पलेटी मारी आकाशमा जानुभयो, आफ्नो शरीरद्वारा ब्रह्मलोकसम्मलाई पनि वशमा राख्नुभयो ।"

८९-९३- "सुमेरू पर्वतलाई लठ्ठी बनाई महामहीलाई छाता बनाई र त्यो छाता ओढी आकाशमा चंक्रमण गर्नुभयो । युगान्तको समयमा आकाशमा कालो बादलले ढाके जस्तै गरी अन्धकार बनाई लोकलाई आकुल-ब्याकुल बनाउनुभयो । मुचलिन्द, महाशैल, सुमेरूपर्वत आदिलाई सर्स्युं जत्रै पारी मुट्ठीभित्र राख्नुभयो । औंलाको टुप्पाले चन्द्र सूर्यलाई ढाकिदिनुभयो । चार महासागरलाई हातमा लिई, पर्वतबाट पानी बगेजस्तै गरी वर्षाद गराउनुभयो । परिषद् सहित संसार-चक्रलाई आकाशमा निर्माण गरी- गरूड, हात्ती तथा सिंहहरूका दाँतहरू देखाउनुभयो । एउटी भिक्षुणी र अप्रमेय भिक्षुणीहरू निर्माण गरी फेरी अन्तर्धान गराउनुभयो ।

---

३२ छ–अभिज्ञान अथवा षडभिज्ञ भनेको–(१) ऋद्धि विध– ज्ञान, (२) दिव्यश्रोतज्ञान, (३) दिव्यतक्षुज्ञान, (४) चेतोपरियज्ञान, (५) पुर्वेनिवासानुस्मृतिज्ञान, (६) आस्रव–क्षयज्ञानहरू हुन् । पटि. म. अ. क. पृ. ९६, यी कुराहरू बु. प. पृ. ५९२–९४ म पनि अर्थ समेत खोलि उल्लेख भएका छन् ।



https://dhamma.digital

अनि आफू एक्लीले भगवान्‌लाई यस्तो भन्नुभयो-

९४- "हे महावीर ! तपाईंकी शासनकारिका सानीआमाले आफ्नो अर्थ प्राप्त गरिसकेकी छे; हे चक्षुमान ! तपाईंको पाउमा वन्दना गर्दछु ।"

९५- "यस प्रकार विविध प्रकारका ऋद्धि देखाउनु भई, आकाशबाट ओर्ली, लोक प्रद्योत भगवान् बुद्धलाई वन्दना गरी उहाँ एक छेउमा बस्नुभयो ।"

९६- "हे महामुने ! सो म जन्मले एकसयबीस (१२०) पुगेकी मलाई यत्तिले पुग्यो; अब म परिनिर्वाण हुन चाहन्छु ।" भनी उहाँले महामुनिलाई विन्ति गर्नुभयो ।

९७- "विष्मित भई त्यहाँ भेला भइरहेका सबै परिषद्‌ले "हे आर्या ! यस्तो अतुल ऋद्धि तपाईंले कसरी पाउनुभयो नि !" भन्दै हात जोडी उहाँसँग विन्ति गरे ।"

**पूर्वकथा :**

९८- "यहाँदेखि सयहजार कल्प अघि **पद्मोत्तर (पदुमुत्तर)** भन्ने सर्वज्ञ बुद्ध जन्मनुभएको थियो ।"

९९-१०२ "त्यस समय म **हंसवती** नगरवासी एक महाधनी अमात्य कुलमा जन्मेकी थिएँ । त्यसबखत दासीहरू सहित म मेरा पतिसँग बुद्धकहाँ गएँ । त्यहाँ, धर्मोपदेश गर्नुहुँदै बुद्धले उहाँकी सानीआमालाई अग्रस्थानमा राख्नुभएको देखेर तथा बुद्धोपदेश सुनेर मेरो चित्त अत्यन्त प्रसन्न भयो ।"

१०३-१०४- "अनि मैले बुद्धसहित भिक्षुसङ्घलाई अनेक परिष्कारहरू सहित एक सातासम्म दान दिएँ । त्यसै समयमा मैले पनि त्यस्तै अग्रस्थानमा पाउनको निमित्त बुद्धको पाउमा प्रार्थना गरें । अनि बुद्धले परिषद्‌को अगाडि यस्तो भन्नुभयो-

१०५- "बुद्ध प्रमुख भिक्षुसङ्घलाई जसले एक सातासम्म दान दिए । त्यसको बारेमा केही वर्णना गर्नेछु ।"

१०६-१०७- "आजदेखि एकसय हजार कल्प पछि ओक्काक



https://dhamma.digital

कुलोत्पन्न “गौतम” गोत्रको नामले लोकमा एक शास्ता हुनुहुनेछ । उहाँको धर्मदायाद प्राप्त गरी (तिमी) “गौतमी” भन्ने गौतम बुद्धका श्राविका हुनेछ्यौ ।”

१०८- “उहाँ बुद्धको जीवनयापिका सानीआमाले भिक्षुणीहरू मध्येमा रात्रज्ञाको अग्रस्थानमा पाउने छिन् ।”

१०९-११२ “त्यो भविष्यवाणी सुनी, अत्यन्त प्रसन्न भई, जीवनभर मैले अनेक प्रत्ययद्वारा बुद्धको उपस्थान गरें । त्यहाँबाट च्युत भई- सबै इच्छा पूर्ण हुन त्रयस्त्रिंश देवलोकमा- रूप, शब्द, गन्ध, रस, स्पर्श, आयु, वर्ण, सुख, यश तथा आधिपत्यादि कारणहरूद्वारा अरू माथि प्रभुत्व जमाउन सक्ने भई म जन्मिएँ । त्यहाँ म अमरेन्द्रकी महिषी भएकी थिएँ ।”

११३- “यसरी संसारमा विचरण गरिरहँदा एकदिन मलाई कर्मवायुले काशी राजाको एक दाश गाउँमा जन्माई दियो ।”

११४- “त्यस गाउँमा पाँचसय दाशहरू बस्दथे तिमीहरू मध्येमा जो सबभन्दा जेठो थियो उसकै भार्या हुन पुगें ।”

११५-११६- “पाँचसय स्वयम्भूहरू (= प्रत्येकबुद्धहरू) त्यस गाउँमा आइरहनु भएको देखेर सारै खुशी भएँ । अनि सबै स्त्रीहरूको नाइकिनी भएकी म लगायत हामी सबैले चार महिनासम्म, आ-आफ्नो पतिहरूका साथ उहाँहरूको उपस्थान गऱ्यौं, त्रिचीवरहरू पनि दान दियौं, यसरी पतिसहित हामीहरूले संसारमा विचरण गऱ्यौं ।”

**वर्तमान-कथा :**

११७- “त्यहाँबाट च्युत भई हामी सबै त्रयस्त्रिंशभवनमा पुग्यौं । यो अन्तिम जन्ममा हामी सबै देवदह पुरमा जन्म्यौं ।”

११८- “मेरो पिता अञ्जन शाक्य हुनुहुन्छ र माता सुलक्षणा हुनुहुन्छ । त्यसपछि म कपिलवस्तुमा शुद्धोदनको घरमा गएँ ।”

११९- “शाक्य कुलहरूमा जन्मेका बाँकी सबै पनि शाक्यहरूका घरहरूमा नै गए । ती सबैभन्दा विशिष्ट म जिन-पोषिका भएँ ।”



https://dhamma.digital

१२०- "अभिनिष्क्रमण गरेपछि मेरो पुत्र बुद्ध हुनुभयो । त्यसपछि म पनि पाँचसय स्त्रीहरू लिई प्रव्रजित भएँ ।"

१२१-१२२-"**धीरा शाक्यनीहरू**सँगै शान्तिसुख प्राप्त गरें । पूर्वजन्मका सहपुण्यकारी- जो हाम्रा स्वामीहरू हुनुहुन्थ्यो - उहाँहरूले पनि सुगतको अनुकम्पाद्वारा अरहत्व प्राप्त गर्नुभयो ।"

१२३- "जो ती भिक्षुणीहरू हुन् उनीहरू पनि ऋद्धिको प्रभावद्वारा ताराहरू जस्तै चम्किए ।"

१२४- "जस्तै सुशिक्षित सुनारले सुनका अनेक आभूषणहरू बनाउँछ त्यस्तै उनीहरूले पनि अनेक प्रकारका ऋद्धि-चमत्कारहरू देखाए ।"

१२५-१२६-"अनेक विध विचित्र ऋद्धि-प्रातिहार्यहरू देखाई सपरिषद् हामीहरूले **वादीवर बुद्धलाई** सन्तुष्ट पारी, परिवार सहित गगनबाट ओर्ली **ऋषिसप्तम मुनिलाई** वन्दना गरी उहाँको आज्ञानुसार यथास्थानमा बस्यौं ।"

**भिक्षुणीहरूको उद्गार :**

१२७- "हामीहरूप्रति सधैं अनुकम्पा राख्ने अहो गौतमी ! तपाईंको पुण्य वासनाले गर्दा हामीहरूले पनि आस्रवक्षय प्राप्त गर्‍यौं ।"

१२८- "हाम्रा क्लेशहरू सबै भस्म भइसकेका छन्, भव-तृष्णाहरू सबै नष्ट भइरसकेका छन्, बन्धनहरू चुँडाली बसिरहेका नागिनी (हात्तीनी) हरूझैं हामीहरूले विहार गरेका छौं ।"

१२९- "बुद्धको अगाडि हामीहरूको स्वागत भएकै छ, त्रिविद्या पारंगत गरी हामीहरूले पनि बुद्धशासन पालन गरेकै छौं ।"

१३०- "चतु-प्रतिसम्भिदा, अष्ट-विमोक्ष तथा षडभिज्ञ-ज्ञानहरू पनि साक्षात्कार गरी हामीहरूले बुद्धशासन पालन गरेकै छौं ।"

१३१- "दिव्य-श्रोतादि ऋद्धि पनि हाम्रा वशमा छन्, हे महामुनि ! चेतोपरिय-ज्ञान पनि हाम्रा अधिनमा छ ।"

१३२- "पूर्वेनिवास-ज्ञान जान्दछौं, दिव्यचक्षु विशुद्ध छ, सबै



https://dhamma.digital

आस्रवहरू पनि क्षीण भइसकेका छन् र हामीहरूका पुनर्भवहरू पनि छैनन् ।"

१३३- "हे महावीर ! तपाईंको आश्रयबाट अर्थ, धर्म, निरूक्ति तथा प्रतिभाण भन्ने चार ज्ञानहरू पनि प्राप्त गरेकै छौं ।"

१३४- "हे नायक ! हामीहरू मैत्री चित्तसँग पनि परिचित छौं, हे महामुनि हामी सबैलाई पनि परिनिर्वाण हुने वचन दिनुहोस् ।"

१३५- "परिनिर्वाण हुन चाहन्छौं भनी भन्नेहरूलाई "जस्तो तिमीहरू उचित सम्झन्छौ" भन्ने बाहेक अरू के भनूँ र भनी जिनले भन्नुभयो ।"

**गौतमीलाई पुऱ्याउन गए :**

१३६- "आसनबाट उठी जिनलाई वन्दना गरी गौतमी सहित ती भिक्षुणीहरू फर्केर जानुभयो ।"

१३७- "वीरपुरुष हुनुभएका **लोकाग्रनायक** पनि महत् जनकायहरूसँगै सानीआमालाई उहाँको कोठासम्म पुऱ्याउन जानुभयो ।"

१३८- "त्यसबेला ती भिक्षुणीहरूसँगै गौतमीले पनि लोकबन्धुको पाउमा शिरले अन्तिम वन्दना गर्नुभयो र यस्तै भन्नुभयो-

१३९-१४०- "यो मेरो लोकनाथको अन्तिम दर्शन हो, फेरि तपाईंको अमृताकार मुखलाई देख्ने छैन; हे वीर ! अब उप्रान्त तपाईंको सुकोमल पाउ मेरो वन्दनाले स्पर्शित हुने छैन; आज शान्तिमा जानेछु।"

१४१- "(अनि भगवान्‌ले भन्नुभयो)- "यसै जीवनमै यथार्थ धर्मलाई देखिसकेपछि तिमीलाई यो रूपले के गर्छ र; सबै संस्कृत नै हुन्, सबै अनाश्वासिक नै हुन् ।"

१४२- "अनि, उहाँ **(- महाप्रजापति गौतमी** ती भिक्षुणीहरूका साथ आफ्नो भिक्षुणी-निवासस्थानमा पुग्नु भई अर्ध-पलेंटीमारी (अड्ढपल्लङ्कमाभुज्ज) उत्तम आसनमा बस्नु भयो ।"



https://dhamma.digital

**परिनिर्वाण :**

१४३- "यो प्रवृत्ति सुनी त्यस बखत-पादवन्दना गर्ने बुद्धशासनका वत्सला उपासिकाहरू त्यहाँ गए ।"

१४४- "हातले छाती पिट्दै, करूण-स्वरले विलाप गर्दै, तथा चुँडिएको लताझैं शोकले विह्वल भई, भुईंमा पछारिने उपासिकाहरूले विलाप गर्दै यस्तो भने।"

१४५- "हे शरणदिने नाथ ! हामीलाई छाडेर शान्तिमा नजानुहोस्; शिरले ढोगी हामी सबैले याचना गर्छौं ।"

१४६-"तिनीहरूमध्येमा श्रद्धा तथा प्रज्ञाले प्रधानतामा जो उपासिका हुन्, उनको शीरमा सुम्सुम्याई गौतमीले यस्तो भन्नुभयो-"

१४७- "हे पुत्रीहो ! मारको पासोमा परी विलाप नगर, सबै संस्कृत वस्तुहरू अनित्य नै हुन् सबै चलाचल वस्तुहरूको अन्त वियोगमै हुन्छ ।"

१४८- "त्यसपछि उनलाई छाडी प्रथम, द्वितीय, तृतीय तथा चतुर्थध्यानमा तल्लीन हुनुभयो ।"

१४९-"अनि क्रमैसँग आकाशानन्त्यायतन, विज्ञानन्त्यायतन, अकिञ्चन्यायतन तथा **नैवसंज्ञानासंज्ञायतन ध्यानमा पनि तल्लीन हुनुभयो**।"

१५०- "पुनः प्रतिलोम गरी ध्यानहरू गर्नु भई गौतमी प्रथमध्यानमा बस्नु भयो; फेरि त्यस ध्यानबाट चतुर्थध्यानमा पुग्नुभयो ।"

१५१- "त्यसपछि त्यस ध्यानबाट उठ्नु भई तेल सकिएको बत्तीझैं परिनिर्वाण हुनुभयो; त्यसबखत नभबाट बिजुली चम्की भूकम्प पनि भयो ।"

१५२-१५४- "त्यस बखत दुन्दुभि नाद गर्दै देवताहरू रून थाले; गगनबाट पुष्पवृष्टिका साथ वर्षात् पनि भयो । रङ्गमञ्चमा नाच्नेझैं मेरू कम्पा हुन थाल्यो र सागर पनि कराउन थाल्यो । त्यस बखत "सबै संस्कारहरू अनित्यै रहेछन्" भन्दै देव, नाग, असुर तथा ब्रम्हाहरू विरक्त हुनथाले ।"



https://dhamma.digital

१५५- "जसले प्रजापति गौतमीलाई परिवृत्त गरी बस्दथे । ती शासनकारी सबै भिक्षुणीहरू पनि अनुपादिशेष निर्वाणमा निवृत्त भए ।"

१५६- "अहो, सबै संयोगहरू वियोगबाटै अन्त हुँदा रहेछन् । अहो, सबै संस्कृत वस्तुहरू अनित्य नै रहेछन् !! अहो अनि विनाशबाट नै जीवन पनि अन्त हुँदो रहेछ !!!" भन्ने नै सबैको मुखबाट विरह-वाक्य निस्केका थिए ।"

१५७- "अनि ऋषिसप्तमकहाँ गई लोक धर्ममा अनुवर्तित हुने देवता तथा ब्रम्हाहरूले कालानुरूप कर्तव्य पालन गरे ।"

**अन्तिम-सत्कार**

१५८- "त्यसबखत शास्ताले श्रुतसागर आनन्दलाई आमन्त्रण गर्नुभयो- "हे आनन्द ! जाऊ, भिक्षुहरूलाई माता परिनिर्वाण हुनुभएको कुरा निवेदन गर ।"

१५९-१६३- "अनि अनानन्द भएका आनन्दले गहभरी आँसु लिई, गर्गर स्वरले यस्तो भन्नुभयो- "भिक्षुहो ! एकत्रित हुनुहोस् ! पूर्व, दक्षिण, पश्चिम, उत्तर तथा नजिकका भिक्षुहो ! एकत्रित हुनुहोस् ! हे सुगतरस हुनुभएका भिक्षुहो ! मेरो कुरा सुन्नुहोस् ! मुनिको अन्तिम शरीरलाई जसले दुधद्वारा संवर्धन गराउनु भयो ! उहाँ गौतमी-सूर्योदय समयमा ताराझैं शान्तिमा जानुभयो । बुद्धमाता भन्ने प्रज्ञप्ति राख्नु भएकी गौतमी स्वयं पनि त्यस स्थानमा जानुभयो, जुन स्थानमा पुग्नेको गतिलाई **पञ्चनेत्र** हुने नायकले पनि देख्न सक्नुहुन्न । सुगतिप्रति जसको श्रद्धा छ, जो महामुनिका प्रिय शिष्य हुनुहुन्छ, हे सुगतरस ! तपाईंहरू सबैले बुद्धमाताको सत्कार गर्नुहोस् "

१६४- "यो घोषणा सुनी- केही बुद्धको प्रभावद्वारा, केही आफ्नै प्रभावद्वारा सुदूरस्थानबाट समेत भिक्षुहरू तुरुन्तै आइपुगे ।"

१६५- "सुवर्णमय रमणीय कूटागारमा राखिएको खाटमा गौतमीलाई सुताइएको थियो ।"

१६६-१७४- "त्यो खाट भएको कूटागार चारलोकपालहरूले



https://dhamma.digital

काँधमा बोकेका थिए; बाँकी **कूटागारहरू** शक्रादि देवताहरूले बोकेका थिए । विश्वकर्मद्वारा बनाइएका शरदादिवर्णहरूका पाँचसय कूटागारहरूमा राखिएका खाटहरूमा ती सबै भिक्षुणीहरूलाई सुताइएका थिए (महाप्रजापति संगै धेरै भिक्षुहरू पनि परिनिवृत भएका थिए) । देवताहरूका काँधै काँधबाट क्रमैसँगै यात्रा चलाइएको थियो । आकाशमा भीत राखिएको थियो; तारागणहरू सहित चन्द्र-सूर्यहरूले कनकमय पताकाहरू लिएका थिए । अनेक फूलहरूका गुच्छाहरूले आकाश ढाकिएको थियो । चन्द्र-सूर्य तथा ताराहरू चम्किन्थे; मध्यमा रहेको सूर्यको ताप चन्द्रको किरणझैं शीतल थियो । देवताहरूले दिव्य-नृत्य-वाद्य तथा गीतद्वारा पूजा गरे । निवृत्त हुनुभएकी **बुद्धमाता** लगिएकी रथलाई नाग, असुर तथा ब्रम्हादिहरूले पनि यथासक्य पूजा गरे । निवृत्त भएका सबै सुगतरस भिक्षुणीहरूलाई अगाडि राखी, **बुद्धपोषिका गौतमीलाई** सत्कारपूर्वक पछि पछि लागे ।"

१७५-१७७- "अघिल्तिर देवमनुज तथा नागासुर ब्रम्हादिहरू, पछिल्तिर माताको पूजार्थ सश्रावक स्वयं बुद्ध जाँदै हुनुहुन्थ्यो । बुद्धको परिनिर्वाणमा पनि त्यस्तो आश्चर्य थिएन जस्तो आश्चर्य गौतमीको परिनिर्वाणमा थियो । भिक्षुहो ! बुद्धको परिनिर्वाणमा कुनै अनुगमन गर्ने बुद्ध थिएन; तर गौतमीको परिनिर्वाणमा स्वयं बुद्ध र सारिपुत्रादि श्रावकहरू पनि थिए ।"

१७८- "सुगन्ध चूर्णहरू छरिएका तथा सुगन्धयुक्त चिताहरूमा उहाँहरूलाई राखी सबैलाई जलाईदिए ।"

१७९-१८०-"हाडहरू बाहेक शरीरका अरू बाँकी भागहरू जम्मै जले; त्यसबखत आनन्दले अत्यन्त संवेगजनक (= मनमा खुल खुल हुने विरक्ति) वचन प्रकट गर्नुभयो- "गौतमी निधन हुनुभयो; उहाँको शरीरमा भएका जम्मै भागहरू जलेर गए (तर हाडहरू जलेनन्); सायद यो बुद्ध पनि चाँडै नै परिनिर्वाण हुने लक्षणको संकेत हो ।"



https://dhamma.digital

**गौतमी–वर्णना**

१८१- "अनि भगवान्ले भन्नुभएपछि आनन्दले उहाँको पात्रमा अट्ने जति गौतमीका धातुहरू राखी भगवान्लाई दिनुभयो ।"

१८२-१८३- "सो पात्र लिई **ऋषिसप्तम बुद्धले** यसो भन्नुभयो- "जस्तै सारवान् महान् वृक्ष रहेर पनि त्यसको महास्कन्धहरू अनित्य भएर जान्छन्, त्यस्तै- भिक्षुणीसङ्घ रहेर पनि **गौतमीको परिनिर्वाण भयो**।"

१८४- "अहो आश्चर्य ! माताको निवृत्त हुँदा पनि मेरो शरीर सहित चित्तलाई पनि कुनै शोक र परिदेव छैन ।"

१८५- "संसार सागरबाट उत्तीर्ण भएकी, सन्तापबाट दूर भएकी तथा शोक नभएकी ती गौतमी शीतलपूर्वक परिनिर्वाण भइन् ।"

१८६- "उनी पण्डितनी, महाप्रज्ञी र **पृथुल-प्राज्ञी** (=पुथुपञ्ञा) थिइन्; हे भिक्षुहो ! उनी भिक्षुणीहरूमध्येमा रात्रज्ञा पनि थिइन् भनी धारण गर ।"

१८७- "ऋद्धिविध ज्ञानमा उनको वश थियो तथा दिव्यश्रोत धातुहरूमा पनि; गौतमीले चेतोपरियज्ञान[३३]लाई पनि आफ्नो वशमा राखेकी थिइन् ।"

१८८- "पूर्वेनिवास ज्ञानलाई पनि जानेकी थिइन्, दिव्य चक्षुलाई विशुद्ध पारेकी थिइन् तथा सबै आस्रवहरूलाई पनि क्षय गरेकी थिइन्; उनको पुनर्भव पनि छैन ।"

१८९- "अर्थ, धर्म, निरूक्ति तथा प्रतिभाण भन्ने चारै ज्ञानहरू पनि उनमा थिए र उनको ज्ञान विशुद्ध पनि थियो; त्यसैले उनमा कुनै शोक हुने कारण पनि थिएन ।"

१९०-१९१- "जस्तै- पोलेको फलामको डल्लो तथा बलिरहेको आगो क्रमैसँग शान्त हुन्छ र त्यसको गति ज्ञात हुन्न, त्यस्तै- सम्यकरूपले

---

[३३] 'चेतोपरिय ज्ञान' भनेको परचित्त–ज्ञान हो । हेर लेखकक्रमे बू.पृ.५९३ मा । अरू विस्तर जानकारीको लागि हेर पटि. पा.पृ. १२६ : चेतोपरियञाणनिद्देस्सो ।



https://dhamma.digital

विमुक्त भइसकेका, कामओघ- बन्धनबाट तरिसकेका तथा अचल सुख प्राप्त भएकाहरूले प्रज्ञापन गर्ने गति नै छैन ।”

१९२- “हे भिक्षुहो ! त्यसैले आत्मद्वीप (=आत्म निर्भर) बन; सतिपट्ठान गोचर गरी, **सप्तबोध्यङ्गलाई** भाविता गरी दुःखको अन्त गर ।”

**समाप्त ।**



https://dhamma.digital

परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

चतुर्थ पत्र

# बुद्धकालीन बौद्ध व्यक्तित्वहरू

## एकाइ २ : बुद्धकालीन अग्रश्राविकाहरू

१) खेमा स्थविरा

२) उत्पलवर्णा स्थविरा

Dhamma.Digital

पुस्तक : बुद्धकालीन श्राविका चरित्र (भाग १)

लेखक : भिक्षु अमृतानन्द महास्थविर

https://dhamma.digital

# एकाइ २ : बुद्धकालीन अग्रश्राविकाहरू

## १. खेमा (=क्षेमा) स्थविरा

**परिचय :**

भिक्षुणी हुनुभन्दा अगाडि क्षेमा (=खेमा) स्थविरा मगध देशका राजा बिम्बिसारका महिषीहरू मध्ये एक थिइन् । पछि क्षेमा महारानी भिक्षुणी भएर गइन् । यसै सम्बन्धमा त्रिपिटक पालि तथा अर्थकथाहरूमा उपलब्ध कारणहरू एकत्रित पारी यहाँ परिचय दिने प्रयास गरिएको छ ।

बुद्ध भगवान्को पालामा मगधदेश, त्यसताकाका समस्त भारतमा अति प्रभावशाली तथा शक्ति सम्पन्न राज्य थियो भन्ने कुरा यो भन्दा अघि प्रकाशित भएको "बुद्धकालीन राजपरिवार "अध्ययन गर्दा ज्ञात हुन्छ । बुद्धको समयमा मगध राज्यमा बिम्बिसार राजाले राज्य गर्दथे ।

**जन्म र विवाह :** क्षेमा राजकुमारीको जन्म मद्द (=मद्र) देशको शागल नगरमा भएको थियो । थेरीअपदानपालि अनुसार राजकुमारीको पिताको नाउँ मद्द राजा हो आमाको नाम भने कतै उल्लेख भएको पाइँदैन । राजकुमारी जन्मिदा नगरमा भइरहेका भयहरू दूर भएर गएका कारणहरूले गर्दा राजकुमारीको नाम 'क्षेमा=खेमा' भन्ने रहन गएको हो । यो कुरा स्वयं क्षेमा स्थविराले थेरीअपदानपालिमा उल्लेख गर्नु भएको छ -

**"सह मे जातमत्तम्हि, खेमं तम्हि पुरे अहुं ।**
**ततो खेमा ति नामं मे, गुणतो उपज्जथ॥"**

मद्दराजाको अति प्यारी पुत्री भई शागल नगरको राजदरबारमा क्षेमा राजकुमारीको जीवन हुर्कियो । यौवन अवस्थामा पुगेपछि राजकुमारी यति राम्री भइन् कि सबै जसो अर्थकथाहरूले 'सुवर्णवर्ण समान सुन्दरी थिइन्' भनी उल्लेख गरेका छन् । अनि उनको विवाह महाराजाले



https://dhamma.digital

मगधराजा बिम्बिसारसँग गरिदिए । यही कुरालाई क्षेमा स्थविराले स्वयं यसो भन्नुहुन्छ ।

**"यदाहं योब्बनं पत्ता, रुपलावञ्ञ भूसिता ।**

**तदा अदासि मं तातो, बिम्बिसारस्स राजिनो॥"**

क्षेमा महारानी बिम्बिसार राजाकी अति प्रिया थिइन् । मगधदेश जस्तो शक्ति सम्पन्न राज्यको राजाकी सम्पन्न राज्यको राजाकी महिषी हुन पाउँदा स्वभावत : क्षेमा महारानी अति हर्षित भएकी थिइन् । क्षेमा महारानी आफ्नो रूपलावण्यतामा निक्कै अभिमान् गर्थिन् । रूपलावण्यता बारेमा कसैबाट पनि कुनै गुनासो सुन्न चाहन्नथिन् ।

उता सिद्धार्थ गौतम । बुद्ध-ज्ञान प्राप्त गर्नु भइसकेपछि चारिकागर्दै क्रमैसित वहाँ राजगृहमा आइपुग्नु भयो । "बुद्ध भगवान् राजगृहमा आइपुग्नु भयो" भन्ने खबर सुनी बिम्बिसार राजा अनेकौं परिषद्हरू लिई बुद्धकहाँ गई वहाँको धर्मपदेश सुनी, अत्यन्त प्रभावित भई, बिम्बिसार राजा विशाल परिषद्का साथ बुद्धको शरणमा परी बुद्धको अनुयायी मात्र होइन बुद्धको एक ठूलो उपस्थाक तथा संरक्षक पनि भए । सोही बखत राजाले आफ्नो अति रमणीय वेणुवन (=वेलुवन) पनि बुद्धलाई प्रदान गरी त्यहाँ अनेकौं भव्य विहार (=घर) हरू पनि बनाइदिए । बिम्बिसार राजा बुद्धको यति भक्त थिए कि बुद्ध धर्म प्रचार कार्यमा समेत स्वयं राजाले सक्रिय भई भाग लिएका कुराहरू "बुद्धकालीन राजपरिवार" को परिचयमा 'धर्म सन्देश' शीर्षक-पृ.२२) अध्ययन गर्दा प्रष्टैसँग अवरोध हुन्छ । बिम्बिसार राजाको हृदयमा बुद्ध, धर्म तथा संघप्रति यति गहिरो श्रद्धा बसिसकेको थियो कि राजा-बुद्ध, धर्म तथा संघ बाहेक अरू कसैको शरणमा पर्न सक्तैनथे । उनको हृदयमा अटल-श्रद्धाको जग बसिसकेको र उनले स्रोतापत्तिमार्ग फल साक्षात्कार गरिसकेका थिए ।

**वेणुवनमा :** क्षेमा महारानी स्वभावतः अति रूपाभिमानी थिइन् भन्ने कुरा माथि उल्लेख भइसकेकै छ । अतः "बुद्धले रूप-सौन्दर्यताको अवर्णना गर्नुहुन्छ" भन्ने हल्ला सुनि राखेको हुँदा र "कही आफ्नै रूपलाई पनि खोट लगाएको कुरा सुन्न पर्ला ।" भन्ने विचारले राजाले प्रदान गरेको



https://dhamma.digital

वेणुवनमा बस्नुभएका बुद्धको दर्शन गर्न समेत जाँदैन थिइन् । क्षेमा महारानीको यस प्रक्रियाबाट बिम्बिसार राजा निक्कै चिन्तित भएका थिए । आफूले रुचाएका कुराहरू आफ्नो प्रेमिकाले पनि रुचाओस् भन्ने आशा र इच्छा सबै प्रेमी र प्रेमिकाहरूका हृदयमा हुने जस्तै बिम्बिसार राजा पनि आफ्नो महिषी क्षेमालाई वेणुवनमा विहार गरिरहनु भएको बुद्धकहाँ पठाउन अति उत्सुक थिए । किन्तु राजा यस कार्यमा सफल हुन सकेका थिएनन् ।

"बुद्धको अग्रउपस्थाक भएका राजाकी महिषी नै वेणुवनमा गई बुद्धको दर्शन गर्न जाँदैनन् ।" भन्ने कुरा सुन्न पर्ला कि भन्ने शंका पनि राजाको मनमा लाग्दथ्यो ।

यस्तो परिस्थितिमा राजाले एक दिन यस्तो सोचे - "वेणुवनमा गई बुद्धको दर्शन गरेर आऊ भनी भनिरहनुभन्दा वेणुवनमा जाने इच्छा उत्पन्न गराइदिन सकेको खण्डमा महारानीको बढी कल्याण हुने थियो ।"

यति सोचेर राजाले एक दिन, केही दक्ष संगीतकारहरूलाई बोलाउन लगाई क्षेमा महारानीलाई वेणुवनको विशिष्टता र त्यसको रमणीयताको वर्णन गरी, खुब राम्रो लय राखी तथा अति मधुर स्वरले गीत सुनाउन लगाए । संगीतकारहरूका कलापूर्ण सुमधुर गीत सुनेर आफ्नै उद्यान र आफूले अघि देखिसकेकै वेणुवन सम्बन्धी गीत सुनेको भएता पनि त्यस कलापूर्ण तथा सुमधुर गीत स्वरको प्रभावले गर्दा क्षेमा महारानीको मनमा "सो उद्यान आफूले अघि कहिल्यै नदेखेको हो कि" भन्ने जस्तो लागी " कुन उद्यानको बारेमा तिमीहरूले गीत गाएका हौं ?" भन्ने समेत सोधेको कुरा धम्मपदट्ठकथाले उल्लेख गरेको छ । "अहा ! कस्तो सुन्दर तथा रमणीय उद्यान होला जसको वर्णन यी संगीतकारहरू खूब रसिला स्वरमा गाइरहेछन् !!" भन्ने प्रभाव मनमा परेपछि महारानीको हृदयमा "अवश्य नै वेणुवन हेर्न जानुपर्‍यो" भन्ने इच्छा उत्पन्न भयो । त्यसपछि एकदिन राजाको आज्ञा लिई राजपरिवारहरूका साथ क्षेमा महारानी वेणुवन उद्यान हेर्न गइन् । त्यस बखत राजाले "वेणुवन गएर बुद्धको पनि दर्शन गरेर आउनू" भनी महारानीलाई सुनाए । तर त्यसको कुनै पनि उत्तर नदिई महारानी वेणुवनतिर लागिन् भनी अङ्गुत्तर



https://dhamma.digital

अट्ठकथाले उल्लेख गरेको छ । 'यदि महारानी बुद्धको दर्शन नगरी फर्के र आउँन लाग्छिन भने आउन नदिनू" भनी राजाले राजपुरुषहरूलाई अह्राएका थिए भन्ने कुरा पनि थेरीगाथा अट्ठकथाले उल्लेख गरेको छ । यस सम्बन्धमा अझ अगाडि 'यदि महारानी बुद्धको दर्शन गरी फर्किन्छन् भने वेशै भयो । अन्यथा राजाज्ञा लाग्नेछ भनी सुनाउनू" र ाजपुरुषहरूलाई सूचित गरेका थिए भन्ने कुरा पनि अङ्गुत्तरअट्ठकथाले उल्लेख गरेको छ ।

अनि सुरम्य वेणुवनमा पुगेपछि क्षेमा महारानी सहेलीहरू तथा राजपरिवारहरूका साथ क्रिडागर्दै उद्यानमा डुल्न थालिन् । दिन बित्न थालेपछि उद्यानबाट फर्कनलाग्दा राजपुरुषहरूले रानीको इच्छा बिना नै बुद्ध बसि रहनुभएको स्थानमा लगे ।

**बुद्धकहाँ :** महारानी आउँदा **बुद्ध भगवान**ले ऋद्धिद्वारा अप्सरा जस्ती एक अलौकिक सुन्दरी स्त्री निर्माण गरी आफूलाई पंखा हम्काई रहेको दृश्य देखाउनु भयो । यो देवकन्या जस्तै निर्मित रूप देखी महारानीको मनमा यस्तो लाग्यो :-

"अहो ! यी लोकजनहरूका झुटा कुरा सुनेर, बुद्ध भगवान्ले स्त्री रूपको निन्दा गर्नुहुन्छ भन्ने विचार गरी म बुद्धकहाँ आउन न चाहेकी थिएँ र बुद्धप्रति गलत धारणा लिएकी थिएँ । यदि उहाँले स्त्री -रूपको निन्दा गर्नु हुने भएको भए यस्ती सुन्दरी स्त्रीलाई पंखा हम्काउन लगाई बस्नु नै हुने थिएन होला । अहा ! कति सुन्दरी रहिछन् यी स्त्री ! यस्ती स्त्रीरूप त मेरो आँखाले अघि कहिल्यै पनि देखेकी थिइँन ।"

यस्तो मनमा सोच्दै बुद्धप्रति आकर्षित हुनुभन्दा पनि बढी ती स्त्री -रूपमा आकर्षित भई बसिन् । यस्तो पनि सोचिन् कि- "यी स्त्रीको अगाडि त म उनकी दासी पनि बन्न सुहाँउदिन । नाहकमा नै मैले बुद्धप्रति द्वेषभावले हेरेकी रहिछु ।" यस्तो कल्पना गर्दै स्त्रीकै रूपमै मुग्ध भएर नै आकर्षित भई बसिन् ।

भगवान्ले आफ्नो ध्यानाधिष्ठानको प्रभावद्धारा सो रूपलाई फूल ओइलिए जस्तै गरी देखाइदिनु भयो । रूपमा मुग्ध भई हेरिरहेकी



https://dhamma.digital

महारानीले हेर्दाहेर्दै सो निर्मित रूप क्रमशः वैंश ढल्किदै बुढी भई चाउरी पर्दै गएकी मात्र होइन उभिइरहन समेत नसकी भुँइमा लड्न गएको समेत देख्दा पूर्व संस्कारको कुशल हेतुवासनाले गर्दा महारानीको मनमा अनित्यताको सम्झना आई "अहो, यो मेरो रूप पनि त एकदिन यस्तै भएर जानेछ ।" भन्ने विरागसंज्ञा उठी रूपाभिमानबाट चित्त हटिरहेको बेलामा **भगवान् बुद्ध**ले दक्ष कामीले पोलेको फलामलाई पिट्नेझैं **क्षेमा महारानी**लाई अनेक प्रकारले करुणापूर्वक उपदेश सुनाउनु हुँदै निम्न गाथाहरू भन्नुभयो -

**"आतुरं असुचिं पूतिं, पस्स खेमे समुस्सयं ।**
**उग्घरन्तं पग्घरन्तं, बालानं अभिनन्दितं ॥"**
**असुभाय चित्तं भावेहि एकग्गं सुसमाहितं ।**
**सति कायगतात्यत्थु, निब्बिदा बहुलाभव ॥"**

यी गाथाहरू सुनाउनु भएपछि बुद्ध भगवान्ले महानिदानसूत्र को धर्मोपदेश पनि सुनाउनु भयो । अनि स्रोत्तापतिमार्गफलमा प्रतिष्ठित भई क्षेमा महारानीले धर्मचक्षु लाभ गरिन् भन्ने कुरा पनि थेरीअपदानपालिले उल्लेख गरेको छ । जुन कुराहरू तल अनुदित भएकै छन् ।

थेरीअपदानपालिको अध्ययन गर्दा क्षेमा महारानीले बुद्धसँग प्रव्रज्या माग्दा उहाँले उनलाई "हतारो नमान, पख" भनी भन्नुभएको कुरा बुझिन्छ । भगवान्को कुराको संकेतलाई बुझी, राजदरबारमा फर्केर महारानीले बिम्बिसार राजासँग प्रव्रज्या हुने अनुमति मागिन् र रानीका कुरा सुनी राजा अत्यन्त प्रफुल्ति भई क्षेमा महारानीलाई भिक्षुणी बन्ने अनुमति मात्र प्रदान गरेका होइनन् राजदरबारदेखि वेणुवन विहारसम्म सिँगार पटार गराई ठूलो उत्सवका साथ पाल्कीमा क्षेमा महारानीलाई वेणुवनमा पुऱ्याइ दिए ।

अङ्गुत्तरअट्ठकथाले - क्षेमाले उपरोक्त गाथाहरू सुन्नेबित्तिकै अरहत्व प्राप्त गरेकी थिइन् र अरहत् हुने व्यक्ति सातदिनभन्दा बढ्ता गृहस्थी भेषमा बस्न नसक्ने र त्यसपछि बाँच्ने आयु रहेमा प्रव्रजितहुने स्वभाव धर्म भएको हुँदा क्षेमाले प्रव्रज्या हुने इच्छा प्रकटगर्दै राजासँग अनुमति



https://dhamma.digital

माग्दा "महाराज ! तपाईंले बुद्धलाई कममात्र देख्नुभएको छ मैले त बुद्धलाई पूरै देखिसकेकी छु" भन्ने समेत भनेकी थिइन् र अनि अनुमति पाई प्रव्रजित भएकी हुन् भनी उल्लेख गरेको छ । गृहस्थीमै छँदा अरहत्व प्राप्त गरेको हुनाले क्षेमालाई पछि भगवान्ले 'महाप्रज्ञावती' को अग्रस्थान प्रदान गर्नु भएको हो" भन्ने कुरा पनि उहीं नै समुल्लेख भएको पाइन्छ यस्तै कुराको सूचना थेरीगाथाट्ठकथाले पनि समुल्लेख गरेको छ ।

**धम्मपदअट्ठकथा**ले -यस सम्बन्धमा उपरोक्त गाथाहरूमध्ये "आतुरं असुचिं पूतिं" भन्ने गाथाको अन्तमा स्रोतापन्न र "ये रागरत्तानुपतन्ति सोतं" भन्ने गाथाको अन्तमा अरहत् भएकी थिइन् भन्ने मात्र नभई "अरहत् भएकी क्षेमा या त परिनिर्वाण हुनुपर्छ या त प्रव्रजित हुनुपर्छ" भनी बुद्धले भन्नु हुँदा बिम्बिसार राजाले प्रव्रजित गराउने इच्छा प्रकट गरेका कुराहरू पनि उहीं नै समुल्लेख गरेका छन् ।

थेरीअपदानपालिमा भने प्रव्रजित भइसकेर अरहत्व साक्षात्कार गरेका कुरा स्वयं उल्लेख गर्नुहुँदैन क्षेमा स्थविरा यस्तो भन्नुहुन्छ -

**"पब्बजित्वा तदा चाहं, अद्धमासे उपट्ठिते ।**

**दीपोदयं च भेदं च, दिस्वा संविग्ग मानसा ॥**

**"निब्बिनं सब्बसङ्खारे, पच्चयाकारकोविदा ।**

**चतुरोधो अतिक्कम्म, अरहत्तमपापुणिं ॥"**

अर्थात्-"अनि प्रव्रजित भएको आधा महिना पुग्दा, बलेको बत्तीको ज्वालामा भएको भेदलाई देखेर मेरो मनमा संवेग (=वैराग्य) उत्पन्न भयो । अनि, सबै संस्कारहरूबाट विरक्तभई, प्रत्ययाकारमा कोविदा भई, चार ओघहरूबाट उत्तीर्ण भई अरहत्व प्राप्त गरें ।"

**भिक्षुणी भइन् :** आ-आफ्ना शैलीमा उपयुक्त अर्थकथाहरूले जेसुकै उल्लेख गरेता पनि थेरीअपदानपालि अनुसार क्षेमा स्थविराले पहिले स्रोतापत्ति फल प्राप्त गरी, भिक्षुणी भएको दुईहप्ता हुँदा तेलको बत्तीको ज्वाला उदयास्त भएर गइरहेको कारणतिर ध्यानदिंदा, त्यसैमा आरम्मण चित्त राखी अनित्य, दुःख तथा अनात्म लक्षणहरूमध्येमा विशेषतः अनात्मलक्षणमा ध्यान गरी, बत्तीको ज्वाला लुप्त भएर गए



https://dhamma.digital

जस्तै आफ्ना सबै क्लेशहरू पनि लुप्तपारी अरहत्व साक्षात्कार गुर्नभयो। अनात्मलक्षणको भावना गरेर अरहत् हुनुभएकी हुनाले यही गुणलाई सर्वोपरी राखी बुद्धले पछि वहाँलाई प्रज्ञावती हुनेहरू मध्येमा अग्रस्थान दिनुभएको हो।

समाधिको दृष्टिकोणले कस्तालाई 'प्रज्ञावान्' र कस्तालाई ' महाप्रज्ञावान' भन्दा रहेछन् भन्ने कुरा बुझ्न माथि महाप्रजापति 'गौतमी चरितको गौतमी अपदान' शीर्षक अन्तर्गत 'गौतमी वर्णना' उपशीर्षकको पादटिप्पणी (पृ.१६८) मा हेर्नू। क्षेमा स्थविराले न केवल अरहत्व मात्र साक्षात्कार गर्नु भएको हो बल्कि चतुऋद्धिपाद, दिव्यचक्षु, चतुप्रतिसम्भिदा तथा षडभिज्ञ ज्ञानहरू पनि प्राप्त गर्नुभएको छ।

**प्रज्ञाविशेषता :** जस्तो भिक्षुहरूमध्येमा ज्ञात कौडिन्य स्थविर भगवान बुद्धको सर्वप्रथम भिक्षु शिष्य हुनुहुन्थ्यो त्यस्तै महाप्रजापति गौतमी स्थविरा पनि भिक्षुणीहरूमध्येमा सर्वप्रथम भिक्षुणी-शिष्या हुनुहुन्छ। जस्तै भिक्षुहरूमध्येमा **सारिपुत्र स्थविर** भगवान्‌को अग्रश्रावक तथा प्रज्ञावान भिक्षुहरूमध्येमा सारिपुत्र स्थविर भगवान्‌को अग्रश्रावक तथा प्रज्ञावान भिक्षुहरूमध्येमा अग्र हुनुहुन्थ्यो त्यस्तै भिक्षुणीहरूमध्येमा **क्षेमा स्थविरा** पनि अग्रश्राविका तथा प्रज्ञावती भिक्षुणीहरूमध्येमा अग्र हुनुहुन्छ।

अनात्मलक्षणको भावना गरी अरहत्व प्राप्त गरेको, अघिदेखि कृताधिकार पूरा गरेको, तथा अहिले पनि उहाँमा प्रज्ञा वैपुल्यता भएको र धर्मसम्बन्धी अति गम्भीर ज्ञान पनि भएका आदि गुणहरूले गर्दा नै उहाँलाई प्रज्ञावती भनिएको हो।

एक दिन, **प्रसेनजीत कोसल राजा साकेत** (=अयोध्या) बाट **श्रावस्ती** फर्किरहँदा **तोरणवस्तु** भन्ने एक गाउँमा बास बस्दा राजाले त्यसदिन सत्संगत गर्न त्यसै गाउँमा बसिरहेकी **क्षेमा स्थविरा** कहाँ गई केही प्रश्नहरू सोधेका थिए। क्षेमा स्थविराले दिएको जवाफ सुनी **प्रसेनजित राजा** अति प्रभावित भएका मात्र होइनन् **श्रावस्ती** पुगी भगवान् कहाँ गई सोही प्रश्नहरू सोध्दा भगवान्‌ले पनि त्यस्तै नै जवाफ दिनुभएको



https://dhamma.digital

कुरा सुन्न पाउँदा **क्षेमा स्थविराप्रति** अत्यन्त खुशी भई आफ्नो खुशीको कुरा व्यक्त गर्दै राजाले- "आश्चर्य हो भन्ते !! अद्भुत हो भन्ते जहाँ कि शास्ताको पनि श्राविकाको पनि अग्रपदमा- अर्थमा अर्थ, व्यञ्जनमा व्यञ्जन मेल खान्छ, समान छ र परस्पर कुनै विरोध छैन" भनी बुद्धलाई सुनाएका कुरा तल अनुदित "प्रसेनजित कोसलसँग" शीर्षकको मूलसूत्रमा समुल्लेख भएको छ । यसै पाण्डित्यतामा सन्तुष्टभई भगवान्ले **क्षेमा स्थविरा**लाई अग्रस्थान प्रदान गर्नुभएको थियो भनी स्वयं क्षेमा **स्थविरा**ले पनि आफ्नो अपदान (=चरितकथा) मा उल्लेख गर्नु भएको छ। जुन कुराहरू तल उल्लेख भएकै छन् ।

"क्षेमा स्थविरा कथावस्तु -विशारदा पनि हुनुहुन्छ । कुराकानी गर्ने कलामा पनि उहाँले विशेषता प्राप्त गर्नुभएको छ" भन्ने कुरा पनि थेरीअपदानमै समुल्लेख भएको पाइन्छ । कसैसँग कुराकानी गर्दा उहाँले कहिल्यै पनि-भन्नेलाई पनि सुन्नेलाई पनि-अनर्थ हुने गरी कुरा गर्नुहुन्न । न त उहाँले कुसैको कुरामा दोष नै खोज्नुहुन्छ । भूत, भविष्य तथा वर्तमान- जुनसुकै कालको कुरा गर्नु भए पनि अर्थसहित कुरा नै गर्नुहुन्छ । कस्ता गुणहरूले युक्त हुनेलाई कथावस्तुकुशल अथवा कथावस्तु - विशारद भन्दछन् भन्ने बारेका कुराहरू अङ्गुत्तरनिकायमा समुल्लेख भएको पाइन्छ ।

क्रमानुरूप भिक्षु र भिक्षुणीहरूको गुणानुसार अग्रस्थानको घोषणा औपचारिक रूपले गर्ने सिलसिलामा भगवान्ले एक दिन, श्रावस्तीको जेतवनाराममा प्रज्ञावती भिक्षुणीहरूमध्येमा क्षेमा स्थविरालाई अग्रस्थानमा राख्ने औपचारिक घोषणा गर्नुभयो । अनि एक दिन, क्षेमा स्थविरा श्रावस्तीमै कतै एक रूखमुनि बसिरहनु भएको बेलामा मार पुत्रले कामवासनाåारा प्रलोभनका कुरा सुनाउँदा उहाँले दृढताकासाथ कामवासना भन्ने नै उच्छेद भइसकेको छ भनी मारलाई सुनाएका कुराहरू यसैमा तल "क्षेमा स्थविरा गाथा" शीर्षकको मूल पालिमा अनुदित भएको छ ।

एक समय, **भगवान् बुद्ध गृद्धकूट पर्वतमा** बसिरहनु भएको थियो । त्यस बखत त्यहाँ देव - परिषद्का साथ **शक्रदेवेन्द्र** आई भगवान्सँग



https://dhamma.digital

कुशलक्षेम कुरा गरी भगवान्‌बाट **सारणीयधर्मका** उपदेशहरू सुन्दै थिए। त्यस बेला क्षेमा स्थविरा भगवान्‌को दर्शन गर्न **गृद्धकूट** पर्वतमा जाँदा भगवान् **बुद्ध शक्रदेवेन्द्र**हरूका बीच सारणीयधर्मका उपदेश गरिरहनु भएको देखेर आकाशमै बसी भगवान्‌लाई वन्दना गरी फर्केर जानुभयो।

यो घटना देखेर **शक्रदेवेन्द्र**ले भगवान्‌सँग - "भन्ते ! को रहिछिन् यी भिक्षुणी जो आकाशमै बसी वन्दना गरी फर्केर गइन् ?" भनी सोध्दा भगवान्‌ले **क्षेमा स्थविरा**को बयान सुनाउनु भई - "महाराज यी मेरी पुत्री **महाप्रज्ञावती तथा मार्गामार्गज्ञान कोविदा क्षेमा भिक्षुणी** हुन्" भनी भन्नुभई निम्न गाथा पनि सुनाउनु भयो -

**गम्भीरपञ्ञं मेधाविं, मग्गामग्गस्स कोविदं।**

**उत्तमत्थं अनुप्पत्तं, तमहं ब्रूमि ब्राह्मण'न्ति॥**

अर्थात : गम्भीर प्रज्ञाहुने, मेधावी, कुमार्ग र सुमार्गलाई जान्ने, उत्तमार्थ प्राप्त गरिसकेकालाई म ब्राह्मण भन्दछु।

यो उपदेश सुनेर धेरैले स्रोतापन्नादि मार्गफल पनि साक्षात्कार गरे। यसरी हामी **क्षेमा (=खेमा) स्थविरा**को महत्ताको बारेमा केही कुराहरू बुझ्न सक्छौं। अझ भगवान्‌ले क्षेमा स्थविराको बारेमा जुन "प्रमाणकर हो तथा तुलादण्ड हो" भनी भन्नुभएको छ त्यो वाक्यले त उहाँको सद्‌गुण कति महान रहेछ भन्ने कुराको अनुमान सजिलैसँग लगाउन सकिन्छ। यदि कुनै श्रद्धालु उपासिका प्रव्रजित हुन चाहन्छे भने उसले "क्षेमा भिक्षुणी जस्तै हुन सकूं" भनी प्रार्थना गर्न सक्नुपर्छ भनी क्षेमालाई मापदण्डको रूपमा राख्नु भएबाट पनि वहाँको महत्तालाई प्रष्ट देखाइदिएको छ। यी सूत्रहरू पनि तल "आयाचना" र" मापदण्ड" शीर्षकमा अनुवाद गरिदिएको छु।

**क्षेमा स्थविरा**की गृहस्थीकी एक सहायिका "क्षेमा प्रव्रजित भएर जानुभयो" भन्ने खबर सुनी "महारानी जस्ती त प्रव्रजित भएर गइन् भने म जस्तीले के घरमा बस्नू" भन्ने विचार गरी एक दिन उ क्षेमा स्थविराकहाँ गई उपदेश सुन्न गई। उपदेश सुनेर उ उनीकहाँ नै प्रव्रजित भई। पालिसाहित्यले यिनलाई **विजया भिक्षुणी** भन्दछ।



https://dhamma.digital

## केही अतीतका घटनाहरू

**१. उरगजातक** अनुसार- एक समय गौतम बुद्ध वाराणशी देशको द्वारगाउँमा एक ब्राह्मण कुलमा जन्मिनु भएको थियो । सो ब्राह्मणले कृषिकर्मद्वारा जीविका गरी आफ्नो कुटुम्बहरूको पालनपोषण गर्दथे । त्यस समय उनकी पत्नी क्षेमा भिक्षुणी, पुत्र राहुलकुमार तथा पुत्री उत्पलवर्णा भिक्षुणी भएका थिए ।

**२. मनोजजातक** अनुसार- एक समय गौतम बुद्ध सिंह भएर जन्मिनु भएको थियो । त्यस समय सो सिंहकी पत्नी यशोधरादेवी, पुत्र राहुलकुमार तथा पुत्री उत्पलवर्णा भिक्षुणी र बुहारी क्षेमा भिक्षुणी भएका थिए।

**३. रोहन्तजातक** अनुसार- एक समय गौतम बुद्ध सुवर्णमय मृगभई जन्मनु भएको थियो । त्यस बखत वाराणशीका राजा सारिपुत्र स्थविर भएका थिए र उनकी महारानी क्षेमा भिक्षुणी भएकी थिइन् । मृगकी सहोदरी सुतना भन्ने मृगी उत्पलवर्णा भिक्षुणी र सहोदर चित्रमृग आनन्द स्थविर भएका थिए।

**४. चूलहंसजातक** अनुसार- त्यस बखत वाराणशी देशका राजा सारिपुत्र स्थविर र महारानी क्षेमा भिक्षुणी भएका थिए । गौतम बुद्ध हंस योनीमा जन्मिनु भएको थियो । सुमुख भन्ने हंस आनन्द स्थविर थिए ।

५. अर्को एक जन्ममा **बोधिसत्व धृतराष्ट्र हंस** जन्मिनु भएको थियो । त्यस बखत **वाराणशीका संयम भन्ने राजा सारिपुत्र स्थविर** र महारानी **क्षेमा भिक्षुणी** भएका थिए । **आनन्द स्थविर** सुमुख भन्ने हंस भएका थिए।

**६. महाजनकजातक** अनुसार - **बोधिसत्व महाजनक** राजा र महारानी **शीवलीदेवी यशोधरादेवी** भएका थिए । पछि **महाजनक** राजाले आफ्नो पुत्र दीर्घायुकुमारलाई राज्य सुम्पी तपस्वी भेष धारण गरी जाँदा रानी पनि साथमा लागेकी थिइन् । दुबै तपस्वी स्त्री-पुरुषहरू साथ साथमा हिडिरहेका देखेर खेलिरहेकी एक कुमारीले श्रमणजाति भई स्त्री -पुरुष दुबै साथमा हिडनु शोभा दिन्न भन्ने कुमारी **क्षेमा भिक्षुणी** नै थिइन्।



https://dhamma.digital

**७. पद्मोत्तर बुद्ध**को पालामा क्षेमा **भिक्षुणी हंसवती** नगरमा एक दाश कुलमा जन्मिनु भएको थियो । त्यस बखत **पद्मोत्तर बुद्धको सुजात** भन्ने अग्रश्रावक भिक्षाटन आएको देखी  आफूसँग भएका तीनवटा रोटी चढाई सोही दिनमै आफ्नो चुल्ठो बेची **स्थविर**लाई दान दिई "अनागतकालमा **प्रज्ञावती बुद्ध- श्राविका** हुनसकूँ" भनी प्रार्थना गरेको कुरा **अङ्गुत्तरनिकाय**मा उल्लेख भएको पाइन्छ।

**क्षेमा स्थविरा**को परिनिर्वाण सम्बन्धी कुराहरू त्रिपिटक पालि तथा अर्थकथाहरूमा कतै पनि समुल्लेख भएको कुरा मैले भेट्टाउन सकेको छैन । हो, **महाप्रजापति गौतमी थेरीअपदान** अनुसार **गौतमी स्थविरा**ले आफू परिनिर्वाण हुने कल्पना गर्नुभएको बेलामा, उहाँका अरू पाँचशय भिक्षुणीहरूले पनि त्यस्तै कल्पना गरेका थिए भन्ने र यसै सिलसिलामा क्षेमादि भिक्षुणीहरूको पनि उस्तै वितर्कना उठेको थियो भन्ने प्रष्टसँगै अपदानमा उल्लेख भएको पाइन्छ । यी कुरालाई ध्यानमा राख्दा क्षेमा स्थविरा पनि महाप्रजापति गौतमी स्थविराका साथ साथमै परिनिर्वाण हुनुभयो भनी भन्न सकिन्छ ।

## मूल सुत्र

### १. प्रसेनजित् कोसलराजासँग

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नु भएको थियो । त्यस बखत क्षेमा भिक्षुणी कोसल प्रदेशमा चारिकागर्दै श्रावस्ती र साकेत बीचको तोरणवस्तु भन्ने गाउँमा बास बसेकी थिइन् ।

एक दिन प्रसेनजित् कोसलराजा साकेतबाट श्रावस्ती गइरहेको बेलामा श्रावस्ती र साकेतबीच तोरणवस्तु भन्ने गाउँमा एक रात बास बसे । त्यसबेला प्रसेनजित् कोसलराजाले एक पुरुषलाई आमन्त्रण गरी भने - "अम्भो पुरुष ! यता आऊ, तिमी तोरणवस्तुमा घुमी कुनै श्रमण वा ब्राह्मण छन् कि भनी बुझ, जोसँग आज म सत्सँगगर्न  सकूँ ।" "हवस् , देव "भनी , प्रसनेजित् राजालाई प्रत्युत्तर दिई सो पुरुषले सारा तोरणवस्तु घुम्दा पनि त्यस्ता कुनै श्रमण वा ब्राह्मणलाई देखेन जोसँग



https://dhamma.digital

प्रसेनजित् कोसलले सत्संगत गर्न सकुन् । उसले क्षेमा भिक्षुणीलाई तोरणवस्तुमा बास बसि रहेको देख्यो । अनि जहाँ राजा प्रसेनजित् कोसल थिए त्यहाँ गयो, त्यहाँ पुगेपछि राजा प्रसेनजित् कोशललाई यस्तो विन्ति गऱ्यो -

"हे देव ! तोरणवस्तुमा त्यस्ता कुनै श्रवण वा ब्राह्मण छैनन् जोसँग देवले सत्संगत गर्न सक्नुहुन्छ । देव ! तर क्षेमा भन्ने एक भिक्षुणी छन् जो भगवान् अरहत् सम्यक सम्बुद्धका श्राविका हुन् । यी आर्याको यस्तो कल्याणकीर्ति शब्द फैलिएको छ -'पण्डितनी, व्यक्ता, मेधाविनी, बहुश्रुता, चित्रकथिका तथा कल्याण भाषिणी ।' उनकै सत्संगत गर्नुहोस् ।"

अनि राजा प्रसेनजित् कोशल जहाँ क्षेमा भिक्षुणी हुनुहुन्थ्यो त्यहाँ गए, त्यहाँ पुगेपछि क्षेमा भिक्षुणीलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका राजा प्रसेनजित् कोसलले क्षेमा भिक्षुणीलाई यस्तो भने -

**मरणपछि तथागत हुन्छ के ?**

(अ) "हे आर्या ! मरणपछि तथागत हुन्छ के ? "

"महाराज ! भगवान्ले 'मरणपछि तथागत हुन्छ भन्ने कुरा बताउनुभएको छैन (=अब्याकतं) ।

(आ) "हे आर्या ! के त मरणपछि तथागत हुन्न त ? "

"महाराज ! भगावन्ले 'मरणपछि तथागत हुन्न' भन्ने कुरा बताउनु भएको छैन । "

(इ) "हे आर्या ! के त 'मरणपछि तथागत हुन्छ' पनि हुन्न पनि भन्ने कुरा बताउनुभएको छैन ।"

"महाराज भगवान्ले 'मरण पछि तथागत हुन्छ पनि हुन्न पनि' भन्ने कुरा बताउनु भएको छैन ।"

(ई) "हे आर्या ! के त मरणपछि तथागत न त हुन्छ न त हुन्न त ? "

"महाराज ! भगवान्ले मरण पछि तथागत न त हुन्छ, न त हुन्न



https://dhamma.digital

भन्ने कुरा बताउनुभएको छैन ।"

"हे आर्या ! किन नि ? मरणपछि तथागत हुन्छ के ? भनी सोध्दा "महाराज ! भगवान्ले मरणपछि तथागत हुन्छ भन्ने कुरा बताउनु भएको छैन भनी- (तपाईं) भन्नुहुन्छ । "हे आर्या ! के त मरणपछि तथागत हुन्न त ?" भनी सोध्दा "महाराज ! भगवान्ले मरण पछि तथागत हुन्न भन्ने कुरा पनि बताउनु भएको छैन" । भनी (तपाईं) भन्नुहुन्छ । हे आर्या के त मरणपछि तथागत हुन्छ पनि हुन्न पनि ?" भनी सोध्दा "महाराज भगवान्ले मरणपछि तथागत हुन्छ पनि हुन्न पनि भन्ने कुरा पनि भन्नुभएको छैन " भनी (तपाईं) भन्नुहुन्छ ।" हे आर्या ! के त मरणपछि तथागत न त हुन्छ न त हुन्न त ?" भनी सोध्दा "महाराज ! भगवान्ले मरणपछि तथागत न त हुन्छ, न त हुन्न भन्ने कुरा पनि भन्नुभएको छैन भनी (तपाईं) भन्नुहुन्छ । "हे आर्या ! त्यसो भए भगवान्ले ती कुराहरू न बताउनाको के हेतु हो त ? के प्रत्यय हो त ?"

"महाराज ! त्यसो भए तपाईंसँगै गरेको सोध्ने छु । जस्तो तपाईंलाई लाग्नेछ त्स्तै यो कुरा भन्नुहोस् महाराज ! के भन्नुहुन्छ नि, के तपाईंको कुनै गणितज्ञ, मुद्राज्ञ (=हातमा गिन्ती गर्न जान्ने) अथवा संख्याज्ञ छ ? जसले गङ्गाको बालुवालाई यति छ यति सय छ, यति हजार छ, अथवा यति लाख छ भनी गिन्ती गर्न सकोस् ?"

"हे आर्या ! छैन ।"

"महाराज ! त्यसो भए, तपाईंको कुनै गणितज्ञ, मुद्राज्ञ अथवा संख्याज्ञ छ के ? जसले महासमुद्रको पानी यति छ, यति पाथी छ, यति सय पाथी छ, यति हजार पाथी छ अथवा यति लाख पाथी छ भनी नाप्न सकोस् ?"

"भन्ते ! छैन् । "

"त्यसो किन नि ?"

"हे आर्या ! समुद्र महान् छ, गम्भीर छ तथा दुष्परिग्राह्य (= अन्तलिन गाह्रो) छ ।"

(१) "महाराज ! त्यस्तै गरी जुन **रुपद्वारा (वेदनाद्वारा, संज्ञाद्वारा,**



https://dhamma.digital

**संस्कारद्वारा, विज्ञानद्वारा लाई पनि यसरी नै बुझ्नुपर्छ)** तथागतलाई प्रज्ञापन गरिने हो सो रूप तथागतको प्रहीण भइसक्यो, जरो उखेलिइसक्यो, छेदन गरेको तालवृक्षझैं असम्भाव्य भई पुनः उत्पन्न नहुने भइसक्यो । महाराज ! तथागत रूप सञ्ञा (=संज्ञा) बाट विनिर्मुक्त र महासमुद्र जस्तै गम्भीर, अप्रमेय तथा दुष्परिग्राह्य हुनुहुन्छ । त्यसैले 'मरणपछि तथागत हुन्छ भन्न पनि मिल्दैन, मरणपछि तथागत हुन्न भन्न पनि मिल्दैन', 'मरणपछि तथागत न त हुन्छ न त हुन्न' भन्न पनि मिल्दैन ।

त्यसपछि प्रसेनजित् कोसल राजा, क्षेमा भिक्षुणीको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी आसनबाट उठी क्षेमा भिक्षुणीलाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए ।

## मूल सूत्र

### २. अग्रस्थान

**"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं महापञ्ञानं यदिदं खेमा । "**

अर्थ- "भिक्षु हो ! मेरा महाप्रज्ञावान् श्राविका भिक्षुणीहरूमध्येमा क्षेमा (खेमा) अग्र छिन् ।

## मूल पालि

### ३. क्षेमा स्थविरापदान

#### अतीतकथा

१. "शतसहश्र कल्प अघि सबै धर्ममा चक्षुहुने पद्मोत्तर (पदुमुत्तर) भन्ने जिन उत्पन्न हुनुभयो।"

२. "त्यस बखत म, हंसवती नगरको नाना रत्नादि भरिपूर्ण भएको एक कुलगृहमा जन्मेको थिएँ ।

३. एक दिन, महावीर (बुद्ध) कहाँ धर्मोपदेश सुनी अत्यन्त प्रसन्न भएर म उहाँकै शरणमा गएँ ।



https://dhamma.digital

४. आमाबुबाको स्वीकृति लिई मैले श्रावकसहित उहाँलाई एक सातासम्म भोजन गराएँ ।

५. सप्ताह बितेपछि वहाँले महाप्रज्ञा हुनेहरूमध्येमा श्रेष्ठ हुने एक भिक्षुणीलाई अग्रपदमा राख्नुभयो ।

६. त्यो देखेर प्रमुदित भई मैले पनि सोही स्थानकोनिमित्त अधिकार पूर्वक प्रणिधान गरें ।

७. अनि पद्मोत्तर बुद्धले मेरो अधिकारपूर्ण प्रणिधान सफल हुनेछ भन्नुहुँदै यसरी भविष्यवाणी गर्नुभयो

८-९. "एकलाख कल्पपछि ओक्काककुलोत्पन्न गौतम गोत्रमा एक शास्ता उत्पन्न हुनुहुनेछ, उहाँको धर्मदायाद प्राप्तगरी एतदग्र प्राप्त क्षेमा भन्ने भिक्षुणी हुनेछौ ।"

१०. "त्यस सु-कृत्यकर्मद्वारा र त्यस प्रणिधि चेतनाको प्रभावद्धारा मनुष्यदेह त्यागगरी त्रयस्त्रिंश लोकमा पुगे ।

११-१२. त्यहाँबाट यामालोकमा, त्यहाँबाट तुषितलोकमा, त्यहाँबाट निर्माणरति लोकमा र त्यहाँबाट पनि वशवर्ति लोकमा उत्पन्न भएँ । त्यस कर्मको वेगले जहाँ जहाँ जन्मिएँ त्यहाँ त्यहाँका राजाहरूका महिषीत्व प्राप्त गरें ।

१३. त्यहाँबाट च्युत भई चक्रवर्ती तथा मण्डलीहरूका महिषीत्व प्राप्त गरें ।

१४. देव मनुष्लोकहरूमा सम्पत्तिहरू भोग गर्दै सबै ठाउँमा सुखी भई संसारमा विचरण गरें ।

## विपश्वी बुद्ध

१५. एकानब्बे कल्पमा सबै धर्महरूलाई राम्ररी देख्ने विपस्सी बुद्ध लोकनायक उत्पन्न हुनुभयो ।

१६. उहाँ लोकनायकको धर्मोपदेश सुनी अनागारिक भई प्रव्रजित भएँ ।

१७. दशहजार वर्षसम्म उहाँको शासनमा युक्तयोगी तथा बहुश्रुता



https://dhamma.digital

भई बह्मचर्य पालन गरें ।

१८. प्रत्ययाकार कुशला, चतुसत्य विशारदा, निपुणा तथा चित्रकथिका भई शास्ताको धर्म पालन गरें ।

१९. त्यहाँबाट च्युत भई यशश्वी भई तुषितलोकमा उत्पन्न भए, ब्रह्मचर्यको फलले गर्दा त्यहाँ सबैमाथि मैले प्रभुत्व जमाएको थिएँ ।

२०. जहाँ- जहाँ जन्मिएँ त्यहाँ म महाभोगी, महाधनी, मेधाविनी तथा शीलवती थिएँ । मेरो परिषद् पनि सुविनीत थियो ।

२१. जिन-शासनमा योग गरेको हुँदा त्यस कर्मको फलद्वारा मलाई मनपर्ने सबै सम्पत्तिहरू सुलभ थिए ।

२२. सोही प्रतिपत्तिको कारणले गर्दा संसारमा जति मेरा पतिहरू भए ती सबैले मलाई कुनै अपमान गरेनन् ।

**क) यो पि मे भवते भत्ता, यत्थ यत्थ गताय पि ।**
**विमानेति न मं कोचि, पटिपत्तिबलेन मे ॥**

**ख) इमम्हि भद्दके कप्पे, ब्रह्मबन्धु महायसो ।**
**नामेन कोणागमनो, उप्पसज्ज बदतं वरो ॥**

**भद्रकल्पमा**

२३. यस भद्रकल्पमा महायश तथा ब्रह्मबन्धु हुनुभएका कोणागमन भन्ने बुद्ध उत्पन्न हुनुभयो ।

२४-२५. त्यस समय वाराणशीवासी एक समृद्ध कुलकी धनञ्जानी, सुमेधा र म समेत तीन छोरीहरू थियौं । हामी तीनजनाले सङ्घाराम दान दियौं, सङ्घको उद्देश्य गरी विहार पनि बनाइ दियौं ।

२६. त्यहाँबाट च्युत भई हामी सबै त्रयस्त्रिंश भवनमा पुग्यौं र यशद्वारा अग्र भयौं, मनुष्यलोकमा पनि त्यस्तै भयौं ।

२७. यसै भद्रकल्पमा महायश प्राप्त, ब्रह्मबन्धु हुनुभएका काश्यप बुद्ध, काश्यप भन्ने गोत्रमा जन्मिनुभयो ।

२८-२९ त्यस बखत वाराणशीवासी किकी नामक राजा महर्षि



https://dhamma.digital

बुद्धको उपस्थाक थिए । म श्रमणी (समणी) नामकी जेठी छोरी भएको थिएँ र बुद्धको धर्मोपदेश सुनेपछि म प्रव्रजित हुन चाहेकी थिएँ ।

३०. तर हाम्रा पिताले हामीलाई अनुमति दिनुभएन र हामी सबै बीसहजार वर्षसम्म अप्रमादिनी भई घरमै बस्यौं ।

३१.३२. "अनि श्रमणी (समणी), श्रमणगुप्ता (समणगुप्ता), भिक्षुणी (भिक्खुनी), भिक्षुदायिका (भिक्खुदायिका), वा भिक्षुदाशी, धर्मा (धम्मा), सुधर्मा (सुधम्मा), र सङ्घदायिका वा संघदाशी भन्ने हामी सात दिदी-बहिनी राजकन्याहरूले- बीसहजार वर्षसम्म कौमारी ब्रह्मचर्य पालन गरी सुखपूर्वक प्रमुदित भएर निरन्तर बुद्धको उपस्थान गऱ्यौं ।

३३ "(ती सात बहिनीहरू अहिले) म र उत्पलवर्णा (उप्पलवण्णा), पटाचारा, कुण्डला, कृशागौतमी (किसा गौतमी), धर्मदिन्ना (धम्मदिना), तथा सातौं विशाखा (उपासिका) हुन् ।

३४. "उहाँ नरादित्य बुद्धले कहिले अदभूत धर्म, कहिले महानिदानसूत्रहरू देशना गर्नुहुन्थ्यो र त्यसलाई म अध्ययन गर्थे ।

३५. "त्यही सुकृत्य कर्मको र प्रणिधि चेतनाको फलले मनुष्य देह छाडी म त्रयस्त्रिंश भवनमा पुगें ।

**वर्तमान कथा**

३६. "यो मेरो अन्तिम जन्ममा म शागल वा साकल भन्ने नगरका **मद्ददेश**का राजाकी छोरी भएँ ।

३७. "मेरो जन्मको साथसाथै त्यस नगरमा भय दूर भएको थियो र सोही गुण अनुसार मेरो नाम **'क्षेमा'** रहन गएको हो ।

३८. जब म रूपलावण्यताले युक्त भई युवती भएँ, तब मेरा पिताले मलाई राजा बिम्बिसारलाई दिए ।

३९. म उनकी प्रिय थिएँ, म रूपमा मात्र मन लगाउँथें, रूपको मात्र दोष भन्ने विचारले म महादयालु बुद्धकहाँ गइन् ।

४०. अनि **बिम्बिसार राजा**ले मप्रतिको अनुग्रहवुद्धिद्वारा गायकहरू लगाई वेणुवनको बयान सुनाए ।



https://dhamma.digital

४१. रम्य वेणुवन र सुगतालय नदेख्नेले **नन्दन वन** देखे भनी भन्न सक्दैन भन्ने हाम्रो धारणा हो ।

४२. जसले **नरनन्दन नन्द** हुने **वेणुवन** देख्ने छ उसले अमरिन्द सुनन्द नन्दन वनलाई राम्रैसँग देखेको हुनेछ ।

४३. **नन्दन वन**बाट देवताहरू यो पृथ्वीमा आई वेणुवन देखेर शीतल अनुभव गरी आश्चर्यित हुन्छन् ।

४४. राजाको पुण्यानुभावद्वारा उत्पन्न तथा बुद्धको पुण्यानुभावद्वारा विभूषित वेणुवनको बयान कसले निशेष रूपले बताउन सक्ला र ।

४५. सुसमृद्ध वेणुवनको बयान सुनी मेरा कान आनन्दित भए, अनि सो उद्यान हेर्ने इच्छा गरी मैले राजासँग विन्ति गरें ।

४६. "त्यसपछि उद्यान हेर्ने उत्सुकता भएकी मलाई सो महीपतिले महत् परिवारका साथ त्यहाँ पठाए ।

४७. "हे महाभाग्यवती ! जाऊ, नेत्ररसायन भएको संधै श्रीद्वारा शोभायमान भएको तथा सुगतालयद्वारा प्रकाशमान भएको त्यो उद्यान हेर्न जाउ ।

## बुद्ध दर्शन

४८. अनि म मुनि हुनुभएका भगवान् बुद्ध गिरीब्रजको उत्तम नगरमा भिक्षाटन् जानुभएको बेलामा **वेणुवन** हेर्न त्यहाँ गएँ ।

४९-५१. "त्यस बखत मैले -प्रफुल्लित भएका अनेक भ्रमरहरूले शब्द गरिरहेका, कोकिलहरूको गीत स्वरको बीचमा मयूरगणहरूद्वारा नाचिरहेका, अल्पशब्द र अनाकीर्ण भएका, अनेक चंक्रमणहरूद्वारा विभूषित भएका, कुटी र मण्डपादिद्वारा सुसज्जित भएका तथा योगीवर विराजमान भएको वेणुवनमा विचरण गर्दा मेरो नेत्र नै पवित्र भयो । त्यस्तो वनमा तरुण भिक्षुहरूलाई देखेर मलाई यस्तो लाग्यो -

५२-५४. यस्तो रमणीय वनमा बस्ने यी नवयुवक भिक्षुहरू वसन्त समान सुन्दर रूपले युक्त छन् । शीर मुन्डन भएका, संघाटि पारूपन गरेका तथा विषय रतिलाई त्यागी यी भिक्षुहरू रूखमुनी बसी ध्यानमा



https://dhamma.digital

बसिरहेका छन् । गृहस्थीले पहिले यथासुख कामविषय भोग गरी पछि बुढो भएपछि पो यस्तो सुभद्र-धर्म पालन गर्नुपर्छ ।

५५. एकान्त तथा शून्य सम्झी, सुगन्धयुक्त जिनालय गृहमा गई, उदाइरहेका भास्कर जस्तै हुनुभएका जिनलाई देखें ।

५६. त्यहाँ पंखा हम्किरहेकी, एक अत्यन्त सुन्दरी स्त्रीलाई देखी मलाई यस्तो लाग्यो- यी नरासभ (=बुद्ध) रुक्ष त हुँदा रहेनछन् ।'

५७-५९. सुवर्णाभास भएकी, पद्मसमान नेत्र भएकी, चन्द्रमण्डल समान ओठ भएकी, दर्शनीय केश भएकी, मनो-नेत्र रसायन भएकी, सुवर्णवर्ण मुख भएकी, कलशाकार स्तन भएकी, पुष्ट नितम्ब भएकी, केराको थामजस्तै राम्रो तिघ्राले भूषित भएकी, रक्तांशकूपमा नीला वस्त्र पहिरिएकी हेर्नेको मन शीतलपार्ने रूपले युक्त भएकी तथा मन्दहाँस्य स्वभावकी ती सुन्दरी कन्यालाई देखेर मेरो मनमा यस्तो लाग्यो- अहो ! यस्तो स्त्रीलाई यो आँखाले मैले अघि कहिल्यै पनि देखेकी थिइन ।

६०-६२ त्यसपछि तिनी, जराभिभूत भई, दाँत फुक्लिई कपाल फुली तथा लाली चढेको चेहरा कुरूप भई, बहिरीभई, सेता आँखा भएकी स्तन झोलिएकी, सर्वाङ्ग चाउरी परी, कुप्रिई लट्ठी बिना उभिन पनि नसक्ने भई, करङ्ग जम्मै देखिने गरी, अस्थिपञ्जर मात्र बाँकी भएकी थर थर काँप्दै त्यहीं नै लडी बारम्बार लामो सास फेर्न थाली ।

६३. "यो दृश्य देखेर मलाई बडो विरक्त लाग्यो र अद्भूत ढङ्गले मेरो शरीर रोमाञ्चित भयो-धिक्कार रहेछ यो शरीरलाई ! जहाँ कि बल्छीमा अल्झे जस्तैगरी मानिसहरू रूपमा रमण गर्छन् ।"

६४. त्यस बखत महाकारुणिक सुगतले मेरो चित्त विरक्त भएको बुझ्नुभई यस्तो गाथा सुनाउनु भयो-

६५. "हे क्षेमे ! बालमूर्खहरू अभिनन्दन हुने, आतुर परेको, माथिबाट पनि तलबाट पनि बगिरहेको असूचिपूर्ण यो शरीरलाई हेर !

६६-६९. एकाग्र सुसमाहित चित्त गरी अशुभमा चित्त लगाई, कायमा स्मृति राखी, विरक्त भावलाई बढाऊ, जस्तो यो हो त्यस्तै त्यो हो, जस्तो यो हो त्यस्तै त्यो हो भनी भित्री र बाहिरी कायबाट छन्दराग



https://dhamma.digital

हटाऊ, अनिमित्त लाई पनि भाविता गर, मानानुशयलाई पनि त्याग र मानलाई अभिसम गरिसकेपछि उपशान्त भई बस्न सक्नेछ्यौ । स्वयंकृत माकुराको जालोमाझैं जो रागमा अनुरक्त हुन्छ उ जन्ममरणरूपी स्रोतमा पतन हुन्छ त्यसो हुनाले मलाई पनि छेदन गरी, अनपेक्षी भई काम सुखलाई छाड ।'

७०. मेरो चित्त उपयुक्त भएको बुझ्नुभई नरसारथीले त्यसपछि मलाई विनीत गर्न महानिदान सूत्रको उपदेश गर्नुभयो ।

७१. श्रेष्ठ सूत्रको उपदेश सुनेपछि पूर्व संज्ञाको पनि अनुस्मरण भएपछि, त्यहीं बसेर नै मैले धर्मचक्षु विशुद्ध पारें ।

**क्षमा प्रार्थना**

७२. त्यतिखेरै महर्षि बुद्धको पाद-कमलमा परी क्षमा मागी मैले यस्तो वचन प्रकट गरें ।

७३. तपाईं सर्वदर्शीलाई मेरो नमस्कार छ, तपाईं करुणाकरलाई मेरो नमस्कार छ, संसारबाट उतीर्ण हुनुभएका तपाईंलाई मेरो नमस्कार छ, अमृतदाता तपाईंलाई मेरो नमस्कार छ ।

७४. दृष्टिको फन्दामा परिरहेकी, काम रागको कारणद्धारा मोहित भएकी मलाई तपाईंले सम्यक् उपायद्वारा विनयमा विनीत पार्नुभयो ।

७५. भोगबाट विमुक्त हुनुभएका त्यस्ता महर्षिलाई देख्न नपाउँदा सत्वहरू संसार सागरमा महादुःख भोग गर्छन् ।

७६. लोकवासीका शरण हुनुभएका, संसार पार गर्नुभएका, संसारको अन्तमा पुग्नुभएका तपाईंलाई अदूरदर्शीताको कारणले मैले तपाईंको दर्शन गरेकी थिइन, त्यो मेरो अपराधलाई क्षमा गर्नुहोस् ।

७७. हे वरदायी ! हितलाई अहित भनी आशंका गरी, रूपमा प्रमोहित हुने मैले तपाईंको दर्शन गरेकी थिइन, त्यो मेरो अपराधलाई क्षमा गर्नुहोस् ।

७८. त्यस समय महाकारुणिक जिनले मधुस्वर निकाली, अमृतद्वारा सिञ्चन गर्नुहुँदै मलाई-क्षेमे ! पखभनी भन्नुभयो ।



https://dhamma.digital

७९. अनि उहाँलाई प्रणाम र प्रदक्षिणा गरी, नरपतिकहाँ गई यसो विन्ति गरें ।

८० - ८१. हे शत्रुविजेता ! अहो तपाईंले कस्तो उपाय सोच्नु भएको ! वेणुवन देख्ने इच्छागर्दा निर्वाणदायी मुनिलाई दर्शन गरें । हे राजा ! तपाईं पनि रुचाउनु हुन्छ भने, उहाँ अचल बुद्धको शासनमा म प्रव्रजित हुन चाहन्छु मुनिको वाणीद्वारा म रूपबाट विरक्त भइसकेकी छु ।

८२. त्यस बखत, महीपतिले हातजोडी यसो भन्नुभयो- हे भद्रे ! तिमीलाई अनुमति दिन्छु', तिम्रो प्रव्रज्या साफल्य होस् ।

८३. अनि, प्रव्रजित भएर आधा महिना हुँदा, बत्तीको उदय र भंगतालाई देखेर मेरो मनमा संवेग उत्पन्न भयो ।

८४. सबै संस्कारहरूबाट विरक्त भई, प्रत्ययाकार कोविदा भई, चार ओघहरूबाट उत्तीर्ण भई अरहत्व प्राप्त गरे ।

८५. ऋद्धि र दिव्यश्रोत मेरो वशमा छ, चेतोपरिय ज्ञान पनि मेरो वशमा छ ।

८६. पूर्वजन्मका कुराहरू जान्दछु, दिव्य चक्षु विशुद्ध छ सबै आश्रवहरू परिक्षीण भए, अब उप्रान्त पुनर्जन्म पनि छैन ।

८७. बुद्ध शासनमा उत्पन्न भएपछि अर्थ, धर्म, निरुक्ति तथा प्रतिभाणमा मेरो ज्ञान परिशुद्ध भयो ।

८८. विशुद्धिमा कुशल छु, कथावस्तुहरूमा विशारद छु, अभिधर्म-नयलाई म जान्दछु अनि शासनमा पनि वशीप्राप्त छु ।

८९. अनि तोरणवस्तुमा राजा कोशलद्वारा सोधिएका निपुण प्रश्नहरूका उत्तरहरू यथार्थत व्याकरण गरें ।

९०. त्यस पछि राजाले सुगतकहाँ गई उही प्रश्नहरू सोधे, अनि बुद्धले पनि उस्तै उत्तर दिनुभयो जस्तो मैले व्याकरण गरेकी थिएँ ।

९१. त्यस कुरामा सन्तुष्ट भई नरोत्तम जिनले मलाई एतदग्गपदमा राख्नुहुँदै महाप्रज्ञा हुने भिक्षुणीहरू मध्येमा अग्रछिन् भनी भन्नुभयो ।



https://dhamma.digital

९२. मेरो सबै क्लेशहरू भस्म भइसकेका छन्, सबै भव तृष्णाहरू नाश भइसकेका छन, बन्धन चुँडाली बस्ने नाग (=हात्ती) जस्तै अनास्रवी भई म विहार गरिरहेकी छु ।

९३. "मेरो बुद्धको अगाडि मलाई स्वागत नै छ, तीनविद्या प्राप्तगरी मैले बुद्ध शासन पूरा गरें ।

९४. "चार प्रतिसम्भिदा, आठ विमोक्ष तथा छ अभिज्ञाहरू समेत प्राप्त गरी मैले बुद्धको शासनलाई पूरा गरेकी छु । "

## मूल पालि

### ४. क्षेमा स्थविरा गाथा

१. "दहरा त्वं रूपवती, अहं पि दहरो युवा ।
पञ्चङ्गिकेन तुरियेन, एहि खेमे रमामसे ।।

२. "इमिना पूतिकायेन, आतुरेन पभङ्गना ।
अट्टियामि हरायामि, कामतण्हा समूहता ॥

३. "सत्तिसुलूपमा कामा, खन्धानं अधिकुट्टका ।
यं त्वं कामरतिं ब्रुसि, अरती दानि सा ममं ॥

४. "सब्बत्थ विहता नन्दी, तमोक्खन्धो पदालितो ।
एवं जानाहि पापिम, विहतो त्वमसि अन्तका ॥

५. नक्खत्तानि नमस्सन्ता, अग्गिं परिचरं वने ।
यथाभुच्चमजानन्ता, बाला सुद्धिममञ्ञथ ॥

६. अहं च खो नमस्सन्ती, सम्बद्धं पुरिसुत्तमं ।
पमुत्ता सब्बदुक्खेहि, सत्थुसासनकारिका'ति ॥

**अर्थः**

१ "हे क्षेमे ! तिमी पनि तरुणी रूपवती छयौं, म पनि तरुण युवक छु, आउ, पञ्चाङ्गिक तूर्यनाद गरी रमण गरौं ।

२ "यो दुर्गन्धयुक्त, आतुरयुक्त तथा प्रभंगरयुक्त शरीर देखेर म



https://dhamma.digital

आत्तिएकी छु, हैरान भएकी छु, मैले काम तृष्णाहरूलाई नाश पारिसकेकी छु ।

३ "यो कामवासना भनेको तीर तथा शूल जस्तै हो, कामवासनाकै कारणले स्कन्धयुक्त देह भेदभिन्न पनि हुन्छ, जो तिमी कामरतिबारे बोल्दछौं अब त्यो मेरोनिमित्त अरति भइसक्यो ।

४ "तृष्णारूपी सबै नन्दी (= भवसंसारको राग) लाई मारिसकें, अँध्यारोपनलाई हटाइसकें- हे पापिम ! हे अन्तक ! यस्तो जान कि तिमी मारिइ सक्यौ ।

५. "यथार्थतालाई न जानी बाल- मूर्खहरू 'शुद्धि' ठान्दै नक्षत्रहरूलाई पूजागरी, जङ्गलमा बसी अग्निपरिचर्या गर्छन् ।

६. "म त पुरुषोत्तम हुनुभएका सम्बुद्धलाई नमस्कार गर्छु, सबै दुःखहरूबाट पनि मुक्त छु, शास्ताको धर्मलाई पनि पालन गर्ने भएकी छु ।"

## मूल सूत्र

### ५. आयाचना

"भिक्षुहो ! श्रद्धालु भिक्षुणीले सम्यकहरूपले आयाचना गर्ने हो भने यसरी आयाचना गर्नुपर्छ - 'त्यस्ती हुन सकूँ, जस्ते क्षेमा (खेमा) भिक्षुणी र उत्पलवर्णा (उप्पलवण्णा) भिक्षुणीहरू छन् ।'

"भिक्षुहो ! मेरा श्राविका भिक्षुणीहरू मध्येमा क्षेमा भिक्षुणी र उत्पलवर्णा भिक्षुणीहरू नै प्रमाणकर तथा तुलादण्ड हुन् ।

## मूल सूत्र

### ६. मापदण्ड

यस्तो मैले सुने, एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो । त्यहाँ भिक्षुहरूलाई "भिक्षु हो !" भनी (भगवान्ले) आमन्त्रण गर्नुभयो । "भदन्त !" भनी भिक्षुहरूले भगवान्लाई



https://dhamma.digital

प्रत्युत्तर दिए । अनि भगवान्ले भिक्षुहरूलाई यस्तो भन्नुभयो -

"भिक्षु हो ! लाभसत्कार तथा यशकीर्ति भनेको अति दरुण, कटु तथा खरो हुन्छ जसले अनुत्तर योगक्षेम प्राप्तिको निमित्त बाधा पुऱ्याउँछ। भिक्षु हो ! त्यसो हुनाले तिमीहरूले 'उत्पन्न भएको लाभसत्कार तथा यशकीर्तिलाई छाड्नेछौं र उत्पन्न भएको लाभसत्कार तथा यशकीर्तिलाई चित्तमा लिई बस्ने छैनौ' भन्ने सिक्नुपर्छ ।

"भिक्षु हो ! श्रद्धालु एक पौत्रिका उपासिकाले आफ्नो प्यारी तथा मनपर्ने पुत्रीको असल कामना गर्ने हो भने -'हे आर्या ! तिमी खुजुत्तरा उपासिका र वेलुकण्डकीनन्दमाता जस्ती हुन सक ।' भन्ने कामना गर्नुपर्छ। भिक्षु हो ! (किनभने) खुजुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता नै मेरा श्राविका उपासिकाहरूमध्येमा मापदण्ड र प्रमाणकर हुन् । 'हे आर्या ! यदि तिमी घरबार छाडी अनगारिका भई प्रव्रजित हुन चाहन्छ्यौं भने क्षेमा र उप्पलवर्णा भिक्षुणीहरू जस्तै तिमी हुन सक !' भन्ने कामना गर्नुपर्छ । भिक्षुहो ! (किनभने) क्षेमा र उप्पलवर्णा भिक्षुणीहरू नै मेरा श्राविका उपासिकाहरूमध्येमा मापदण्ड र प्रमाणकर हुन् । 'हे आर्या ! तिमीले शैक्षत्व प्राप्त गर्न नसकुञ्जेलसम्म तिमीलाई लाभसत्कार तथा यशकीर्ति प्राप्त नहोस् भन्ने कामना गर्नुपर्छ । भिक्षुहो ! (किनभने) यदि भिक्षुणीलाई शैक्षत्व प्राप्त नभइकन लाभसत्कार तथा यशकीर्ति प्राप्त भयो भने त्यो उसको लागि हानिकारक हुनसक्छ ।

"भिक्षु हो ! यस प्रकार लाभसत्कार तथा यशकीर्ति भनेको अति दरुण, कटु तथा खरो हुन्छ -जसले अनुत्तर योगक्षेम प्राप्तिकोनिमित्त बाधा पऱ्याँउछ। भिक्षु हो ! त्यसो हुनाले - 'उत्पन्न भएका लाभसत्कार तथा यशकीर्तिलाई छाड्ने छौं र उत्पन्न भएका लाभसत्कार तथ यशकीर्तिलाई चित्तमा लिई बस्ने छेनौ' भन्ने सिक्नुपर्छ ।"

**समाप्त ।**



https://dhamma.digital

# २. उत्पलवर्णा स्थविरा

## परिचय

महाप्रजापति गौतमी महारानीले नारीजातिको निमित्त भिक्षुणी हुने दैलो उघारिदिनु भएपछि बुद्धधर्ममा सबै थरीका स्त्रीहरू भिक्षुणी हुन थाले। यसै क्रममा उत्पलवर्णा पनि भिक्षुणी भइन्। यिनी श्रावस्तीवासी एक धनाढ्य सेठकी छोरी हुन्। यिनी नीलोत्पल जस्तै सुन्दरी थिइन्।

**प्रव्रज्या ग्रहण :** श्रावस्ती नगरमा एक धनाढ्य कुल थियो। सो कुलमा एक अत्यन्त सुन्दरी कन्याको जन्म भयो। सो कन्याको वर्ण नीलकमल जस्तै थियो। त्यसैले उनको नाम नै 'उत्पलवर्णा' रहन गएको हो। उनी यौवन अवस्थामा पुग्दा त्यसताकाका जम्बुद्वीपका सबैजसो राजपरिवारहरूले तथा ठूला ठूला साहुमहाजनहरूले उनलाई माग्न पठाए। कसलाई दिने भन्ने विषयमा उनको पितालाई बडो अप्ठयारो पर्‍यो। एउटालाई दिए अर्को रिसाउला भन्ने डर लिँदालिदै सो सेठमा चिन्ता बढ्न थाल्यो। एउटी छोरीद्वारा सबैको चित्त बुझाउन साह्रै गाह्रो पर्‍यो र शत्रु कमाउन पनि चाहन्नथे। यस्तो परिस्थितिमा सो सेठले "यदि मानी भने आफ्नी छोरीलाई भिक्षुणी बनाइदिन पाए कसैसँग शत्रुता कमाउन पनि पर्ने छैन र यसो गर्नु नै सबभन्दा बढिया हुनेछ" भन्ने उपाय सोची एक दिन, छोरीलाई बोलाई सो सेठले भने -

"प्रिय पुत्री ! के तिमी भगवान् बुद्धको धर्ममा भिक्षुणी भएर बस्न सक्छयौं ?"

यो कुरा सुनी उत्पलवर्णा कुमारी साह्रै खुशी भइन्। यो कुरा त उनको निमित्त मानो कुनै टाउको दुखेकोलाई कसैले शतपाक तेलद्वारा शीर मालिस गरिदिए जस्तै भयो। उत्पलवर्णा कुमारी अनेक कल्प अघिदेखि अनेक प्रणिधानहरू गर्दै आएकी एक पुण्यवती कुमारी थिइन्। उनको यो अन्तिम जन्म थियो। उनमा भित्री ज्ञानरूपी दियो



https://dhamma.digital

बलिरहेको थियो । प्रकृति स्वभावले नै नीलोत्पल वर्ण जस्ती सुन्दरी भई, सबैका आँखाहरू सन्तुष्ट पार्ने खालकी प्रियंकररूप भए जस्तै, उनको क्लेशाग्निको भित्री ताप नभएकोले उनी अत्यधिक तेजिली पनि देखिन्थिन्। त्यसैले उनले आफ्नो पितालाई “प्रव्रजित हुनसक्छु” भनी अत्यन्त प्रसन्नतापूर्वक उत्तर दिइन् । छोरीको सकारात्मक वचन सुनेर सारै खुशी भएका सेठले बडो धुमधामका साथ छोरीलाई भिक्षुणीहरू बस्ने ठाउँमा लगी प्रव्रजित गराए ।

थेरीअपदानपालिमा स्वयं उत्पलवर्णा स्थविराले यस्तो उल्लेख गर्नुभएको छ -

**“महाधनसेट्ठिकुले, सुखिते सज्जिते तथा ।**
**नानारतनपज्जोते, सब्बकामसमिद्धिने ॥”**
**“सक्कता पूजिता चेव, मानितापचिता तथा ।**
**रुपसिरीमनुप्पत्ता, कुलेसु अतिसक्कता ॥”**
**“अतीव पत्थिता चासिं, रुपभोगसिरीहि च ।**
**पट्ठिता सेट्ठिपुत्तेहि, अनेकेही सतेहि पि ॥”**
**“अगारं पजहित्वान, पब्बज्जिं अनगारियं ।”**

अर्थ : “सबै कामसुख समृद्ध भएका, अनेक रत्नहरू सुसम्पन्न भएका तथा अनेक सुसज्जित महाधनी श्रेष्ठी कुलमा, रूप श्रीसम्पत्तिले सम्पन्न भई, अनेक मानसत्कारहरू प्राप्त गरी, अनेक रूप-भोग सम्पत्ति परिपूर्ण भएका, अनेक श्रेष्ठी पुत्रहरूद्वारा मागेतापनि म घरछाडी अनगारिका भई प्रव्रजित भएँ ।”

**अरहत्व लाभ :** भिक्षुणी भएदेखि उत्पलवर्णा भिक्षुणी बडो सुविनीत तथा अति उद्योगिनी हुनुहुन्थ्यो । भिक्षुणीहरू बस्ने ठाउँमा सफासुग्घर गर्ने कामदेखि लिएर कुनै पनि परिचर्या गर्नमा उहाँ अल्छी मान्नुहुन्नथ्यो । यसैक्रममा एक दिन, उपोसथागारमा सफासुग्घर गर्ने पालो उहाँको पऱ्यो र राती बत्ती बालि उहाँ उपोसथागारमा उहाँ बढार्दै हुनुहुन्थ्यो । त्यस बखत उहाँको ध्यान बलिरहेको दियोको शिखामा



Dhamma Digital
https://dhamma.digital

पऱ्यो र त्यही शिखामै बारंबार अवलोकन गर्दागर्दै उहाँलाई आलोक कसिणको संज्ञा उत्पन्न भई त्यसैमा चित्त स्थिर गरी, एकाग्र चित्तगरी उभिएरै ध्यान गर्दागर्दै चित्तमलहरू दूरभई आस्रवक्षय प्राप्त गर्नुभयो । आश्रवक्षयका साथसाथै विशेष रूपले ऋद्धिविधध्यान पनि उहाँलाई प्राप्त भयो । यसको अलावा चतुप्रतिसम्भिदादि अरू विशेष ज्ञानहरू पनि उहाँले हासिल गर्नुभयो । प्रव्रजित भएको दुईहप्ता नबित्दै उहाँले अरहत्व प्राप्त गर्नुभयो । त्यसैले थेरीअपदानमा उहाँले यस्तो उल्लेख गर्नुभएको हो - "अडढमासे असम्पत्ते, चतुसच्चमपापुणि ।"

**अन्धवनमा :** अनि उत्पलवर्णा स्थविरा केही समय जनपद चारिका गरी पछि पुनः श्रावस्तीमै फर्केर आउनुभयो । श्रावस्तीको नजिकको अन्धवनमा एक सानो कुटी बनाई, त्यसमा एक खाट् र पर्दा राखी त्यसै कुटीमा बस्न थाल्नुभयो । यस बेलासम्म भिक्षुणीहरू एक्लै जङ्गलमा बस्नहुन्न भन्ने नियम बनेको थिएन ।

स्थविराको मामाको छोरा **नन्द नामक माणवक** स्थविरा गृहस्थीमा छँदादेखि नै उहाँप्रति आसक्तभई प्रतिबद्ध चित्त लिई बसेको थियो । स्थविराप्रति व्यभिचार गर्ने आफ्नो अतृप्त इच्छाको कारणले ऊ अत्यन्त छट्पटाइ रहेको थियो । गृहस्थीको समयमा त्यस्तो मौका पाउन नसकेकोले भिक्षुणी भइसकेपछि सो मौका छोप्ने कुचेष्टा गर्न उसले छाडेको थिएन ।

जब उसले उत्पलवर्णा स्थविरा जनपद चारिका गरी फर्केर आएर अन्धवनमा कुटी बनाई एक्लै बसिरहेको कुरा थाहा पायो तब उ एक दिन, स्थविरा भिक्षुणी श्रावस्तीमा भिक्षाटन गइरहनु भएको बेलामा अन्धवनमा गई, कुटीभित्र पसी, खाटमुनी लुकिरह्यो । स्थविरा भिक्षुणी संधै झैं श्रावस्तीमा भिक्षाटन गरी फर्केर कुटी भित्र गई दैलो थुनी खाट्मा बस्ने बितिकै-बाहिर मध्यान्ह समयको धूपको कारणले तिर्मिराएको अवस्थामै खाटमुनि लुकिरहेको सो दुष्टमाणवकले खाटबाट निस्की एक्कासी उहाँमाथि हातहाली जबर्जस्ती गर्न थाल्यो । त्यसबेला उहाँले "हे मूर्ख ! अपराध नगर ! हे मूर्ख ! विनाश न होऊ !!" भन्दै



https://dhamma.digital

कराउन थाल्नुभयो । स्थविरा भिक्षुणी कराउँदा कराउदै कामान्धकारले विमूढ भएको सो दुष्ट नन्द माणवकले आफ्नो इच्छा पूरागरी कुटीबाट निस्केर गयो । त्यत्रा महामेरु पर्वतहरू धारण गर्नसक्ने यी धर्तीले त्यो चारहाते पापी माणवकलाई धारण गर्न नसक्ने जस्तो गरी स्थविराको दृष्टिपथबाट दूर भएपछि धर्ती फाटी सो पापी पुरुष अधोगतिमा पुग्यो भनी अर्थकथाहरूले उल्लेख गरेका छन् ।

स्थविराले यो घटना तुरुन्तै अरू भिक्षुणीलाई बताए, भिक्षुणीहरूले भिक्षुहरूलाई बताए र भिक्षुहरूले भगवान्‌लाई सुनाए । अनि भगवान्‌ले यसै प्रसँगमा भिक्षुहरूलाई आमन्त्रण गर्नुहुँदै यस्तो भन्नुभयो -

यति भन्नु भएर निम्न गाथा पनि सुनाउनु भयो -

**“मधुवा मञ्ञती बालो, याव पापं न पच्चति ।**

**यदा च पच्चती पापं, अथ बालो दुक्खं निगच्छति ति ॥”**

अर्थात पापको फल भोग नगरुञ्जेलसम्म मूर्खले पाप कर्मलाई गुलियो ठान्दछ, जब पापको फल पाउँछ तब उसलाई अति दुःख हुन्छ ।

उपरोक्त घटना पछि भगवान्‌ले “भिक्षुणी ! एकलै जङ्गलमा बस्न हुन्न” भन्ने नियम बनाई दिनुभयो ।

त्यसपछि यसै प्रसँगमा **उत्पलवर्णा स्थविरा** दोषी हुन् कि निर्दोषी हुन् त भन्ने विषयमा भगवान्‌ले-“आस्वाद नलिने भएको हुनाले निर्दोषी हुन्” भनी भन्नुभयो । जुन कुरा तलको “दूषण गऱ्यो” शीर्षक अन्तर्गत मूलसूत्रमै उल्लेख भएको छ ।

कुनै भिक्षु वा भिक्षुणीद्वारा मैथुनकार्य भएको देखिए तापनि यदि उसले मैथुन आस्वाद लिन्न, मैथुन भएको जान्दैन, उन्मत्त भएको हुन्छ अथवा नियम बन्नु अगाडि मैथुन गर्ने आदि व्यक्तिहरू निर्दोषी हुन्छन् भन्ने नीति अनुसार नै भगवान्‌ले उपरोक्त कुरा बताउनु भएको हो । **उत्पलवर्णा स्थविरा** अरहत् हुनुभएको उहाँको कामरागादि क्लेशहरूको जरो नै उखेलिसकेको हुँदा उहाँलाई निर्दोषी ठहऱ्याउनु भएको हो । अरहत् हुने पुरुषले र अनागामी हुने पुरुषले कामसुखको आस्वाद लिन सक्तैनन् । त्यसैले मैथुन आस्वाद नलिने तथा थाहा नपाउनेहरू पनि



https://dhamma.digital

निर्दोषी ठहरिने नीति निर्धारण गरिएको हो । मैथुन दोषलाई पाराजिका भन्दछन् ।

**धर्मसभामा चर्चा :** एक दिन, धर्मसभामा भेलाभई बसिरहेका केही महाजनहरूका बीचमा उत्पलवर्णा स्थविराकै कुरा लिएर यस्तो चर्चा उठ्यो । क्षीणास्रवीले पनि अवश्य नै काम सुख सेवन गर्दा होलान्, किन सेवन नगर्नु नै ! किनभने उहाँहरूको शरीर रूख जस्तो त होइन, न त कुनै धमिराको गोलो जस्तै हो । उहाँहरूको शरीर पनि त गोलो रगत र मासुकै हो । त्यसो हुनाले अवश्य पनि उहाँहरूले पनि कामसुख सेवन गर्नुहुन्छ होला । यस्तै चर्चा भइरहेको बेलामा भगवान् बुद्ध त्यहाँ आइपुग्नु भयो । जब सभासदका मानिसहरू निःशब्द भए तब भगवान्ले उनीहरूसँग के कुरा चलिरहेको थियो भनी सोध्दा उनीहरूले भइरहेको कुराको व्यहोरा सुनाए । अनि भगवान्ले सभामा उपस्थित भिक्षुहरूलाई सम्बोधन गर्नुहुदै यस्तो भन्नुभयो -

भिक्षुहो ! क्षीणास्रवीहरूले कामसुख सेवन गर्छन् वा आस्वाद लिन्छन् भन्ने कुनै पनि हेतु छैन । क्षीणास्रवीहरूले न काम सुख सेवन गर्छन् न त आस्वाद नै लिन्छन् । आस्वाद लिने हेतु नै निरोध भइसकेको हुन्छ । जस्तै पद्मपत्रमा पानी टाँसिदैन, अड्दैन र चिप्लेर नै खसिहाल्छ, जस्तै सियोको टुप्पोमा सर्स्युंको गेडा न टाँसिन सक्छ न त अड्न नै सक्छ । त्यस्तै क्षीणास्रवीहरूका चित्तमा वस्तुकाम र क्लेशकाम दुबै प्रकारका काम विषयहरू न त अल्भिन् सक्छन्, न त अड्न नै सक्छन् । क्षीणास्रवीहरूका सबै क्लेशहरू, सबै आस्रवहरू तथा सबै कुशलाकुश हेतुहरू नै निरुद्ध भइसकेका हुन्छन् - त्यसैले म त्यस्तालाई नै ब्राह्मण भन्दछु ।" अनि भगवान्ले यसै कुराको सम्भनामा धम्मपदमा निम्न गाथा उल्लेख गर्नुभयो -

**"वारिपोक्खरपत्तेव, आरग्गेरिव सासपो ।**

**यो न लिम्पति कामेसु, तमहं ब्रुमि ब्राह्मण'न्ति ॥"**

अनि एक दिन, राजा प्रसेनजित कोसललाई बोलाउन पठाई



https://dhamma.digital

भगवान्‌ले यस्तो भन्नुभयो - “महाराज ! आजकल बुद्ध शासनमा ठूला साना, धनी गरीब सबै प्रकारका महिलाहरू प्रव्रजित भएका छन् । उनीहरू जंगलमा पनि बस्छन् । जंगलमा बस्ने भिक्षुणीहरूलाई रागरक्त पापी पुरुषहरूले अनेक प्रकारले दुःख कष्ट तथा बिघ्न बाधा मात्रै दिएका होइनन् उनीहरूको ब्रह्मचर्यलाई समेत हानी पुऱ्याउँछन् । अतः भिक्षुणी सङ्घकोनिमित्त नगरको कुनै अनुकूल स्थानमा एक बस्ने ठाउँ हुनु उचित हुनेछ । ”

भगवान् बुद्धको यस वचनको आशयलाई बुझी प्रसेनजित कोशल राजाले यथासमयमै नगरको एक छेउमा भिक्षुणी सङ्घको निमित्त बस्ने घरहरू बनाइ दिए । त्यहाँदेखि भिक्षुणीहरू सुरक्षितरूपले बस्न थाले ।

## केही घटनाहरू

एक दिन, **उत्पलवर्णा स्थविरा** श्रावस्तीकै अन्धवनमा बसिरहनु भएको थियो । अनि त्यहाँ चोरहरूका नाइकेले उहाँलाई देखेर उसका अरू साथी चोरहरूले देखे भने अनाहक वहाँलाई दुःख दिन सक्छन् भन्ने विचार गरी साथी चोरहरूलाई उसले अर्कै बाटोतिर लगेको मात्र होइन स्थविराप्रतिको श्रद्धाको कारणले उसले एक टुक्रा गाईको मासु पनि रूखमा झुन्ड्याइराखेको कुरा तलको **“अन्तरवासक मागीलिए”** शीर्षकको मूलपालिको कुराहरूबाटै प्रष्ट बुझिन्छ ।

स्थविराको जीवनी अध्ययन गर्दा हामीलाई यस्तो लाग्छ कि बुद्धप्रति उहाँ विशेष स्नेह र ममता राख्नुहुन्छ । यदि यस्तो नहुँदो हो त चोर नाइकेले झुँड्याइराखेको मासु लिई बुद्धलाई खुवाउने मनसाय गरी श्रावस्तीबाट राजगृहसम्म जानु भएन होला । यसको मतलब यो कदाचित होइन कि उहाँ बुद्धप्रति लौकिकरूपले आकर्षित हुनुहुन्थ्यो, होइन, अतीत सम्बन्धको कारणले नै स्वभावतः उहाँको हृदय बुद्धप्रति बढी ढल्किन्थ्यो । अतीत सम्बन्ध कस्तो थियो भन्ने सम्बन्धमा स्वयं स्थविराले नै आफ्नो **अपदान चरितमा** बताउनु भएको छ, जुन कुरा तल **“उत्पलवर्णा स्थविरापदान”** शीर्षकमा अनुवाद गरिदिएको छु ।

**उत्पलवर्णा स्थविरा** स्वभावतः अति सुन्दरी मात्र नभई उहाँको रूप अति आकर्षक पनि थियो । हुन त उहाँभन्दा राम्री अथवा उहाँ जत्तिकै राम्री भिक्षुणीहरू पनि नभएका होइनन्,, किन्तु रूपलावण्यताको कारणले गर्दा जति उहाँले लज्जा र हैरानी सहनु पऱ्यो शायद त्यती हैरानी अरू राम्री भिक्षुणीहरूले सहनु परेको छैन होला । हो, **सुन्दरीनन्दा भिक्षुणीले** पनि आफ्नो रूपलावण्यताको कारणले गर्दा अनेक विघ्न बाधा सहनु परेका कुरा **पाचित्तियपालि**को अध्ययनद्वारा थाहा हुन्छ। तर त्यस विघ्न बाधाबाट उहाँ बचेर बस्नसक्नु भएन र अन्तमा बुद्धधर्मका परम भक्तिनी **विशाखा मृगारमाताको नाति साल्ह** भन्ने युवकको फन्दामा परी गर्भिणी समेत भई अन्तमा चीवर वस्त्र छाडेर नै जानु परेको कुरा पनि **भिक्खुनीविभङ्गोपालीमै** समुल्लेख भएको पाइन्छ । किन्तु **उत्पलवर्णा स्थविरा** त्यस्ता बिघ्न बाधाहरूबाट अचल भई परम विजयी भएर बस्नुभयो ।

जब उहाँ **श्रावस्तीबाट** आकाशमार्गद्वारा **राजगृह** गई भगवान्लाई त्यो मासु चढाउन जानुभयो त्यस बखत भगवान् बुद्ध भिक्षाटन्को निमित्त बाहिर गइरहनु भएको थियो र विहारमा उदायी (लाल) स्थविर एक्लै कुरी बसिरहनु भएको थियो । **उत्पलवर्णा स्थविरा** देख्ने बित्तिकै उहाँको चित्त स्थविराको रूपमा यस्तो विघ्न आकर्षित भयो कि उहाँले स्थविराको शरीरको अधोभाग हेर्ने इच्छा गर्नुभयो र सोही इच्छा पुऱ्याउने उपायको रूपमा उहाँले स्थविराले लगाई राखेको अन्तरवासक (=लुङ्गिजस्तो कपडा) माग्ने समेत दुःसाहस गर्नु भएको कुरा तलकै **"अन्तरवासक मागी लिए"** शीर्षकको मूलपालिकै अनुवादमा प्रष्ट भएको छ ।

स्त्री रूप देखेर जसरी पुरुषको चित्त आकर्षित हुन्छ, त्यसरी नै पुरुष रूप देखेर स्त्रीको चित्त पनि आकर्षित हुने कुरा **बुद्ध भगवान्ले** नौहजार पाँचसय सन्ताउन्न (९,५५७ ) सूत्रहरूले युक्त भएको अङ्गुत्तरनिकायमा सर्वप्रथम यही कुरा बताउनु भएको छ । रूप देखेर मात्रै परस्पर स्त्री पुरुषको चित्त आकर्षित हुने होइन, बल्कि शब्द, गन्ध, रस तथा स्पर्शमा पनि परस्पर स्त्री पुरुष चित्त आकर्षित भई अल्झेर नै बस्छ । यी पाँच

विषयहरूले झैं परस्पर स्त्री पुरुषको चित्तलाई आकर्षित पार्नसक्ने शक्ति यो संसारमा अरू कुनै पनि छैन भनी **भगवान् बुद्धले** उहीं उल्लेख गर्नुभएको छ ।

## महान् ऋद्धि शक्ति

स्थविराको ऋद्धि विषय सम्बन्धमा उहाँले समय समयमा देखाउनु भएको र उहाँले स्वयं भन्नुभएका कुराहरू तल **"उत्पलवर्णा स्थविरापदान"** शीर्षकमा प्रष्टैसँग उल्लेख भएकै छ। एक दिन, भगवानले श्रावस्तीको गण्डम्ब **वृक्षमुनि** तीर्थीयहरूलाई मर्दनगर्न देखाउनु लाग्नु भएको **यमकप्रातिहार्य**को समयमा **उत्पलवर्ण्णा स्थविरा**ले भगवान्सँग आफूले पनि ऋद्धि देखाउने कुरा विन्तिगर्दा भगवान्ले "भइहाल्यो, तिम्रो ऋद्धि शक्तिको बारेमा मलाई थाहा छ भनी भन्नु भएबाट पनि हामीले उहाँको **ऋद्धि पराक्रम** विषय सम्बन्धमा अनुमान लगाउन सक्छौं ।

एक समय, उहाँ **श्रावस्तीस्थित अन्धवनमा** बसिरहनु भएको बेलामा **मारपुत्र** आई "यस्तो जङ्गलमा एक्लै बसिरहँदा डरलाग्दैन ?" भनी तर्साउन खोज्दा उहाँले निर्भीकतापूर्वक तथा पूर्ण आत्मविश्वासका साथ मारलाई जवाफ दिनुभएको वाक्यले पनि उहाँमा कत्तिको ऋद्धिबल रहेछ भन्ने कुरा हामी बुझ्न सक्छौं । त्यसैबेला उहाँले आफ्नो ऋद्धि पराक्रमको परिचय दिंदै- "म तिम्रो आँखीभौको बीचमा तथा तिम्रो पेटमा पनि पस्न सक्छु, तैपनि तिमीले मलाई देख्न सक्ने छैनौ" भनी भन्नुभएबाट पनि उहाँको ऋद्धि पराक्रमको कुरालाई प्रष्ट बुझ्न सकिन्छ, जुन कुरा तलको **"तर्साउन आयो"** शीर्षकमै समुल्लेख भएको छ ।

एक समय, **भगवान् बुद्ध कुक्कुटवती** नगरका महाकप्पिन राजालाई भेट्न श्रावस्तीबाट १२० योजन (वीसं योजनसत) टाढालाई चन्द्रभागा (=**चन्दभागा**) नदीको तीरको एक वरको रूखमुनि बसिरहनु भएको बेलामा त्यहाँ महाकप्पिन राजा आइपुगेपछि उनलाई प्रव्रजित गर्नु भएको थियो । त्यसपछि उहीं महाकप्पिन राजाको महिषी अनोजादेवी पनि आफ्ना एक हजार परिवारहरूका साथ आई भगवान्को उपदेश



https://dhamma.digital

सुनेपछि उनले प्रव्रज्या मागिन् । अनि भगवान्ले त्यस बखत **"उत्पलवर्णा भिक्षुणी आऊन्"** भन्ने चिताउनु भयो र त्यसैबेला **उत्पलवर्णा स्थविरा** पनि श्रावस्तीबाट तुरन्तै त्यहाँ आइपुग्नु भयो । भगवानले उहाँद्वारा **अनोजादेवी** सहित सर्ब परिवारहरूलाई प्रव्रजित गराउन लगाउनु भएबाट पनि स्थविराको ऋद्धि शक्तिको परिचय प्राप्त हुन्छ । **सारिपुत्र स्थविर**ले पनि सच्चक निगण्ठका सच्चा लोला अववादका तथा पटाचारा भन्ने चार दिदी बहिनीहरूलाई उत्पलवर्णा स्थविराकहाँ प्रव्रजित गराउनु भएको थियो । **उत्पलवर्णा स्थविरा**की अर्की एक शिष्या थिइन्, जसले भगवान्कहाँ सातवर्षसम्म विनय अध्ययन गरेर पनि कुनै फल हासिल गर्न सकिनन् । यो कुरा तल **"विनय सिक्ने भिक्षुणी"** शीर्षकमा समुल्लेख भएको छ ।

यस्तै यस्ता गुणहरू देखेर नै बुद्धले उहाँलाई ऋद्धि हुने भिक्षुणीहरूमध्येमा अग्र छिन् भन्ने घोषणा गर्नुभएको हो । यो कुरा पनि तलको "अग्रस्थान" शीर्षकको मूलसूत्रले प्रष्ट गरेको छ । ऋद्धि विषयमा अग्रस्थान प्राप्त मात्र नभई उहाँ युगल अग्रश्राविका मध्ये दोश्रो अग्रश्राविका पनि हुनुहुन्छ।

## ध्यान शक्ति

सबै जसो अरहत्हरूले ध्यान सुख, फल सुख तथा निर्वाण सुखमा आफ्नो समय बिताउँछन् । **उत्पलवर्णा स्थविरा**ले पनि त्यस्तैगरी ध्यानादि सुखमै दिन बिताउनुहुन्थ्यो । एक दिन, ध्यानसुखको विमुक्तिरस अनुभव गर्दै बसिरहनु भएको बेलामा उहाँको मनमा **श्रावस्तीवासी गङ्गातिरीय स्थविर**को जीवनको घटना सम्बन्धी कुराहरू संस्मरण हुँदा "हरे ! यो कामवासनाको दोष ! कामविषयकै कारणले गर्दा उहाँहरूको जीवनमा कस्तो अविश्वसनीय घटनाहरू घटे । अब उहाँहरू त्यसबाट सुविमुक्त हुनुहुन्छ । काम विषय-वासनाले कस्तो कस्तो हुँदो रहेछ ।" भन्ने कल्पना भएको हुँनाले नै उहाँले नै प्रकटगर्नु भएका गाथाहरू स्मरण गरी तलको **"उत्पलवर्णा स्थविरा गाथा"** शीर्षकको सर्वप्रथम तीनओटा गाथाहरू भन्नुभएको हो भन्ने कुरा थेरीगाथट्ठकथाले उल्लेख गरेको छ ।



https://dhamma.digital

यस्ता घटनाहरू मनमा स्मरण हुनाको कारण उहाँको आफ्नो जीवनका घटनाहरू पनि सानुरूप थिए । कामरागकै कारणले गर्दा उहाँलाई आफ्नै नातापर्नेले अकर्तव्य पनि गऱ्यो र उदासी जस्ता स्थविरले पनि अनुचित व्यवहार गरेको सहनुपऱ्यो ।

**"स्थविरा गाथा"** भन्नेहरूमा यस्तै यस्ता स्मरणमा आएका कुराहरूलाई कविताको रूपमा व्यक्त गरेका हुन्छन् र आफूलाई घतलागेका तथा त्यस कारणमा व्यक्त गरेका उदानहरू पनि समावेश गरेका हुन्छन् । अतएव तलको **"उत्पलवर्णा स्थविरागाथा"** शीर्षकमा पनि यस्तै कुराहरू सँग्रहित भएका छन् । उपरोक्ताकारणले ध्यानमा बसिरहँदा एक दिन, उहाँले अघि अघिका जन्मका कुराहरू संस्मरण गर्नुभयो । जुन कुरा उहाँले तलको **"उत्पलवर्णा स्थविरापदान"** मा उल्लेख गर्नुभएको छ ।

सबै अरहत्हरूमा अतीतका कुराहरू स्मरण गर्नसक्ने ध्यानशक्ति हुन्छ भन्ने कारण छैन । यो ध्यान शक्ति कसैमा हुन्छ, कसैमा हुन्न । त्यस्तै अतीतका कुराहरू संस्मरणगर्दापनि कसैले धेरै जन्महरूका कुराहरू र धेरै कल्पका कुराहरू पनि संस्मरण गर्न सक्छन्, कसैले सक्दैनन् । आ-आफ्ना पूर्व सञ्चित पुण्य र प्रणिधीको कारणले त्यसो हुने हो । **उत्पलवर्णा स्थविरा**ले **पदमोत्तर बुद्ध**को पालासम्मका कुराहरू अनुस्मरण गर्न सक्नुहुन्थ्यो ।

उहाँको जीवन  कति श्रेष्ठोत्तम थियो भन्ने कुरा स्वयं भगवान् बुद्धले "यदि कुनै भिक्षुणीले आयाचना गर्ने हो भने उत्पलवर्णा भिक्षुणी जस्ती हुन सकूँ" भनी  प्रार्थना गर्नु र कुनै एकलौटी छोरी हुनेले छोरीको भलो कामना गर्ने हो भने "उत्पलवर्णा भिक्षुणी जस्ती हुन सकूँ" भनी कामना गर्नुपर्छ भनी भन्नुभएका वचनहरूद्वारा नै अनुमान लगाउन सकिन्छ । यी सूत्रहरू पनि तल अनुदित भएका छन् ।

## केही अतीतका कुराहरू

अङ्गुत्तरनिकायट्ठकथा र थेरीगाथाअट्ठकथाअनुसार-पद्मोत्तर बुद्धको



Dhamma.Digital
https://dhamma.digital

पालामा उहाँ एक कुलगृहमा जन्मी महाजनहरूसँग बुद्धकहाँ जाँदा उहाँले एक भिक्षुणीलाई अग्रस्थानको पद दिएको देखेर अत्यन्त प्रसन्न भई एकहप्तासम्म बुद्धलाई दान दिई आफूले पनि भविष्यमा त्यस्तै स्थान पाउन सकूँ भन्ने प्रार्थना गर्दा, बुद्धले सफल हुने कुरा बताउनु भएको थियो। तर थेरी अपदानपालिले भने त्यस बखत उहाँ नागकन्या भइरहेको कुरा उल्लेख गरेको छ। अरू कुराहरू तल "उत्पलवर्णा स्थविरापदान" मा प्रष्ट उल्लेख भएका छन्।

अतीतकालमा उत्पलवर्णा स्थविराको बुद्धसँग क-कस्ता सम्बन्धहरू रहेका छन् भन्ने बारेमा यहाँ जातक सहित्यका केही संक्षेप उदाहरणहरू प्रस्तुत गरेको छु।

(१) अतीत समयमा वाराणशी देशमा ब्रह्मदत्त राजाले राज्य गरिरहेको बेला बोधिसत्व अर्थात गौतम बुद्ध मृगयोनीमा जन्मिनु भएको थियो र उहाँको सहोदर बहिनी उत्पलवर्णा भिक्षुणी भएकी थिइन्।

(२) अर्को एक जन्ममा, राजगृह नगरमा एक मगध राजाले राज्य गरिरहेको समयमा पनि बोधिसत्व मृगयोनीमै जन्मिनु भएको थियो र उहाँकी सहोदर बहिनी उत्पलवर्णा भिक्षुणी भएकी थिइन् अनि उनको सुविनीत पुत्र राहुल कुमार भएका थिए।

(३) अर्को एक समयमा बोधिसत्व असीकोटी धन हुने वाराणशीस्थित एक ब्राह्मण कुलमा जन्मिनु भएको थियो। उहाँको नाम महाकञ्चनकुमार रहेको थियो। उहाँ समेत उहाँका सात सहोदर दाजुभाइहरू र एक सहोदर बहिनी पनि थिइन्। आमाबाबुको देहान्तपछि ती सबै प्रव्रजित भए। ती सात दाजुभाइहरू हाल क्रमशः स्वयं बुद्ध, सारि पुत्र, मौद्गल्यायन, महाकाश्यप, अनुरुद्ध, पूर्ण तथा आनन्द स्थविरहरू हुन्। उनीहरूका सहोदर बहिनी उत्पलवर्णा स्थविरा हुन्।

(४) अर्को एक समयमा **बोधिसत्व** सुवर्णवर्ण **रोहन्त** नामक मृगराजा भई जन्मिनु भएको थियो। **चित्ता** नामक सहोदर भाइ र **सुतना** नामक सहोदर बहिनी थिइन्। त्यस बखत **वाराणशीका** राजा **सारिपुत्र** र उनकी अग्रमहिषी **क्षेमा** भिक्षुणी थिइन्। बोधिसत्वका सहोदर भाई



https://dhamma.digital

**आनन्द** र सहोदर बहिनी **उत्पलवर्णा** भिक्षुणी थिइन् ।

(५) अर्को एक समयमा **बोधिसत्व कम्पिल्ल राष्ट्रको जयद्दिस राजा**को छोरा भई जन्मिनु भएको थियो । त्यस बखत उहाँको सहोदर बहिनी **उत्पलवर्णा भिक्षुणी** र **पोरिसाद** भन्ने **मनुष्य- यक्ष अङ्गुलिमाल स्थविर** भएका थिए।

(६) एक समय **वाराणशी**को नाम **पुष्पवती** भन्ने रहेको थियो । त्यस समय त्यहाँ **एकराज** नामक राजाले राज्य चलाउँदै थिए। राजाका पुत्र **चन्द्रकुमार बोधिसत्व** हुनुहुथ्यो। चन्द्रकुमार उपराजा थिए। **खण्डहाल** भन्ने ब्राह्मण राजपुरोहित थिए । यिनले घुस खाएर जनतालाई सारै नै कष्ट दिन्थे। **चन्द्रकुमार उपराजा**ले निष्पक्ष न्याय निसाफ गरेको प्रशंसा सुनी जयद्दिस राजाले चन्द्र कुमारलाई नै न्याय निसाफ गर्ने कार्यभार सुम्पिदिए । यसबाट **खण्डहाल पुरोहित** ब्राह्मण घूस खान नपाएकोले निक्कै असन्तुष्ट भए। यसैको इबीले गर्दा उनले **चन्द्रकुमारलाई** यज्ञको बहाना लगाई मार्न लगाउने षडयन्त्र रचे। किन्तु त्यसैको फलस्वरूप अन्तमा आफै मारिनु पऱ्यो। **चन्द्रकुमारकी चन्द्रदेवी** महिषी राहुलमाता, पुत्र **वासुलकुमार राहुलकुमार** तथा सहोदर बहिनी सेल कुमारी उत्पलवर्णा भिक्षुणी थिए। **खण्डहाल** पुरोहित ब्राह्मण **देवदत्त** थिए।

(७) उरग जातक अनुसार-एक समयमा बोधिसत्व वाराणशीको एक ब्राह्मण कुलमा जन्मिनु भएको थियो। सो ब्राह्मणकी छोरी उत्पलवर्णा भिक्षुणी थिइन्। पत्नी हुने क्षेमा भिक्षुणी र पुत्र हुने राहुलकुमार थिए।

(८) अर्को एक समयमा **बोधिसत्व** वाराणशीको एक **द्वार गाउँमा** एक कुमालेको कुलमा जन्मिनु भएको थियो । कुम्भकारको कामद्वारा परिवारहरूको पालन गरिरहेको थियो। एक दिन, **प्रत्येक बुद्धको** उपदेश सुनेर दुबै दम्पतिहरू पुत्र-पुत्रीहरूलाई छाडी प्रव्रजित भएर गए । बोधिसत्वकी पत्नी **राहुलमाता**, पुत्र **राहुलकुमार** तथा पुत्री **उत्पलवर्णा भिक्षुणी** भएका थिए।

(९) अर्को एक जन्ममा **बोधिसत्व शक्रदेवेन्द्र** भई जन्मिनु भएको थियो। त्यस बखत शक्रदेवेन्द्रकी **आशा, श्रद्धा, सिरी र हिरी (=लज्जा)**



https://dhamma.digital

भन्ने चारपुत्रीहरूमध्ये हिरी भन्ने पुत्री **उत्पलवर्णा भिक्षुणी** थिइन् ।

(१०) अर्को एक जन्ममा **बोधिसत्व भूरिदत्त** भन्ने नागराजा भई जन्मिनु भएको थियो । त्यस बखत सौतेनी आमाबाट जन्मेकी **अच्चिमुखी** भन्ने छोरी बोधिसत्वकी बहिनी (हाल उत्पलवर्णा) थिइन्।

(११) बोधिसत्वको अन्तिम जन्ममा उहाँ **शिवीराष्ट्रको जेतुत्तर नगरका सञ्जय राजाकी** अग्रमहिषी **फुसति महारानी**को कोखमा **वेस्सन्तर** नामले जन्मिनु भएको थियो । उहाँकी **मद्दी रानी राहुलमाता**नै थिइन्, पुत्र **जालिकुमार राहुलकुमार** नै थिए तथा पुत्री **कृष्णजिनी उत्पलवर्णा भिक्षुणी** थिइन्।

(१२) एक समय **बोधिसत्व** वाराणशीको एक ब्राह्मण कुलमा जन्मी तक्षशिलामा शिल्प अध्ययन गरी पछि ऋषिभेष लिई प्रव्रजित भएर जानुभयो । ऋषिभेष लिई **हिमालखण्डमा** तपस्या गरिरहेको बेलामा उहाँको वीर्य पराक्रम देखी अति प्रसन्न भई **एक वृक्षदेवता**ले सोधेको प्रश्नको उत्तर सुनी सो देवता खुशी भई उनले बोधिसत्वको स्तुति गरे । सो देवता उत्पलवर्णा भिक्षुणी थिइन् ।

(१३) अर्को एक जन्ममा **बोधिसत्व मोलिनी नगरमा** संख भन्ने एक धनाढ्य ब्राह्मण भई जन्मिनु भएको थियो । त्यस बखत **वाराणशीको** नाम **'मोलिनी'** रहेको थियो । नगरको छ ठाउँमा दानशालाहरू खोली संख ब्राह्मण दान दिने कार्यमा रत थिए । एक दिन, उनी समुद्र पार गई धन कमाउन जाँदा जहाज डुबी उनी आफ्नो एक उपस्थाक सहित सातदिनसम्म पौडिखेली गइरहेको बेलामा **मणिमेखला** भन्ने देवकन्याले देखेर उनलाई उपकार गरिन् । मणिमेखला देवकन्या **उत्पलवर्णा भिक्षुणी** नै थिइन् । बोधिसत्वको उपस्थापक हुने पुरुष आनन्द स्थविर थिए ।

(१४) अर्को एक समयमा **वाराणशी देश**को एक चण्डाल गाउँका एक दम्पति प्रव्रजित भई **हिमालखण्डतिर** बसी तपस्या गरिरहेका थिए । पति हुनेको नाम **दुकुल पण्डित** र पत्नि हुनेको नाम पारिका थियो । **बोधिसत्व** पारिकाको कोखमा जन्मिनु भयो । उहाँको नाम **सुवर्णश्याम** (=सुवण्णसाम) थियो पछि बोधिसत्वका आमाबाबुहरू दुबै अन्धा भए ।



https://dhamma.digital

त्यस बखत **सुवर्णश्याम**ले अन्धा आमाबाबुहरूको सेवा सुश्रुषा गरे ।

एक दिन, **सुवर्णश्याम** नदीमा पानी लिन जाँदा सिकार खेल्न आएका एक राजाले उनीमाथि वाण प्रहार गर्दा उनी उही मुर्छित भएर लडे । मूर्छाबाट बिउझाउन उनको आमाबाबु तथा गन्दमादान पर्वतमा बस्ने **बसुन्धरा** भन्ने एक देवकन्याले पनि आ-आफ्नो सत्यकृया गरेका थिए । सो **बसुन्धरा देवकन्या** उत्पलवर्णा भिक्षणी र बोधिसत्वका आमाबाबु क्रमश : **महाकाश्यप स्थविर** र **भद्राकापिलानी भिक्षुणी** थिए ।

(१५) **मूगपक्ख जातक** अनुसार- एक समयमा बोधिसत्व **वाराणशी राजाका** छोरा भई जन्मिनु भएको थियो । त्यस बखत **उत्पलवर्णा भिक्षुणी** राजदरबारको छानामा बस्ने देवता भएकी थिइन् ।

(१६) एक समय, **बोधिसत्व** वाराणशी देशको एक धनाढ्य ब्राह्मण कुलमा जन्मिनु भई पछि ऋषिभेष धारण गरी प्रव्रजित हुनुभयो । त्यस बखत **वाराणशीका** राजा **आनन्द** र उनकी अग्रमहिषी **मृदुलक्षणा** (=मुदुलक्खणा) देवी **उत्पलवर्णा भिक्षुणी** थिइन् ।

(१७) अर्को एक जन्ममा **बोधिसत्व गन्धार देशको तक्षशिला** नगरको एक ब्राह्मणको घरमा सारम्भ नामक गोरु भई जन्मिनु भएको थियो । ब्राह्मण **आनन्द** र ब्राह्मणी **उत्पलवर्णा भिक्षुणी** थिइन् ।

(१८) **कुरुधम्म जातक** अनुसार- **उत्पलवर्णा भिक्षुणी कुरुदेशको इन्दपत्त** (=इन्द्रप्रस्थ) नगरका एक गणिका भएकी थिइन् । **बोधिसत्व कुरुराजा** हुनुहुन्थ्यो ।

(१९) अर्को एक जन्ममा **बोधिसत्व वाराणशी** नगरको एक श्रेष्ठी कुलमा जन्मिनु भएको थियो । त्यस बखत बोधिसत्व दानकार्यमा लागी जीवन बिताउनु हुन्थ्यो । त्यसैले बोधिसत्वलाई **'सुचिपरिवार श्रेष्ठी'** भन्दथे । **उत्पलवर्णा भिक्षुणी** त्यस बखत **धृतराष्ट्र महाराजकी** छोरी **'सिरी'** भन्ने देवकन्या भएकी थिइन्।

(२०) **तेसकुण जातक** अनुसार- **बोधिसत्व** जम्बुक नामक **सुधाको बच्चा, सारिपुत्र स्थविर वेस्सन्तर** नामक लाटोकोसेराको बच्चा



https://dhamma.digital

र उत्पलवर्णा भिक्षुणी कुण्डलिनी नामक मैनाको बच्चा तथा आनन्द स्थविर वाराणशीका राजा थिए।

(२१) उम्मादन्ती जातक अनुसार-अरिट्ठपुर (=अरिष्टपुर) नगरका राजा शिवी बोधिसत्व हुनुहुन्थ्यो। उहाँको सेनापति अहिपारक सारिपुत्र स्थविर र तिरिटिवच्छ सेठकी छोरी उत्पलवर्णा भिक्षुणी थिइन्।

(२२) **महाउम्मग्ग जातक** अनुसार- **उत्पलवर्णा भिक्षुणी भेरी नामक** परिब्राजिका थिइन्। **बोधिसत्व मिथिला देशको सिरीवड्ढ** भन्ने सेठकी पत्नी **सुमनादेवीको** कोखमा जन्मिनु भएको थियो। उहाँको नाम **महोसध** थियो।

यसरी **उत्पलवर्णा स्थविरा**को अतीत जीवनमा बुद्धसँग सम्बन्ध रहेका कुराहरू बुझी अरू कुराहरू तल उल्लिखित मूल सूत्रहरूको अध्ययनबाट पाठकहरूले स्वयं अनुमान गर्न सक्नु हुने नै छ।

## मूल पालि

### १. दुषण गऱ्यो

त्यस समय, उत्पलवर्णा (उप्पलवण्णा) भिक्षुणीप्रति प्रतिवद्ध (आशक्त) चित्त राखी एक माणवक बसेको थियो। अनि एक दिन, उत्पलवर्णा भिक्षुणी गाउँमा भिक्षाटनार्थ गइरहनु भएको बेलामा सो माणवक कुटी भित्र पसी लुकेर बस्यो। उत्पलवर्णा भिक्षुणी भिक्षाटनबाट फर्की, भोजनोपरान्त खुट्टा पखाली, कुटी भित्र पसेर खाटमा बस्नुभयो। अनि सो माणवकले उत्पलवर्णा भिक्षुणीलाई समाती दूषण (मैथुन) गऱ्यो। उत्पलवर्णा भिक्षुणीले यो (घटनाको) कुरा भिक्षुणीहरूलाई सुनाउनु भयो। भिक्षुणीहरूले त्यो कुरा भिक्षुहरूलाई सुनाए। अनि भिक्षुहरूले यो कुरा भगवान्लाई सुनाए। भगवान्ले- "भिक्षुहो ! स्वाद नलिनेलाई (असादियन्तिया) अनापत्ति अर्थात् दोष छैन भनी भन्नुभयो।"

### २. अन्तरवासक मागी लिए

त्यस समय बुद्ध भगवान् राजगृहस्थित वेणुवनको कजन्दक



https://dhamma.digital

निवासमा बस्नुभएको थियो ।

त्यस बखत उत्पलवर्णा भिक्षुणी श्रावस्तीमा विहार गर्नुभएको थियो । अनि एक दिन, पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र चीवर ग्रहण गरी उत्पलवर्णा भिक्षुणी श्रावस्तीमा भिक्षाटनार्थ जानुभयो । श्रावस्तीमा भिक्षाटन गरी, भिक्षाटनबाट फर्की भोजनोपरान्त जहाँ अन्धवन हो त्यहाँ दिवा विहारको निमित्त जानुभयो । वनभित्र गइसक्नु भएपछि, दिवा विहारको निमित्त एक रूखमुनि बस्नुभयो ।

त्यस बखत, चोरिसकेपछि चोरहरू गाई मारी मासु लिई अन्धवनमा पसे । चोर नाइकेले उत्पलवर्णा भिक्षुणीलाई एक रूखमुनि बसी दिवा विहार गरिरहनु भएको देख्यो । देखेर उसको मनमा यस्तो लाग्यो -

"यदि मेरा भाइ छोराहरूले (चोरहरूले) देखे भने यी भिक्षुणीलाई कष्ट दिन सक्छन् ।"

यति सोचेर ऊ अर्कै बाटो लिई गयो । अनि मासु पाकिसकेपछि सबभन्दा असल मासु (एक टुक्रा) लिई, पातमा पोको पारी, **उत्पलवर्णा भिक्षुणी**को नजिकै एक रूखमा झुन्ड्याई जो श्रमण वा ब्राह्मणले देख्छ उसले यो लेओस, मैले दिइसकें भनी आवाज दिई सो चोर नाइके फर्केर गयो ।

चोर नाइकेको घोषणालाई सुनी उत्पलवर्णा भिक्षुणी समाधिबाट उठ्नुभयो । त्यसपछि त्यो मासु लिई उहाँ आफु बस्ने ठाउँमा (उपसस्सयं) जानुभयो । त्यसरात बितिसकेपछि त्यो मासु पकाई, उत्तरासङ्घमा पोकोपारी आकाशमार्गद्वारा गई वेणुवनमा ओर्लिनु भयो, त्यस बखत भगवान् गाउँमा भिक्षाटनार्थ जानुभएको थियो । आयष्मान् उदायी (लाल) एक्लै विहार कुरेर बस्नुभएको थियो ।

अनि, उत्पलवर्णा भिक्षुणी जहाँ आयुष्मान् उदायी हुनहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् उदायीलाई यस्तो भन्नुभयो -

"भन्ते ! भगवान् कहाँ हुनुहुन्छ ?"



https://dhamma.digital

"भगिनी ! भगवान् गाउँमा भिक्षाटनार्थ जानुभएको छ ।"

"भन्ते ! त्यसो भए यो मासु भगवान्लाई दिनुहोस् ।"

"भगिनी ! तिमीले मासुद्वारा भगवानलाई समर्पित गऱ्यो । यदि मलाई तिमीले (तिम्रो) अन्तरवासक दिएमा यसरी म पनि अन्तरवासकद्वारा सन्तर्पित हुनेछु ।"

"भन्ते ! हामी स्त्रीजातिलाई कम लाभ हुन्छ । यो मेरो अन्तिम पाँचौ चीवर हो । म दिन सक्दिन ।"

"भगिनी ! जस्तै कुनै पुरुषले हात्ती दिई पछाडि बाँधी उसलाई पछाडितिरबाट समाती राख्छ त्यस्तै तिमीले भगवान्लाई मासु दिई मलाई बाँधी राखेकी छ्यौ ।"

अनि आयुष्मान् उदायीले अति पेलेपछि (निप्पीलियमाना) अर्थात् सारै जिद्दीगरेपछि अन्तरवासक दिई उत्पलवर्णा भिक्षुणी आफ्नो निवासस्थानमा (उपस्सयं) फर्केर जानुभयो । भिक्षुणीहरूले उत्पलवर्णा भिक्षुणीको पात्र-चीवर लिंदै- "आर्य ! तपाईंको अन्तरवासक खोइ त ?" भनी भने । उत्पलवर्णा भिक्षुणीले त्यो कुरा जम्मै सुनाउनु भयो । अनि "कस्ता होलान् यी आर्य उदायी, जो कि भिक्षुणीको चीवर लिन्छन्, स्त्रीहरूलाई चीवर वस्त्रहरू कम लाभ हुन्छ" भन्दै भिक्षुणीहरू कराउन थाले, खिन्न हुन थाले तथा धिक्कार्न पनि थाले । अनि भिक्षुणीहरूले त्यो कुरा भिक्षुहरूलाई सुनाए । जो ती अल्पेच्छी, लज्जी, संकोची तथा शिक्षाकामी भिक्षुहरू हुन तिनीहरू-"कस्ता होलान् यी **आयुष्मान उदायी**, जो कि भिक्षुणीको चीवर लिन्छन्" भन्दै कराउन थाले, खिन्न हुन थाले तथा धिक्कार्न थाले । अनि अनेक प्रकारले आयुष्मान् उदायीको निन्दागरी ती भिक्षुहरूले यो कुरा भगवान्लाई सुनाए ।

अनि यसै कारणमा, यसै सन्दर्भमा भगवान्ले भिक्षुसङ्घलाई एकत्रित पार्नुभई आयुष्मान् उदायीसँग "उदायी साँच्चै हो के तिमीले भिक्षुणीको चीवर लिएको ?" भनी सोध्नुभयो ।

"भगवान ! साँच्चै हो" भनी आयुष्मान् उदायीले प्रत्युत्तर दिए ।



https://dhamma.digital

"उदायी ! (सो भिक्षुणी) तिम्रो ज्ञाती हुन् कि अज्ञातिका हुन त ?"

"भगवान् ! अज्ञातिका हुन् ।"

"मोघपुरुष ! अज्ञातिक भई अज्ञातिकसँग चीवर लिन योग्य वा अयोग्य, राम्रो वा नराम्रो भन्ने पनि (तिमीलाई) थाहा छैन । मोघपुरुष ! जहाँ कि अज्ञातीका भिक्षुणीको हातबाट तिमी चीवर लिन्छौ । मोघपुरुष ! यसले न अप्रसन्न हुनेलाई प्रसन्न पार्न सक्छ, न त प्रसन्न हुनेको प्रसन्नतालाई नै बढाउन सक्छ ......। "भिक्षुहो ! यसरी शिक्षापद उद्देश्शण गर्नू- जो भिक्षुले अज्ञातिका भिक्षुणीको हातबाट चीवर लिन्छ त्यो चीवर नैसर्गीय (निस्सग्गियं) हुन्छ तथा आपत्ति पनि ।"

## मूल पालि

### ३. विनय सिक्ने भिक्षुणी

त्यस समय उत्पलवर्णा भिक्षुणीको एक अन्तेवासिनी (शिष्या) भिक्षुणी भगवान्को पछि लागी सातवर्षसम्म विनय अध्ययन गर्दै थिइन् ।

स्मरण शक्ति कम हुनाको कारणले गर्दा पढेको जम्मै उनी बिर्सन्थिन । एक दिन, उनले सुनिन् कि भगवान् श्रावस्तीमा जाँदै हुनुहुन्छ । अनि उनलाई यस्तो लाग्यो -

"विनयको अध्ययन गर्दा गर्दै म सातवर्षसम्म भगवानको पछि लागें । स्मरण शक्ति कम भएको कारणले गर्दा पढेको सबै बिर्सन्छु । स्त्रीजातिले (मातुगामेन) जीवनभर शास्ताको पछिपछि लाग्नु गाह्रै छ । यस्तो अवस्थामा मैले के गर्नुपर्ला ?"

अनि उनले यो कुरा भिक्षुणीहरूलाई सुनाइन् । भिक्षुणीहरूले त्यो कुरा भिक्षुहरूलाई सुनाए । भिक्षुहरूले यो कुरा भगवान्लाई सुनाए । अनि भगवान्ले भन्नुभयो -

भिक्षुहो ! भिक्षुहरूले भिक्षुणीहरूलाई **प्रातिमोक्ष** पढाउने अनुमति दिन्छु ।



https://dhamma.digital

# मूल सूत्र

## ४. तर्साउन आयो

यस्तो मैले सुने, एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनराममा बस्नु भएको थियो । त्यस समय, उत्पलवर्णा भिक्षुणी पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षाटनार्थ श्रावस्तीमा जानुभयो। श्रावस्तीमा भिक्षाटन गरी भिक्षाटनबाट फर्केर भोजनोपरान्त जहाँ अन्धवन हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि वन भित्र गई, दिवा विहारको निमित्त एक सुपुष्पित शालवृक्षमुनि उभिरहनु भयो ।

अनि पापी मारले उत्पलवर्णा भिक्षुणीलाई भयभीत पार्न लोमहर्षण गराउन तथा समाधिबाट च्युत गराउने कामना गरी गाथा भन्न थाल्यो -

**"सुपुप्फितं उपगम्म भिक्खुनि, एका तुवं तिट्ठसि सालमूलं ।**
**न चत्थि ते दुतिया वण्णधातु, वाले न त्वं भायसि धुत्तकानं'ति ॥"**

**अर्थ :** 'सुपुष्पित वनमा आई तिमी एक्लै शालवृक्षमुनि उभिरहेकी छ्यौ, तिमीसँग अरू कोही साथी पनि छैन, के तिमी मूर्ख धूर्तहरूदेखि डराउन्नौ ?'

अनि उत्पलवर्णा भिक्षुणीलाई यस्तो लाग्यो -

"मनुष्य हो कि अमनुष्य हो, को रहेछ यो गाथा भन्ने ?"

फेरि उत्पलवर्णा भिक्षुणीलाई यस्तो लाग्यो-

"यो पापी मार हो, मलाई भयभीत पार्न लोमहर्षण गराउन तथा समाधिबाट च्यूत गराउने कामना गरी गाथा भन्छ ।"

अनि उत्पलवर्णा भिक्षुणीले "यो पापी मार हो" भनी बुझी पापी मारलाई गाथाद्वारा प्रत्युत्तर दिनुभयो-

**१. "सतं सहस्सानि पि धुत्तकानं, इधागता तादिसका भवय्युं ।**
**लोमं न इञ्जामि न सन्तसामि, न मार भायामि तमेकिका पि ॥**



https://dhamma.digital

२. **"एसा अन्तरधायमि, कुच्छिं वा पविसामि ते ।**
**पक्खुमन्तरिकायं पि, तिट्ठति मं न दक्खसि ॥"**

३. **"चित्तस्मिं वसीभूताम्हि, इद्धिपादा सुभाविता ।**
**सब्ब बन्धनमुत्ताम्हि, न तं भायामि आवुसो ति ॥"**

**अर्थ :**

१. "शयहजार धूर्तहरू आए पनि तिमी जस्तै हुनेछन्, न मेरो रौं नै हल्लिने छ, न त त्रसित नै हुनेछु, हे मार ! एक्लै भए पनि म डराउँदिन ।"

२. "म अन्तर्धान पनि हुन सक्छु, तिम्रो पेट भित्र पनि पस्न सक्छु, तिम्रा दुई आँखाको बीचमा पनि बस्न सक्छु, तैपनि तिमीले मलाई देख्न सक्ने छैनौ ।"

३. "मेरो चित्त वशीभूत छ, ऋद्धिपाद पनि सुभावित छ, सबै बन्धनहरूबाट म मुक्त छु, हे आवुसो ! न म डराउँछु ।"

अनि पापी मार- "उत्पलवर्णा भिक्षुणीले मलाई चिन्दछिन्" भन्दै दुःखी दुर्मन भई त्यहीं नै अन्तर्धान भयो ।

## मूल सूत्र-

**५. अग्रस्थान**

**"एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं इद्धिमन्तीनं यदिदं उत्पलवण्णना ।"**

**अर्थ :** "भिक्षुहो ! मेरा ऋद्धिमती श्राविका भिक्षुणीहरूमध्येमा उत्पलवर्णा (उप्पलवण्णा) अग्र छिन् ।"

## मूल पालि-

**६) उत्पलवर्णा स्थविरा-गाथा**

१. **"उभो माता धीता च, मयं आसुं सपत्तियो ।**
**तस्सा मे अहुसंवेगा, अब्भुतो लोमहंसनो ॥"**



https://dhamma.digital

२. “धीरत्थु कामा असुची, दुग्गन्धा बहुकण्टका ।
यत्थ माता च धीता च, सभरिया मयं अहुं ॥”

३. “कामेस्वादीनवं दिस्वा, नेक्खम्मं दट्ठु खेमतो ।
सा पब्बजिं राजगहे, अगारस्मानगारियं ॥”

४. “पुब्बेनिवासं जानामि, दिब्बचक्खुं विसोधितं ।
चेतोपरियच्च ञाणं, सोतधातु विसोधिता ॥”

५. “इद्धी पि मे सच्छिकता, पत्तो मे आसवक्खयो ।
छलभिञ्ञा सच्छिकता, कतं बुद्धस्स सासनं ॥”

६. “इद्धिया अभिनीम्मित्वा, चतुरस्सं रथं अहं ।
बुद्धस्स पादे वन्दित्वा, लोकनाथस्स तादिनो ॥”

७. “सुपुप्फितग्गं उपगम्म पादपं, एका तुवं तिट्ठसि सालमूले ।
न चा पि ते दुतियो अत्थि को चि, न त्वं बाले भायसि धुत्तकानं ॥”

८. “सतं सहस्सानि पि धुत्तकानं, समागता एदिसका भवेय्युं ।
लोमं न इञ्जे न पि सम्पवेधे, कि मे तुवं मार करिस्ससको ॥”

९. “एसा अन्तरधायामि, कुच्छिं वा पविसामि ते ।
भमुकन्तरे तिट्ठामि, तिट्ठन्ति मं न दक्खसि ॥”

१०. “चित्तम्हि वसीभूताहं, इद्धिपादा सुभाविता ।
छलाभिञ्ञा सच्छिकता, कतं बुद्धस्स सासनं ॥”

११. “सत्तिसूलूपमा कामा, खन्धानं अधिकुट्टका ।
यं त्वं कामरतिं ब्रूसि, अरती दानि सा मम ॥”

१२. “सब्बत्थ विहता नन्दी, तमोक्खन्धो पदालितो ।
एवं जानाहि पापिम, निहतो त्वमसि अन्तका ॥”

अर्थ :

१. “आमा र छोरी-हामी दुबै यौटैको सपत्नी भएका थियौं, यसबाट मलाई बडो अद्‌भुत तथा जिरिङ्ग भई अत्यन्त वैराग उठेको थियो ।”



https://dhamma.digital

२.	"धिक्कार छ यो असूचीपूर्ण कामवासनाहरूलाई, जो दुर्गन्ध तथा कण्टकमय छन्, जहाँ कि आमा र छोरी हामी दुबै सभार्या (यौटीकी पत्नी) भएका थियौं ।"

३.	"काम वासनाको बैगुन देखेर नैष्क्रम्यको गुण देखेर हामी घरछाडी राजगृहमा प्रव्रजित भयौं ।"

४.	"पूर्वेनिवासलाई जान्दछु, दिव्यचक्षु विशुद्ध छ, चेतोपरियज्ञान र दिव्यश्रोत पनि विशुद्ध नै छ ।"

५.	"ऋद्धि प्राप्त गरेकी छु, आस्रवक्षय गरिसकेकी छु, षडभिज्ञ-ज्ञान पनि साक्षात्कार गरी मैले बुद्धशासनलाई पूरा गरेकी छु ।"

६.	"ऋद्धिद्वारा चारघोडे-रथ निर्माणगरी, लोकनाथ तथा अकम्य हुनुभएका बुद्धको पाउमा मैले वन्दना गरें ।"

७.	"सुपुष्पित वनमा आई तिमी एक्लै शालवृक्ष मुनि उभिइरहेकी छ्यौ, तिमीसँग अरू कोही साथी पनि छैन्, के तिमी मूर्ख धूर्तहरूदेखि डराउन्नौ ?"

८.	("हे मार ! )शयहजार धूर्तहरू जम्मा भएर आए पनि उनीहरू तिमी जस्तै हुनेछन्, (उनीहरू) मेरो एक रौं पनि हल्लाउन सक्ने छैनन्, अतः म एक्लै भए पनि डराउँदिन ।"

९.	"हेर, म अन्तर्धान पनि हुन सक्छु, तिम्रो पेट भित्र पनि पस्न सक्छु, तिम्रा दुई आँखाको बीचमा पनि बस्न सक्छु, तैपनि तिमीले मलाई दैख्नसक्ने छैनौ ।"

१०.	"मेरो चित्त वशीभूत छ, ऋद्धिपाद पनि सुभावित छ, षडभिज्ञ-ज्ञानलाई साक्षात्कार गरी मैले बुद्धशासनलाई पूरा गरेकी छु ।"

११.	"यो काम-वासना भनेको तीर र शुल जस्तै हो, कामवासनाकै कारणले गर्दा स्कन्धरूपी यो देह भेद-भिन्न पनि हुन्छ, जो तिमी काम-रतिको बारेमा बोल्दैछौ-त्यो मेरो लागि अब अरति भइसक्यो ।"

१२.	"तृष्णारूपी सबै नन्दी-रागलाई मारिसकें, अँध्यारोपनलाई



https://dhamma.digital

हटाइसकें, **हे पापिम ! हे अन्तक !** यस्तो जान कि तिमी मारिइसक्यौ ।"

## मूल पालि

### ७) उत्पलवर्णा स्थविरापदान

१- (संगीतकार भन्दछन्) -**ऋद्धिमा पारंगत हुनुभएकी उत्पलवर्णा भिक्षुणीले** शास्ताको चरणकमलमा वन्दना गरी यस्तो भन्नुभयो -

२-४- "हे महामुनि, म जाति-संसारबाट उत्तीर्ण भएँ, मैले अचल-पद प्राप्त गरें तथा सबै दुःखलाई परिक्षीण गरें भनी शास्तामा प्रसन्न हुने जति परिषद् छन् ती सबैलाई म भन्दछु- हे जिन, यदि ममा कुनै अपराध छ भने मलाई क्षमा गर्नुहोस् । हे महावीर, संसारमा विचरण गर्दा यदि ममा कुनै अपराध भएको भए त्यसलाई पनि क्षमा गर्नुहोस् ।"

५- "(शास्ताले भन्नुभयो)- शंकानिवारणार्थ मेरा शासनकारी ४ परिषद्हरूलाई आज तिमीले ऋद्धि देखाऊ ।"

६-७- "(**उत्पलवर्णा भिक्षुणी** भन्नुहुन्छ)- हे **महावीर,** हे प्रज्ञावन, हे ज्योतिधर, **म तपाईंकी छोरी हुँ**, मैले अघि धेरै कठोर चर्या गरेकी थिएँ । हे महावीर, उत्पलकै वर्ण भएकी नामले पनि **उत्पलवर्णा भएकी श्राविकाले** चक्षुमान् बुद्धको पाद कमलमा बन्दना गर्छे ।"

८-१०- "अनेक सय जन्महरूमा राहुल र म एकै संकल्प लिई एकै जातिमा जन्म्यौं । (तपाईंका) राहुल भन्ने पुत्र र उत्पलवर्णा भन्ने पुत्री अघि एकै जाति तथा एकै ठाउँमा जन्मेका थियौं । किन्तु यो अन्तिम जन्ममा हामी दुबैले भिन्नभिन्नै भई जन्म लियौं । हे वीर, मेरो ऋद्धि हेर्नुहोस् । शास्तालाई ऋद्धिबल देखाउने छु ।"

११-१४-"(अनि उहाँले) हत्केलामा तेल राख्ने जस्तै र हत्केलामा बालक खेलाउने जस्तै गरी चार महासमुद्रलाई हत्केलामा (पंजामा) राख्नुभयो। छिर्विरे माछालाई युवकहरूले हातमा लिनेझैं पृथ्वीलाई हातमा लिनुभयो । चक्रवाल समान हत्केलाले मस्तकमा छोपी अनेकनवर्णका



https://dhamma.digital

वर्षा गराउनु भयो । भूमिलाई ओखल बनाई, गिर्खालाई धान बनाई, सुमेरुलाई मुसल बनाई कुमारीले धान कुटेझैं कुट्न थाल्नुभयो ।"

१५-१६-"म बुद्ध श्रेष्ठको छोरी हुँ, मेरो नाम उत्पलवर्णा (उप्पलवण्णा) हो, अभिज्ञानलाई वशीभूत गरी तपाईंको शासन पालना गरें । हे चक्षुमान् ! नानाप्रकारका ऋद्धि देखाई, नाम र गोत्र पनि सुनाई लोकनायकलाई बन्दना गर्छु ।"

१७-१९-"हे महामुनि ! ऋद्धि विषयमा, दिव्य श्रोतमा तथा चेतोपरियज्ञानमा पनि म वशी प्राप्त छु । पूर्व जन्मका कुराहरू जान्दछु ।" मेरो दिव्यचक्षु विशुद्ध छ, सबै आश्रवहरू परिक्षीण छन् तथा अब उप्रान्त मेरो पुर्नभव पनि छैन । महर्षिको स्वभावानुसार मेरो अर्थ, धर्म, निरुक्ति तथा प्रतिभाण ज्ञान पनि निर्मल नै छ ।

२०-२१- "पूर्व जिनाग्रहरूको संगमलाई मैले तपाईंका समक्ष निदर्शन दिएकी हुँ । **हे महामुनि** ! तपाईं निमित्त यो अधिकार मैले पूर्ण गरेको हुँ । हे मुनी मैले पूरा गरेको कुशल कर्मलाई स्मरण गर्नु होसः तपाईंकै कारणले मैले धेरै पुण्य संचय गरें ।"

२२-२३- "(तपाईंले) मलाई अभव्यस्थानबाट रोकी, अनाचारबाट बचाउनु हुन्थ्यो, **हे महावीर** ! तपाईंकै निमित्त मैले मेरो उत्तम जीवन पनि परित्याग गरें, दशकोटी हजार मेरो जीवन दिएँ, हे महामुनी ! तपाईंकै निमित्त मैले त्याग गरेकी हुँ ।"

२४-"अनि त्यस बखत अति विस्मित भएका सबैले नमस्कार गर्दै **हे आर्या** ! तपाईंले के के अतुल ऋद्धि पराक्रम गर्नुभयो त हामीलाई सुनाउनु होस् भनी मलाई भने ।"

**पद्मोत्तर बुद्धको पालामा**

२५-३५- "एक लाख कल्प अघि कन्याहरूमध्येमा साधु सम्मत पाएकी **विमला** नामक म नागकन्या थिएँ । जिन शासनमा प्रसन्न भएका **महानागराजले** महातेज सम्पन्न हुनुभएका पद्मोत्तर (पदुमुत्तर) बुद्धलाई श्रावकहरू सहित निम्त्याए । सबै रत्नमय आसनहरू तयार



https://dhamma.digital

पारी, रत्नमयकै बाटो तयारपारी, रत्नमयकै ध्वजा पताकाहरूले सजाई सम्बुद्धको प्रत्यागमन गरे । चार परिषद्‌हरूद्वारा परिवृत हुनुभएका लोकनायक, महानागराजाको भवनको परमासनमा बस्नुभयो, नागराजले अत्युत्तम खाद्य भोज्यहरू उहाँलाई सन्तर्पित गरे। भोजनोपरान्त सम्बुद्धले नागकन्या लगायत सबैलाई अनुमोदन गर्नुभयो । अति प्रफुल्लित तथा अति प्रसन्न हुनुभएका बुद्धलाई देखेर नागकन्या पनि अत्यन्त प्रसन्न भई बुद्धप्रति सुनिबद्ध चित्त गरी बसिन्। मेरो सुनिबद्ध प्रसन्न चित्तलाई जानी त्यस बखत, महावीरका **जलजुत्तमा** नामक भिक्षुणीले ऋद्धि प्रातिहार्य देखाउनु भयो। उहाँ विसारदा भिक्षुणीले देखाउनु भएको अनेक प्रकारका ऋद्धिहरू देखेर अति प्रमुदित भएकी मैले शास्तासँग विन्ती गरें- यो ऋद्धि प्रातिहार्य मैले देखें, यसबाट सबै प्रसन्न भयौं : **हे वीर** ! कसरी उहाँ ऋद्धि विषमा सुविसारदा हुनु भएकी ?"

३६. "(बुद्धले भन्नुभयो)- वचनरूपी धर्मबाट जन्मेकी मेरा औरसपुत्री महद्धिका छन्, मेरो शासन पूरा गर्ने भएकीले ऋद्धि विषयमा सुविशारदा भएकी छन् ।"

३७-४०-"बुद्धको वचन सुनी त्यस बखत मैले यस्तो प्रार्थना गरें- 'म पनि ऋद्धिमती सुविशारदा भई त्यस्ती हुनसकूँ, हे नाथ अनि म उत्तम मन लिई अनागतकालमा त्यस्ती हुनेछु भनी प्रसन्न भएँ । त्यसपछि मैले मणिमय प्रभास्वर आसनमा वसिरहनु भएका ससंघ लोकनाथलाई अन्नपानद्वारा तर्पित गरें। नागहरूको श्रेष्ठोत्तम '**अरूण**' भन्ने पद्मपुष्पद्वारा यस्तै मेरो वर्णहोस् भनी लोकनायकलाई पूजा गरें' ।"

४१- "त्यस सुकृत्यकार्यद्वारा र चेतना प्रणिधीद्वारा मनुष्यदेह त्यागी त्रयस्त्रिंश भवनमा पुगें ।"

४२- "त्यहाँबाट च्यूत भएपछि मनुष्यलोकमा उत्पन्न भई मैले उत्पलहरूले प्रतिच्छन्न गरी प्रत्येक बुद्धहरूलाई भिक्षा भोजन पनि दान दिएँ ।"



https://dhamma.digital

### विपश्वी बुद्धको पालामा

४३- "एकानब्बे कल्प अघि राम्ररी देख्ने तथा सर्व धर्ममा चक्षुमान हुनभएका विपश्वी(विपस्सी) नामक बुद्ध उत्पन्न हुनभयो ।"

४४-४५- "त्यस बखत, वाराणशी नगरका श्रेष्ठकी छोरी भई मैले ससंघ लोकनायक सम्बुद्धलाई निम्तोगरी महादान दिई विनायक बुद्धलाई उत्पल पुष्पद्वारा पूजा गरी त्यस्तै रूपवर्ण होस् भनी प्रार्थना गरें ।"

### काश्यप बुद्धको पालामा

४६-४८- "यसै भद्रकल्पमा, महायश प्राप्त, ब्रह्मबन्धु हुनुभएका **काश्यप**(कस्सप) **बुद्ध**, काश्यप गोत्रमा जन्मिनु भयो । त्यस बखत, वाराणशीका **किकी** नामक राजा महर्षि बुद्धका उपस्थाक थिए । **म** उहाँकी **श्रमणगुप्ता**(समणगुत्ता) नामकी दोश्री छोरी भएकी थिएँ र जिनाग्र बुद्धको धर्म सुनेर प्रव्रजित हुन चाहेकी थिएँ ।"

४९-"तर हाम्रा पिताले हामीलाई अनुमति दिनु भएन र हामी वीसहजार वर्षसम्म अप्रमादी भई घरमै बस्यौं ।"

५०- ५१- "अनि श्रमणी, श्रमणगुप्ता, भिक्षुणी, भिक्षु दायिका, धर्मा सुधर्मा र **संघदायिका** वा **संघदाशी** भन्ने हामी सात दिदी बहिनी राजकन्याहरूले बीस हजार वर्षसम्म कौमारी ब्रह्मचर्य पालन गरी, सुखपूर्वक प्रमुदित भएर निरन्तर बुद्धको उपस्थान गर्‍यौं ।"

५२-"(ती सात बहिनीहरू अहिले) म र **प्रज्ञावती क्षेमा**, **पटाचारा**, **कुण्डला, कृषा गौतमी, धर्मदिन्ना** अनि सातौं **विशाखा** (उपासिका) हुन् ।"

५३-" त्यही सुकृत्य कर्मको र चेतना प्रणिधीको फलले मनुष्यदेह छाडी म त्रयस्त्रिंश भवनमा पुगें ।"

५४-" त्यहाँबाट च्यूत भई मनुष्यलोकमा महाकुलमा जन्मी अत्यन्त उत्तम तथा राम्रो पीतवस्त्रधारी अरहत्लाई पूजा गरें ।"

५५- "त्यहाँबाट च्यूत भई म **अरिष्ट** (अरिट्ठ) पुरमा विप्रकुलगृहमा



https://dhamma.digital

**तिरवीवच्छकको उम्मादन्ती** भन्ने मनोहरा छोरीभई जन्मे ।"

५६-५८- "त्यहाँबाट च्यूत भई एक गरीबको कुलमा जन्मी खेत हेर्ने काम गर्थे । त्यस बखत प्रत्येक बुद्धलाई मैले पाँच सय लाजाहरू र पद्मका फूलहरू प्रदान गरी पाँचसय पुत्रहरू पाउन सकूँ भन्ने प्रार्थना गरें । अनि त्यहाँबाट च्यूत भई जंगलमा पद्म गर्भमा जन्मे (अजायिं पदुमोदरे) ।"

५९-६०- "त्यसपछि **काशी राजा**की प्यारी महिषी भई पाँचसय पुत्रहरू जन्माएँ । यौवन अवस्थामा पुगेपछि एक दिन उनीहरू जलकृडा गर्दै थिए र त्यहाँ **पद्म फूलहरूका** पातहरू खसेका देखेर उनीहरू सबैले प्रत्येक बुद्धत्व ज्ञान प्राप्त गरे ।"

६१-६४- "सो म उनीहरूसँगबाट वियोग भई, शोकको कारणले गर्दा त्यहाँबाट च्युत भई, (राजगृहको) **ऋषिगिरी**, पहाड निरको (इसिगिलिपस्से) एक गाउँमा जन्मे । एक दिन, म आफ्नो लोग्नेलाई यागु लिएर गईरहेको बेलामा श्रुतमती आठ प्रत्येकबुद्धहरू गाउँमा भिक्षाटनार्थ गईरहनु भएको देखेर मेरो मनमा अतीत पुत्र प्रत्येक बुद्धहरूको स्मरण आई पुत्र प्रेमको कारणले मेरो दुध बग्न थाल्यो । अनि मैले उहाँहरूलाई प्रसन्नचित्त गरी यागु दान दिए । त्यसपछि त्यहाँबाट च्युत भई **नन्दन (देवलोक)** मा उत्पन्न भएँ ।"

Dhamma.Digital

**वर्तमान कथा**

६५-६६- "सुख दुःख अनुभव गरी, संसारमा विचरण गर्दै **हे महावीर,** तपाईंकै निमित्त जीवन परित्याग गरें । यसरी दुःख पनि बहुविध, सुख पनि बहुविध भोग गरि अन्तिम जन्ममा पुग्दा **श्रावस्तीमा** जन्मे ।"

६७-७०- "सबै कामसुख समृद्ध भएका अनेक रत्नहरू सुसम्पन्न भएका तथा अनेक सुसज्जित महाधनी श्रेष्ठी कुलमा रूप श्रीसम्पत्तिले सम्पन्न भई, अनेक मानसत्कारहरू प्राप्त गरी अनेक रूप भोगसम्पत्ति परिपूर्ण भएका, अनेक श्रेष्ठकी पुत्रहरूद्वारा मागेता पनि म घर छाडी



https://dhamma.digital

अनागारिका भई प्रव्रजित भएं र दुईहप्ता पुग्दै मैले चार सत्यज्ञानलाई अवबोध गर ।"

७१-७७- "ऋद्धिद्वारा चारघोडे रथ निर्माण गरी, लोकनाथ तथा अकम्प्य हुनुभएका बुद्धको पाउमा बन्दना गरे ।"

७८- "यी गुणहरूमा सन्तुष्टभई विनायक जिनले मलाई ऋद्धिमती भिक्षुणीहरूमध्येमा अग्रस्थानमा राख्ने घोषणा परिषद्को अगाडि सुनाउनुभयो ।"

७९- "जसको निमित्त घरछाडी प्रव्रजित भएको थिएँ, त्यो मेरो अर्थ पूरा भईसक्यो र सबै भवसंयोजनहरू पनि क्षय भइसके ।"

८०- "बुद्धलाई मैले चिनी सकें, बुद्धशासनलाई पूरागरिसकें, गहुँगो भारलाई बिसाइसकें तथा भवजाललाई समुच्छेद गरिसकें ।"

८१- चारैतिरबाट चीवरहरू, भिक्षा भोजनहरू, अरू प्रत्ययहरू तथा शयनासनहरू क्षणभरमै सबैले अर्पित गरे ।

८२- सबै क्लेशहरू भस्म भइसके, सबै भव तृष्णहरू नाश भइसके, बन्धन चुँडाली बस्ने नाग (हात्ती) जस्तै अनास्रवी भई म विहार गर्छु ।

८३- "मेरो बुद्धको अगाडि मलाई स्वागत नै छ, तीन विद्या प्राप्त गरी मैले बुद्ध शासन पूरा गरें ।"

८४- "चार प्रतिसम्भिदा, आठ विमोक्ष तथा छ अभिज्ञाहरू समेत प्राप्त गरी मैले बुद्धको शासनलाई पुरा गरेकी छु ।"

## मूल सूत्र

### ८) आयाचना

"भिक्षु हो ! श्रद्धालु भिक्षुणीले सम्यक्‌रूपले आयाचना गर्ने हो भने यसरी आयाचना गर्नु पर्छ -" "त्यस्ती हुन सकूँ जस्तै क्षेमा भिक्षुणी र उत्पलवर्णा भिक्षुणीहरू छन् ।" भिक्षुहो ! मेरा श्राविका भिक्षुणीहरूमध्येमा क्षेमा भिक्षुणी र उत्पलवर्णा भिक्षुणीहरू नै प्रमाणकर तथा तुलादण्ड हुन् ।"



https://dhamma.digital

# मूल सूत्र

## ९) मापदण्ड

यस्तो मैले सुनें, एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो । त्यहाँ भिक्षुहरूलाई भिक्षुहो ! भनी भगवान्ले आमन्त्रण गर्नुभयो । भदन्त, भनी भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले भिक्षुहरूलाई यस्तो भन्नुभयो -

"भिक्षु हो ! लाभसत्कार तथा यशकीर्ति भनेको अति दारुण, कटु तथा खरो हुन्छ । जसले अनुत्तर योगक्षेम प्राप्तिकोनिमित्त बाधा पुऱ्याउँछ । भिक्षु हो ! त्यसो हुनाले तिमीहरूले-"उत्पन्न भएको लाभसत्कार तथा यशकीर्तिलाई छाड्ने छौ र उत्पन्न भएको लाभसत्कार तथा यशकीर्तिलाई चित्तमा लिई बस्ने छैनौं भन्ने सिक्नुपर्छ ।

"भिक्षु हो ! श्रद्धालु एक पौत्रिका उपासिकाले आफ्नी प्यारी तथा मनपर्ने पुत्रीको असल कामना गर्ने हो भने- हे आर्या, तिमी खुज्जुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता जस्ती हुन सक' भन्ने कामना गर्नुपर्छ । भिक्षु हो ! (किनभने) खुज्जुत्तरा उपासिका र बेलुकण्डकी नन्दमाता नै मेरा श्राविका उपासिकाहरूमध्येमा मापदण्ड र प्रमाणकर हुन् । हे आर्या, यदि तिमी घरबाट छाडी अनागारिका भई प्रव्रजित हुन चाहन्छ्यौ भने-क्षेमा र उत्पलवर्णा भिक्षुणीहरू जस्तै हुन सक । भन्ने कामना गर्नुपर्छ ।

**समाप्त ।**



https://dhamma.digital

परियत्ति सद्धम्म कोविद प्रथम वर्ष
चतुर्थ पत्र

# बुद्धकालीन बौद्ध व्यक्तित्वहरू

## एकाइ ३ : बुद्धकालीन ब्राह्मणहरू

१) अस्सलायन माणव

२) कसिभारद्वाज ब्राह्मण

३) कूटदन्त ब्राह्मण

Dhamma.Digital

पुस्तक : बुद्धकालीन ब्राह्मणहरू (भाग २)
लेखक : भिक्षु अमृतानन्द महास्थविर

https://dhamma.digital

# एकाइ ३ : बुद्धकालीन ब्राह्मणहरू

## १) अस्सलायन माणव

**परिचयः**

अस्सलायन (=अश्वलायन) गोत्रको आधारमा नामकरण गरिएका एक सोह्रवर्षीय ब्राह्मणलाई यहाँ अनुदित मूल सूत्रमा "अस्सलायन माणव" भनिएको हो । यिनी विद्वान् तथा तीनै वेदमा पारङ्गत थिए । बुद्धसंग भेट्नुभन्दा अगाडिदेखि नै यिनमा बुद्धप्रति आस्था रहेको कुरा सूत्रद्वारा बुझिन्छ । त्यसैले जब ब्राह्मणहरूले "श्रमण गौतमसँग वाद गर्नको निमित्त जाऔँ" भनी यिनलाई आह्वान गरे तब यिनले आफू जान नचाहेको कुरा व्यक्त गरेका मात्र होइनन् धार्मिक श्रमण गौतमसँग वादगर्न क्षमता आफूमा नभएको कुरा पनि स्पष्ट शब्दमा बताएका थिए ।

किन्तु धेरै जिद्दीगरेपछि यिनी भगवान्कहाँ गएका थिए र भगवान्को कुरा सुनी प्रसन्नभई भगवान् बुद्धकै शरणमा परी आफू उपासकत्वमा रहेको घोषणा पनि गरेका थिए ।

अपदानपालिले- "माता चन्दवती नाम, पिता अस्सलायन ....." अर्थात् - "मेरी माता चन्द्रवती र पिता अस्सलायन हुन् ..." भनी महाकोट्ठिक स्थविरले आफ्नो अपदानमा उल्लेख गरे अनुसार यस्तो बुझिन्छ कि अस्सलायन माणव महाकोट्ठिक स्थविरका पिता थिए । किन्तु यस सम्बन्धमा अपदानट्ठकथाले कुनै कुरा उल्लेख गरेको छैन । अरू विशेष कुराहरू अगाडि अनुदित सूत्रमै उल्लेख भएका छन् ।

## मूल सूत्र -

### १) चारैवर्णको शुद्धि

यस्तो मैले सुनें, एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको



https://dhamma.digital

जेतवनाराममा बस्नुभएको थियो । त्यसबखत कुनै कामले विभिन्न राज्यहरूबाट आएका पाँचसय ब्राह्मणहरू श्रावस्तीमा बसिरहेका थिए । अनि ती ब्राह्मणहरूको मनमा यस्तो लाग्यो -

"यी श्रमण गौतम चारै वर्णका शुद्धि बताउँछन् । श्रमण गौतमसँग यस वचन (=विषय) मा प्रतिवाद गर्नसक्ने को होला ?"

त्यसबखत अस्सलायन (=अश्वलायन) भन्ने माणव श्रावस्तीमा बस्दथे । उनी तरुण, शीरमुण्डन गरेका, जन्मले सोह्रवर्ष पुगेका, तीनै वेदमा पारङ्गत; निघण्टू, केटुभ (=कौस्तुभ), अक्षरप्रभेद तथा इतिहास सहित पाँचौ ग्रन्धहरू, पदशास्त्र, ब्याकरण, लोकायत (=भौतिकवाद) तथा लक्षण-शास्त्रमा पनि निपुण थिए । अनि ति ब्राह्मणहरूलाई यस्तो लाग्यो -

"यी अस्सलायन माणव श्रावस्तीमा बस्दछन् । उनी तरुण, शीरमुण्डन गरेका, ... लोकायत तथा लक्षण-शास्त्रमा पनि निपुण छन् ।"

अनि ती ब्राह्मणहरू जहाँ अस्सलायन माणव थिए त्यहाँ गए; त्यहाँ पुगेपछि अस्सलायन माणवलाई यस्तो भने -"भो अस्सलायन ! यो श्रमण गौतम चारैवर्णहरू शुद्धि हुन्छन् भनी भन्दछन् । श्रमण गौतमका साथ यस विषयमा प्रतिवाद गर्न तपाईं अस्सलायन आउनुहोस् ।"

यस्तो भन्दा, अस्सलायन माणवले ती ब्राह्मणहरूलाई भने- "भो ! श्रमण गौतम धर्मवादी हुनुहुन्छ । धर्मवादीसँग प्रतिवाद गर्न कठिन पर्छ । श्रमण गौतमसँग यस विषयमा प्रतिवाद गर्न म असमर्थ छु ।"

दोश्रो पटक पनि ती ब्राह्मणहरूले अस्सलायन माणवलाई यस्तो भने-"भो अस्सलायन ! यी श्रमण गौतम चारैवर्णहरू शुद्धि हुन्छन् भनी भन्दछन् । श्रमण गौतमका साथ यस विषयमा प्रतिवाद गर्न तपाईं अस्सलायन आउनुहोस् । तपाईं अस्सलायनले परिव्राजक विधानहरू जम्मै अभ्यास गरिसक्नु भएको छ ।"

दोश्रो पटक पनि अस्सलायन माणवले ती ब्राह्मणहरूलाई यस्तो भने-"भने ! श्रमण गौतम धर्मवादी हुनुहुन्छ । धर्मवादीसँग प्रतिवाद गर्न कठिन पर्छ । श्रमण गौतमसँग यस विषयमा प्रतिवाद गर्न म असमर्थ छु ।"



https://dhamma.digital

तेश्रो पटक पनि ब्राह्मणहरूले अस्सलायन माणवलाई यस्तो भने, “भो अस्सलायन ! यी श्रमण गौतम चारैवर्णहरू शुद्धि हुन्छन् भनी भन्दछन् । श्रमण गौतमका साथ यस विषयमा प्रतिवाद गर्न तपाईं अस्सलायन आउनुहोस् । तपाईं अस्सलायनले परिव्राजक विधानहरू जम्मै अभ्यास गरिसक्नुभएको छ । तपाईं अस्सलायन युद्ध नगरिकनै पराजित भएजस्तै पराजित नहुनुहोस् ।”

यस्तो भन्दा अस्सलायन माणवले ती ब्राह्मणहरूलाई यस्तो भने - “यति भन्दा पनि तपाईंहरूबाट मैले मुक्ति पाइन । भो ! श्रमण गौतम धर्मवादी हुनुहुन्छ । धर्मवादीसँग प्रतिवाद गर्न कठिन पर्छ । श्रमण गौतमसँग यस विषयमा प्रतिवाद गर्न म असमर्थ छु । किन्तु अब म तपाईंहरूको वचनले गर्दा जानेछु ।”

**ब्राह्मणवादको खण्डन**

(१) अनि अस्सलायन माणव धेरै ब्राह्मणहरूका साथ जहाँ भगवान् हुनुहुन्छ त्यहाँ गए; त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका अस्सलायन माणवले भगवान्लाई यस्तो भने -

“भो गौतम ! ब्राह्मणहरू यस्तो भन्दछन् कि - ब्राह्मणहरू नै श्रेष्ठ वर्ण (= जात) हुन्, अरू वर्ण हीन हुन ; ब्राह्मणहरू नै शुक्लवर्ण हुन्, अरू वर्ण कृष्णवर्ण हुन् । ब्राह्मणहरू नै शुद्धि हुन्छन्, अ-ब्राह्मणहरू हुन्नन् । ब्राह्मणहरू नै ब्रह्माका औरस पुत्रहरू हुन्, मुखबाट निस्केका हुन्, ब्रह्मजः हुन्, ब्रह्म निर्मित हुन् ब्रह्मदायाद हुन् (=ब्रह्माले दिएको पाउने) । यस विषयमा तपाईं गौतम के भन्नुहुन्छ ?”

“अस्सलायन ! किन्तु ब्राह्मणहरूका ब्राह्मणीहरू ऋतुमती भएका पनि, गर्भिणी भएका पनि, जन्माउनेहरू पनि, दूध पिलाउनेहरू पनि देखिन्छन् । ब्राह्मणीहरूको योनीमार्गबाट उत्पन्न भएर पनि उनीहरू (= ब्राह्मणहरू) यस्तो भन्दछन कि - ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन् ; ब्राह्मणहरू नै शुक्लवर्ण हुन्, अरू वर्ण हीन हुन् । ब्राह्मणहरू नै शुद्धि हुन्छन्, अ-ब्राह्मणहरू हुन्नन् । ब्राह्मणहरू नै



https://dhamma.digital

ब्रह्माको औरस पुत्रहरू हुन्, .... ब्रह्मदायाद हुन् ।"

"यद्यपि तपाईं गौतम भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सम्भन्छन् कि -ब्राह्मणहरू नै श्रेष्ठवर्ण हुन्, अरू वर्ण हीन हुन्; ..... ब्राह्मणहरू नै ब्रह्मदायाद हुन् ।"

२. "अस्सलायन ! तिमीले सुनेका छौ के- योन, कम्बोज र अरू पनि प्रत्यन्त जनपदहरूमा दुबै मात्र वर्णहरू (=जातिहरू) छन्- आर्य र दाश । आर्य भएर दाश पनि हुन्छ, दाश भएर आर्य पनि हुन्छ । यस बारेमा तिमी के भन्दछौ त ?"

"भो ! हो, मैले पनि सुनेको छु कि- योन कम्बोज र अरू पनि प्रत्यन्त जनपदहरूमा दुबै मात्र वर्णहरू छन् - आर्य र दाश । आर्य भएर दाश पनि हुनसक्छ, दाश भएर आर्य पनि हुनसक्छ ।"

"अस्सलायन ! त्यसोभए यहाँ ब्राह्मणहरूको के के बल रह्यो त, के आश्वासन रह्यो त? - जहाँ कि ब्राह्मणहरू नै श्रेष्ठवर्ण हुन् , अरू वर्ण हीन हुन्;....?"

"यद्यपि तपाईं गौतम यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सोच्दछन् कि - ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन् ; ...।"

३. "अस्सलायन ! प्राणातिपाती, अदिन्नादायी, काममिथ्याचारी, मृषावादी, पैशुन्यवादी, फरुषभाषी, सम्प्रफलापी, लोभी, द्वेषी तथा मिथ्यादृष्टिक हुने क्षत्रीहरू मात्र शरीर छाडी मरणपछि अपाय दुर्गति विनिपात तथा नरकमा उत्पन्न हुन्छन् र ब्राह्मणहरू हुँदैनन् कि? प्राणातिपाती, .... तथा मिथ्यादृष्टिक हुने वैश्यहरू मात्र शरीर छाडी ... नरकमा उत्पन्न हुन्छन् र ब्राह्मणहरू हुँदैनन् कि ? प्राणातिपाती ... तथा मिथ्यादृष्टिक हुने शूद्रहरू मात्र शरीर छाडी ... नरकमा उत्पन्न हुन्छन् र ब्राह्मणहरू हुँदैनन् कि ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! त्यसो होइन, प्राणातिपाती, ... क्षत्रीहरू पनि, ... नरकमा जान्छन् । भो गौतम ! प्राणातिपाती ब्राह्मणहरू पनि, .. नरकमा जान्छन्, ...भो गौतम ! प्राणातिपाती वैश्यहरू पनि, .. नरकमा जान्छन्,



https://dhamma.digital

... भो गौतम ! प्राणातिपाती शूद्रहरू पनि, .. नरकमा जान्छन् ।"

"अस्सलायन ! त्यसो भए यहाँ, ब्राह्मणहरूको के बल रह्यो त, के आश्वासन रह्यो त ?..."

"यद्यपि तपाईं गौतम यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सम्झन्छन् कि - ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन् ...।"

(४) "अस्सलायन ! प्राणीघातबाट विरत हुने, अदिन्नादानबाट विरत हुने, काममिथ्याचारबाट विरत हुने, मृषावादबाट विरत हुने, पैशुन्यवादबाट विरत हुने, परुषवाचाबाट विरत हुने, सम्प्रफलापबाट विरत हुने, निर्लोभी, अद्वेषी तथा सम्यक्दृष्टिक हुने ब्राह्मणहरू मात्रै शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन सक्छन् र क्षत्रीहरू, शुद्रहरू उत्पन्न हुन सक्दैनन् ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! त्यसो होइन, प्राणीघातबाट विरत हुने, ... तथा सम्यक्दृष्टिक हुने क्षत्रीहरू पनि, ब्राह्मणहरू पनि, वैश्यहरू पनि, शूद्रहरू पनि, शरीर छाडी मृत्यूपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन सक्छन् । भो गौतम ! प्राणीघातबाट विरत हुने, अदिन्नादानबाट विरत हुने, काममिथ्याचारबाट विरत हुने, मृषावादबाट विरत हुने, पैशुन्यजादबाट विरत हुने, फरुषवाचाबाट विरत हुने, सम्प्रफलापबाट विरत हुने, निर्लोभी, अद्वेषी तथा सम्यक्दृष्टिक हुने सबै चारवर्णहरू शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन सक्छन् ।"

"अस्सलायन ! त्यसोभए यहाँ ब्राह्मणहरूको के बल रह्यो त, के आश्वासन रह्यो त ?.."

"यद्यपि तपाईं गौतम यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सम्झन्छन् कि - ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन् ..।"

(५) "अस्सलायन ! के त ब्राह्मणहरूले यस प्रदेशमा (= यो संसारमा) वैररहित, द्वेषरहित भई मैत्रीचित्तको भावना गर्न सक्छन् र क्षत्रीहरूले, वैश्यहरूले र शूद्रहरूले सक्दैनन् ? यस विषयमा तिमी के भन्दछौ त ?"



https://dhamma.digital

"भो गौतम ! त्यसो होइन । क्षेत्रीहरूले पनि यस प्रदेशमा वैररहित, द्वेषरहित भई मैत्रीचितको भावना गर्न सक्छन् ; भो गौतम ! ब्राह्मणहरूले पनि ... वैश्यहरूले पनि, .. शूद्रहरूले पनि यस प्रदेशमा ... मैत्रीचित्तको भावना गर्न सक्छन् । भो गौतम ! सबै चारवर्णहरूले यस प्रदेशमा बैररहित, द्वेषरहित भई मैत्रीचित्तको भावना गर्न सक्छन् ।"

"अस्सलायन ! त्यसोभए यहाँ ब्राह्मणहरूको के बल रह्यो त, के आश्वासन रह्यो त ? ..."

"यद्यपि तपाईं गौतम यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सम्झन्छन् कि - ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन् ,..."

(६) "अस्सलायन ! ब्राह्मणहरूले मात्र सोत्तिसिनानिं (= स्नानचूर्ण = साबुन आदि) लिई नदीमा गई मैलो फाल्न सक्छन् र क्षत्री, वैश्य र शुद्रहरूले सक्दैनन् ?"

"भो गौतम ! त्यसो होइन । क्षेत्रीहरूले पनि, .... ब्राह्मणहरूले पनि ...... वैश्यहरूले पनि, .... शुद्रहरूले पनि सोत्तिसिनानिं लिई नदीमा गई मैलो फाल्न सक्छन् । भो गौतम ! सबै चारवर्णहरूले सोत्तिसिंनानि लिई नदीमा गई मैलो फाल्न सक्छन् ।"

"अस्सलायन ! त्यसो भए यहाँ ब्राह्मणहरूको के बल रह्यो त, के आश्वासन रह्यो त ?.."

"यद्यपि तपाईं गौतम यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सम्झछन् कि -ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हिन हुन; ...।"

(७) "अस्सलायन ! यहाँ, अभिषेक प्राप्त क्षत्री राजाले विभिन्न जातिमा एक सय पुरुषहरूलाई एकत्रित पारी यसो भन्छन् - 'जो यहाँ क्षत्री कुलबाट, ब्राह्मण कुलबाट, राजन्य कुलबाट उत्पन्न भएका हुनुहुन्छ तपाइहरू यहाँ आउनुहोस् । तपाइहरूले शालको काठबाट सल्लाको काठबाट, चन्दनको काठबाट अथवा पदुम (=रूखकमल) को काठबाट अरणी लिई आगो बाल्नुहोस्, ज्वाला (= तेज) निकाल्नुहोस्



https://dhamma.digital

जो यहाँ चण्डालकुलबाट, निषादकुलबाट, वेणकुलबाट, सार्कीकुलबाट, पुक्कुसकुलबाट उत्पन्न भएका छन् तिनीहरूपनि यहाँ आउन् । तिनीहरूले पनि कुकरलाई खुवाउने द्रोणीबाट, सुँगुरलाई खुवाउने द्रोणीबाट, धोवीको लुगाधुने प्राणीबाट अथवा एणण्डक (= आँणिल) काठबाट अरणी लिई आगो बाल, ज्वाला (= तेज) निकाल ।' अस्सलायन ! जो क्षत्रीकुलबाट, ब्राह्मणकुलबाट, राजन्यकुलबाट उत्पन्न भएका हुन् - तिनीहरूले शालको काठबाट, .... अरणी लिई निकालेको जो आगो अर्थात् ज्वाला हो, त्यो मात्र अर्चिमान्, वर्णवान् तथा प्रभास्वर हुन्छ र आगोले लिनुपर्छ काम पनि लिइन्छ कि अथवा जो ती चण्डालकुलबाट,... उत्पन्न भएका हुन्- तिनीहरूले कुकुरलाई खुवाउने द्रोणीबाट,.... अथवा एणण्डक काठबाट अरणी लिई निकालेको जो आगो अर्थात् ज्वाला हो - त्यो पनि अर्चिमान्, वर्णवान् तथा प्रभास्वर हुन्छ र आगोले लिनुपर्ने काम पनि लिनसकिन्छ ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! त्यसो होइन । भो गौतम ! जो ती क्षत्रीकुलबाट, ... उत्पन्न भएका हुन् - तिनीहरूले शालको काठबाट, अरणी लिई निकालेको जो आगो अर्थात् ज्वाला हो - त्यो पनि अर्चिमान्, वर्णवान् तथा प्रभास्वर हुन्छ र आगोद्वारा लिनुपर्ने काम पनि लिन सकिन्छ । त्यस्तै गरी चण्डालकुलबाट,... उत्पन्न भएका हुन् - तिनीहरूले कुकुरहरूलाई खुवाउने द्रोणीबाट,.... अथवा एणण्डक काठबाट अरणी लिई निकालेको जो आगो अर्थात् ज्वाला हो - त्यो पनि अर्चिवान्, वर्णवान् तथा प्रभास्वर हुन्छ र आगोद्वारा लिनुपर्ने काम लिन सकिन्छ । भो गौतम ! सबै प्रकारबाट उत्पन्न अग्निहरू अर्चिमान, वर्णवान तथा प्रभास्वर हुन्छन् र ती सबै आगोबाट आगोद्वारा लिनुपर्ने काम पनि लिन सकिन्छ ।"

"अस्सलायन ! त्यसोभए यहाँ, ब्राह्मणहरूको के बल रह्यो त, के आश्वासन रह्यो त ? ..."

"यद्यपि तपाईं गौतम यस्तो भन्नुहुन्छ; तैपनि ब्राह्मणहरू चाहिं यस्तै सम्झन्छन् कि-ब्राह्मणहरू नै श्रेष्ठ वर्ण हुन्, अरू वर्ण हीन हुन्; ... ।"



https://dhamma.digital

(८) "आस्सलायन ! यहाँ क्षत्रीकुमारले ब्राह्मणकन्यासँग सहवास गर्छ, उनीहरूको सहवासको कारणले पुत्र जन्मिछ, उसलाई आमा अनुसार ब्राह्मण र बाबु अनुसार क्षत्री हो भनी भन्नु पर्छ कि पर्दैन त ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! जो त्यो क्षत्रीकुमारद्वारा ब्राह्मण कन्याबाट पुत्र उत्पन्न भयो, त्यसलाई आमा अनुसार ब्राह्मण र बाबु अनुसार क्षेत्री हो भनी भन्नुपर्छ ।"

"अस्सलायन ! यहाँ ब्राह्मण कुमारले क्षत्री कन्यासँग सहवास गर्छ, उनीहरूको सहवासको कारणले पुत्र जन्मिन्छ, त्यसलाई बाबु अनुसार ब्राह्मण र आमा अनुसार क्षत्री हो भनी भन्नुपर्छ कि पर्दैन त ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! जो त्यो ब्राह्मण कुमारद्वारा क्षत्री कन्याबाट पुत्र उत्पन्न भयो, त्यसलाई बाबु अनुसार ब्राह्मण र आमा अनुसार क्षत्री हो भनी भन्नुपर्छ ।"

"अस्सलायन ! (भनौं कि) यहाँ गधाले घोडीसँग सहवास गर्छ, उनीहरूको सहवासको कारणद्वारा बच्चा (=किशोर) जन्मिन्छ; जो त्यो गधाद्वारा घोडीबाट बच्चा (= किशोर) उत्पन्न भयो, उसलाई बाबु अनुसार 'गधा र आमा अनुसार 'घोडा' हो भनी भन्नुपर्छ कि पर्दैन त ? यस विषयमा तिमी के भन्दछौ त ?"

"भो गौतम ! त्यो बच्चालाई खच्चर (= अस्सतर = अश्वतर) भन्दछन् । भो गौतम यहाँ भेद देख्दछु; तर त्यो अर्का चाहिंमा (माथिको ब्राह्मण क्षत्रीहरूमा) कुनै भेद देख्दिन ।"

(९) "अस्सलायन ! (भनौं कि) यहाँ सहोदर दुई दाजुभाइ माणवहरू छन् । (तीमध्ये) एउटा विद्वान् अध्ययन गरेको अर्को अविद्वान् अध्ययन नगरेको । यी दुई मध्ये कुनचांहिलाई प्रथमत : ब्राह्मणहरूले श्रद्धा-भोज, मङ्गल-भोज, यज्ञ-भोज अथवा स्वागत-भोज खुवाउँछन् ?"

"भो गौतम जो त्यो माणव विद्वान् छ अध्ययन गरेको छ - उसलाई प्रथमत : ब्राह्मणहरूले श्रद्धा-भोज, मङ्गल-भोज, यज्ञ-भोज



https://dhamma.digital

अथवा स्वागत-भोज खुवाउँछन् । भो गौतम ! त्यो अविद्वान् अनपढलाई दिएको फल के महान् होला र !"

(१०) "अस्सलायन ! (भनौं कि) यहाँ सहोदर दुई दाजुभाइ माणवहरू छन् । (ती मध्ये) एउटा विद्वान् अध्ययन गरेको तर दुराचारी, पापधर्मी; अर्को चाहिं अविद्वान् अनपढ तर सदाचारी कल्याणधर्मी, यी दुईमध्ये कुनचाँहिलाई प्रथमत : ब्राह्मणहरूले श्रद्धा-भोज, मङ्गल-भोज, यज्ञ-भोज अथवा स्वागत-भोज खुवाउँछन् त ?"

"भो गौतम ! जो त्यो माणव अविद्वान् अनपढ तर सदाचारी कल्याणधर्मी छ - त्यसलाई प्रथमत : ब्राह्मणहरूले श्रद्धा-भोज, मङ्गल-भोज, यज्ञ-भोज अथवा स्वागत-भोज खुवाउँछन् । भो गौतम ! दुराचारी पापधर्मीलाई दिएको फल के महान् होला र ।"

"अस्सलायन ! पहिले तिमी जातिमा गयौ; जातिमा गएर मन्त्रमा गयौ; मन्त्रमा गएर तपमा गयौ; तपमा गएर चातुर्वर्ण शुद्धिमा फर्केर आयौ - जुन कुराको उपदेश म गर्दछु ।"

यस्तो भन्नुहुँदा अस्सलायन माणव चूपलागी, नाजवाफ भई, शीर निहुऱ्याई, तलतिर हेरी, चिन्तित भई केही भन्न नसकी बसे ।

असित देवल ऋषिको कुरा

अनि भगवान्ले अस्सलायन माणवलाई चूपलागी, नाजवाफ भई, शीर निहुऱ्याई, तलतिर हेरी, चिन्तित भई केही भन्न नसकी बसिरहेको देखेर अस्सलायन माणवलाई यस्तो भन्नुभयो -

"अस्सलायन ! अतीतकालमा अरण्यायतनको पर्णकुटीमा बसिरहेका सातजना ब्राह्मण ऋषिहरूको मनमा यस्तो पापकदृष्टि (= गलत विचार) उत्पन्न भएको थियो -'ब्राह्मणहरू नै श्रेष्ठवर्ण हुन्, अरू वर्ण हीन (= नीच) हुन् .... । अस्सलायन ! अनि असित देवल (काल देवल) ऋषिले -अरण्यायतनको पर्णकुटीमा बसिरहेका सातजना ब्राह्मण ऋषिहरूको मनमा - 'ब्राह्मणहरू नै श्रेष्ठवर्ण हुन्, अरू वर्ण हीन हुन्...' भन्ने पापकदृष्टि उत्पन्न भएको कुरा सुने । अस्सलायन ! असित देवल ऋषि केश दाह्री क्षौर गरी, मजेठी वर्णका वस्त्रहरू पहिरी, पत्र पत्र



https://dhamma.digital

तलुवा भएको चप्पल (= पटलियो उपाहना) लगाई, सुनचाँदीयुक्त लट्ठी लिई, सातजना ब्राह्मण ऋषिहरूको कुटीको आँगनमा प्रादुर्भाव भए । अस्सलायन ! अनि कुटीको आगँनमा टहलिँदै असित देवल ऋषिले यस्तो भने - 'हाँ, यी ब्राह्मण ऋषिहरू कहाँ गए ? हाँ, यी ब्राह्मण ऋषिहरू कहाँ गए ?' अस्सलायन ! अनि ती सातजना ब्राह्मण ऋषिहरूलाई यस्तो लाग्यो - 'गँवार बालक जस्तै सातजना ब्राह्मण ऋषिहरूको कुटीको आँगनमा टहलिंदै 'हाँ, यी ब्राह्मण ऋषिहरू कहाँगए ? हाँ, यी ब्राह्मण ऋषिहरू कहाँ गए ?' भन्ने यो को रहेछ ? अवश्य पनि यसलाई अभिशाप गर्नुपर्‍यो ।' अस्सलायन ! अनि सातजना ब्राह्मण ऋषिहरूले असित देवल ऋषिलाई - 'भस्म होस् वसल (= वृषल) ! भस्म होस् वसल !' भनी अभिशाप गरे । अस्सलायन ! जति जति सातजना ब्राह्मण ऋषिहरूले असित देवल ऋषिलाई अभिशाप गरे त्यति त्यति असित देवल ऋषि झन् झन् अभिरूप भए, झन् झन् दर्शनीय भए, झन् झन् प्रासादिक पनि भए । अस्सलायन ! अनि ती सातजना ब्राह्मण ऋषिहरूको मनमा यस्तो लाग्यो - 'हामीहरूले गरेको तपस्या तुच्छ रहेछ, ब्रह्मचर्य निष्फल रहेछ । अघि अघि हामीहरूले 'भस्महोस् वसल ! भस्महोस् वसल !' भनी जसलाई अभिशाप गर्दथ्यौँ केही भस्म नै हुन्थे । यिनलाई चाहिं जति जति हामीले अभिशाप गर्‍यौं उति उति यी अभिरूपतर, दर्शनीयतर, तथा प्रासादिकतर हुन्छन् ।' (अनि असित देबल ऋषिले यस्तो भने -) 'तपाईंहरूको तपस्या तुच्छ छैन, तपाइहरूको ब्रह्मचर्य निष्फल छैन । बल्कि जो तपाईंहरूको चित्त मप्रति दूषित भयो त्यसलाई हटाउनुहोस् ।' ' जो तपाइँप्रति चित्त दूषित भयो त्यसलाई हामीहरू हटाउने छौं । तपाईंको हुनुहुन्छ नि ? ' 'तपाइँहरूले असित देवल ऋषि भन्ने नाम सुन्नुभएको छ ? ' 'भो ! सुनेका छौँ ।' 'भो ! म सोही हुँ ।'

"अस्सलायन ! अनि असित देवल ऋषिलाई अभिवादन गर्न सातजना ब्राह्मण ऋषिहरू अगाडि गए । अस्सलायन ! अनि असित देवल ऋषिले सातजना ब्राह्मण ऋषिहरूलाई यस्तो भने - ' भो ! अरण्यायतनको पर्णकुटीमा बसिरहेका तपाईं सातैजना ब्राह्मण ऋषिहरूको मनमा यस्तो पापकदृष्टि उत्पन्न भयो भन्ने कुरा मैले सुने -



https://dhamma.digital

'ब्राह्मणहरू नै श्रेष्ठवर्ण हुन् अरू वर्ण हीन हुन्; ब्राह्मणहरू नै शुक्लवर्ण हुन् अरू वर्ण कृष्ण हुन्; ब्राह्मणहरू नै शुद्धि हुन्छन्, अ-ब्राह्मणहरू हुन्नन्; ब्राह्मणहरू नै ब्रह्माका औरस पुत्रहरू हुन्, मुखबाट निस्केका हुन्, ब्रह्मज हुन्, ब्रह्मनिर्मित हुन् तथा ब्रह्मादायाद हुन् ।' 'भो ! हो ।' तपाईंहरू जान्नुहुन्छ के (तपाईंहरूलाई) जन्मदिने माता ब्राह्मणकहाँ मात्र गई र अ-ब्राह्मणकहाँ गइन ?' 'भो ! जान्दैनौ ।' 'तपाईंहरू जान्नुहुन्छ के (तपाईंहरूलाई) जन्मदिने माताकी माता उसकी पनि माता गरी सातपुस्तासम्मकी माता ब्राह्मणकहाँ मात्र गई र अ-ब्राह्मणकहाँ गइन ?' 'भो ! जान्दैनौ ।' तपाईंहरू जान्नुहुन्छ के (तपाईंहरूलाई) जन्मदिने पिता ब्राह्मणीकहाँ मात्र गयो र अ-ब्राह्मणीकहाँ गएन ?' - 'भो ! जान्दैनौ ।' 'तपाईंहरू जान्नुहुन्छ के (तपाईंरूलाई) जन्मदिने पिताको पिता उसको पनि पिता गरी सातपुस्तासम्मको पिता ब्राह्मणीकहाँ मात्र गयो र अ-ब्राह्मणीकहाँ गएन ?' 'भो ! जान्दैनौ ।' तपाईंहरू जान्नुहुन्छ के कसरी गर्भधारण हुन्छ ?' भो ! हामीहरू जान्दछौं कि कसरी गर्भ धारण हुन्छ । (१) यहाँ आमाबुबाहरू एकत्रित हुन्छन् (२) आमा पनि ऋतुमती हुन्छे, (३) गन्धर्व (= गर्भमा उत्पन्न हुनसक्ने सत्व अर्थात् प्रतिसन्धि चित्त) पनि उपस्थित हुन्छ (= उत्पन्न हुन्छ) । यसरी तीनै संयोग एकत्रित हुनाको कारणद्वारा गर्भधारण हुन्छ ।' 'के त, तपाइहरू जान्नुहुन्छ के त्यो गन्धर्व (- गर्भ धारण हुने सत्व वा विज्ञान) क्षत्री नै थियो अथवा ब्राह्मण नै थियो अथवा वैश्य नै थियो अथवा शूद्र नै थियो ?' भो ! हामीहरू जान्दैनौ कि - त्यो गन्धर्व क्षत्री नै थियो वा ब्राह्मण नै थियो वा वैश्य नै थियो वा शुद्र नै थियो ।' 'भो ! त्यसोभए तपाईंहरू जान्नुहुन्छ के - तपाईंको हुनुहुन्छ ? ' ' भो त्यसोभए

हामीहरू जान्दैनौ कि - हामीहरू को हौं ।'

"अस्सलायन ! असित देवल ऋषिद्वारा सोधिएका कारणहरूलाई ती सातजना ब्राह्मण ऋषिहरूले त सम्पादन गर्न सकेनन् भने अहिले तिमीले आफ्नो जातिवाद सम्बन्धी मैले सोधेका कारणहरूका बारेमा के सम्पादन गर्न सकौला, जो कि अहिलेसम्म तिमी स-आचार्य नै छौ; पूर्णले जस्तै डाडु समात्न पनि तिमीले जानेका छैनौं ।



https://dhamma.digital

यस्तो भन्नुहुँदा अस्सलायन माणवले भगवान्लाई यस्तो भने -

"धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम !! भो गौतम ! जस्तै - घोप्टेकोलाई उत्तानोपारिदिंदा वा ढाकिएकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा अथवा अन्धकारमा तेलको दियो बालिदिंदा आँखा हुनेले रूप देख्दछ- त्यस्तैगरी तपाईं गौतमले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनु भयो । अब म तपाईं गौतमको शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी तपाईं गौतमले मलाई स्वीकार गर्नुहोस् ।"

**समाप्त ।**

## २) कसिभारद्वाज ब्राह्मण

### परिचय

भगवान् बुद्धको समयमा राजगृहको दक्षिणागिरिको एकनाल भन्ने ब्राह्मणहरूको एक गाउँ थियो । त्यस गाउँमा भारद्वाज भन्ने खेतीगरी जीविका गर्ने एक धनाढ्य ब्राह्मण बस्दथे । खेतीगरी जीविका गर्न भएको हुनाले उनलाई 'कसिभारद्वाज' अर्थात् 'कृषि भारद्वाज' भनिएको हो । भारद्वाज भनेको गोत्रको नाम हो ।

### कसिभारद्वाजको रोपाई

एकदिन उनले पाँचसय (५००) हलोहरू जोताइ रहेका थिए । जोताइको पहिलो दिन मङ्गलदिन थियो । त्यस दिन रोपाइँमा तीनहजार (३०००) गोरुहरू थिए । ती सबै गोरुहरूको सिङहरूमा सुवर्णले मोरिएका थिए र खुरहरूमा रजतले मोडिएका थिए । ती सबैलाई पञ्चगन्धयुक्त सेता मालाहरूले सजाइएका थिए । उनीहरू सबैका अङ्गप्रत्यङ्गहरू पनि सजाइएका थिए र सबै गोरुहरू लक्षण सम्पन्न थिए । तिनीहरूमध्ये कुनै गाजल जस्तै काला थिए, कुनै बादल जस्तै सेता थिए, कुनै मूगा जस्तै राता थिए तथा कुनै मसारगल्ल मणि जस्तै छिरबिरे थिए ।

सबै पाँचसय (५००) जोताहाहरूले सेता सेता नयाँ नयाँ



https://dhamma.digital

कपडाहरू लगाएका थिए। सुगन्ध र मालाहरूले अलंकृत थिए। दाहिने काँधमा फूलका गुच्छाहरू राखेका थिए तथा उनीहरूको शरीर वर्ण हरितालको वर्ण जस्तै पहेँलो तथा चम्किलो थियो। दश दश हलोहरूको एक एक डफ्फा बनाई खेत जोत्दथे। हलोहरूका पूर्वभाग तथा जुवा र छडीहरू सुवर्ण जडित थिए। अघिल्लो हलोमा आठओटा गोरुहरू नारिएका र बाँकी हलोहरूमा चार चार ओटा गोरुहरू नारिएका थिए। बाँकी गोरुहरू साट्फेर गर्नकोनिमित्त राखिएका थिए। एक एक डफ्फाकोनिम्ति एक एक गाडा बिऊ थियो। एकथरीले जोत्छन् अर्काथरीले रोप्छन्।

त्यसदिन बिहान सबेरै दाह्री काटी नुहाई सुगान्धित लेप लगाई पाचँसय (५००) मूल्य जाने वस्त्र पहिरी, एकहजार (१०००) मूल्य जाने कपडा एकांश गरी, एक एक औंलामा दुई दुईवटा गरी जम्मा बीसवटा (२०) औंठीहरू लगाई तथा कानमा सिंहकुण्डलहरू लगाई, शीरमा उत्तमरूपले फेटाबाँधी, सुवर्णको माला लगाई ब्राह्मणहरूद्वारा परिवृत भई रोपाइँ गर्ने ठाउँमा गई- कसिभारद्वाज ब्राह्मणले अनुशासन गरिरहेका थिए।

उता, अनेक सय भाँडाहरूमा पायस पकाउन लगाई, ठूला ठूला गाडाहरूमा राखी, सुगन्धित पानीले नुहाई, सबैप्रकारका अलंकारहरूद्वारा अलंकृत भई तथा ब्राह्मणीहरूले परिवृत भई कसिभारद्वाजकी ब्राह्मणी रोपाइँ गर्न लागेको ठाउँमा गइन्। घर पनि सुगन्धित गोबरले लिपेको थियो। लावाहरू छरिएका थिए। सुवर्ण घडाहरू, केराका बोटहरू तथा ध्वजाहरू फहराइएका थिए र पुष्पगन्धले युक्त पूजा पनि गरिएको थियो। खेतको ठाउँ ठाउँमा ध्वजा पताकाहरू फरफराइएका थिए। कामदार तथा परिजनहरू सबै भेलाहुँदा जम्मा अढाइ हजार (२,५००) को समूह थियो। सबैका नयाँ कपडाहरू थिए र उनीहरूकोनिमित्त पनि पायस नै तयार पारिएको थियो।

अनि उनकी ब्राह्मणीले चाहिं सुवर्णको भाँडा धुनलाई त्यसमा भरी पायस राख्नलगाई घिऊ, मह तथा सखर (=फाणित) द्वारा हलोहरूको पूजा गर्न लगाइन्। पाँचसय जोताहाहरूलाई सुन, चाँदी,



https://dhamma.digital

काँस, तामा तथा फलामका भाँडाहरू दिनलगाई उनीहरूलाई पायस पस्काउँदै थिइन् । यसरी पूजा गर्न लगाई रातो तथा सुवर्णको खराऊ (=उपाहन = उपानह) लगाई, रातो तथा सुवर्णको लट्ठी हातमा लिई - यहाँ घिउ राख, यहाँ मह राख तथा यहाँ सखर राख भनी अह्राउँदै ब्राह्मण हिड्न थाले ।

## बुद्धको दिनचर्या

बुद्ध भगवान् जुनसुकै विहारमा बस्नुभए पनि वहाँका पाँचवटा दैनिक चर्याहरू हुन्छन् । जस्तै - (१) भोजन पहिलेको चर्या, (२) भोजन पछिको चर्या, (३) पूर्वयामिक चर्या, (४) मध्ययामिक चर्या तथा (५) पश्चिमयामिक चर्या ।

(१) भोजन पहिलेको चर्या-प्रातःकालमा उठ्नुभई उपस्थाकहरूको अनुग्रह गर्नकोनिमित्त र आफ्नो शरीरको सुखविहारको निमित्त मुखधुने आदि शारीरिककृत्य सिध्याई भिक्षाटन् जानेवेला नभएसम्म एकान्त खुला ठाउँमा बस्नुभई भगवान् बुद्ध समय बिताउनु हुन्छ । भिक्षा जानेबेला भएपछि कायबन्धन बाँधी चीवर पारूपन गरी पात्र ग्रहण गरी - कहिले एक्लै, कहिले भिक्षुसङ्घद्वारा परिवृत्तभई; कहिले प्रकृति स्वभावले, कहिले अनेक प्रकारका प्रातिहार्यहरू देखाउनु हुदैं गाउँ वा निगममा भिक्षाटन् जानुहुन्छ । कस्तो प्रातिहार्य भने ? -

भिक्षाटन् जानुहुने बुद्ध भगवान्को अगाडि अगाडि मन्दहावाले बाटो सफापार्छ । मेघले अलि अलि पानीझारी बाटामा भएका धूलाहरू नउडाउने गरी शान्तपार्छ । भगवान्को माथि चँदुवा जस्तो भई बस्छ । अर्का हावाले ठाउँ ठाउँबाट फूलहरू उडाएरल्याई बाटामा छर्छ । अग्ला अग्ला भूमिभागहरू होचा हुन्छन् र होचा तथा खाडलहरू पुरिएर आउँछन् । पैताला राख्ने बेलामा भूमिभाग सम्महुन्छ । सुखसंस्पर्श भएका फूलहरूले पैतालाहरूलाई थाप्छन् । गाउँ वा नगरको सिमाना भित्र दाहिने खुट्टा राख्नेबित्तिकै शरीरबाट छवर्ण रश्मीहरू[३४] निस्की सुवर्णपिञ्जर जस्तो

---

३४ नील, पीत, लोहित, ओदात(=सेतो), मञ्जेष्ठ तथा प्रभास्वर आदि छ वर्णहरूलाई 'छवर्णरश्मी' भनिएको हो ।



https://dhamma.digital

भई, चित्रपटले घेरेको जस्तो भई तथा प्रासादको कूटागार बनाएको जस्तो भई रश्मीहरू यताउता फैलिन थाल्छन्। हात्ती, घोडा तथा चराचुरुङ्गीहरू आ-आफ्ना ठाउँमा बसेर नै मधुराकारको स्वर निकाल्छन् । त्यस्तै गरी भेरी वीणा आदिहरूले पनि । मनुष्यहरूको शरीरमा भएका आभरणहरूले पनि मधुर स्वर निकाल्छन् । यो लक्षण देखेर मनुष्यहरूले थाहापाउँछन् कि - आज बुद्ध भगवान् यहाँ भिक्षाटनको निमित्त आउनुभएको छ। अनि राम्रा राम्रा लुगाहरू लगाई, पुष्पगन्धहरू हातमा लिई घरबाट निस्केर बाटामा गई भगवान्लाई सम्मानपूर्वक पुष्पगन्धहरूद्वारा पूजा गर्छन् र - "भन्ते ! हामीलाई दश भिक्षुहरू दिनुहोस्, हामीलाई शय भिक्षुहरू दिनुहोस्" भनी याचना गरी भगवान्को हातबाट पात्र मागेर लिई, घरमा निम्त्याई, आसनहरू बिच्छ्याई सत्कारपूर्वक भोजनद्वारा उहाँको स्वागत सम्मान गर्छन् ।

भोजनकृत्य सिद्धिएपछि उनीहरूको चित्तसन्ततिलाई हेरी भगवान्ले उनीहरूलाई त्यसरी धर्मोपदेश गर्नुहुन्छ जसरी धर्मोपदेश गर्नुहुँदा कुनै शरणागमनमा प्रतिष्ठित हुन्छन्, कुनै स्रोतापत्ति, सकृदागामी र अनागामी फलहरूमध्ये कुनै एकमा प्रतिष्ठित हुन्छन् । यसरी महाजनहरूको संग्रह गरी आसनबाट उठी बुद्ध भगवान् विहारतिर फर्केर जानुहुन्छ ।

विहारमा पुगेपछि भिक्षुहरूको भोजनकृत्य नसिद्धेसम्म मण्डलमालमा बिच्छ्याइराखेको वरबुद्धासनमा उहाँ बस्नुहुन्छ। भिक्षुहरूको भोजनकृत्य सिद्धिएपछि उपस्थापक भिक्षुले भगवान्लाई सूचित गर्छन् र त्यसपछि वहाँ गन्धकुटीभित्र जानुहुन्छ । यतिसम्मका कुराहरूलाई भोजन पहिलेको चर्या भनिन्छ ।

(२) भोजन पछिको चर्या - उपरोक्ताकारले भोजन पहिलेका कृत्य सिद्धिएपछि भगवान बुद्ध गन्धकुटी भित्र जानुहुन्छ र खुट्टा पखाली, पिरा एक छेउमा राखी उपस्थान शालामा बस्नुभई उहाँले भिक्षुसङ्घलाई यसरी अववाद उपदेश दिनुहुन्छ -

"भिक्षुहो ! यो लोकमा बुद्धोत्पाद समय दुर्लभ छ, मनुष्यत्व लाभ



https://dhamma.digital

गर्नु दुर्लभ छ, श्रद्धासम्पत्ति पाउनु दुर्लभ छ, क्षणसम्पत्ति पाउनु दुर्लभ छ, प्रव्रज्यात्व पाउनु पनि दुर्लभ छ तथा सद्धर्म श्रवण गर्नु पनि दुर्लभ नै छ। अतः अप्रमादपूर्वक सम्पादन गर।"

अनि भगवान्लाई अभिवादन गरी केहीले भगवान्सँग कर्मस्थान (=ध्यान) सम्बन्धी र भगवान्ले उनीहरूको चर्या अनुसार कर्मस्थानका कुराहरू बताउनु हुन्छ। कर्मस्थानका कुराहरू अध्ययनगरी भगवान्लाई अभिवादन गरी उनीहरू आ-आफ्नो रात्रिस्थान वा दिवास्थानमा जान्छन्। केही अरण्यमा, केही वृक्षमूलमा, केही पर्वतको कुनै एक स्थानमा तथा केही चातुर्महाराजिक भवनमा,..... र केही वशवर्ती भवनमा जान्छन्। त्यसपछि भगवान् बुद्ध गन्धकुटी भित्र जानुभई - यदि चाहनुहुन्छ भने दाहिनेतिरबाट सिंहशय्या मुद्रामा स्मृतिसम्प्रजन्य हुनुभई लेट्नुहुन्छ। अनि केहीछिन शरीरलाई आराम दिएर सिंहशय्याबाट उठ्नुभई दिनको दोश्रो भागमा उहाँले लोकलाई हेर्नुहुन्छ। दिनको तेश्रो भागमा चाहिं - जुन गाउँ वा निगममा उहाँ बस्नुभएको छ, त्यस गाउँ वा निगमका मानिसहरू भोजन पहिले दानदि पुर्ण्यकार्य गरी भोजनपछि - शुद्धवस्त्र लगाई, गन्धपुष्पादि हातमा लिई विहारमा भेला हुन्छन्। अनि भेला भएका परिषद् अनुरूप प्रातिहार्य-पूर्वक भगवान् धर्म सभामा जानुहुन्छ र त्यहाँ बिच्छ्याइराखेको वरबुद्धासनमा बस्नुभई कालानुकूल र समयानुकूल धर्मापदेश गर्नुहुन्छ। अनि समय जान्नुभई उहाँले परिषद्लाई विदाई गर्नुहुन्छ र भगवान्लाई अभिवादन गरी मानिसहरू फर्केर जान्छन्। यो हो भोजन पछिको चर्या।

(३) पूर्वयामिक चर्या- यसरी भोजनपछिको चर्या समाप्त गरिसक्नु भएपछि यदि नुहाउन चाहनुभयो भने- उहाँ बुद्धासनबाट उठ् नुभई, उपस्थाकद्वारा पानी तयारपारी राखेको ठाउँमा जानकोनिमित्त, उपस्थाकको हातबाट नुहाउने कपडालिई - नुहाउने कोठाभित्र जानुहुन्छ। अनि नुहाइसकी थकावट दूरगरी शरीर चंगा पार्नुहुन्छ। त्यतिञ्जेलसम्म उपस्थाकले बुद्धासन टक्टक्याई ल्याएर गन्धकुटीको प्रांगणमा बिच्छ्याउँछ। शरीर नुहाउनु भएका बुद्ध भगवान् रातो दोपट्टा लगाई, कायबन्धन बाँधी, चीवर एकांशपारी त्यहाँ जानुहुन्छ र एकछिन



https://dhamma.digital

त्यहाँ बसी एक्लै समाधिष्ठ हुनुहुन्छ। अनि भिक्षुहरू आ-आफ्ना स्थानबाट आई भगवान्को उपासनार्थ जान्छन्। केहीले भगवान्सँग त्यही प्रश्नहरू सोध्छन्, केहीले कर्मस्थान विषय सम्बन्धी कुराहरू सोध्छन् तथा केहीले धर्मश्रवणकोनिमित्त प्रार्थना गर्छन् । उनीहरूको अभिप्राय अनुसार कार्यसम्पादन गर्नुहुँदै भगवान्ले रातको प्रथमयाम बिताउनु हुन्छ । यसैलाई भन्दछन् पूर्वयामिक चर्या ।

४) मध्ययामिक चर्या - पूर्वयामिक चर्या समाप्त भएपछि भिक्षुहरू भगवानलाई वन्दना गरी फर्केपछि अवकाश पाएका सबै दशसहस्रलोक धातुका देवताहरू आई भगवानसँग प्रश्नहरू पनि सोध्दछन् । आखिरमा उनीहरूले बनाएका चार अक्षरसम्मका प्रश्नहरू पनि सोध्दछन्। यसरी सोधिएका प्रश्नहरूका उत्तरहरू दिनुहुँदै भगवान्ले मध्यमयाम बिताउनुहुन्छ। यो हो मध्ययामिक चर्या।

५) पश्चिमयामिक चर्या - पश्चिमयामलाई तीनभागमा विभाजन गर्नुभई -भोजन पहिलेको चर्यादेखिको बसाइबाट थकित भएको शरीरको पीडालाई दूर गर्नकोनिमित्त (१) एकभाग चंक्रमणद्वारा बिताउनु हुन्छ । (२) दोश्रोभाग गन्धकुटीभित्र पस्नुभई दाहिनेतिरबाट सिंहशैय्याको मुद्रामा लेटी स्मृतिसम्प्रजन्य भइ समय बिताउनुहुन्छ र (३) तेश्रो भागमा चाँहि सिंहसय्याबाट उठेर अघिका बुद्धहरूका समक्ष दानशीलद्वारा अधिकार प्राप्त गरी आएका प्राणीहरू भेटाउने उद्देश्यले महाकरुणासमापत्तिमा बसी बुद्धचक्षुद्वारा लोकमा अवलोकन गर्नुहुन्छ। यो हो पश्चिमयामिक चर्या।

यस्तैगरी पश्चिमयामिक चर्याको तेश्रो भागको समयमा महाकरुणासमापत्तिमा बसी बुद्धचक्षुद्वारा लोकमा हेरिरहनु भएको बेलामा भगवान् बुद्धले कसिभारद्वाज ब्राह्मणले अरहत्व पाउनसक्ने उपनिश्रयसम्पत्ति देख्नुभयो। त्यसैबखत उहाँले यस्तो पनि जान्नुभयो कि "कसिभारद्वाजको रोपाइँमा गएको खण्डमा उनीसँग कुराकानी हुनेछ। अनि कुराकानीको अन्तमा धर्मोपदेश सुनेर यी ब्राह्मण पुत्रदारहरूका साथ त्रिशरणमा प्रतिष्ठित हुनेछन् र असीकोटी धनसम्पत्ति मेरो शासनमा परित्याग गरी घरबाट त्यागी प्रव्रजितभई यिनले अरहत्व प्राप्त गर्नेछन्।"



https://dhamma.digital

यति कुरा जान्नुभई बुद्ध भगवान् कसिभारद्वाज ब्राह्मणको रोपाइँ भइरहेको ठाउँमा जानुभएको हो[३५] भनी संयुत्तनिकायट्ठकथाले उल्लेख गरेको छ । त्यसैले तल सूत्रमा "अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहणगरी जहाँ कसिभारद्वाज ब्राह्मणको रोपाइँ भएको थियो त्यहाँ जानुभयो" भनी उल्लेख भएको हो ।

जस्तै माथि (पृ.४७) मा भगवान बुद्धको दिनचर्याहरूमध्ये भोजन पहिलेको चर्यामा 'कहिले एक्लै कहिले भिक्षुसङ्घद्वारा परिवृत भई भिक्षाटन्को निमित्त जानुहुन्छ...' भनी उल्लेख भएको छ तीमध्ये यहाँ भगवान् एक्लै जानुभएको हो ।

जब भगवान् एक्लै कहीं जान चाहनुहुन्छ तब उहाँ भिक्षाटन् जाने समयमा गन्धकुटीको दैलो थुनेर बस्नुहुन्छ । भिक्षाजाने बेलामा गन्धकुटीको दैलो बन्द भएको देखेर भिक्षुहरूले यस्तो थाहा पाउँछन् कि- आज भगवान् एक्लै कहीं जानचाहनुहुन्छ । अवश्य पनि आज उहाँले कुनै दमनीय पूद्गललाई देख्नुभयो होला भनी उनीहरू आ-आफ्ना पात्रचीवर लिई गन्धकुटीलाई प्रदक्षिणागरी भिक्षाटन्को निमित्त जान्छन् ।

त्यसैले कसिभारद्वाज ब्राह्मणको खेतमा जानुहुँदा भगवान्को साथमा अरू कुनै भिक्षुहरू थिएनन् र उहाँ एक्लै त्यहाँ जानुभएको थियो भनी अट्ठकथाहरूले उल्लेख गरेका छन् ।

जब उहाँ त्यसठाउँमा पुग्नुभयो तब प्रातिहार्यको प्रभावद्वारा चन्द्रसूर्यको तेजलाई पनि माथगर्ने रश्मी उहाँको शरीरबाट निस्की असी हात टाढासम्म फैलिएको थियो । यो रश्मीको प्रभावद्वारा ब्राह्मणका खेतमा गोरु, हलो, रूख तथा भूमि समेत सबै वस्तुहरू सुर्वण झैं देखिन्थे । यो देखेर हलो जोतिरहेका तथा खाइरहेका मानिसहरू सबैले हलोजोत्न छाडी तथा खानाखान छाडी हातखुट्टा धोई भगवान्लाई घेरालगाई हेरेर बस्नथाले । यसरी सबै कामछाडी बुद्धलाई हेरिरहेको देखेर ब्राह्मणको मनमा "काममा बाधादिन आउने" भन्ने जस्तो लागेर उनी बुद्धमाथि अप्रसन्न भएका थिए । त्यसैले मूल सूत्रमा उनले भगवान्लाई "श्रमण !

३५ बुद्धको एघारौं (११) वर्षवासको समयमा यो घटना घटेको हो ।



https://dhamma.digital

तिमीले पनि ... जोतेर खाऊ” भन्ने आदि कुराहरू भनेका हुन् । विशेष कुराहरू अगाडि अनुदित मूल सूत्रमै उल्लेख भएका छन् ।

जब उनले बुद्धको शरीरमा असी अनुव्यञ्जनहरू युक्त बत्तीस महापुरुष-लक्षणहरू देखे तब उनको मनमा “श्रमण गौतम शाक्यपुत्र शाक्यकुलबाट प्रव्रजित भएको कुरा” झ्वास्स सम्झना भयो । यति सम्झना आएपछि उनको मनमा उहाँप्रति श्रद्धा उत्पन्न हुनथाल्यो ।

अरू कुराहरू अगाडिका मूलसूत्रका ठाउँ ठाउँमा पादटिप्पणीमा उल्लेख गरेका अट्ठकथाका कुराहरूबाट स्पष्ट हुनेछन् । धर्मोपदेशको अन्तमा प्रव्रजित भएका कसिभारद्वाज ब्राह्मणले अरहत्व साक्षात्कार गरे ।

## मूल सूत्र –

### १) खेती गरेर खाऊ

यस्तो मैले सुने, एक समय भगवान्, मगधदेशको दक्षिणागिरि स्थित[३६] एकनाल भन्ने ब्राह्मण गाँउमा बस्नुभएको थियो । त्यसबखत कसिभारद्वाज ब्राह्मणको रोपाईको समयमा पाँचसय हलगोरुहरू जोतिराखेका थिए । अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहणगरी जहाँ कसिभारद्वाज ब्राह्मणको रोपाई[३७] भएको थियो त्यहाँ जानुभयो ।

त्यसबखत त्यहाँ कसिभारद्वाज ब्राह्मणको खुवाउने काम भइरहेको थियो[३८] । अनि भगवान् जहाँ खुवाउने काम  भइरहेको थियो

---

३६ राजगृहलाई घेरेका पहाडहरूमध्येका दक्षिणतिरको पहाडलाई ‘दक्षिणागिरि’ भनिएको हो ।

३७ रोपाई दुइथरीका छन् - (१) हीलोमा बिउ छरेर गरिने रोपाई र (२) माटामा बिउ रोपेर गारिने रोपाई । यीमध्ये यहाँ माटामा बिउ रोपेर गरिने रोपाईलाई ‘रोपाई’ भनिएको हो ।

३८ त्यसबखत सुन चाँदी तामा आदिका थालहरू लिई खेतमा बसिरहेका जोताहाहरूलाई संग्रह गर्द, सुनको दाडू हहातमा लिई, श्रीर पायस राख्दै ब्राह्मणी जाँदै थिईन् । त्यसैले ‘खुवाउने काम भइरहेको थियो’ भनी भनिएको हो ।



https://dhamma.digital

त्यहाँ जानुभयो; त्यहाँ पुगेपछि एक छेउमा उभिइरहनु भयोघढ । अनि कसिभारद्वाज ब्राह्मणले भगवान्लाई भिक्षाकोनिमित्त उभिइरहनु भएको देखे । देखेर भगवान्लाई यस्तो भने - "श्रमण ! म जोत्न पनि जोत्दछु, रोप्न पनि रोप्दछु; जोतेर तथा रोपेर खान्छु (= जीविका गर्दछु) । श्रमण ! तिमीले पनि जोत्ने काम गर, रोप्ने काम गर; जोतेर तथा रोपेर खाऊ (=जीविका गर) ।"

ब्राह्मण ! म पनि जोत्दछु, रोप्दछु; जोतेर तथा रोपेर नै खान्छु ।"

"तर हामी तपाईं गौतमको न जुवा (=युग) देख्दछौं, न नङ्गल (=हलो वा हरिस) देख्दछौं, न फाली देख्दछौं, न त छडी (=पाचनं) देख्दछौं, न त गोरु नै देख्दछौं; तैपनि तपाईं गौतम यस्तो भन्नु हुन्छ - 'ब्राह्मण ! म पनि जोत्दछु, रोप्दछु; जोतेर तथा रोपेर खान्छु' । अनि कसिभारद्वाज ब्राह्मणले भगवान्लाई गाथाद्वारा यस्तो भने -

**"कस्सको पटिजानाति, न च पस्सामि ते कसिं ।**
**कस्सको पुच्छितो ब्रूहि, कथं जानेमु तं कसिं' ति ॥"**

अर्थः- "तपाईं आफूलाई कृषक भनी भन्नुहुन्छ, किन्तु तपाईंका कृषि औजारहरू देखिन्नन्, अतः कृषक हुने तपाईंसँग सोध्दछु कि-कसरी तपाईंको कृषिकर्मलाई जानूँ ?"

(भगवान् भन्नुहुन्छ-)

१. **"सद्धा बीजं तपो वुट्ठि, पञ्ञा मे युगनङ्गलं ।**
**हिरी ईसा मनो योत्तं, सति मे फाल पाचनं ॥**

२. **"कायगुत्तो वचीगुत्तो, आहारे उदरे यतो ।**
**सच्चं करोमि निद्दानं, सोरच्चं मे पमोचयं ॥**

३. **"विरियं मे धुरधोरय्हं, योगक्खेमाधि वाहनं ।**
**गच्छति अनिवत्तन्तं, यत्थ गन्त्वा न सोचति ॥**

---

३९ जहाँनिर उभिइँदा ब्राह्मणले देख्न सक्ने हो जहाँ उभिइँदा ब्राह्मणसँग कुरा गर्न सकिने हो त्यस्तो एक अग्लो ठाउँमा उभिनु भयो ।



https://dhamma.digital

४. **"एवमेसा कसीकट्ठा, सा होति अमतप्फला ।**

**एतं कसिं कसित्वान, सब्बदुक्खा पमुच्चती' ति ॥"**

**अर्थ :** १ - "मेरो बीज श्रद्धा हो, मेरो पानी तप हो, मेरो युगनङ्गल (=जुवा र हलो) प्रज्ञा हो, मेरो ईसा (=हरिस) लज्जा हो, मेरो बन्धन चित्त हो, मेरो फाली र छडी स्मृति हो । २- "कायसंयम, वचनसंयम, आहारसंयम, तथा सत्यद्वारा असत्यलाई उखेलिदिन्छु, अनि सुन्दर निर्वाणद्वारा भयमुक्त हुन्छु ।

३- "मेरो वीर्य नै धुर वहन गर्ने गोरु हो, जसले योगक्षेममा पुऱ्याइदिन्छ र त्यस दिशातिर लैजान्छ जुन दिशातिर पुग्दा पुनः फर्केर आउनु पर्दैन तथा जुन दिशामा पुग्दा शोक पनि हुन्न" ।

४- "यस प्रकारको खेतीको काम गर्दा अमृतफल प्राप्त हुन्छ । यस प्रकारको खेतीको काम गर्ने जो पनि सबै दुःखबाट प्रमुक्त हुन्छ ।

अनि कसिभारद्वाज ब्राह्मणले ठूलो सुनको पात्रमा पायस राखी भगवान्को अगाडि लगी - "तपाईं गौतम पायस खानुहोस्, तपाईं कृषक हुनुहुन्छ- जो कि तपाईं गौतम अमृत फलदायी खेतको काम गर्नुहुन्छ ।"

(भगवान् भन्नुहुन्छ -)

१. **"गाथाभिगीतं मे अभोजनीयं, सम्पस्सतं ब्राह्मण नेस धम्मो ।**

**गाथाभिगीतं पनुदन्ति बुद्धा, धम्मे सति ब्राह्मण बुत्तिरेसा ॥**

२. **"अञ्ञेन च केवलिनं महेसिं, खीणासवं कुक्कुच्चवूपसन्तं ।**

**अन्नेत पानेन उप⁄हस्सु, खेत्तं हि तं पुञ्ञपेक्खस्स हो ती' ति ॥"**

**अर्थः**

१- "ब्राह्मण ! गाथा गाएर पाएको भोजन मेरो निमित्त अभोज्य छ; आजीवपारिशुद्धिको दृष्टिले हेर्दा यसमा धर्मता छैन । गाथा गाएर पाएको भोजनलाई बुद्धले स्वीकार्दैन । ब्राह्मण ! आजीवपारिशुद्धि-धर्म छउञ्जेलसम्म यस्तै वृत्ति रहिरहने छ ।

२- "सर्वगुण परिपूर्ण महर्षि, क्षीणास्रवी तथा शंकासमाधान भएकालाई अर्कै आहारपानद्वारा उपस्थान गर्नु; पुण्यपेक्षीहरूको निमित्त र



https://dhamma.digital

पुण्य पाउनको निमित्त यो कार्य क्षेत्र समान छ ।

"भो गौतम ! त्यसो भए यो पायस कसलाई दिउँ त?"

"ब्राह्मण ! तथागतले वा तथागत श्रावकहरूले बाहेक देवलोक सहित[४०], मारलोक सहित[४१], ब्रह्मलोक सहित[४२]; श्रमण ब्राह्मणहरू सहित प्रजा[४३] तथा देवसहित मनुष्यहरू[४४] मध्ये यो पायस खाएर पचाउनसक्ने म कोही पनि देख्दिन । ब्राह्मण ! त्यसैले त्यो पायस हरियो घाँस नभएको ठाउँमा राखिदेऊ अथवा अप्राणक पानीमा बगाइदेऊ ।"

अनि कसिभारद्वाज ब्राह्मणले त्यो पायसलाई अप्राणक पानीमा बगाइदिए । अनि त्यो पायस पानीमा राख्ने बितिकै त्यसबाट 'चिच्चिट चिटि चिट' आवाज आई धुँवा पनि निस्कन थाल्यो । जस्तै दिनभरि घाममा तातेको फाली पानीमा राख्दा 'चिच्चिट चिटि चिट' गरी आवाज निस्किन्छ र धुँवा जस्तै वाफ पनि निस्कन्छ - त्यस्तै गरी त्यो पायस पानीमा राख्दा 'चिच्चिट चिटि चिट' गरी आवाज निस्क्यो र धुँवा जस्तै गरी वाफ पनि निस्कन थाल्यो[४५] ।

अनि कसिभारद्वाज ब्राह्मण संविग्न भई (=विरक्त भई) रोमाञ्चित

---

४० छ कामावचर देवलोकहरूमध्ये पाँच कामावचर देवलोकलाई लक्ष गरी यहाँ 'देवलोक' भनिएको हो ।

४१ छैटौं कामावचर देवलोकलाई लक्ष गरी यहाँ 'मारलोक' भनिएको हो ।

४२ रूपावचर ब्रह्मलोकलाई यहाँ 'ब्रह्मलोक' भनिएको हो । अरूपावचर ब्रह्मलोकलाई होइन ।

४३ बुद्धशासन भित्रका र बुद्धशासनभन्दा बाहिरका श्रमणब्राह्मणहरूलाई यहाँ 'प्रजा' भनी भनिएको हो । प्रजा भन्नाले सत्वलोकलाई पनि लिइएको छ ।

४४ 'देवसहित मनुष्यहरू' भन्नाले सम्मति देवहरूलाई यहाँ 'देव' भनिएको हो । बौद्ध साहित्यले राजाहरूलाई 'सम्मतिदेव' भन्दछ । मनुष्य भन्नाले मनुष्य मात्रलाई भनिएको हो । यहाँ उल्लिखित माथिल्ला तीन पदहरूद्वारा अर्थात् देव-मार-ब्रह्मा भन्नाले आकाश लोक (=ओकासलोक) र तल्ला दुइपदद्वारा अर्थात् श्रमणब्राह्मण सहित प्रजा र देवसहित मनुष्य भन्नाले सत्वलोक (सत्तलोक) भनिएको हो ।

४५ किन त्यसरी आवाज निस्केको होला ? भगवान्कै प्रभावद्वारा त्यस्तो भएको हो । न पानीको प्रभावद्वारा न पायसको प्रभावद्वारा न ब्राह्मणको प्रभावद्वारा न अरू कुनै देव यक्षहरूको प्रभावद्वारा त्यस्तो भएको हो । ब्राह्मणलाई विरक्त पार्नको निमित्त भगवानले त्यस्तो होस्' भनी अधिष्ठान गर्नु भएको थियो ।



https://dhamma.digital

भई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए; त्यहाँ पुगेपछि भगवानको चरणकमलमा शीरले ढोगी भगवान्लाई यस्तो भने -

"धन्य हो, भो गौतम ! धन्य हो, भो गौतम !! ... सो म भगवान् गौतमको शरणमा जान्छु धर्म र भिक्षुसङ्घको पनि । तपाईं गौतम समक्ष मैले प्रव्रज्या र उपसम्पदा पाउँ[४६] ।"

त्यसपछि कसिभारद्वाज ब्राह्मणले बुद्धकहाँ प्रव्रज्या र उपसम्पदा पाए । प्रव्रजित भएर आयुष्मान् भारद्वाज एकान्तमा एक्लै बसी अप्रमादी भई आतप्त सम्पन्न भई, वीर्यवान् भई विहार गरी बसिरहेको बेलामा चिरकाल नबित्दै-जसको निमित्त कुलपुत्रहरू सम्यक्‌रूपले घरबार छाडी अनगारिय भई प्रव्रजित हुन्छन् - त्यो अनुत्तर ब्रह्मचर्यको अन्तमा पुगी यसै जीवनमै स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी उपशान्त भई विहार गरे । 'जाति क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त केही गर्नुपर्ने बाँकी छैन' भन्ने ज्ञान पनि भयो । आयुष्मान् भारद्वाज पनि अरहन्तहरूमध्येमा एक अरहन्त भए ।

**समाप्त ।**

## ३) कूटदन्त ब्राह्मण

### परिचय

मगध नरेश बिम्बिसारले अङ्गदेशको चम्पालाई जसरी सोणदण्ड ब्राह्मणलाई प्रदान गरेका थिए । त्यसरी नै यी कूटदन्त ब्राह्मणलाई पनि बिम्बिसार राजाले मगधजनपदको खाणुमत नामक ब्राह्मण गाउँ प्रदान गरेका थिए भन्ने कुरा अगाडि अनुदित कूटदन्त सूत्रबाट प्रष्टसँग बुझिन्छ । उनी कुनढँगले बस्दथे भन्ने आदि कुराहरू पनि अगाडिकै सूत्रबाट प्रष्टसँग बुझ्न सकिन्छ ।

---

४६ कसिभारद्वाजसुत्तमा चाहिं प्रवज्या मागेको कुरो उल्लेख भएको छैन । केवल उपासकत्वमा गएको कुरो मात्र उल्लेख भएको छ । यसको अर्थ कथाले चाहिं उपासकत्वमा गई असीकोटी धनसम्पत्ति बुद्धशासनमा परित्याग गरी पछि गएर प्रव्रजित भई अरहत् हुनेछन् भन्ने कुरो थाहापाउनु भई भगवान् बुद्ध त्यहाँ जानु भएको थियो भन्ने कुरा भने उल्लेख गरेको छ ।



https://dhamma.digital

यहाँ यति मात्र उल्लेख गर्न चाहन्छु कि-कूटदन्त ब्राह्मण समझदार थिए, उनी ब्राह्मणहरूको अति रञ्जित वर्णनाले फूलेका थिएनन् र आफ्नो प्रमाणलाई उनी जान्दथे । त्यसैले ब्राह्म्णहरूले रोक्दा रोक्दै उनी बुद्धकहाँ गएका हुन् । यतिमात्र होइन आफूले थाहापाए जस्तै उनले उनान्तीस प्रकारले बुद्धको प्रशंसा पनि गरेका कुराहरूलाई अगाडिको मूल सूत्रले प्रष्टसँग उल्लेख गरेको छ ।

उपदेशको अन्तमा उनले स्रोतापत्तिफल साक्षात्कार गरेका कुरा सूत्रमा "दृष्टधर्मी, प्राप्तधर्मी, ..." भन्ने आदि पर्यायद्वारा प्रष्टसँग बुझिन्छ ।

## मूल सूत्र –

### १ – अहिंसामय यज्ञ

यस्तो मैले सुनें, एक समय भगवान् मगध देशमा चारिका गर्दै पाँचसय महाभिक्षुसङ्घका साथ जहाँ खाणुमत भन्ने मगध ब्राह्मणहरूको गाउँ हो त्यहाँ जानुभयो । त्यहाँ भगवान् खाणुमतको अम्बलट्ठिकामा विहार गर्नुभएको थियो ।

### हिंसामय महायज्ञको तयारी

त्यसवखत कूटदन्त ब्राह्मण खाणुमतमा बस्दथे । मगधराजा सेनीय (=सेनासम्पन्न) बिम्बिसारले ब्रह्मदेय (=दिइसकेको वस्तु पुनः हरण गर्न नपाउने) गरी, राजदायगरी (=विर्ता) दिएका राजभोग्यहरू[४७] धेरै थिए, प्राणीहरू धेरै थिए[४८], पानी-घाँस-काठहरू[४९] प्रशस्त थिए तथा धान्यवर्गहरूको कुनै कमी थिएन । त्यसवखत कूटदन्त ब्राह्मणको

---

४७ जसले राजाले झैं दण्ड, सजाय, शुल्क उठाउने काम समेतको अधिकार पाएको छ त्यस्तो अधिकारलाई 'राज-भोग्य' भनिएको हो ।

४८ आफूद्वारा पोषण गरिने हात्ती, घोडा, मृगादि अनेक प्राणीहरूको समूहका साथ मानिसहरू पनि धेरै भएकाले 'प्राणीहरू धेरै थिए' भनी भनिएको हो ।

४९ पशुहरूलाई खुवाउने घाँसपातहरूको रास, घरमा छाउने त्रिणहरूको रास, दाउरा काठहरूको रास तथा भित्र बाहिर ठाउँ ठाउँमा पानीको चारपाटे पोखरीहरू पनि धेरै भएकाले 'पानी घाँस काठहरू प्रसस्त थिए' भनी भनिएको हो ।



https://dhamma.digital

महायज्ञको तयारी हुँदै थियो ।

(त्यसबखत) सातसय गोरुहरू, सातसय बाछ्राहरू, सातसय बाछीहरू, सातसय बोकाहरू, सातसय भेडाहरू यज्ञको निमित्त मौलोमा बाँधिइ राखिएका थिए । अनि खाणुमतका ब्राह्मणहरूले यस्तो सुने-

"शाक्यपुत्र श्रमण गौतम शाक्यकुलबाट प्रव्रजित भई मगध देशमा चारिका गर्दै पाँचसय महाभिक्षु सङ्घका साथ खाणुमतमा आइपुगी, खाणुमतको अम्बलट्ठिकामा विहार गर्दै हुनुहुन्छ। उहाँ आदरणीय भगवान् गौतमको यस्तो कल्याण कीर्ति शव्द फैलिरहेको छ। 'उहाँ भगवान् अरहत् हुनुहुन्छ, सम्यक् सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथी, देवमनुष्यहरूका शास्ता तथा बुद्ध भगवान् हुनुहुन्छ । उहाँले यो लोकलाई देवसहित, मारसहित, ब्रह्मसहित लोकलाई; श्रमण ब्राह्मणसहित प्रजालाई, देव सहित मुनष्यलोकलाई- विशिष्ट प्रज्ञाद्वारा =अभिञ्ञा) स्वयं साक्षात्कार गर्नुभएको धर्मलाई उपदेश गर्नुहुन्छ। उहाँले आदि कल्याण (= शुरुमा पनि कल्याण हुने), मध्यकल्याण (=बीचमा पनि कल्याण हुने), तथा पर्यवशानकल्याण (=अन्तमा पनि कल्याण हुने) धर्मोपदेश गर्नुहुन्छ । उहाँले अर्थयुक्त, व्यञ्जन (=भाव) युक्त, सबै परिपूर्ण परिशुद्ध भएको ब्रह्मचर्य (=सबै बुद्ध धर्म) प्रकाश पार्नुहुन्छ । उहाँहरू जस्ता अरहत्को दर्शन गर्नु कल्याणकर हो ।"

अनि खाणुमतका ब्राह्मण गृहपतिहरू खाणुमतबाट निस्की जमातका जमात मिली जहाँ अम्बलट्ठिका हो त्यहाँ गए ।

त्यस समय, कूटदन्त ब्राह्मण प्रासादको माथिल्लो तल्लामा दिवाशैय्या गरिरहेका थिए । अनि कुटदन्त ब्राह्मणले खाणुमतका ब्राह्मण गृहपतिहरूलाई खाणुमतबाट निस्की जमातका जमात मिली जहाँ अम्बलट्ठिका हो त्यहाँ गइरहेका देखे। यो देखेर द्वारपाल (=क्षत्त) लाई बोलाए - "हे द्वारपाल ! खाणुमतका ब्राह्मण गृहपतिहरू खाणुमतबाट निस्की जमातका जमात मिली जहाँ अम्बलट्ठिका हो त्यहाँ किन गइरहेका हुन् ?"

"भो ! शाक्यपुत्र श्रमण गौतम शाक्यकुलबाट प्रव्रजित भई मगध



https://dhamma.digital

देशमा चारिका गर्दै पाँचसय महाभिक्षुहरूका साथ खाणुमतमा आइपुगी, खाणुमतको अम्बलट्ठिकामा विहार गर्दै हुनुहुन्छ । उहाँ भगवान् गौतमको यस्तो कल्याण कीर्तिशव्द फैलिइरहेको छ - 'उहाँ भगवान् अरहत्, सम्यक् सम्बुद्ध, .... तथा बुद्ध भगवान् हुनुहुन्छ ।' उहाँ भगवान् गौतमको दर्शनार्थ उनीहरू जाँदैछन् ।"

अनि कूटदन्त ब्राह्मणको मनमा यस्तो लाग्यो- "मैले सुनेको छु कि-श्रमण गौतम सोह्र परिष्कार (= अङ्गहरू) युक्त त्रिविध यज्ञसम्पदा (=यज्ञविधि) लाई जान्दछन् । म भने सोह्र परिष्कार युक्त त्रिविध यज्ञसम्पदालाई जान्दिन । म भने महायज्ञ पनि गर्न चाहन्छु ।

अतः किन म श्रमण गौतमकहाँ गई सोह्र परिष्कारयुक्त त्रिविध यज्ञसम्पदा सम्बन्धी कुरा नसोधूँ ।"

त्यसपछि कूटदन्त ब्राह्मणले द्वारपाललाई बोलाई यस्तो भने- "हे द्वारपाल ! त्यो भए तिमी खाणुमतका ब्राह्मण गृहपतिहरूकहाँ जाऊ; त्यहाँ गएर खाणुमतका ब्राह्मण गृहपतिहरूलाई यस्तो भन - 'भो ! कूटदन्त ब्राह्मण यस्तो भन्दछ- 'तपाइहरू एकछिन पर्खनुहोस्, कूटदन्त ब्राह्मण पनि श्रमण गौतमको दर्शनार्थ जानेछ' ।"

"भो, हवस्" भनी कूटदन्त ब्राह्मणलाई प्रत्युत्तरदिई त्यो द्वारपाल जहाँ खाणुमतका ब्राह्मण गृहपतिहरू थिए त्यहाँ गएर खाणुमतका ब्राह्मण गृहपतिहरूलाई यस्तो भन्यो - "भो ! कूटदन्त ब्राह्मण

यस्तो भन्दछन् - 'तपाईहरू एकछिन पर्खनुहोस्, कूटदन्त ब्राह्मण पनि श्रमण गौतमको दर्शनार्थ जानेछन्' ।"

त्यस समय, अनेक शय ब्राह्मणहरू 'कूटदन्त ब्राह्मणको महायज्ञको अनुभव (=उपभोग) गर्नेछौं' भनी खाणुमतमा बसिरहेका थिए । अनि ती ब्राह्मणहरूले 'कूटदन्त ब्राह्मण पनि श्रमण गौतमको दर्शनार्थ जानेछन्' भन्ने कुरा सुने । अनि ती ब्राह्मणहरू जहाँ कूटदन्त ब्राह्मण थिए त्यहाँ गए; त्यहाँ पुगेर कूटदन्त ब्राह्मणलाई यस्तो भने- "तपाईं कूटदन्त ब्राह्मण श्रमण गौतमको दर्शनार्थ जानुहुनेछ भन्ने कुरो साँच्चै हो के ?"



https://dhamma.digital

"भो ! मलाई यस्तो लागेको छ कि - म पनि श्रमण गौतमको दर्शनार्थ जानेछु ।"

## ब्राह्मणहरूद्वारा कूटदन्तको वर्णन

(१) "तपाईं कूटदन्त भ्रमण गौतमको दर्शनार्थ नजानुहोस् । तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जान योग्य छन् । यदि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानुहुन्छ भने तपाईं कूटदन्तको यश कम हुनेछ र श्रमण गौतमको यश बढ्ने छ । जुन तपाईं कूटदन्तको यश कम हुने र श्रमण गौतमको यश बढ्ने हो-यसकारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।

(२) "तपाईं कूटदन्त दुवै आमा बाबुहरूबाट सुजात हुनुहुन्छ, शुद्ध गर्भवास गरेका हुनुहुन्छ तथा सात पुस्तादेखि जातिवादले कुनै खोट नलागेका र अनिन्दित हुनुहुन्छ । जो तपाईं कूटदन्त दुबै आमा-बाबुहरूबाट सुजात हुनुहुन्छ, शुद्ध गर्भवास गरेका हुनुहुन्छ तथा सात पुस्तादेखि जातिवादले कुनै खोट नलागेका र अनिन्दित हुनुहुन्छ-यसकारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।

(३) "तपाईं कूटदन्त आढय्, महाधनी, महाभोगी, प्रसस्त जीवनवृत्ति -उपकरणहरू र प्रसन्त सुन चाँदी हुने हुनुहुन्छ । जो तपाईं कूटदन्त आढय, महाधनी ..... प्रसस्त सुनचाँदी हुने हुनुहुन्छ - यसकारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।

(४) "तपाईं कूटदन्त अध्यापक (=अध्यायक) मन्त्रधर तथा तीनै वेदमा पारङ्गत हुनुहुन्छ, निघण्टु, कौस्तुभ, अक्षरप्रभेद र इतिहास समेत पाँचौ शास्त्र; व्याकरण, लोकायत, महापुरुष लक्षण, शास्त्रमा निपुण हुनुहुन्छ । जो तपाईं कूटदन्त अध्यायक मन्त्रधर तथा .... महापुरुष लक्षण-शास्त्रमा निपुण हुनुहुन्छ -यस कारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाईं



https://dhamma.digital

कूटदन्त दर्शनार्थ आउनु योग्य छ।

(५) "तपाईं कूटदन्त अभिरूप, दर्शनीय, प्रासादिक, परमसुन्दरताले युक्त, ब्रह्मा जस्तै ब्रह्मवर्णी तथा दर्शनको निमित्त अप्रमाण सुन्दर (=अखुद्दावकासो दस्सनाय) हुनुहुन्छ। जो तपाईं कूटदन्त अभिरूप, दर्शनीय, .... हुनुहुन्छ - यस कारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शनार्थ आउनु योग्य छ।

(६) "तपाईं कूटदन्त शीलवान् वृद्धशीली वृद्धशीलले युक्त हुनुहन्छ। जो तपाईं कूटदन्त शीलवान्... हुनुहुन्छ - यस कारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शनार्थ आउनु योग्य छ।

(७) "तपाईं कूटदन्त सुन्दर, गुणयुक्त मधुर-भाषी, स्पष्टभाषी, निर्दोष कुरागर्ने , अर्थ बुझ्ने गरी कुरा गर्ने हुनुहुन्छ। जो तपाईं कूटदन्त सुन्दर, गुणयुक्त मधुर-भाषी, हुनुहुन्छ - यस कारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शनार्थ आउनु योग्य छ।

(८) "तपाईं कूटदन्त धेरैको आचार्य प्राचार्य हुनुहुन्छ, तीन सय माणवकहरूलाई मन्त्र (=वेद) पढाउनुहुन्छ, मन्त्र पढ्नको लागि, मन्त्रको कारणमा तपाईंकहाँ नानादिशा, नानाजनपदहरूबाट धेरै माणवकहरू आउँछन्। जो तपाईं कूटदन्त धेरैको आचार्य प्राचार्य हुनुहुन्छ, - यस कारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शनार्थ आउनु योग्य छ।

(९) "तपाईं कूटदन्त जीर्ण (=शरीर खिइसकेको), वृद्ध (=अङ्गप्रत्यङ्गहरू छिपिसकेको), महल्लक (=जन्मले धेरै वर्ष पुगेको), धेरै समय बिताइसकेका (=अद्धगतो), बैशपुगेका हुनुहुन्छ; श्रमण गौतम तरुण नै छन् र तरुणमै प्रव्रजित भएका हुन्। जो तपाईं कूटदन्त जीर्ण, वृद्ध, महल्लक, हुनुहुन्छ; जो श्रमण गौतम तरुण नै छन् र तरुणमै प्रव्रजित भएका हुन्। यस कारणले पनि तपाईं कुटदन्त श्रमण गौतमको दर्शनार्थ



https://dhamma.digital

जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।

(१०) 'तपाईं कूटदन्त राजा मागध सेनीय बिम्बिसारद्वारा सत्कृत्य, गुरुकृत्य, मानित, पूजित र अपचित हुनुहुन्छ । जो तपाईं कूटदन्त राजा मागध सेनीय बिम्बिसारद्वारा सत्कृत्य, गुरुकृत्य, ... हुनुहुन्छ- यस कारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।

(११) 'तपाईं कूटदन्त पोक्खरसाति (=पुष्करसाति) ब्राह्मणद्वारा सत्कृष्य, गुरुकृत्य, मानित, पूजित र अपचित हुनुहुन्छ । जो तपाईं कूटदन्त पोक्खरसाति ब्राह्मणद्वारा सत्कृत्य, ...हुनु हुन्छ ... यस कारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु श्रमण गौतम नै तपाईं कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।

(१२) "तपाईं कूटदन्त खाणुमतमा बस्नुहुन्छ । तपाईंमा- मगधराजा सेनीय बिम्बिसारले ब्रह्मदेय गरी, राजदाय गरी दिएका राज-भोग्यहरू धेरै छन्, प्राणीहरू धेरै छन्, पानी-घाँस-काठहरू प्रशस्त छन् तथा धान्यवर्गहरूको पनि कुनै कमी छैन - जो तपाईं कुटदन्तमा मगध राजा सेनीय बिम्बिसारले ब्रह्मदेय गरी, राजदाय गरिदिएका पानी घाँस काठहरू प्रशस्त छन् तथा धान्यवर्गहरूको पनि कुनै कमी छैन । यस कारणले पनि तपाईं कूटदन्त श्रमण गौतमको दर्शनार्थ जानु योग्य छैन; बरु भ्रमण गौतम नै तपाईं कूटदन्तको दर्शनार्थ आउनु योग्य छ ।"

## कूटदन्त ब्राह्मणद्वारा बुद्धको वर्णन

यस्तो भन्दा, कूटदन्त ब्राह्मणले ती ब्राह्मणहरूलाई यसो भने- "भो ! त्यसो भए मेरो पनि केही कुरा सुन्नुहोस्[५०] जुन कारणद्वारा हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ, तर उहाँ आदरणीय गौतम हामीहरूको दर्शनार्थ आउनु योग्य छैन ।

---

५० जब ती ब्राह्मणहरूले जातिवादद्वारा अतिरञ्जित गरी कूटदन्त ब्राह्मणको प्रशंसा गर्नथाले तब उनले त्यस प्रशंसाद्वारा आफू रञ्जित नभई बुद्ध नै अनेक प्रकारले ब्राह्मणहरू भन्दा उत्तम छन् भन्ने कुरा दर्शाउनको निमित्त यस्तो भनेका हुन् ।



https://dhamma.digital

(१) "भो ! श्रमण गौतम दुबै आमा-बाबुहरूबाट सुजात हुनुहुन्छ, शुद्धगर्भवास गरेका हुनुहुन्छ तथा सातपुस्तादेखि जातिवादले कुनै खोट नलागेका र अनिन्दित हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम दुबै आमा-बाबुहरूबाट सुजात ... हुनुहुन्छ - यस कारणले पनि उहाँ आदरणीय गौतम हामीहरूको दर्शनार्थ आउनु योग्य छैन, बल्की हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२) "भो ! श्रमण गौतम महान् ज्ञातिसङ्घ (=समूह) लाई छाडेर प्रव्रजित हुनु भएको छ । भो ! जुन कारणले श्रमण गौतम महान ज्ञाति सङ्घलाई छाडेर प्रव्रजित हुनु भएको छ । यस कारणले पनि वहाँ आदरणीय गौतम हामीहरूको दर्शनार्थ आउनु योग्य छैन, बल्की हामी नै बहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(३) "भो ! श्रमण गौतम भूमिमा रहेका पनि आकाशमा रहेका पनि प्रसस्त हिरण्य सुवर्णहरू छाडेर प्रव्रजित हुनुभएको छ । भो ! जुन कारणले श्रमण गौतम भूमिमा रहेका पनि आकाशमा रहेका पनि प्रशस्त हिरण्य सुवर्णहरू छाडेर प्रव्रजित हुनुभएको छ - यस कारणले पनि वहाँ आदरणीय गौतम हामीहरूको दर्शनार्थ आउनु योग्य छैन, बल्की हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्यछ ।

(४) "भो ! श्रमण गौतम तन्नेरी युवा छँदाछँदै, सूक्ष्मका लोकेश हुँदा हुँदै, भद्र यौवनको अवस्थामै, पहिलो बैशमै, घरबार छाडी प्रव्रजित हुनु भएको छ । भो ! जुन कारणले श्रमण गौतम तन्नेरी युवा छँदाछँदै, ... प्रव्रजित हुनु भएको छ - यस कारणले पनि हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(५) "भो !श्रमण गौतम, आमा-बाबुहरूको इच्छा नहुँदा नहुँदै, मुखभरी आँसु बहाइ रुँदारुँदै, केशदाह्री क्षौर गरी, काषायवस्त्र धारण गरी, घरबार त्यागी अनगारिय भई प्रव्रजित हुनुभएको छ । भो ! जुन कारणले श्रमण गौतम आमा-बाबुहरूको इच्छा नहुँदा नहुँदै, ..... प्रव्रजित हुनुभएको छ - यस कारणले पनि, .... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।



https://dhamma.digital

(६) "भो ! श्रमण गौतम अभिरूप, दर्शनीय, प्रासादिक, परम सुन्दरताले सम्पन्न, ब्रह्म जस्तै ब्रह्मवर्णी तथा दर्शन गर्नको निमित्त अप्रमाण (=अखुद्दावकासो दस्सनाय) हुनुहुन्छ। भो ! जुन कारणले श्रमण गौतम अभिरूप, दर्शनीय, ... हुनुहुन्छ - यस कारणले पनि .... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ।

(७) "भो ! श्रमण गौतम शीलवान्, आर्यशीली, कुशलशीली, कुशलशीलले सुसम्पन्न हुनुहुन्छ भो ! जुन कारणले श्रमण गौतम शीलवान्, आर्यशीली, .... हुनु हुन्छ - यस कारणले पनि .... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ।

(८) "भो ! श्रमण गौतम कल्याणभाषाी, मधुरभाषी, गुणयुक्त भाषी, स्पष्टभाषी, निर्दोष कुरा गर्ने र अर्थ बुझिने गरी कुरा गर्ने हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम कल्याणभाषी, मधुरभाषी, .... हुनुहुन्छ- यस कारणले पनि ..... हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ।

(९) "भो ! श्रमण गौतम धेरैको आचार्य प्राचार्य हुनुहुन्छ। भो ! जुन कारणले श्रमण गौतम धेरैको आचार्य प्राचार्य हुनुहुन्छ - यस कारणले पनि .... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ।

(१०) "भो ! श्रमण गौतम कामरागले रहित हुनुहुन्छ, चपलताले रहित हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम कामरागले रहित हुनुहुन्छ, चपलताले रहित हुनुहुन्छ - यस कारणले पनि .... हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ।

(११) भो ! श्रमण गौतम कर्मवादी क्रियावादी हुनुहुन्छ तथा निष्पापलाई अघिल्तिर राखी ब्रह्मज्ञानी प्रजाहरूको (=ब्रह्मञ्ञायपजाय) समेत हितैषी हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम कर्मवादी क्रियावादी .... हुनुहुन्छ - यस यसकारणले पनि ... हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ।

(१२) "भो ! श्रमण गौतम दीन-हीन क्षत्रीकुलबाट होइन बल्की



https://dhamma.digital

असम्भिन्न उच्च क्षत्रीकुलबाट प्रव्रजित हुनुभएको छ। भो ! जुन कारणले श्रमण गौतम दीन हीन क्षेत्रीकुलबाट होइन बल्की असम्भिन्न उच्च क्षत्रीकुलबाट प्रव्रजित हुनुभएको छ- यस कारणले पनि .... हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ।

(१३) "भो ! श्रमण गौतम आढ्य महाधनी महाभोगी कुलबाट प्रव्रजित हुनुभएको छ। भो ! जुन कारणले श्रमण गौतम आढ्य महाधनी महाभोगी कुलबाट प्रव्रजित हुनुभएको छ - यस कारणले पनि .... हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ।

(१४) "भो ! राष्ट्र बाहिरबाट पनि जनपद बाहिरबाट पनि प्रश्नहरू सोध्नको निमित्त श्रमण गौतमकहाँ (मानिसहरू) आउँछन्। भो ! जुन कारणले राष्ट्र बाहिरबाट पनि ..... श्रमण गौतम कहाँ (मानिसहरू) आउँछन् - यस कारणले पनि ..... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ।

(१५) "भो ! अनेक सहस्र देवताहरू प्राणले श्रमण गौतमको शरणमा गएका छन्। भो ! जुन कारणले अनेक सहस्र देवताहरू प्राणीले श्रमण गौतमको शरणमा गएका छन्-यस कारणले पनि .... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ।

(१६) "भो ! श्रमण गौतमको - 'उहाँ भगवान् अरहत् हुनुहुन्छ, सम्यक् सम्बुद्ध हुनुहुन्छ, विद्याचरण सम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरुषदम्य सारथी हुनु हुन्छ, देवमनुष्यहरूका शास्ता हुनुहुन्छ तथा बुद्ध भगवान् हुनुहुन्छ' भन्ने कल्याण कीर्तिशव्द फैलिरहेको छ। भो ! जुन कारणले श्रमण गौतमको - 'उहाँ भगवान् अरहत्.. तथा बुद्ध भगवान् हुनुहुन्छ' भन्ने कल्याण कीर्तिशव्द फैलिइरहेको छ- यस कारणले पनि हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ।

(१७) "भो ! श्रमण गौतम बत्तीस महापुरुष लक्षणहरूले सुसम्पन्न हुनुहुन्छ) भो ! जुन कारणले श्रमण गौतम बत्तीस महापुरुष लक्षणहरूले सुसम्पन्न हुनुहुन्छ - यस कारणले पनि .... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जान योग्छ छ।



https://dhamma.digital

(१८) “भो ! श्रमण गौतम 'आऊ स्वागत छ' भनी भन्ने, मृदुबोली बोल्ने, सम्मोदनीय कुरा गर्ने, अब्भाकुटिक, उत्तानुमुख तथा पूर्वभाषी हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम 'आऊ स्वागत छ' भनी भन्ने,.... तथा पूर्वभाषी हुनुहुन्छ यस कारणले पनि ... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(१९) “भो ! श्रमण गौतम चतुपरिषद्का बीच सत्कृत्य, गुरुकृत्य, मानित, पूजित तथा अपचित (=विशेष सम्मानित) हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम चतुपरिषद्का बीच सत्कृत्य, .... तथा अपचित हुनुहुन्छ - यस कारणले पनि .... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२०) “भो ! श्रमण गौतममाथि धेरै देवताहरू र मनुष्यहरू अभिप्रसन्न छन् भो ! जुन कारणले श्रमण गौतममाथि धेरै देवताहरू र मनुष्यहरू अभिप्रसन्न छन् - यस कारणले पनि ... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२१) “भो ! श्रमण गौतम जुन गाउँ वा निगममा बस्नुहुन्छ त्यस गाउँ वा निगममा अमनुष्यहरूले मनुष्यहरूलाई कष्ट दिन्नन् । भो ! जुन कारणले श्रमण गौतम जुन गाउँ वा नियगममा भन्नु हुन्छ त्यस गाउँ वा निगममा अमनुष्यहरूले मनुष्यहरूलाई कष्ट दिन्नन् - यस कारणले पनि ... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जान योग्य छ ।

(२२) “भो ! श्रमण गौतम सङ्घी, गणी, गणाचार्य तथा तीर्थकरहरूको अग्रणी देखिनुहुन्छ । भो ! जस्तै केही श्रमण ब्राह्मणहरूको यशलाभ- जस्तोतस्तो हुन्छ, श्रमण गौतमको यशलाभ- त्यस्तो होइन । श्रमण गौतमको यशलाभ अनुपम विद्याचरणसम्पदाद्वारा भएको हो । “भो ! जुन कारणले श्रमण गौतम सङ्घी, गणी, गणाचार्य तथा तीर्थंकरहरूको अग्रणी देखिनुहुन्छ । भो ! जुन कारणले जस्तै केही श्रमण ब्राह्मणहरूको यशलाभ- जस्तोतस्तो हुन्छ, श्रमण गौतमको यशलाभ- त्यस्तो होइन । श्रमण गौतमको यशलाभ अनुपम विद्याचरणसम्पदाद्वारा भएको हो -



https://dhamma.digital

यस कारणले पनि ... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२३) “भो ! मगध राजा सेनीय बिम्बिसार - पुत्रसहित भार्यासहित, परिषदसहित, अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन् । भो ! जुन कारणले मगध राजा सेनीय बिम्बिसार - पुत्र सहित, ... अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन् - यस कारणले पनि .... हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२४) “भो ! प्रसेनजित् कोशल राजा - पुत्रसहित, भार्या सहित, परिषद्सहित, अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन् । भो ! जुन कारणले प्रसेनजित् कोशलराजा - पुत्रसहित, प्राणले श्रमण गौतमको शरणमा गएका छन् - यस कारणले पनि हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२५) “भो ! पुष्करसाति (पोक्खरसाति) ब्राह्मण - पुत्रसहित भार्यासहित, परिषद्सहित, अमात्यसहित, प्राणले श्रमण गौतमको शरणमा गएका छन् । भो ! जुन कारणले पुष्करसाति ब्राह्मण, ... अमात्यसहित प्राणले श्रमण गौतमको शरणमा गएका छन् - यस कारणले पनि ... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२६) “भो ! श्रमण गौतम मगध राजा सेनीय बिम्बिसारद्वारा सत्कृत्य, गुरुकृत्य, मानित, पूजित तथा अपचित हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम मगध राजा सेनीय बिम्बिसारद्वारा सत्कृत्य, गुरुकृत्य, ... तथा अपचित हुनुहुन्छ - यस कारणले पनि ... हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२७) “भो ! श्रमण गौतम प्रसेनजित् कोशल राजाद्वारा सत्कृत्य गुरुकृत्य,... तथा अपचित हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम प्रसेनजित् कोशल राजाद्वारा सत्कृत्य, गुरुकृत्य, ... तथा अपचित हुनुहुन्छ - यस कारणले पनि ... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।



https://dhamma.digital

(२८)  "भो ! श्रमण गौतम पुष्करसाति ब्राह्मणद्वारा सत्कृत्य, गुरुकृत्य,... तथा अपचित हुनुहुन्छ । भो ! जुन कारणले श्रमण गौतम पुष्करसातिद्वारा सत्कृत्य, गुरुकृत्य, ... तथा अपचित हुनुहुन्छ - यस कारणले पनि ..... हामी नै उहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ ।

(२९)  "भो ! श्रमण गौतम अहिले खाणुमतमा आई खाणुमतको अम्बलट्ठिकामा विहार गर्दै हुनुहुन्छ । भो ! जुनसुकै श्रमण वा ब्राह्मणहरू हाम्रो गाउँ-क्षेत्रमा आउँछन् भने उनीहरू हाम्रा अतिथीहरू हुन्छन् । अतिथीहरूलाई हामीहरूले सत्कार, गौरव, मान, पूजा तथा अपचायन गर्नुपर्छ । भो ! जुन कारणले श्रमण गौतम अहिले खाणुमतमा आई खाणुमतको अम्बलट्ठिकामा विहार गर्दै हुनुहुन्छ, उहाँ श्रमण गौतम हाम्रा अतिथी नै हुनुहुन्छ । अतिथीलाई हामीले सत्कार, गौरव, मान, पूजा तथा अपचायन गर्नुपर्छ-

यस कारणले पनि उहाँ आदरणीय गौतम, हामीहरूको दर्शनार्थ आउनु योग्य छैन, बल्की हामी नै वहाँ आदरणीय गौतमको दर्शनार्थ जानु योग्य छ । भो ! म यति नै उहाँ आदरणीय गौतमको गुण जान्दछु । किन्तु उहाँ आदरणीय गौतम संग यति मात्र गुण हुनुहुन्न । उहाँ आदरणीय गौतम अपरिमित गुण हुने हुनुहुन्छ ।"

## कूटदन्त ब्राह्मण बुद्धकहाँ गए

यस्तो भनेपछि ती ब्राह्मणहरूले कूटदन्त ब्राह्मणलाई यस्तो भने -

"जस्तो तपाईं कूटदन्त ब्राह्मण श्रमण गौतमको गुण-वर्णन गर्नुहुन्छ त्यस अनुसार त उहाँ आदरणीय गौतम यहाँबाट सय योजन टाढा बस्नुभएता पनि श्रद्धालु कुलपुत्रहरू पाथेय्य ( = बाटोखर्च) लिएर भए पनि उहाँको दर्शनार्थ योग्य छ ।"

" त्यसोभए हामी सबै श्रमण गौतमको दर्शनार्थ जाऔं ।"

अनि कूटदन्त ब्राह्मण विशाल ब्राह्मणहरूका साथ जहाँ अम्बलट्ठिका हो, जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि



https://dhamma.digital

भगवान्सँग सम्मोदन गरे; सम्मोदनीय कुशलक्षेमका कुराहरू गरिसकेपछि एक छेउमा बसे । खाणुमतका ब्राह्मण गृहस्थीहरूमध्ये केही भगवान्लाई अभिवादन गरी एक छेउमा बसे; केहीले सम्मोदन गरे, सम्मोदनीय कुशलक्षेमका कुराहरू गरिसकेपछि एक छेउमा बसे; केही जहाँ भगवान् हुनुहुन्छ त्यतातिर दुइहातजोडी एक छेउमा बसे; केहीले नाम र गोत्र सुनाई एक छेउमा बसे; केही चूपलागी एक छेउमा बसे । एक छेउमा बसेका भगवान्लाई यस्तो भने -

"भो गौतम ! मैले सुनेको छु कि - 'श्रमण गौतम सोह्र परिष्कार ( = अङ्ग वा कारण) युक्त त्रिविध यज्ञसम्पदा जान्नुहुन्छ ।' म भने सोह्र परिष्कार युक्त त्रिविध यज्ञसम्पदा जान्दिन । यदि तपाईं गौतमले मलाई सोह्र परिष्कार युक्त त्रिविध यज्ञसम्पदाको बारेमा उपदेश गर्नुभए बेश हुने थियो ।"

"ब्राह्मण ! त्यसोभए सुन, राम्ररी मनमा राख, बताउने छु ।"

"भो ! हवस्" भनी कूटदन्त ब्राह्मणले भगवान्लाई प्रत्युत्तर दिए ।"

भगवान्ले यस्तो भन्नुभयो -

## महाविजित राजाको कथा

राज्य-यज्ञ-"ब्राह्मण ! परापूर्वकालमा आढ्य, महाधनी, महाभोगी, प्रशस्त सुनचाँदी, प्रशस्त वित्तूपकरण, प्रशस्त धनधाण्य तथा परिपूर्ण कोष (= ढुकुटी) र कोष्ठागार (= धानगोदाम, भकारी) हुने महाविजित भन्ने राजा थिए । ब्राह्मण ! अनि एकान्तमा एक्लै बसिरहेका महाविजित राजाको मनमा यस्तो परिवितर्कना उठ्यो - मैले मनुष्यहरूको विपुल भोगसम्पत्ति पाएको छु । महापृथ्वीमण्डल विजय गरी बसेको छु । अतः किन म यज्ञ नगरुँ ? जो मेरो निमित्त दीर्घकालसम्मको लागि हितसुख हुनेछ ।'

"ब्राह्मण ! अनि महाविजित राजाले पुरोहित ब्राह्मणलाई बोलाई यस्तो भने - ब्राह्मण ! यहाँ म एकान्तमा एक्लै बसिरहको बेलामा मेरो मनमा यस्तो परिवितर्कना उठ्यो - 'मैले मनुष्यहरूको विपुल भोगसम्पत्ति पाएको छु । अतः किन म यज्ञ नगरुँ ? जो मेरो निमित्त



https://dhamma.digital

दीर्घकालसम्मको लागि हितसुख हुनेछ ।' ब्राह्मण ! म महायज्ञ गर्न चाहन्छु । मलाई अनुशासन (= अर्तिबुद्धि) गर्नुहोस् जुन मेरो निमित्त दीर्घकालसम्मको लागि हितसुख हुन सकोस् ।'

"ब्राह्मण ! यस्तो भन्दा, पुरोहित ब्राह्मणले महाविजित राजालाई यस्तो भने - 'तपाईं राजाको जनपद (= देश) सकण्टक (= चोर कण्टक), सपीडित छ । ग्रामघातकहरू पनि, निगम घातकहरू पनि, नगरघातकहरू पनि तथा मार्गघातकहरू पनि देखिन्छन् । यदि तपाईं राजाले यस्तो सकण्टक तथा सपीडित देशमा बली (= कर) उठाउनु हुन्छ भने - तपाईं राजा देशको निमित्त अकृत्यकारी (= अकर्तव्य गर्ने) हुनुहुनेछ । शायद तपाईं राजालाई यस्तो लाग्न सक्छ कि- 'यी डाकूहरूको भयलाई बधद्वारा, बन्धनद्वारा, दण्डद्वारा, निन्दाद्वारा अथवा निष्कासनद्वारा म समाप्त पारिदिनेछु ।' किन्तु यसरी डाकुहरूको भयलाई राम्ररी समाप्त पारिदिएको हुनेछैन । किनभने ? - जो ती मृत्युबाट बचेका हुन्छन् तिनीहरूले पछि राजाको जनपदमा हैरानी गर्नसक्छन् । अत : निम्न संविधानद्वारा डाकूहरूको भयलाई राम्ररी समाप्त पार्न सकिनेछ । (१) अत : तपाईं राजाको जनपदमा जो कृषि-गौपालनमा उत्साहित छन् उनीहरूको लागि तपाईं राजाले बिउ र भात दिलाइदिनु होस् : (२) तपाईं राजाको जनपदमा जो ब्यापारमा उत्साहित छन् । उनीहरूको लागि तपाईं राजाले पाभत (= पूँजीकोनिमित्त धन र वस्तुहरू) दिलाइदिनु होस् : (३) तपाईं राजाको जनपदमा जो राजपुरुष हुनेमा (= नोकरी गर्नमा) उत्साहित छन् उनीहरूकोनिमित्त तपाईं राजाले भात-वेतन को व्यवस्था मिलाइदिनु होस् । अनि आ-आफ्ना कामधाममा लागेर ती मानिसहरूले राजाको जनपदमा हैरानी गर्ने छैनन् । राजालाई पनि महाधनराशी उत्पन्न हुनेछ । जनपद अकण्टक, अपीडित तथा क्षेमप्राप्त हुनेछ । अनि मानिसहरू मुदित भई काखमा बालकहरू खेलाउँदै घरका दैलाहरू नथुनेको जस्तै गरी बस्नेछन् ।'

"ब्राह्मण ! अनि 'हवस्, भो' महाविजित राजाले पुरोहित ब्राह्मणलाई प्रत्युत्तर दिई - राजाको जनपदमा जो खेती गौपालनमा उत्साहित छन्, उनीहरूको लागि बिउ र भात दिलाइदिए : .... जो



https://dhamma.digital

ब्यापारमा उत्साहित छन् उनीहरूको लागि पाभंत (= पूँजीकोनिमित्त धन र वस्तुहरू) दिलाइदिए :... जो राजपुरुष हुनेमा उत्साहित छन् उनीहरूको लागि भात-वेतनको व्यवस्था मिलाइदिए । अनि आ-आफ्ना कामधाममा लागेका ती मानिसहरूले राजाको जनपदमा हैरानी गरेनन् । राजालाई पनि महाधनरासी उत्पन्न भयो । जनपद क्षेमप्राप्त भयो, अकण्टक भयो तथा अपीडित पनि भयो । अनि मानिसहरू मुदित भई काखमा बालकहरू खेलाउँदै घरका दैलाहरू नथुनेको जस्तै गरी बस्नथाले ।

"ब्राह्मण ! अनि महाविजित राजाले पुरोहित ब्राह्मणलाई बोलाई यस्तो भने - 'तपाईंको संविधानमा आएर मैले डाकूहरूको भयलाई निर्मूल पारे, महाधनराशी पनि मैले पाएँ । जनपद पनि क्षेमप्राप्त, अकण्टक तथा अपीडित भयो । घरका दैलाहरू नथुनेको जस्तै गरी मानिसहरू मुदित भई काखमा बालकहरू खेलाउँदै बस्नथाले । ब्राह्मण ! म महायज्ञ (= महादान) गर्न चाहन्छु । तपाईंले मलाई अनुशासन गर्नुहोस् - जो मेरोनिमित्त दीर्घकालसम्मकोलागि हितसुख हुनसकोस् ।'

## चार अनुमति-पक्ष यज्ञ-परिष्कार

'(१) त्यसोभए, जो तपाईं राजाका देशका निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरू (= राजपुरुषहरू) हुन् उनीहरूलाई तपाईं राजाले आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्- 'भो ! म महायज्ञ गर्न चाहन्छु तपाईंहरूले अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मको लागि हितसुख हुनेछ' । (२) जो तपाईं राजाका देशमा निगमवासी र जनपदवासी अमात्य तथा परिषद्यहरू हुन् उनीहरूलाई पनि तपाईं राजाले आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्- 'भो ! म महायज्ञ गर्न चाहन्छु, तपाईंहरूले अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मको लागि हितसुख हुनेछ' । (३) जो तपाईं राजाका देशका निगमवासी र जनपदवासी ब्राह्मण महाशालहरू हुन् उनीहरूलाई पनि तपाईं राजाले आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्- 'भो ! म महायज्ञ गर्न जाहन्छु तपाईंहरूको अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मकोलागि



https://dhamma.digital

हितसुख हुनेछ’। (४) जो तपाईं राजाका देशका निगमवासी र जनपदवासी गृहपति महाशालहरू हुन् उनीहरूलाई पनि तपाईं राजाले आमन्त्रण गर्नुहोस् र यसो भन्नुहोस्- ‘भो ! म महायज्ञ गर्न चाहन्छु, तपाईंहरूले अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मकोलागि हितसुख हुनेछ’।

“ब्राह्मण ! अनि ‘भो ! हवस्’ भनी महाविजित राजाले ब्राह्मणलाई प्रत्युत्तर दिई जो राजाका देशका निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरू हुन् उनीहरूलाई आमन्त्रण गरी महाविजित राजाले यसो भने- ‘भो ! म महायज्ञ गर्न चाहन्छु, तपाईंहरू अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मकोलागि हितसुख हुनेछ ।’ तपाईं राजाले यज्ञ गर्नुहोस्, महायज्ञ ! यो यज्ञको सश्रय हो ।’ जो.... अमात्य तथा पारिषद्यहरू हुन्.... जो... ब्राह्मण महाशालहरू हुन्... जो... गृहपति महाशालहरू हुन् उनीहरूलाई आमन्त्रण गरी महाविजित राजाले यसो भने- ‘भो ! म महायज्ञ गर्न चाहन्छु, तपाईंहरू अनुमति दिनुहोस् जो मेरोनिमित्त दीर्घकालसम्मकोलागि हितसुख हुनेछ ।’ ‘तपाईं राजाले यज्ञ गर्नुहोस्, महाराज ! यो यज्ञको समय हो ।’ यति, यी चार अनुमतिपक्ष सोही यज्ञका परिष्कारहरू हुन् ।

## राजाका आठ अङ्ग पनि यज्ञ-परिष्कार

“महाविजित राजा यी आठ अङ्गहरूले युक्त थिए - (१) दुवै आमा-बाबुहरूबाट सुजात, शुद्धगर्भवास गरेका, सातपुस्तादेखि जातिवादले कुनै खोट् नलागेका तथा अनिन्दित, (२) अभिरूप, दर्शनीय, प्रासादिक परमसुन्दरतालयुक्त, ब्रह्म जस्तै ब्रह्मवर्णी तथा दर्शनकोनिमित्त अप्रमाण सुन्दर : (३) आढ्य, महाधनी, महाभोगी प्रशस्त सुनचाँदी, प्रशस्त वित्तूपकरण, प्रशस्त धनधान्य तथा परिपूर्ण कोष्ठागार भएका : (४) बलवान् सेनाद्वारा शत्रुलाई परास्त गर्न आज्ञा पालन गर्नकोनिमित्त तम्तयार भएर बसेका चतुरङ्गिणी सेनालेयुक्त : (५) श्रद्धालु । दायक, दानपति, श्रमण ब्राह्मण, दरिद्री, बटुवा, वणिब्बक, याचकहरूकोनिमित्त खुलादैलो, पानी पिउने ठाउँ (कुवा) जस्तै भई पुण्यगर्न : (६) बहुश्रुत, त्यस त्यस कुराहरू सुनिराखेका : (७) त्यस त्यस कुराको अर्थ बुझ्नसक्ने-



https://dhamma.digital

'यस कुराको अर्थ यो हो, यस कुराको अर्थ यो हो' भनी बुझ्नसक्ने : (८) पण्डित, व्यक्त, मेधावी, अतीतानागतप्रत्युत्पन्नका अर्थसम्बन्धी कुराहरू सोच्नसक्ने-यिनै आठ अङ्गहरूले महाविजित राजासुसम्पत्र थिए। यी आठ अङ्गगहरू पनि सोही यज्ञका परिष्कारहरू हुन्।

## पुरोहितका चार अङ्ग पनि यज्ञ-परिष्कार

"पुरोहित ब्राह्मण चार अङ्गहरूले युक्त थिए - (१) दुवै आमा-बाबुहरूबाट सुजात,... तथा अभिन्दित : (२) अध्यायक मन्त्रधर... महापुरुष लक्षण-शास्त्रमा निपुण : (३) शीलवान्,.... वृद्धशीलले युक्त : (४) पण्डित, ब्यक्त, मेधावी, दान ग्रहण गर्नेहरूमध्येमा प्रथम वा द्वितीय-यिनै चार अङ्गहरू पनि सोही यज्ञका परिष्कारहरू हुन्।

## तीन विधि

"ब्राह्मण ! अनि पुरोहित ब्राह्मणले महाविजित राजालाई यज्ञको अगाडि तीन विधिका बारेमा उपदेश गरे- (१) महायज्ञ गर्न चाहने तपाईं राजालाई शायद 'मेरो महाधनराशी खर्च हुनेछ' भनी मनमा कुनै पश्चात्ताप (चित्तखिन्न) हुनसक्छ तर तपाईं राजाले त्यस्तो पश्चात्ताप गर्नुहुन्न। (२) शायद महायज्ञ गरिरहँदा तपाईं राजालाई 'मेरो महाधनराशी खर्च हुँदैन' भनी मनमा कुनै पश्चाताप हुनसक्छ तर तपाईं राजाले त्यस्तो पश्चाताप गर्नुहुन्न। (३) शायद तपाईं राजालाई महायज्ञ गरिसकेपछि 'मेरो महाधनराशी खर्च भयो' भनी मनमा कुनै पश्चाताप हुनसक्छ तर तपाईं राजाले त्यस्तो गर्नुहुन्न।' ब्राह्मण ! महाविजित राजालाई पुरोहित ब्राह्मणले यज्ञको अगाडि यीनै तीन विधिहरूका बारेमा उपदेश गरे।

## दश ठाउँमा चित्त खिन्न पार्नुहुन्न

"ब्राह्मण ! अनि पुरोहित ब्राह्मणले महाविजित राजालाई यज्ञको अगाडि नै प्रतिग्राहकहरू प्रति हुनसकने दशप्रकारका विप्रतिसार (=विप्पटिसार = चित्तखिन्नता) लाई दूर गराइदिए। (१) तपाईंको यज्ञ (=दान) मा प्राणातिपातीहरू (=प्राणीहिंसकहरू) पनि आउन



https://dhamma.digital

सक्छन्, प्राणातिपातबाट बिरत रहनेहरू पनि आउनसक्छन् । त्यहाँ जो प्राणातिपातीहरू हुन्- उनीहरूकै निमित्त त्यो (=प्राणीहिंसाको पाप) हुनेछ। त्यहाँ जो प्राणातिपातबाट विरत रहनेहरू हुन् - उनीहरूकै निमित्त तपाईं यज्ञ गर्नुहोस् । (=दानदिनुहोस्), परित्याग गर्नुहोस्, खुशी हुनुहोस् र भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् (२) तपाईंको यज्ञमा चोरहरू पनि आउनसक्छन्, चोरीकामबाट विरत रहनेहरू पनि आउन सक्छन् । त्यहाँ जो चोरहरू हुन् ... उनीहरूकै निमित्त त्यो (=पाप) हुनेछ । त्यहाँ जो चोरीकामबाट विरत रहनेहरू हुन् - उनीहरूकै निमित्त तपाईं यज्ञ गर्नुहोस् (= दान दिनुहोस्), परित्याग गर्नुहोस्, खुशी हुनुहोस् र भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (३) तपाईंको यज्ञमा काममिथ्याचार गर्नेहरू पनि आउनसक्छन्, काममिथ्याचारबाट विरत रहनेहरू पनि आउन सक्छन् । त्यहाँ जो काममिथ्याचार गर्नेहरू हुन्- उनीहरूकै निमित्त त्यो (=पाप) हुनेछ । त्यहाँ जो काममिथ्याचारबाट विरत रहने हुनेहरू हुन् । उनीहरूकै निमित्त तपाईं यज्ञ गर्नुहोस् ... भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (४) तपाईंको यज्ञमा झुटा कुरा गर्नेहरू पनि आउनसक्छन् । झुटा कुराबाट विरत रहनेहरू पनि आउनसक्छन् । ... । (५) तपाईंको यज्ञमा चुक्ली गर्नेहरू पनि आउनसक्छन्, चुक्लीबाट विरत रहनेहरू पनि आउनसक्छन् । ... । (६) तपाईंको यज्ञमा परुष बोल्नेहरू पनि आउन सक्छन्, परुष बोलीबाट विरत रहनेहरू पनि आउनसक्छन् । ... । (७) ..... सम्प्रलाप गर्नेहरू पनि आउनसक्छन्, सम्प्रलापबाट विरत रहनेहरू पनि आउनसक्छन् ... । (८) .... अभिध्यालु (= लोभी) हरूपनि आउनसक्छन्, अनभिद्यालुहरू पनि आउन सक्छन् । ... । (९) ... द्रोही (ब्यापन्नचित्त) हरू पनि आउनसक्छन्, अद्रोहीहरू पनि आउन सक्छन् ... । (१०) तपाईंको यज्ञमा मिथ्यादृष्टिकहरू पनि आउन सक्छन् । सम्यक्दृष्टिकहरू पनि आउनसक्छन् । त्यहाँ जो मिथ्यादृष्टिकहरू हुन्- उनीहरूकै निमित्त त्यो (=मिथ्यादृष्टिको फल) हुनेछ । त्यहाँ जो सम्यक्दृष्टिकहरू हुन् । उनीहरूकै निमित्त तपाईं यज्ञ गर्नुहोस्, परित्याग गर्नुहोस्, खुसी हुनुहोस् र भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । ब्राह्मण यिनै कारणहरूद्वारा पुरोहित ब्राह्मणले महाविजित राजालाई यज्ञको अगाडि नै प्रतिग्राहकहरू



https://dhamma.digital

प्रति हुन सक्ने दश प्रकारका विप्रतिसारलाई दूर गराए ।

## राजाको चित्तलाई सोह्र प्रकारले हर्षित पारे

"ब्राह्मण ! अनि पुरोहित ब्राह्मणले महायज्ञ गरिरहेका (=महादान दिइरहेका) महाविजित राजाको चित्तलाई सोह्र प्रकारले संदर्शित[५१], सम्प्रतिष्ठित[५२], समुत्तेजित[५३] तथा संप्रहर्षित[५४] पारे ।

(१) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनले निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरूलाई आमन्त्रण गरेका छैनन्' भनी भन्नसक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दै हुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने - तपाईं राजाले निगमवासी र जनपदवासी अनुयुक्त क्षेत्रीहरूलाई आमन्त्रण गर्नुभएको छ । यो कारण पनि तपाईं राजाले जान्नुहोस् । तपाईं यज्ञ गर्नुहोस्, तपाईं परित्याग गर्नुहोस्, तपाईं खुशी हुनहोस् तपाईं भित्रदेखि चित्तलाई प्रसन्न पार्नहोस् । (२) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनले निगमवासी र जनपदवासी अमात्य पारिषद्यहरूलाई आमन्त्रण गरेका छैनन्' भनी भन्नसक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दै हुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने-तपाईं राजाले निगमवासी र जनपदवासी अमात्य पारिषद्यहरूलाई पनि आमन्त्रण गर्नु भएको छ । यो कारण पनि तपाईं राजाले जान्नुहोस् । तपाईं यज्ञ गर्नुहोस्, .... भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (३) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनले निगमवासी र जनपदवासी ब्राह्मण महाशालहरूलाई

---

५१ 'यस दानद्वारा दाताले यस्तो यस्तो फल पाउनेछ' भन्ने कुराहरू सुनाएकोलाई 'संदर्शित' भनिएको हो ।

५२ सोही कुरालाई राम्ररी चित्तबुझाई स्वीकार्न लगाएकोलाई 'सम्प्रतिष्ठित' भनिएको हो ।

५३ चित्त खिन्न हुने कारणहरूबाट दूर गराई चित्त प्रसन्न तथा परिशुद्ध पार्न लगाएकोलाई 'समुत्तेजित' भनिएको हो ।

५४ 'महाराज ! दानदिएर तपायसे बडो सुन्दर काम गर्नु भयो' भनी स्तुति प्रशंसा गरी हर्षित पारेकोलाई 'संप्रहर्षित' भनिएको हो ।



https://dhamma.digital

आमन्त्रण गरेका छैनन्' भनी भन्नसक्छ। परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन्। किनभने - तपाईं राजाले निगमवासी र जनपदवासी ब्राह्मण महाशालहरूलाई पनि आमन्त्रण गर्नुभएको छ। यो कारण पनि तपाईं राजाले जान्नुहोस्। .... भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस्। (४) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनले निगमवासी र जनपदवासी गृहपति महाशालहरूलाई आमन्त्रण गरेका छैनन्' भनी भन्नसक्छ। परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दै हुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन्। किनभने-तपाईं राजाले निगमवासी र जनपदवासी गृहपति महाशालहरूलाई पनि आमन्त्रण गर्नुभएको छ। यो कारण पनि तपाईं राजाले जान्नुहोस्। भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस्। (५) यहायज्ञ गरिरहने तपाईं राजालाई शायद कसले 'महाविजित राजाले यहायज्ञ गर्दछन् तर उनी दुवै आमा बाबुहरूबाट सुजात, शुद्धगर्भवास गरेका तथा सातपुस्तादेखि जातिवादले कुनै खोट नलागेको र अनिन्दित होइनन्' भनी भन्नसक्छ। परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन्। किनभने-तपाईं राजा दुवै आमाबाबुबाट सुजात, शुद्धगर्भवास गरेका, तथा सातपुस्तादेखि जातिवादले कुनै खोट नलागेका र अनिन्दित हुनुहुन्छ। यो कारण पनि तपाईं राजाले जान्नुहोस्। भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस्। (६) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले 'महाविजित राजाले यहायज्ञ गर्दछन् तर उनी अभिरूप, दर्शनीय, तथा दर्शन गर्नकोनिमित्त अप्रमाण सुन्दर छैनन्' भनी भन्नसक्छ। परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन्। किनभने-तपाईं राजा अभिरूप, दर्शनीय तथा दर्शन गर्नकोनिमित्त अप्रमाण सुन्दर हुनुहहुन्छ। यो कारण पनि तपाईं राजाले जान्नुहोस्। भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस्। (७) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी आढय, महाधनी परिपूर्ण कोष्ठागार हुने होइनन्' भनी भन्नसक्छ। परन्तु अब तपाईं महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही



https://dhamma.digital

छैनन् । किनभने-तपाईं राजा आढय, महाधनी परिपूर्ण कोष्ठागार हुने हुनुहुन्छ । यो कारण पनि तपाईं राजाले जान्नुहोस् । भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (८) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले ' महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी वलवान् चतुरङ्गिणी सेनाले युक्त छैनन्' भनी भन्नसक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने-तपाईं राजा वलवान्, चतुरङ्गिणी सेनाले युक्त हुनुहुन्छ । यो कारण पनि तपाईं राजाले जान्नुहोस् । भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (९) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी श्रद्धालु, पानी पिउने ठाउँ (= कुवा) जस्तै भई पुण्य गर्न होइनन्' भनी भन्नसक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने-तपाईं राजा श्रद्धालु, पानी पिउने ठाउँ जस्तै भई पुण्य गर्दैहुनुहुन्छ । यो कारण पनि तपाईं राजाले जान्नुहहोस् । भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१०) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी बहुश्रुत छैनन्' भनी भन्नसक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने- तपाईं राजा बहुश्रुत हुनुहुन्छ । यो कारण तपाईं राजाले जान्नुहोस् । ... भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (११) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी त्यस त्यस कुराका अर्थ बुझ्नसक्ने होइनन्-यसको अर्थ यो हो, यसको अर्थ यो हो भनी बुझ्नसक्ने होइनन्' भनी भन्नसक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने-तपाईं राजा त्यस त्यस कुराको अर्थ बुझ्नसक्ने र यसको अर्थ यो हो, यसको अर्थ यो हो भनी बुझ्नसक्ने हुनुहुन्छ । यो कारण पनि तपाईं राजाले जान्नुहोस् । .... भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१२) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले 'महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनी पण्डित, ब्यक्त, ... अर्थसम्बन्धी कुराहरू सोच्नसक्ने होइनन्' भनी भन्नसक्छ ।



https://dhamma.digital

परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने-तपाईं राजा पण्डित, ब्यक्त,... अर्थ सम्बन्धी कुराहरू सोच्नसक्ने हुनुहुन्छ । यो कारण पनि तपाईं राजाले जान्नुहोस् । भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१३) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले ‘महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनका पुरोहित ब्राह्मण दुवै आमा-बाबुहरूबाट सुजात,... तथा अनिन्दित छैनन्’ भनी भन्नसक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने-तपाईं राजाका पुरोहित ब्राह्मण दुवै आमा-बाबुहरूबाट सुजात,... तथा अनिन्दित छन् । यो कारण पनि तपाईं राजाले जान्नुहोस् । भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१४) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले ‘महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनका पुरोहित ब्राह्मण अध्यायक, मन्त्रघर,... महापुरुष लक्षणशास्त्रमा निपुण छैनन्’ भनी भन्नसक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने-तपाईं राजाका पुरोहित ब्राह्मण अध्यायक, मन्त्रधर,... महापुरुष लक्षण-शास्त्रमा निपुण छन् । यो कारण पनि तपाईं राजाले जान्नुहोस् ।... भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१५) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले ‘महाविजित राजाले महायज्ञ गर्दैछन् तर उनका पुरोहित ब्राह्मण शीलवान्,... वृद्धशीलले युक्त छैनन्’ भनी भन्नसक्छ । परन्तु अब राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने-तपाईं राजाका पुरोहित ब्राह्मण शीलवान,... वृद्धशीलले युक्त छन् । यो कारण पनि तपाईं राजाले जान्नुहोस् । ... भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । (१६) महायज्ञ गरिरहने तपाईं राजालाई शायद कसैले ‘ महाविजित राजाले महायज्ञ गर्दछन् तर उनका पुरोहित ब्राह्मण, पण्डित, ब्यक्त,..... मेधावी, दान ग्रहण गर्नहरूमध्येमा प्रथम वा द्बितीय छैनन्’ भनी भन्नसक्छ । परन्तु अब तपाईं राजाले त्यसरी महायज्ञ गर्दैहुनुहुन्छ भनी धर्मतापूर्वक भन्नसक्ने कोही छैनन् । किनभने-तपाईं राजाका पुरोहित ब्राह्मण, पण्डित, व्यक्त, मेधावी, दान ग्रहण गर्नेहरूमध्येमा



https://dhamma.digital

प्रथम वा द्वितीय छन् । यो कारण पनि तपाईं राजाले जान्नुहोस् । तपाईं यज्ञ गर्नुहोस्, तपाईं परित्याग गर्नुहोस्, तपाईं खुशी हुनुहोस् । तपाईं भित्रदेखि चित्तलाई प्रसन्न पार्नुहोस् । ब्राह्मण ! पुरोहित ब्राह्मणले यिनै सोह्र (१६) प्रकारले महायज्ञ गर्न चाहने महाविजित राजाको चित्तलाई संदर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा संप्रहर्षित पारे ।

## घिउ तेलद्वारा यज्ञको समाप्ति

"ब्राह्मण ! त्यस यज्ञमा न गाईहरू काटिएका थिए, न बोकाहरू काटिएका थिए, न कुखुराहरू काटिएका थिए, न त विविध प्राणीहरू काट्ने काम नै भएको थियो : न यूप (= मौलो) कोनिमित्त रूखहरू काटिएका थिए, न त मालादि श्रृँगारकोनिमित्त कुश काटिएको थियो । जो ती दाशहरू, प्रेष्यहरू अथवा कामदारहरू थिए तिनीहरू पनि न दण्डतर्जित थिए, न भयतर्जित थिए, म अश्रुमुखी भई रोई रोई काम गर्दथें । बल्की जो चाहन्थे उनीहरू काम गर्दथे, जो  चाहन्नथे उनीहरू काम गर्दैनथे, जुन काम चाहन्थे ती काम गर्थे, जुन काम गर्न चाहन्नथे ती काम गर्दैनथे । घिउ, तेल, नौनी, दही, मधु फाणितद्वारा नै त्यो यज्ञ( दान कार्य) को समाप्ति भएको थियो ।

"ब्राह्मण ! अनि निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरूले, ... अमात्य र पारिषदहरूले, ... ब्राह्मण महाशालहरूले, ... गृहपति महाशालहरूले प्रशस्त सम्पत्ति लिएर महाविजित राजाकहाँ आई यस्तो भने..'देव ! यो प्रशस्त सम्पत्ति राजाकै उद्देश्य गरी ल्याइएको हो, देवले यसलाई स्वीकार गर्नुहोस् । 'भो ! भइहाल्यो, मसँग पनि प्रशस्त सम्पत्ति छ जुन, धार्मिकरूपले उठाइएको करबाट जम्मा भएको हो । तिमीहरूले ल्याएको तिमीहरूकै हो । बरु चाहन्छौ भने यहाँबाट (मेरो सम्पत्तिबाट) अरू पनि लिएर जाऊ ।' राजाले प्रतिक्षेप गरेपछि एक छेउमा गई उनीहरूले यस्तो सल्लाह गरे-'हामीहरूकोनिमित्त यो उचित छैन कि जो हामीहरूले यी सम्पत्तिहरू पुनः फर्काएर आ-आफ्ना घरमा लैजाऔं : महाविजित राजाले महायज्ञ गर्दछन्, अत : हामी पनि राजाको अनुगामी भई यज्ञ नै गरौं (= दान देऔं) ।'



https://dhamma.digital

ब्राह्मण ! अनि पूर्वतिरको यज्ञशाला (= दानशाला) निर निगमवासी र जनपदवासी अनुयुक्त क्षत्रीहरूले "दानशाला स्थापना गरे, दक्षिणतिरको यज्ञशालानिर निगमवासी र जनपदवासी अमात्य र पारिषद्यहरूले दानशाला स्थापना गरे, पश्चिमतिरको यज्ञशालानिर निगमवासी र जनपदवासी ब्राह्मण महाशालहरूले दानशाला स्थापना गरे तथा उत्तरतिरको यज्ञशालनिर निगमवासी र जनपदवासी गृहपतिमहाशालहरूले दानशाला स्थापना गरे ।

"ब्राह्मण ! त्यस यज्ञ (= दान) मा न गाईहरू काटिएका थिए,... न अश्रुमुखी भई रोई राई काम गर्दथे : बल्की जो चाहन्थे उनीहरू काम गर्दथे,... । घिउ, तेल, नौनी, दही, मधु-फाणितद्वारा नै ती यज्ञहरूको समाप्ति भएका थिए ।

"ब्राह्मण ! यसरी चार अनुमतिपक्ष, आठ अङ्गले युक्त राजा अर्थात् राजाका आठवटा अङ्ग चार अङ्गले युक्त पुरोहित ब्राह्मण अर्थात् पुरोहित ब्राह्मणका चारवटा अङ्ग तथा तीन विधि समेत गरी 'सोह्र परिष्कारले युक्त त्रिविध यज्ञसम्पदा' भनी यसैलाई भनिएको हो ।"

**ब्राह्मणहरुद्वारा अनुमोदन**

यस्तो भन्नुहँदा, ती ब्राह्मणहरूले "अहो यज्ञ ! अहो यज्ञसम्पदा !!" भन्दै उन्नाद गरे, उच्चशब्द महाशब्द गरे (= कराए, चिच्याए) । कूटदन्त ब्राह्मण चाहिँ चूपलागेर नै बसेका थिए । अनि ती ब्राह्मणहरूले कूटदन्त ब्राह्मणलाई यस्तो भने-"किन नि तपाईं कूटदन्त ब्राह्मणले श्रमण गौतमको सुभाषितलाई सुभाषितको रूपमा अनुमोदन गर्नु नभएको ?"

"भो ! मैले श्रमण गौतमको सुभाषितलाई सुभाषितको रूपमा अनुमोदन नगरेको होइन । जसले श्रमण गौतमको सुभाषितलाई सुभाषितको रूपमा अनुमोदन गर्ने छैन उसको शीर पनि सातटुक्रा भई फुट्नसक्छ । भो ! किन्तु मलाई यस्तो लाग्यो कि -'यस्तो मैले सुने' अथवा' यस्तो हुनसक्छ' भनी श्रमण गौतमले भन्नु भएन बल्की श्रमण गौतमले 'त्यसवखत यस्तो थियो, त्यसवखत यसप्रकार थियो'



https://dhamma.digital

भनी भन्नुभयो। भो ! (यो सुनेर) सो मलाई यस्तो लाग्यो कि - अवश्य पनि त्यसवखत श्रमण गौतम या त राजा थिए अथवा त्यो यज्ञ गराउने पुरोहित ब्राह्मण नै थिए।"

(यसपछि कूटदन्त ब्राह्मणले भगवान्सँग यसरी सोधे - )

"यसप्रकार यज्ञ गरेर अथवा यज्ञ गराएर शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भएको कुरा तपाईं गौतम जान्नुहुन्छ के ?"

"ब्राह्मण ! यसप्रकार यज्ञ गरेर अथवा यज्ञ गराएर शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भएका कुरा म जान्दछु। त्यसबखत त्यो यज्ञ गराउने पुरोहित ब्राह्मण म नै थिएँ।"

**महत्फलतर यज्ञहरु**

दानमय-यज्ञ-(१) क. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा थोरै प्रपञ्च (= अप्पट्ठतर) र थोरै कष्टपीडा भएको (= अप्पसमारम्भतरो) तर महत्फलतर र महानिसंसतर (= महागुण) भएको अर्को कुनै यज्ञ छ के ?

ख. "ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको यज्ञ छ।"

ग. "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएका तर महत्फलतर र महानिसिंसत्तर भएको त्यो कस्तो यज्ञ हो त ?"

घ. "ब्राह्मण ! शीलवान् प्रव्रजितहरूको उद्देश्य गरी दिइने जुन नित्य दानहरू र अनुकूल यज्ञहरू हुन्-ब्राह्मण ! यही नै त्यो यज्ञ हो जो त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ।"

"भो गौतम ! त्यो नित्यदान र अनुकूलयज्ञ यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुनाको के हेतु, के प्रत्यय हो त ?"



https://dhamma.digital

"ब्राह्मण ! त्यसप्रकारको यज्ञमा अरहन्त वा अरहन्त मार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्नन् । किनभने ? ब्राह्मण ! त्यहाँ (त्यस्ता यज्ञमा) दण्डप्रहार गरेको पनि देखिन्छ, घाँटी समातेको पनि देखिन्छ । त्यसैले यसप्रकारको यज्ञमा अरहन्त वा अरहन्तमार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्नन् । ब्राह्मण ! जो ती शीलवान् प्रव्रजितहरूको उद्देश्यगरी दिइने नित्यदान हो, अनुकूलयज्ञ हो, ब्राह्मण ! यसप्रकारको यज्ञमा अरहन्त वा अरहन्तमार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्छन् । किनभने ? ब्राह्मण ! त्यहाँ दण्डप्रहार गरेको पनि देखिन्न, घाँटी समातेको पनि देखिन्न । त्यसैले यस प्रकारको यज्ञमा अरहन्त वा अरहन्तमार्गमा लाग्ने पुरुषहरू उपस्थित हुन्छन् । ब्राह्मण ! यही हेतु, यही प्रत्यय हो जसले गर्दा त्यो नित्यदान, अनुकूलयज्ञ यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कार-भन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ ।

(२) "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि कुनै यज्ञ छ के ?"

"ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि यज्ञ छ ।"

"भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?"

"ब्राह्मण ! जसले चतुर्दिशाबाट आउने सङ्घको उद्देश्यगरी विहार बनाउँछ- ब्राह्मण ! यही त्यो यज्ञ हो जो त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ ।

(३) शरणमय-यज्ञ- "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा, यी विहारदानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर



https://dhamma.digital

भएको अर्को पनि कुनै यज्ञ छ के ?”

“ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा, यी विहारदानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि यज्ञ छ ।”

“भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा, यी विहारदानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?”

“ब्राह्मण ! प्रसन्नचित गरी जो बुद्धको शरणमा जान्छ, धर्मको शरणमा जान्छ तथा सङ्घको शरणमा जान्छ- ब्राह्मण ! यही त्यो यज्ञ हो जो त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा, यी विहारदानभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ ।”

(४) शिक्षापद-यज्ञ- “भो गौतम ! यी त्रिविध यज्ञ-सम्पदा र सोह्रपरिष्कारभन्दा, यी नित्यदान र अनुकूलयज्ञभन्दा, यी विहारदानभन्दा, तथा यी शरणागमनभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्का पनि कुनै यज्ञ छ के ?”

ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, ... तथा यी शरणागमनभन्दा पनि थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्का पनि यज्ञ छ ।”

“भो गौतम ! यी त्रिवध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, ... तथा यी शरणागमनभन्दा पनि थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?”

“ब्राह्मण ! जसले (१) प्राणीहिंसा त्यागगर्ने, (२) चोरीकाम त्यागगर्ने, (३) काममिथ्याचार त्यागगर्ने, (४) मृषावाद त्यागगर्ने र (५) सुरामेरय, मद्य-प्रमादस्थान त्यागगर्ने (यी पाँच) शिक्षापदहरूलाई प्रसन्न चित्तले समादान (ग्रहण) गर्छ- ब्राह्मण ! यही त्यो यज्ञ हो जो त्रिविध



https://dhamma.digital

यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा ... तथा शरणगमनभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ।"

(५) "भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, .. तथा यी शिक्षापद्‌भन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्का पनि कुनै यज्ञ छ के ?"

"ब्राह्मण ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा, .. तथा यी शिक्षापदभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको अर्को पनि यज्ञ छ।"

"भो गौतम ! यी त्रिविध यज्ञसम्पदा र सोह्रपरिष्कारभन्दा,.. तथा यी शिक्षापदभन्दा पनि थोरै प्रपञ्च र थोरै कष्टपीडा भएको तर महत्फलतर र महानिसंसतर भएको त्यो कस्तो यज्ञ हो त ?"

तथागत उत्पन्न- "ब्राह्मण ! यहाँ तथागत अरहत् सम्यक् सम्बुद्ध , .... तथा बुद्ध भगवान् उत्पन्न हुनुहुन्छ। उहाँले यो लोकलाई-देवसहिंत, मारसहित, बह्मलोकलाई, ... स्वयं साक्षात्कार गर्नुभएको धर्मको उपदेश गर्नुहुन्छ। उहाँले आदिकल्याण,... तथा पर्यवशान कल्याण हुने धर्मोपदेश गर्नुहुन्छ, ... ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ।

**शीलमय-यज्ञ**- "अनि गृहपति वा गृहपतिपुत्र,... घरबार त्यागी अनगारिय भई प्रव्रजित हुन्छ। यसरी प्रव्रजित भएको सो भिक्षु, जीवनभर शीलसम्पन्न भई प्राणीघातलाई त्यागी प्राणीघातबाट विरत भई,.... तथा सबै प्राणी प्रति हितानुकम्पी भई बस्छ। .... ।

**समाधिमय-यज्ञ-** "ब्राह्मण ! अनि यसरी शीलसम्पन्न भई, ... प्रथमध्यान प्राप्तगरी बस्छ। ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरूभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ : ... द्वितीयध्यान ... तृतीयध्यान .... तथा ... चतुर्थध्यान प्राप्तगरी बस्छ। ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरूभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ।

**प्रज्ञामय-यज्ञ-** 'ब्राह्मण ! यसरी समाहित चित्त भएपछि : परिशुद्ध, स्वच्छ, निर्मल र क्लेश रहित भएपछि : मृदु तथा कर्मण्य



https://dhamma.digital

भएपछि : निश्चलतामा पुगिसकेपछि उसले ज्ञानदर्शनको निमित्त चित्त झुकाउँछ चित्त लगाउँछ। ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरूभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महानिसंसतर हुन्छ।

ब्राह्मण ! यसरी समाहित चित्त भएपछि, ...निश्चलतामा पुगिसकेपछि उसले मनोमयकाय अभिनिर्माणको निमित्त चित्त झुकाउँछ, चित्त लगाउँछ । ब्राह्मण । यो यज्ञ पनि ....महानिसंसतर हुन्छ । ब्राह्मण ! यसरी समाहित चित्त भएपछि,...ऋद्धिविध...दिव्यश्रोत....चेतोपरियाय.....पूर्वेनिवासुस्मृति.... दिव्यचक्षु....आस्रवक्षय ज्ञानकोनिमित्त चित्त झुकाउँछ चित्त लगाँउछ .... र जाति क्षीण भयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त अर्कोजन्म लिनुपर्ने हेतु छैन' भन्ने पनि ज्ञानहुन्छ। ब्राह्मण ! यो यज्ञ पनि अघिल्ला यज्ञहरूभन्दा थोरै प्रपञ्च र थोरै कष्टपीडा भएर पनि महत्फलतर र महनिसंसतर हुन्छ "ब्राह्मण ! योभन्दा अर्को उत्तरोत्तर वा प्रणीततर यज्ञसम्पदा छैन।"

## कूटदन्त ब्राह्मणको उपासकत्व ग्रहण

यति भन्नुभएपछि, कूटदन्त ब्राह्मणले भगवान्‌लाई यस्तो भने- "भो गौतम ! धन्य हो ! भो गौतम ! धन्य हो ! ! भो गौतम ! जस्तै-घोप्टिएकोलाई उत्तानो पारिदिंदा... अथवा अन्धकारमा तेलको दियो बालिदिंदा आँखा हुनेले रूपदेख्दछ- त्यस्तै गरी तपाईं गौतमले अनेकप्रकारले धर्म प्रकाश पारिदिनुभयो। अब म तपाईं गौतमको शरणमा पर्दछु तथा धर्म र सङ्घको पनि। आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी तपाईं गौतमले मलाई स्वीकार गर्नुहोस्। भो गौतम ! सातशय बाछाहरूलाई, सातशय बाछीहरूलाई, सातसय बोकाहरूलाई तथा सातसय भेडाहरूलाई जीवनदान दिई छाडिदिनेछु। अब उनीहरूले हरियो घाँस खाऊन्, शीतल पानी पिऊन्, उनीहरूलाई शीतल हावा पनि लागोस्।"

अनि भगवानले कूटदन्त ब्राह्मणलाई आनुपूर्विकथा सुनाउनु



https://dhamma.digital

भयो । जस्तै- दानकथा, शीलकथा, स्वर्गकथा, कामविषयको दुष्परिणाम, तुच्छता, संक्लिष्टता तथा नैष्क्रम्यको आनिसंस (= गुण) प्रकाश पार्नुभयो । जब भगवान्ले कूटदन्त ब्राह्मणको चित्त कल्य (=उपयुक्त), मृदु, नीवरणरहित, हर्षित तथा प्रसन्न भयो भनी जान्नुभयो तब जुन धर्म उहाँले स्वयं प्राप्तगर्नु भएको हो (= सामुक्कंसिका) त्यो धर्म प्रकाश पार्नुभयो- 'दुःख, समुदय, निरोध तथा मार्ग ।' अनि जस्तै मैलो नपरेको शुद्ध-वस्त्रमा राम्ररी रङ्गले समात्छ त्यस्तैगरी कूटदन्त ब्राह्मणलाई उसै आसनमा- विरज, वीतमल, धर्मचक्षु उत्पन्न भयो- 'जे जति समुदय धर्महरू हुन्, ती सबै निरोध धर्म हुन् ।' अनि कूटदन्त ब्राह्मण दृष्टधर्मी, प्राप्तधर्मी, विदितधमर्मी भई धर्मको गहिराइलाई बुझ्न, शंकारहित, निश्चिन्त, बैशारद्यतामा पुगी शास्ताको धर्मलाई अवबोध गर्नकोनिमित्त कसैको भरमा पर्न नपर्ने भएपछि उनले भगवान्सँग यस्तो बिन्ति गरे- "तपाईं गौतमले भोलिकोनिमित्त भिक्षुसङ्घका साथ मेरो भोजन स्वीकार गर्नुहोस् ।" तूष्णीभावद्वारा भगवान्ले स्वीकार गर्नुभयो ।

अनि भगवान्ले स्वीकार गर्नुभएको कुरो बुझी कूटदन्त ब्राह्मण आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणागरी फर्केर गए । अनि त्यस रात बितिसकेपछि आफ्नो यज्ञस्थलमा प्रणीत खाद्यभोज्य तयार पारी कूटदन्त ब्राह्मणले भगवान्लाई समयको सूचना दिन पठाए- "भो गौतम ! भोजन तयार भइसक्यो, भोजनको समय भयो ।"

अनि पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी भगवान् भिक्षु सङ्घका साथ जहाँ कूटदन्त ब्राह्मणको यज्ञस्थल हो त्यहाँ जानुभयो : त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो । त्यसपछि कूटदन्त ब्राह्मणले आफ्नै हातले बुद्धसहित भिक्षुसङ्घलाई प्रणीत खाद्य भोज्य सन्तर्पित गरे । अनि भगवान्को भोजन सिद्धिएपछि पात्र एक छेउमा राखिसकेपछि कूटदन्त ब्राह्मण एक होचो आसन लिई एक छेउमा बसे । एक छेउमा बसेका कूटदन्त ब्राह्मणलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पारी आसनबाट उठी भगवान फर्केर जानुभयो ।



https://dhamma.digital

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष
## चतुर्थ पत्र
# बुद्धकालीन बौद्ध व्यक्तित्वहरू

## एकाइ ४ : बुद्धकालीन विशिष्ट महिलाहरू

१) अम्बपाली

२) नकुलमाता

३) चुलसुभद्रा

४) खुज्जुत्तरा

Dhamma.Digital

**पुस्तक : बुद्धकालीन महिलाहरू (भाग १ र २)**

**लेखक : भिक्षु अमृतानन्द महास्थविर**

https://dhamma.digital

# एकाइ ४ : बुद्धकालीन विशिष्ट महिलाहरू

## १. अम्बपाली गणिका

**पूर्वकथा**

सिखि बुद्धको पालामा वहाँको धर्ममा प्रव्रजितलाई भिक्षुणी भएकी शीलवती एउटी भिक्षुणी थिइन् । एकदिन भिक्षुणीहरूका साथ चैत्य वन्दना गरी प्रदक्षिणा गरिरहेको बेलामा अघिल्तिर हिँडिरहेकी एक भिक्षुणीको हाच्छ्यूँ गर्दा नाकबाट सिंगान खसी चैत्यको प्रांगणमा पर्‍यो । उनी अरहत्नी थिइन् । उनले सिंगान खसेको देखिनन् । उनको पछि पछि हिँडिरहेकी सो भिक्षुणीले सिंगान देखेर "कस्ती गणिका होलिन्, यस्तो ठाउँमा सिंगान फ्याँक्ने !"भनी गाली गरिन् । भिक्षुणी भावमा बस्दा उनलाई गर्भवासमा साह्रै घृणा लाग्दथ्यो र ओपपातिक (=ओपपातिक) भावतिर उनको मन निकै गएको थियो ।

**वर्तमान कथा**

त्यसै चित्तको प्रभावद्वारा अन्तिम आत्मभावमा उनी वैशाली नगरको एक आँपको रूखको फेदमा ओपपातिका भई उत्पन्न भइन् । अनि एउटा बगैंचेले देखेर उनलाई लग्यो । आँपको रूखको फेदमा उत्पन्न भएकी हुनाले उनको नाम 'अम्बपाली' भन्ने राखिदियो । क्रमशः उनी अत्यन्त रूपवती हुँदै आइन् । समय बित्दै गएपछि उनैको कारणलाई लिएर वैशालीवासी लिच्छवी कुमारहरूको बीचमा झगडा भयो । अनि न्यायाधीशले "सबैको लागि होस्"भन्ने हेतुले उनलाई गणिका घोषित गरी बैशाली नगरमा राखिदियो भन्ने कुरा अम्बपाली थेरी अट्ठकथा (पृ. १६३) मा उल्लेख भएको छ ।

१. जन्म हुने योनि चारवटा छन् जस्तै– (१) अण्डज-योनि, (२) जलाबुज-योनि, (३) संसेदज-योनि र (४) ओपपातिक-योनि ।

त्यसताका वैशाली नगर कस्तो थियो भन्ने कुरा यसैमा अनुदित



https://dhamma.digital

"अम्बपाली गणिका"भन्ने शीर्षकले प्रष्ट गरेको छ । मगध नरेश बिम्बिसारले वैशालीको अम्बपाली गणिकाको बयान सुनेको कुरा पनि यसै सूत्रमा उल्लेख भएको छ । उनको बयान सुनेर तरूण बिम्बिसार राजा कामाभिभूत भए । अनि छद्मभेष लिई केही मानिसहरूका साथ वैशाली नगरमा गई अम्बपाली गणिकासँग एक रात सहवास गरेका थिए । यस सहवासबाट अम्बपाली गणिकाले विमल भन्ने छोरा पाएकी थिइन् । पछि उनी बुद्धशासनमा प्रव्रजित भई विमल कोण्डञ्ञ नामले अरहत् भए ।

### अम्बपालीको बुद्धसँग भेट

धेरै दिन पछि अर्थात् बुद्धको अर्थात् बुद्धको अन्तिम समयतिर अम्बपाली गणिकाले बुद्धसँग भेटेको कुरा महापरिनिब्बानसुत्तमा र महावग्गपालि, भेसज्जक्खन्धमा उल्लेख भएको पाइन्छ । जुन सूत्रको अनुवाद यसै संग्रहको "अम्बपालीको आम्रवन दान"भन्ने शीर्षकमा गरेको छु । यस दर्शन भेटमा अम्बपाली गणिका भगवान्प्रति प्रसन्न भई आफ्नो आम्रवनमा बुद्धसहित भिक्षुसङ्घलाई भोजन दान दिएकी मात्र होइनन् आफ्नो आम्रवन समेत बुद्धलाई प्रदान गरेकी थिइन् भन्ने कुरा तल अनुदित उक्त सूत्रमै समुल्लेख भएको छ। उनैले रोपेर बनाइराखेको निजी उद्यान यो आम्रवन वैशाली नगरमै थियो भन्ने कुरा संयुत्तनिकाय अट्ठकथा (भाग ३, पृ. १४८) अम्बपाली सुत्तवण्णनाले र थेरीगाथा अट्ठकथा (पृ. १६३) अम्बपाली थेरीगाथा वण्णनाले समुल्लेख गरेका छन्। भगवान्को उपदेशद्वारा प्रभावित भई अम्बपालीले आफ्नो आम्रवनमा विहारहरू (=घरहरू) बनाइ बुद्धसहित भिक्षुसङ्घलाई प्रदान गरेको कुरा पनि त्यसै ग्रन्थमा उल्लेख भएको पाइन्छ ।

भगवान्को दर्शनार्थ आम्रवनमा अम्बपाली जाँदा भगवान्सँग बसिरहेका, भरखरै प्रव्रजित भएका नौला नौला पाँचसय भिक्षुहरूका स्मृति (=होश) अम्बपालीलाई देखेर विचलित नहोस् भन्नको लागि वहाँले विशेषरूपले काय-वाक्चित्तमा होश (स्मृति) थातमा राखी बस्नको निमित्त सतिपट्ठानको कुरा बताउनु भएको थियो । यस कथनबाट यो



https://dhamma.digital

अनुमान लगाउन सकिन्छ कि अम्बपाली गणिका कति राम्री होलिन् जसले गर्दा भरखरै प्रव्रजित भएका भिक्षुहरूको मन विचलित हुन सक्ने । यस्तै प्रसंगमा आनन्द स्थविरले पनि “पस्सचित्तकतं विम्बं...”आदि भनी भिक्षुहरूलाई उपदेश गर्नुभएको कुरा थेरगाथा अट्ठकथामा उल्लेख भएको पाइन्छ ।

**अम्बपाली भिक्षुणी भइन्**

यसपछि अम्बपाली गणिका विरक्त भएर आफ्नो पुत्र आयुष्मान् विमल कोण्डञ्ञको धर्मकथा सुनी प्रव्रजित भएकी थिइन् । प्रव्रजित भएपछि विपश्यना ध्यान सहित आफ्नो शरीरको अनित्यता माथि विचार गरी संसारको अनित्यतामा ध्यान राखी दुःख र अनात्म भन्ने कुरा थाहा पाई अन्तमा अरहत्नी भइन् ।

कुन प्रकारले उनले आफ्नो शरीरमा अनित्यताबारे विचार गरेकी थिइन् भन्ने कुरा अगाडि अनुदित “अम्बपालीको अनित्य भावना”भन्ने शीर्षकको मूल सूत्रमै प्रष्ट भएको छ । अरहन्त भइसकेपछि आफ्नो दिव्यचक्षु तथा पूर्वानुस्मृति ज्ञानद्वारा अघि अघिका जन्ममा आफूले के के गरेर आएकी थिइन् भन्ने कुरा अगाडि अनुदित “अम्बपालीको पूर्वकथा”ले प्रष्ट पारेको छ । यस अनुसार अम्बपाली थेरीले “फुस्स बुद्ध”का पालासम्मको कुरा बताएकी छिन् ।

× × ×

## मूल सूत्र–

### १– वैशालीमा अम्बपाली गणिका

त्यसबखत बुद्ध भगवान् राजगृहको वेणुवनस्थित कलन्दक निवापमा बस्नु भएको थियो ।

त्यस समय वैशाली नगर समृद्ध, उन्नत, बहुजनाकीर्ण तथा सुभिक्षं थियो । सातहजार सातसय सात (७,७०७) प्रासादहरू, सातहजार सातसय सात (७,७०७) कुटागार (=घर) हरू, सातहजार सातसय



https://dhamma.digital

सात (७,७०७) आरामहरू (=उद्यानहरू) र सातहजार सातसय सात (७,७०७) पोखरीहरू थिए । अम्बपाली (अम्बपाली) गणिका अभिरूपा, दर्शनीया, प्रासादिका तथा परम रूपवती थिइन् । उनी नाच गान र बाजा बजाउनमा सिपालु थिइन् । इच्छुक मानिसहरू रातको पचास कार्षापण (त्यस समयको रूपैयाँ) दिएर उनीकहाँ जान्थे । यसले गर्दा वैशाली नगर अत्यन्त चहकिलो देखिन्थ्यो ।

त्यस समय राजगृहका व्यापारीहरू (नेगमो) केही कामले वैशालीमा गए । अनि राजगृहका व्यापारीहरूले वैशाली नगर सुसमृद्ध, उन्नत, बहुजनाकीर्ण तथा सुभिक्ष भएको देखे । सातहजार सातसय सात प्रासादहरू, सातहजार सातसय सात कूटागारहरू, सातहजार सातसय सात आरामहरू र सातहजार सातसय सात पोखरीहरू पनि देखे । अभिरूपा, दर्शनीय, प्रासादिका तथा परमरूपवती अम्बपाली गणिकालाई पनि देखे । उनी नाच, गान तथा बाजा बजाउनमा सिपालु छिन् भन्ने कुरा पनि थाहा पाए । इच्छुक मानिसहरू रातको पचास कार्षापण दिएर उनीकहाँ जाने कुरा पनि थाहा पाए । यसले गर्दा वैशाली नगर अत्यन्त चहकिलो देखिन्थ्यो भन्ने कुरा पनि बुझे ।

अनि वैशालीमा गर्नुपर्ने काम सिध्याएर राजगृहका व्यापारीहरू पुनः राजगृहमा फर्केर गए । उनीहरू जहाँ मगध राजा सेनीय बिम्बिसार थिए त्यहाँ गए । त्यहाँ गई मगध राजा सेनीय बिम्बिसारसँग यस्तो बिन्ति गरे –

"हे देव ! वैशाली नगर सुसमृद्ध, उन्नत, बहुनाकीर्ण तथा सुभिक्ष छ । त्यहाँ सातहजार सातसय सात प्रासादहरू, सातहजार सात सय सात कूटागारहरू, सातहजार सात सय सात आरामहरू तथा सातहजार सात सय सात पोखरीहरू पनि छन् । अभिरूपा, दर्शनीया, प्रासादिका तथा परमरूपवती अम्बपाली गणिका पनि छिन् । उनी नाच, गान तथा बाजा बजाउनमा सिपालु छिन् । इच्छुक मानिसहरू रातको पचास कार्षापण दिई उनीकहाँ जान्छन् । यसले गर्दा वैशाली नगर अत्यन्त चहकिलो देखिन्छ । हे देव ! हामीले पनि गणिका खडा गरे बेश हुनेछ ।"

× × ×



https://dhamma.digital

## मूल सूत्र –

### २–अम्बपालीको आम्रवन दान

अम्बपाली गणिकाले "भगवान् वैशालीमा आइपुग्नु भई मेरै आम्रवनमा बसिरहनु भएको छ" भन्ने खबर सुनिन् । अनि अम्बपाली गणिका असल असल रथहरू तयार पार्न लगाई असल असल रथमा चढेर वैशालीमा गई आफ्नो आराममा गइन् । जहाँसम्म रथबाट जानसक्ने हो त्यहाँसम्म रथमा गई (त्यसपछि) रथबाट ओर्ली पैदल नै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी अम्बपाली गणिकालाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभयो । अनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भएकी अम्बपाली गणिकाले भगवान्लाई यस्तो बिन्ति गरिन्– "भन्ते ! भगवान्ले भिक्षुसङ्घ सहित भोलिको भोजन स्वीकार गर्नुहोस् ।"तृष्णीभावद्वारा भगवान्ले स्वीकार्नु भयो । अनि भगवान्ले स्वीकार्नु भएको कुरा बुझी अम्बपाली गणिका आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी निस्किनु ।

"भगवान् वैशालीमा आउनुभई वैशालीको अम्बपालीको वनमा बसिरहनुभएको छ" भन्ने खबर वैशालीवासी लिच्छवीहरूले सुने । अनि असल असल रथहरू तयार पार्न लगाई असल असल रथमा बसी लिच्छविहरू वैशालीमा गए । त्यसमध्ये नीलो रथ, नीला वस्त्रहरू, नीला आभूषणहरू लगाएका केही लिच्छवीहरू नीला नीला देखिन्थे; त्यसमध्ये पहेँलो लेप, पहेँला वस्त्रहरू, पहेँला आभूषणहरू लगाएका केही लिच्छवीहरू पहेँला पहेँला देखिन्थे; त्यसमध्ये रातो लेप, राता वस्त्रहरू, राता आभूषणहरू लगाएका केही लिच्छवीहरू राता राता देखिन्थे; त्यसमध्ये सेतो लेप, सेता वस्त्रहरू, सेता आभूषणहरू लगाएका केही लिच्छवीहरू सेता सेता देखिन्थे । अनि अम्बपाली गणिकाले तरूण तरूण लिच्छवीहरूको रथलाई आफ्नो रथले-रथको अवयावयवलाई रथको अवयावयले, चक्कालाई चक्काले, जुवालाई जुवाले ठक्कर ख्वाइन् । अनि



https://dhamma.digital

ती लिच्छवीहरूले अम्बपाली गणिकालाई यस्तो भने– “हे अम्बपाली ! किन तरूना तरूण लिच्छवीहरूको रथलाई ठक्कर ख्वाएकी ?”

“आर्य पुत्र हो ! त्यस्तैगरी मैले भगवान्‌लाई भिक्षुसङ्घ सहित भोलिको भोजनद्वारा निम्तो गरेकी छु ।”

“हे अम्बपाली ! त्यो भोजन एक लाखले हामीलाई देऊ ।”

“आर्य पुत्र हो ! जनपद सहित यो वैशाली नगर मलाई दिए पनि म दिने छैन ।”

अनि ती लिच्छवीहरले “यो अम्बकाय (=स्त्री) ले जिती, यो अम्बकायले जिती”भन्दै औंला भाँच्न थाले । अनि ती लिच्छवीहरू जहाँ अम्बपाली वन हो त्यहाँ गए । भगवान्‌ले टाढैबाट ती लिच्छवीहरू आइरहेका देख्नुभयो । देखेर भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– “भिक्षु हो ! जो भिक्षुले त्रयस्त्रिंश (देवताहरू) देखेको छैन उसले यो लिच्छवी परिषद् हेर; – भिक्षु हो ! लिच्छवी परिषद् हेर; भिक्षु हो ! लिच्छवी परिषद्‌लाई त्रयस्त्रिंश (देव परिषद.) झैं सम्झेर लेऊ (उपसंहरथ) ।”अनि ती लिच्छवीहरू जहाँसम्म रथबाट जान सक्ने हो, त्यहाँसम्म रथमा गई (त्यसपछि) रथबाट ओर्ली पैदल नै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती लिच्छवीहरूलाई भगवान्‌ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभयो । अनि भगवान्‌को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भएका ती लिच्छवीहरूले भगवान्‌सँग यस्तो बिन्तिगरे– “भन्ते ! भिक्षुसङ्घ सहित भगवान्‌ले भोलिको भोजन स्वीकार गर्नुहोस् ।”अनि भगवान्‌ले ती लिच्छवीहरूलाई यस्तो भन्नुभयो– “लिच्छवी हो ! भोलिको निमित्त मैले अम्बपालीको भोजन स्वीकार गरिसकें ।”अनि ती लिच्छवीहरूले “अम्बकायले जिती, अम्बकायले जिती” भन्दै औंला भाँच्न थाले । अनि भगवान्‌ले भाषणलाई अभिनन्दन र अनुमोदन गरी आसनबाट उठी भगवान्‌लाई अभिवादन र प्रदक्षिणा गरी ती लिच्छवीहरू गए ।

त्यस रात बितेपछि अम्बपाली गणिकाले आफ्नो आराम (बगैंचा)



https://dhamma.digital

मा प्रणीत खाद्य भोज्यहरू तयार पार्न लगाई भगवान्लाई – “भन्ते ! भोजनको समय भयो, भोजन तयार छ” भनी सूचना दिन पठाइन् । भगवान् पूर्वाण्ह समयमा चीवर पहिरो, पात्रचीवर ग्रहण गरी भिक्षुसङ्घ सहित जहाँ अम्बपाली गणिका बस्ने ठाउँ हो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई बिछ्याइ राखेको आसनमा बस्नुभयो । अनि अम्बपाली गणिकाले बुद्ध सहित भिक्षुसङ्घलाई प्रणीत खाद्य भोज्यहरू आफ्नै हातले सन्तर्पित, सम्प्रवारित गरिन् । अनि भगवान्ले भोजन सिध्याई भिक्षापात्रबाट हात झिकिसकेपछि एक होचो आसन लिई अम्बपाली गणिका एक छेउमा बसिन् । एक छेउमा बसेकी उनले भगवान्लाई यस्तो बिन्ति गरिन्– “भन्ते ! यो आराम (बगैंचा) बुद्ध प्रमुख भिक्षुसङ्घलाई चढाउँछु ।”भगवान्ले आराम स्वीकार्नु भयो । त्यसपछि अम्बपाली गणिकालाई भगवान्ले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभई आसनबाट उठी जानुभयो ।

× × ×

## मूल सूत्र –

### ३–अम्बपालीको अनित्य भावना

१–“मेरो कपालको घुँघुरे रौं भ्रमरको वर्ण जस्तै कालो थियो, अहिले साणवाक जस्तै त्यो जराजीर्ण भयो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

२–“अत्तर तथा सुगन्धित फूल राख्ने बट्टा जस्तै मेरो टाउको फूलले भरिएर सधैं बासना आउँथ्यो, अब बाख्राको रौं झैं त्यो गन्हाएको छ । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

३–“राम्ररी रोपिएको वन झैं काइयोले कोरिएको मेरो कपाल सुशोभित थियो, अब त्यो ठाउँ ठाउँमा खुइलिन थाल्यो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

४–“चित्रकारले चट्ट पारेर खिचेको धर्सो जस्तै मेरो आँखिभौं अति सुन्दर थियो, अब त्यो खुम्चिएर गयो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।



https://dhamma.digital

५–"तेजिला सुन्दर मणि जस्तै मेरा नीला आँखा लाम्चा थिए, अब त्यो जीर्ण भएर नराम्रो देखियो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

६–"मणि जस्तै प्रभास्वर भई तेजिला भएका मेरा नेत्र नीलवर्ण थिए, अब ती जराले जर्जरित भई नराम्रो भइसके । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

७–"अभिनव वैंशको मुखको अनुहारसँग मिल्ने गरी उच्च भएको मेरो कोमल नाक अति राम्रो थियो, अब जरताको कारणले गर्दा त्यो नराम्रो भयो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

८–"चिप्लो गरी चटक्क पारी राम्ररी बनाएको चूरी जस्तै मेरा कानहरू अति राम्रा थिए, अब ती खुम्चिएर लत्रक्क भएर झुण्डिए । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

९–"सेता पद्मकमल वर्ण जस्तै मेरा दाँतहरू अघि राम्रा थिए, अब जरताको कारणले गर्दा पहेँला थोता भए । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

१०–"वनमा उडेर हिंड्ने कोकिल चराको मधुर स्वर जस्तै अघि मधुर स्वर जस्तै अघि मधुर स्वरले म कुरा गर्थे, जरताको कारणले गर्दा दाँत थोता भएकाले अब त्यो स्वर अमधुर भयो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

११–"शंख जस्तो गोल परेको मेरो गर्दन अघि राम्रो थियो, अब जरताले गर्दा त्यो नराम्रो भयो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

१२–"खापाको चुकुल जस्तै गोल परेका मेरा यी दुईवटा हातहरू राम्रा थिए, अब जरा जर्जरताले गर्दा मासु सुकेर ती खुम्चिएर गए । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

१३–"सुवर्ण औंठी लगाएका मेरा हात अघि राम्रा थिए, अब जरा जीर्णताले गर्दा ती जरा जस्तो भए । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

१४.–"गोलो पुष्ट परेर माथि उठेका मेरा दुईवटा स्तनहरू अघि



https://dhamma.digital

राम्रा देखिन्थे, अब पानी राख्ने छालाको थैला जस्तै गरी झोलिएका छन् । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

१५–"काञ्चनको फलेक जस्तै अघि मेरो यो काय शोभायमान थियो, अब जरताले गर्दा त्यो खुम्चेर गयो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

१६–"हात्तीको सूँढ जस्तै यी मेरा तिघ्रा अघि सुन्दर थिए, अहिले जरताले गर्दा ती बाँस जस्तै भए । सत्यवादी वचन अन्यथा छैन ।

१७–"सुवर्ण भूषण भूषित मेरो जङ्घा अघि राम्रो थियो, अहिले त्यो तिलको बोट जस्तै सुकेर गयो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

१८–"सिमलको भुवा जस्तै कोमल मेरा पैताला अघि राम्रा थिए । अहिले जरताको कारणले गर्दा ती फुटेर खुम्चिएका छन् । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।

१९–"जरा जर्जरता बहु दुःखले बास गरेको यो मेरो शरीर अब लिउन उप्केको पुरानो घर जस्तै भइसक्यो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।"

१. "एदिसो अहु अयं समुस्सयो, जज्जरो बहुदुक्खानमालयो । सोपलेपपतितो जरा घरो, सच्चवादीवचनं अनञ्ञथा'ति ॥" थेरी. गा. पा. पृ. ४३९: अम्बपालीथेरीगाथा ।

× × ×

## मूल सूत्र–

### ४–अम्बपालीको पूर्वकथा

१–"फुस्स बुद्धको पालामाम क्षत्री कुलमा जन्मेको वहाँकी बहिनी थिएँ ।

२–"वहाँको धर्म सुनी प्रसन्न चित्त लिएर मैले महादान दिएँ र रूपसम्पत्ति प्रार्थना गरें ।



https://dhamma.digital

३–“यहाँबाट एकतीस कल्प अघि लोकाग्र हुनु भएका सिखि बुद्ध उत्पन्न हुनुभयो ।

४–“त्यसबखत अरूणपुरको ब्राह्मण कुलमा म जन्मेकी थिएँ । त्यसबखत एक क्षीणास्रवी भिक्षुणीलाई अभिशाप गरेकी थिएँ ।

५–“वेश्याले दुश्चरित्र गरे झैं जिनशासनलाई दूषण गर्ने मैले यसरी आक्रोश गरें र त्यस पापले दरूण नरकमा महा दुःखानुभव गरें ।

६–“त्यहाँबाट ज्युत भई मनुष्यलोकमा जन्मी तपस्विनी भएँ ।

७–“दशहजार जन्मसम्म गणिका भएँ । अन्त्यतः विषालु विष खाएको जस्तै म त्यस पापबाट मुक्त हुन सकिन ।

८–“काश्यप बुद्धको पालामा ब्रह्माचर्य पालन गरें । त्यस कर्मको प्रभावले देवलोकमा उत्पन्न भएँ ।

९–“अन्तिम जन्ममा म औपपातिका भई आँपको रूखको शाखाको बीचमा जन्में । त्यसैले मलाई अम्बपाली भनिएको हो ।

१. “पच्छिमे भवे सम्पत्ते, अहोसिं ओपपातिका । अम्बसाखन्तरे जाता, अम्बपालीति तेनहं ॥”

थेरी. अप. दा. पा. II. पृ. २९०: अम्बपालीथेरीअपदानं ।

१०–“कोटी प्राणीहरू सहित म जिनशासनमा प्रव्रजित भएँ । बुद्धको औरस पुत्री भई मैले अचल स्थान प्राप्त गरें ।

११–“हे महामुनि ! ऋद्धि, दिव्यश्रोत, परचित्तज्ञान मेरो वशमा छ ।

१२–“दिव्यचक्षुलाई परिशुद्ध पारी पूर्वेनिवास ज्ञान जानेकी छु । मेरा सबै आस्रवहरू क्षीण भैसके । अब मेरो पुनर्भव छैन ।

१३–“बुद्ध श्रेष्ठको प्रभावद्वारा अर्थ, धर्म, निरूक्ति, प्रतिभाण ज्ञान पनि निर्मलरूपले मैले पाएकी छु ।

१४–“सबै क्लेशहरूलाई भष्म पारिसकें, सबै भवहरू विनाश गरिसकेँ र अब म बन्धन चुँडाली बस्ने हात्ती जस्तै अनास्रवी भई बसेकी छु ।



https://dhamma.digital

१५–"बुद्धको समक्ष मेरो स्वागत छ। तीन विद्या प्राप्त गरी मैले बुद्धशासन पुरा गरेकी छु।

१६–"चार प्रतिसम्भिदा, आठ विमोक्ष तथा षडभिज्ञालाई साक्षात् गरी मैले बुद्धशासन पुरा गरेकी छु।"

× × ×

## २. नकुलमाता गृहपत्नी

**अग्रस्थान**

**"एतदग्गं, भिक्खवे, मम साविकानं उपासिकानं विस्सासिकानं यदिदं नकुलमाता गहपतानी।"**

**अर्थ–**

"भिक्षु हो ! मेरा विश्वासिनी उपासिका श्राविकाहरूमध्येमा नकुलमाता गृहपत्नी अग्रछिन्।"

**परिचय**

शुद्ध गृहीजीवन र सुखमय दाम्पत्य जीवन बिताई धर्मावबोध गरी मोक्षमार्ग पहिल्याउन सकिन्छ भन्ने कुरा नकुलमाता उपासिकाको जीवनीबाट देखिन्छ।

गृहीसुखको मुख्य अङ्ग नै स्त्री-पुरुष दुवैको समान विचार, समान आचरण, समान बैंश तथा समान श्रद्धा र बुद्धि आदि हुन्। प्रायः व्यवहारमा भने स्त्रीलाई मात्र सिकाउन चाहन्छन्, परन्तु पुरुषले सिक्नुपर्ने गुणलाई भने वास्ता गर्दैनन्। यदि हाम्रो आर्य संस्कृति अनुसार स्त्रीलाई "अर्धाङ्गिणी" भन्ने हो भने अर्को अर्धाङ्ग हुनेको पनि स्मरण राख्न सक्नुपर्छ। केवल अर्धाङ्गिणी हुने स्त्री मात्र सुशिक्षिता, सुविनीता, शीलवती, आज्ञाकारिणी तथा पतिव्रता हुने, तर अर्धाङ्ग हुने पुरुष भने अशिक्षित, अविनीत, अशीलवान् तथा आज्ञाकारी एवं पत्नीब्रत नभएमा गृही जीवनको कुनै मतलब निस्कन सक्दैन तथा त्यस्तो दाम्पत्य जीवन सुखमय पनि हुन सक्दैन।



https://dhamma.digital

स्त्री-पुरुष दुवैका बीच समान विचार, समान गुण तथा समान श्रद्धा भएमा मात्र सुखमय दाम्पत्य जीवन बन्न सक्छ भनी भगवानले पठमसंवास सूत्रमा बताउनुभएको छ ।

त्यस्तैगरी स्त्रीले पुरुष प्रति र पुरुषले स्त्री प्रति गर्नुपर्ने कर्तब्यबारे सिङ्गालसूत्र मा उल्लेख भएको छ भने असूरसूत्र अनुसार परिवारहरू पनि अनुकूल रहनुपर्ने कुरा भगवानले प्रष्ट पार्नुभएको छ ।

सुखमय दाम्पत्य जीवनको पूर्ण आदर्श नकुलमाता र नकुलपिताहरूका जीवनमा पाइन्छ । यिनीहरूको जीवन बडो उदात्त चरित्रको थियो । जस्तो स्त्री उस्तै पुरुष, जस्तो पुरुष उस्तै स्त्री भई एउटाको शरीर भए एउटाको मन; एउटाको मन भए एउटाको शरीर भई यिनीहरू दुवै समान विचार, समान श्रद्धाका थिए । दूधमा पानी जस्तै भई यिनीहरूले आफ्ना जीवन बिताएका थिए ।

नकुलपिताको बारेमा "बुद्धकालीन गृहस्थीहरू" (पृ. ४१२) मा पनि उल्लेख भइसकेको छ। यहाँ, नकुलमाता सम्बन्धी केही कारणहरू बटुली परिचयको रूप दिने प्रयास गरेको छु ।

**नकुलमाताको विवाह**

नकुलमाताको विवाह बालिका अवस्थामै नकुलपितासँग सुसम्पन्न भएको कुरा मूलसूत्र तथा अर्थकथाहरूबाट पनि प्रष्ट बुझिन्छ ।

नकुलामाताको जन्म कुन देश वा गाउँमा भएको हो तथा यिनी कसकी छोरी हुन् भन्ने कुरा भने पालि साहित्यमा कतै उल्लेख भएको देखिंदैन ।

यिनको कहानीको प्रारम्भ नै "भर्ग (भग्ग) देश स्थित सुंसुमारगिरी नगरको नकुलपिताकी पत्नी नकुलमाता" भन्ने बाट भएको छ। "नकुल" भन्ने पुत्रको आमा-बाबु भएको हुनाले यिनीहरू दुवैलाई "नकुलमाता" "नकुलपिता" भनिएको हो भन्ने कुरा संयुक्तनिकाय अर्थकथामा समुल्लेख भएको छ। तर "नकुलपुत्र" को बारेमा भने कुनै कारण बताइएको छैन ।

यिनको पति नकुलपिता गृहपति, भर्गदेशस्थित सुंसुमार भन्ने नगरको एक श्रेष्ठी पुत्र हुन् ।



https://dhamma.digital

## भगवानसँग पहिलो भेट्

भगवान सर्वप्रथम सुंसुमारगिरी नगरमा पाल्नुहुँदा नकुलमाता गृहपत्नीले, आफ्नो पतिसँगै पहिलो पटक भगवान्को दर्शन गरेकी थिइन् । मूल सूत्रमा, नकुलमाता आफ्नो पतिसँगै भगवान कहाँ गएको कुरा प्रष्ट नभएतापनि अर्थकथामा प्रष्ट गरिएको छ ।

भगवानसँग पहिलो पटक दशर्न भेट हुँदा यिनको मनमा भवान्तरमा बुद्धलाई लालन-पालन गरिसकेको हेतुले गर्दा भगवान प्रति स्वतः पुत्र-स्नेह उत्पन्न भएकोले यिनी बाच्छादेख्दा गाई दगुरे झैं दगुरी बुद्ध भगवानलाई पुत्र संज्ञाले सम्बोधन गर्दै उहाँको चरणकमलमा ढोग्न गएकी थिइन् ।

जब यिनले भगवानलाई देखिन् तब त्यहाँ भेला भइरहेका भिक्षुपरिषद्लाई चकित पार्दै "प्रियपुत्र ! बुढी भएकी आमालाई हेरविचार नगरी, तिमी यत्तिका दिनसम्म कहाँ थियौ ?" भनी भनिन् । त्यस बखत भगवानले यिनको कुरालाई नसुने झैं गर्नुभएको थियो । यसै कारणद्वारा उनी झसँग भइन् र अनिमात्र होस्मा आई उनले मध्यस्थभावले भगवान्सँग कुरा गर्न थालिन् । अनि भगवान्ले पनि नकुलमाताको मध्यस्थभावको कुरा सुन्नुभएर उनलाई मैत्रीपूर्वक धर्मोपदेश गर्नुभयो । करूणाभरित (करूणाले भरिएको) उहाँको उपदेश सुनी, बुद्धसँगको प्रथम भेटमै नकुलमाता स्रोतापन्न भइन्।

उपरोक्त आश्चर्यजनक घटनादेखी, बडो विश्मित भई भगवानसँग भिक्षुहरूले त्यसको हेतु सोधे –

**"को नु खो भगवा हेतु, एकच्चे इध पुग्गले ।**

**अती"व हदयं निब्बाति, चित्तञ्चा"पि पसीदती"ति ?"**

**अर्थ–**

"भगवान् ! यहाँ कुनै पुद्गलहरू (मानिस) लाई देख्नेबित्तिकै कसैको हृदय शीतल भई चित्त पनि प्रसन्न हुनाको हेतु के होला ?"

त्यसपछि भिक्षुहरूलाई सम्बोधन गर्नुभई भगवानले "भिक्षु हो !



https://dhamma.digital

ओल्लो र पल्लो छेऊ नदेखिने यो भवसंसारको आवगमनलाई पूर्वानुस्मृति-ज्ञानले हेर्ने हो भने, यस ससांरमा कुनै न कुनै प्रकारले सम्बन्ध नभएका प्राणीहरू भेट्टाउन गार्‍है हुनेछ" भन्नुहुँदै "यी नकुलमाता गृहपत्नी भवान्तरमा पाँचसय (५००) जन्महरूसम्म निरन्तर मेरी माताको रूपमा, पाँचसय जन्महरूसम्म बज्यैको रूपमा तथा पाँचसय जन्महरूसम्म सानी आमाको रूपमा थिइन्‌र जन्मजन्मान्तर यिनले मलाई आफ्नो काखमा लिई, दूध खुवाई, लालन पालन गरी मलाई हुकाई सकेको हुँदा सोही संस्कारको बलियो प्रभावले गर्दा, अहिले मलाई यिनले देख्ने बित्तिकै यिनको मनमा कमलको फूलभैँ स्नेह उत्पन्न भई ममाथि दृढ विश्वास उत्पन्न हुन गएको हो" भनी अतीतको कुरा प्रकाश पार्नुभयो ।

त्यसैले जातकपालिमा "**यस्मिं मनो निविसति** ..." **र** "**पुब्बेव सन्निवासेन**..." अर्थात् देख्नेबित्तिकै जसमा मन बस्छ... र पूर्वजन्ममा एकै साथ बसेको ... हुँदा प्रेम उत्पन्न हुन्छ" भन्ने आदि कुरा भगवानले भन्नु भएको हो । यस्तैगरी भगवानलाई पुत्रस्नेह देखाएको अर्को घटनाको कुरा धम्मपदट्ठकथामा उल्लेख भएको पाइन्छ ।

## सुखमय दाम्पत्य जीवन

नकुलमाता र नकुलपिताको बीचमा कत्तिको स्नेह, समभ्रदारीपन, सहिष्णुता, विश्वास तथा भक्ति रहेछ भन्ने कुरा उनीहरूले आफ्नै मुखबाट परस्पर प्रकट गरेका सन्तोषजनक कुराहरूबाटै प्रष्ट बुभ्न सकिन्छ ।

उनीहरू दुवै बुढा र बुढी भइसकेपछि भगवान बुद्ध एकदिन, सुसुंमारगिरी नगरमा जानुभएको थियो ।

भनिन्छ कि उनीहरूलाई सँग्रह गर्ने हेतुले नै भगवान त्यस नगरमा जानुहुन्छ । भगवान् त्यस नगरमा आइपुग्ने खबर सुन्नासाथ उनीहरूले पनि उहाँलाई निम्त्याउँदथे ।

अतः त्यसदिन पनि भगवान बुद्ध आइपुग्नु भएको खबर पाउनासाथ उनीहरूले भगवानलाई भोलिकोनिम्ति भोजनद्वारा निम्त्याए । भोलिपल्ट उहाँ उनीहरूको घरमा जानुभयो । उनीहरूको घरमा सँधै पाँचसय (५००) भिक्षुहरूकानिम्ति आसन लगाई राखेको हुन्थ्यो । बुद्धमाथि



https://dhamma.digital

यिनीहरूको मनमा अगाध विश्वास थियो। बुद्धको अगाडि आफ्नो भित्री हृदयका कुराहरू विश्वासपूर्वक पोख्न पाउँदा यिनीहरू साह्रै खुशी हुन्थे।

त्यसदिन, भगवानले भोजन सिध्याइसकेपछि, एकछेउमा बसेका यिनीहरूले – बुद्धका अगाडि आफ्ना भित्री हृदयका कुराहरू विश्वासपूर्वक पोख्दै, आफ्ना बितेका जीवनका कुराहरू अनुस्मरण गर्दै, अत्यन्त प्रसन्नताकासाथ नकुलपिताले नकुलमाता प्रति आफू पूर्णसन्तोष रहेको कुरा सुनाए। अनि नकुलमाताले पनि आफू कुमारीका अवस्थामै नकुलपितासँग विवाह भई आएदेखि आफू पनि नकुलपिता प्रति सदा सन्तुष्ट रहेको मात्र होइन उनीप्रति कुनै कुभावना समेत मनमा उत्पन्न नभएका कुरा प्रकट गरिन्। यसको साथै यस जन्ममा मात्र नभई परजन्ममा समेत उनीसँगै एकसाथ बस्न पाए हुन्थ्यो भन्ने कुरा पनि दृढताकासाथ प्रकट गरिन्।

उनीहरूका मनसाय बुझी भगवानले "परलोकमा पनि एकैसाथ बस्न चाहनेले – समान चर्या, समान विचार, समान श्रद्धा तथा समान बुद्धि र गुणहरू हुनुपर्छ" भन्नुहुँदै उनीहरूलाई सन्तुष्टपारी तल उल्लिखित "सुखमय दाम्पत्यजीवन" भन्ने सूत्रको उपदेश सुनाउनुभयो।

त्रिकालदर्शी भगवान् बुद्धका अगाडि बसी, अकम्पित भई, निर्धक्कपूर्वक आफ्नो परिशुद्ध जीवन सम्बन्धी कुरा सुनाउन सकेबाटै उनीहरूका जीवन कति उत्कृष्ट रहेछ भन्ने कुरा स्वतः सिद्ध छ। यस्तै दाम्पत्य जीवनलाई नै भगवानले "सुखमय दिब्य-गृहीजीवन" भनी भन्नुभएको हो।

**बुद्धोपदेश**

एकदिन, बुद्ध भगवान् संसुमारगिरी नगरमा पाल्नुभएको बेलामा नकुलमाता उपासिका भगवानकहाँ जाँदा उनलाई भगवान्ले, नारीमा हुनुपर्ने आठगुणहरूबारे, दिनुभएको उपदेश सम्बन्धी कुरा तल उल्लिखित मूल सूत्रको "नारीगुण" भन्ने शीर्षकमा प्रष्ट भएको छ। ती आठगुणहरू नकुलमाताले शतप्रतिशत पालन गरेकी थिइन्।

भगवान् बुद्धले नारीलाई, आफ्नो स्वामीप्रति गर्नुपर्ने कर्तव्य सम्बन्धी



https://dhamma.digital

आठ उपदेश दिनुभए जस्तै, नारीप्रति स्वामीले गर्नुपर्ने कर्तव्यबारेमा पनि पाँच उपदेश दिनुभएको छ । यदि आठ कारणहरूद्वारा पत्नीले पतिप्रतिको कर्तव्य पालन गर्नुपर्छ भने; पतिले पनि पत्नी प्रति सम्मान राखी, अपमान नगरी, अनाचार नगरी, सुख ऐश्वर्य दिई तथा उचित समयमा अलंकार आभूषणादि दिने पाँच कारणहरूद्वारा कर्तव्य पालन गर्नुपर्छ भन्ने कुरा सिङ्गालसूत्रमा प्रष्ट शब्दमा बताउनु भएको छ। यसरी परस्परमा गर्नुपर्ने कर्तव्यमा सजग भई बस्नेको गृहीजीवन सुखमय हुन सक्छ अन्यथा देव र छवो (राक्षस वा शव), छवो र देवी, अथवा छवो (राक्षस) र छवो जस्तै हुने सिवाय देव र देवी बसेको घर जस्तो हुन सक्दैन । पति र पत्नीमा मात्र सीमित भई अरू जहानहरूमा अनुरूप गुणहरू नरहेमा पनि साँच्चैकै सुखमय गृहीजीवन हुन सक्दैन भन्ने कुरा पनि भगवान्‌ले असुरसूत्रमा प्रष्ट गर्नुभएको छ ।

पालिसाहित्यमा पत्नीलाई पश्चिम दिशाको संज्ञा दिइएको छ । पत्नी पतिको अनुगामिनी हो भनी भनिएको छ। पत्नी अनुगामिनी प्राणी भएको हुँदा, पत्नीलाई अनुगमन गराउन सक्ने क्षमता तथा गुणहरू पतिमा हुनु नितान्त आवश्यक छ। पत्नीमा भन्दा पतिमा निकृष्ट (कम) गुण भएमा पत्नीले पतिलाई अपमान गरी हेला गर्न पनि सक्छे ।

अतएव माथि उल्लखे गरे झैं नारीलाई **"अर्धांगिणी"** ठान्नेले आफूलाई पनि अर्को अर्धाङ्ग ठान्नुपर्छ । दुवै अर्धाङ्गहरू समानरूप भई मिलेमा मात्र पूर्णाङ्ग हुनेछ र गृहजीवन पनि सुखमय हुनसक्ने छ, अन्यथा एकपाँग्रे रथ जस्तै हुन जान्छ ।

नकुलमाता र नकुलपिताको जीवन हेर्ने हो भने, उनीहरू दुवैमा परस्पर हुनुपर्ने आवश्यक गुणहरू परिपूर्ण थियो र उनीहरूको जीवन दुई पाँग्रे रथ जस्तै थियो ।

## सत्यकृया

एकदिन, नकुलपिता गृहपति बिरामी भए । नकुलमाता गृहपत्नीले अनेक वैद्यहरू बोलाई औषधी गराइन् । किन्तु रोग निको पार्न सकिनन् ।

वैद्यहरूले औषधी गर्न छाडिदिए । अनि पतिभक्तिनी नकुलमाताले



https://dhamma.digital

"रोग ब्याधि नहुने प्राणी यो संसारमा कुनैपनि छैन । यिनलाई वैद्यको औषधीले रोग निको पार्न सकिएन । वैद्यले पनि त्यागी सक्यो । यिनी ब्याधिग्रस्त छन् । यस्तो अवस्थामा मैले आफ्नो सत्यकृयाद्वारा यिनको रोग निको पार्न सक्नुपर्छ" भनी विचार गरी उनी आफ्नो पतिको अगाडि गई उनको हृदयमा प्रीति उत्पन्न हुने गरी नकुलमाताले जुनरूपले आफ्नो पतिलाई सत्यकुराहरू सुनाइन्– ती साह्रै मर्मस्पर्शी तथा आश्चर्यजनक छन् । यी कुराहरू तलको "**बिरामी पतिलाई आश्वासन**" भन्ने शीर्षकले प्रष्ट गरेको छ ।

मानिसहरू प्रायः मृत्युदेखि डराउँछन् र मृत्युको बारेमा कुरा गर्न चाहन्नन् अथवा भयभीत हुन्छन् । किन्तु बुद्धधर्ममा मानिसहरूलाई मृत्युको बारेमा प्रष्टरूपले, निर्भीक भई, सफासफा कुरा गर्ने बानी सिकाई दिएको छ । क्षणक्षणमा मृत्युको सम्झना दिलाई, अप्रमादी भई जीवन बिताउनेतिर प्रेरणा दिइएको छ, न कि प्रमादी भई हतोत्साही बनाउन । यदि मृत्युपछि  दुःख चाहन्न भने जिउँदै छँदा त्यसको तयारी गर्नुपर्छ, नकि मृत्युपछि । त्यसैले इहलौकिक जीवनलाई नै राम्रो बनाउन सक्नुपर्छ । राम्रो जीवन बिताउन सकेमा मृत्युपछि मात्र नभई इहलोकमै पनि धेरै सन्तोष पाउन सकिने छ र त्यस्तो पुरुष मृत्युदेखि डराउने छैन । पुण्यमयी जीवन बिताउनेको मनमा "मैले कसैलाई हिंसा तथा व्यभिचार गरेको छैन, असत्यवादी पनि भएको छैन; चोरी, डकैती, झूट-कपट-चुक्ली-धोकाबाजी तथा कुनैपनि अनैतिक काम गरेको छैन । मेरो जीवनकालमा मैले अहिंसा, सत्य तथा प्राणी प्रति दया र करूणा नै राखेको छु । कसैको कुभलो चिताएको छैन, बरू भलो नै चिताएको छु, भलो नै गरेको छु" भन्ने आत्म-विश्वास लिई मृत्युदेखि न हडबडाई "मृत्यु नै भएपनि, मबाट कुनै अपराधपूर्ण काम नभएकोले सुगति मै जानेछु" भनी ऊ निर्धक्क भई सन्तोष लिन्छ ।

कस्तो जीवन बिताउने पुरुष मृत्युदेखि डराउन्न भन्ने बारेमा "**बुद्धकालीन गृहस्थीहरू**" अन्तर्गत विशेष गरेर "**निर्मल जीवन**", "**भद्राभद्र मरण**", "**चार गृहीसुख**" **तथा** "**दशकामभोगीहरू** " आदि शीर्षकका कुराहरू हेर्नू उचित छ ।



https://dhamma.digital

उपरोक्त कुराको परिपुष्टि तल उल्लिखित "**बिरामीपतिलाई आश्वासन**" भन्ने शीर्षकमा समुल्लेख भएको छ। बिरामी भइरहेको आफ्नो वृद्धपतिको अगाडि बसी नकुलमाता उपासिकाले आफ्नो आत्मलाई साक्षी राखी तीन कारणहरू र आफ्नो शील समाधिबारे बुद्धलाई साक्षी राखी तीन कारणहरू बताउँदै, पतिको हृदयलाई शान्त्वना दिई, प्रफुल्लित पारी नकुलपिताको रोग निको पारिदिइन्।

यस्तै बुद्धिमानी तथा शीलवती नारीलाई लक्ष्यगरी भगवान बुद्धले वत्थुसूत्रमा "भार्या नै परम मित्र हो" भनी भन्नु भएको हो। यतिमात्र होइन यिनले आफ्नो पतिको ध्यानाकर्षण गर्दै आफूहरूले गृहस्थ- ब्रह्मचर्यशील पालन गरेको सोह्रवर्ष भइसकेको कुरातिर पनि औंल्याइकी थिइन्।

भगवान बुद्ध भेट्नुभन्दा अगाडिदेखि नै यिनीहरूका जीवनचरित्र अत्यन्त परिशुद्ध भएको कुरापनि सूत्रबाटै प्रष्ट बुझिन्छ। बुद्ध भेट भएपछि त सुनमाथि सुगन्ध भने जस्तै स्रोतापन्न फल प्राप्त गरी दुवै निर्वाण परायण भए। यिनीहरूका जीवन उहिलेका गृहस्थीहरूकानिम्ति मात्र नभई अहिलेका गृहस्थीहरूकानिम्ति पनि प्रेरणादायी नै भएको छ।

नकुलपितालाई झैं नकुलमातालाई पनि भगवानले विश्वासी उपासिकाहरूमध्ये अग्रस्थान राख्नु भएको कुरा माथिको "अग्रस्थान" भन्ने शीर्षकले बताएको छ। अरू कुराहरू तलका सूत्रहरूबाटै अवबोध गर्न सकिने छ।

नकुलमाताको नाम विशिष्ट उपासिकाहरूका नामावलीमा पनि उल्लेख भएको छ।

**मूल सूत्र-**

## १– नारी–गुण

एक समय भगवान् भर्ग दशेको संुसुमारगिरी नगरस्थित भेसकला-मृगदावनमा बस्नुभएको थियो।

अनि नकुलमाता गृहपत्नी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन्। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एकछेउमा बसिन्। एकछेउमा



https://dhamma.digital

बसेकी नकुलमाता गृहपत्नीलाई भगवानले निम्न उपदशे गर्नुभयो–

"नकुलमाते ! आठगुणहरूले युक्त हुनेगरी नारी शरीर छाडी, मरणभएपछि मनापकायिका देवताहरूकहाँ उत्पन्न हुनसक्छे । कुन आठ भने ?"–

(१) "नकुलमाते ! यहाँ, जुन नारीको आमाबाबुहरूले उसको अर्थकामना, हितकामना र अनुकम्पा राखी जुन पुरुषलाई दिन्छन्– ऊ (आफ्नो पतिभन्दा) अगाडि उठ्छे, पछि सुत्छे, के कामकाज गर्नुपर्छ भनी खोजतलास गर्छे, मन लगाई काम गर्छे, तथा प्रियवादिनी पनि हुन्छे ।"

(२) "आफ्नो पतिको जो ती पूजनीय, माननीय माता-पिता श्रमण-ब्राह्मणहरू हुन्– तिनीहरूको सत्कार, सम्मान, गौरव तथा पूजा गर्छे र अभ्यागतहरूलाई (वास बस्ने गरी आएका पाहुना) पनि आसन तथा पानी दिई पूजा सत्कार गर्छे ।"

(३) "आफ्नो पतिको जो ती आभ्यन्तरिक कामहरू – ऊनहरू वा कपासहरू छुटचाउने तथा बुन्ने हुन् – त्यसमा दक्ष हुन्छे, निरालसी हुन्छे; त्यस त्यस काममा विचार पुऱ्याई काम गर्न सिपालु तथा काम-काजको संविधान र प्रबन्ध मिलाउन पनि सिपालु हुन्छे ।"

(४) "आफ्नो पतिको जो ती आभ्यन्तरिक मानिसहरू – दास, प्रेष्य वा कामदारहरू हुन्– उनीहरूले गरेको कामलाई 'गरे' भनी जान्दछे, नगरेको कामलाई 'गरेनन्' भनी जान्दछे; रोगी हुँदा उनीहरूको बलाबल पनि जान्दछे; उनीहरूलाई जे जति खादनीय र भोजनीय पदार्थहरू दिनुपर्ने हो त्यो पनि दिन्छे ।"

(५) "जो धन-धान्य अथवा रूपैयाँ-पैसाहरू पतिले ल्याउँछ, त्यसको सुसंविधान गरी, गोप्य तरीकाले जतन गरी रक्षा गर्छे । अनि आफू अधूर्तिनी, अचोरिनी, अमद्यपायिनी तथा अविनाशिनी भई बस्छे ।"

(६) "बुद्ध, धर्म तथा सङ्घको शरणमा गई उपासिका भई बस्छे ।"

(७) "प्राणीहिंसाबाट विरत भई, अदिन्नादान (चोरी) बाट विरत भई, काममिथ्याचारबाट विरत भई, मृषावादबाट विरत भई तथा सुरा-मेरय-मद्य-प्रमादस्थानबाट विरत भई, शीलवती भई बस्छे ।"



https://dhamma.digital

(८) "त्यागवान् हुन्छे। मात्सर्यमलरूपी चेतनालाई दूरगरी घरमा बस्छे। त्यागिनी भई– दानद्वारा हात शुद्ध गरी, दिने कार्यमा अग्रसर भई, याचकहरूलाई दान दिनेमा मन लगाई बस्छे।"

"नकुलमाते ! यी नै आठगुणहरूले युक्त हुने नारी शरीर छाडी, मरण भएपछि मनापकायिका देवताहरूकहाँ उत्पन्न हुन्छे।"

**१– "यो नं भरति सब्बदा, निच्चं आतापि उस्सुको।**
**तं सब्बकामदं पोसं, भत्तारं नातिमञ्ञति॥"**

"स्त्रीको मनोकामना पूरा गर्नको निम्ति सँधैभरी आतप्त तथा उत्सुकतापूर्वक भरण-पोषण गर्ने पतिको अपमान नगर्नू।"

**२– "न चापि सोत्थि भत्तारं, इस्सावादेन रोसये।**
**भत्तु च गरूनो सब्बे, पतिपूजेति पण्डिता॥"**

"स्वस्ती कामना गर्ने पतिलाई ईर्ष्यायुक्त वचनले प्रहार नगर्नू र बुद्धिमति स्त्रीले पतिको पूज्य आमा-बाबुहरू समेतलाई गौरव र सम्मान गर्नू।"

**३– "उट्ठाहिका अनलसा, सङ्गहितपरिज्जना।**
**भत्तु मनापं चरति, सम्भतं अनुरक्खति॥"**

"वीर्यवान्, निरालसी स्वभावकी स्त्रीले परिजनहरूलाई संग्रहित गरी, आफ्नो स्वामीलाई मनपर्ने गरी व्यवहार गर्छे र ल्याएको सम्पत्ति पनि सुरक्षित गर्छे।"

**४– "या एवं वत्तति नारी, भत्तु छन्दवसानुगा।**
**मनापा नाम ते दवो, यत्थ सा उपपज्जति' ति॥"**

"जो स्त्री पतिको इच्छाधीन भई उपर्युक्त गुणहरूलाई व्यवहार गरी घरमा बस्छे, ऊ मनापकायिका देवताहरूकहाँ उत्पन्न हुन्छे।"



https://dhamma.digital

## मूल सूत्र–

### २– सुखमय दाम्पत्य जीवन

यस्तो मैले सुने ।

एक समय भगवान भर्गदेशको सुंसुमारगिरी नगरस्थित भेसकला-मृगदावनमा बस्नुभएको थियो ।

त्यसबेला पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी भगवान जहाँ नकुलपिता गृहपतिको घर हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि बिच्छ्याइ राखेको आसनमा बस्नुभयो ।

अनि नकुलपिता गृहपति र नकुलमाता गृहपत्नी भगवान भएको ठाउँमा गई, भगवान्लाई अभिवादन गरी एकछेउमा बसे । एकछेउमा बसेका नकुलपिता गृहपतिले भगवान्लाई यस्तो बिन्ति गरे–

"भन्ते ! जहिलेदेखि नकुलमाता गृहपत्नीलाई कुमारी अवस्था मै मैले ल्याएँ, उसैबेलादेखि नकुलमाता गृहपत्नी प्रति मेरो मनले पनि व्यभिचार गरेको (मनले पाप चिताएको) मलाई थाहा छैन भने शरीरद्वारा व्यभिचार गर्ने त सवालै उठ्दैन । भन्ते ! हामी (दुबै) यस जन्ममा पनि पर जन्ममा पनि परस्पर हेर्न र देख्न चाहन्छौ ।"

नकुलमाता गृहपत्नीले पनि भगवान्लाई त्यस्तै बिन्ति गरिन्–

"भन्ते ! जहिलेदेखि नकुलपिता गृहपतिले मलाई कुमारी अवस्था मै मैले ल्याएँ, उसैबेलादेखि नकुलमाता गृहपति प्रति मेरो मनले पनि व्यभिचार गरेको (मनले पाप चिताएको) मलाई थाहा छैन भने शरीरद्वारा व्यभिचार गर्ने त सवालै उठ्दैन । भन्ते ! हामी (दुबै) यस जन्ममा पनि पर जन्ममा पनि परस्पर हेर्न र देख्न चाहन्छौ ।"

"हे गृहपति ! यदि दुबै दम्पत्तिले यस जन्ममा पनि पर जन्ममा पनि परस्पर (दुबैले) हेर्न र देख्न चाहन्छौ भने– सम-श्रद्धा, सम-शील, सम-त्याग, र सम-प्रज्ञा हुनुपर्छ । यस्तो भएमा उनीहरूले यस जन्ममा पनि पर जन्ममा पनि परस्पर हेर्न र देख्न सक्नेछन् ।"

यसपछि पुनः निम्न गाथा सुनाउनुभयो–



https://dhamma.digital

**१– “उभो सद्धा वदञ्ञू च, सञ्ञता धम्मजीविनो ।**
**ते होन्ति जानिपतयो, अञ्ञमञ्ञं पियंवदा ॥”**

“दुबै श्रद्धालु, परस्पर बुझ्न सक्ने र संयमी, धर्मजीवि तथा परस्पर प्रियवादी हुने दम्पत्तिहरूको”–

**२– “अत्थासं पचुरा होन्ति, फासुकं उपजायति ।**
**अमित्ता दुम्मना होन्ति, उभिन्नं समसीलिनं ॥”**

“समान शीलको कारणले प्रचूर मात्रामा धन हुन्छ, आरामसाथ घर बस्छन् र अमित्र (शत्रु) हरूको मुख पनि अँध्यारो हुन्छ ।”

**३– “इध धम्मं चरित्वान, समसीलब्बता उभो ।**
**नन्दिनो देवलोकस्मिं, मोदन्ति कामकामिनो’ति ॥”**

“यस लोकमा धर्मचारी भई, समान शील पालन गर्ने दुबै - कामना गरेको पाउने देवलोकमा पनि सुख प्राप्त गरी नन्दित हुन्छन् ।”

## मूल सूत्र–

### ३– बिरामी पतिलाई आश्वासन

एक समय भगवान भर्गदेशको सुंसुमारगिरी नगरस्थित भेसकला मृगदावनमा बस्नुभएको थियो ।

त्यसबेला नकुलपिता गृहपति रोगी थिए, साह्रै बिरामी भई दुःखी थिए । अनि नकुलमाता गृहपत्नीले नकुलपिता गृहपतिलाई यस्तो कुरा भनिन्–

१– “हे स्वामी ! सापेक्षी भएर मृत्युको हातमा नपर्नुहोस्, सापेक्षी भएर मृत्युको हातमा पर्दा दुःख हुन्छ । सापेक्षी भएर मृत्यु हुनेलाई बुद्धले पनि प्रशंसा गर्नु भएको छैन । हे स्वामी ! शायद तपाईंको मनमा यस्तो लाग्नसक्छ कि–

‘यी नकुलमाता गृहपत्नीले मेरो मृत्युपछि बालकहरूको भरण-पोषण गर्न सक्नेछैन, घरबार पनि धान्न सक्नेछैन ।’ स्वामी ! तपाईंले यस्तो सोच्नु पर्दैन । म कपासको धागो कात्न सिपालु छु । तपाईंको



https://dhamma.digital

मृत्युपछि बालकहरूको भरण-पोषण पनि गर्न सक्छु र घरबार पनि धान्न सक्छु। स्वामी ! त्यसकारण तपाईंको मृत्यु सापेक्षी नहोस्। सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नुभएको छैन ।"

२– "हे स्वामी ! शायद तपाईंको मनमा यस्तो लाग्न सक्छ कि–

'यी नकुलमाता गृहपत्नी मेरो मृत्युपछि अर्काको घरमा (अर्को पुरुषसँग) जानेछ ।' स्वामी तपाईंले यस्तो सम्भन्नु पदर्नै । तपाईंलाई पनि थाहा छ, मलाई पनि थाहा छ कि हामी दुबैले सोऱ्हवर्षसम्म गृहस्थ-ब्रह्मचर्य शील पालन गरेका कुरा । स्वामी ! त्यसैले तपाईंको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नुभएको छैन ।"

३– "हे स्वामी ! शायद तपाईंको मनमा यस्तो लाग्न सक्छ कि–

'मेरो मृत्युपछि यी नकुलमाता गृहपत्नीले भगवान्को दर्शन गर्न चाहने छैन, भिक्षुसङ्घको पनि दर्शन गर्न चाहने छैन ।' स्वामी ! तपाईंले यस्तो चिताउनु पर्दैन । तपाईंको मृत्युपछि म झन् भगवान्को दशर्न गर्न चाहनेछु तथा भिक्षुसघंको पनि दर्शन गर्न चाहनेछु । स्वामी ! तपाईंको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नुभएको छैन ।"

४– "हे स्वामी ! शायद तपाईंको मनमा यस्तो लाग्नसक्छ कि–

'यी नकुलमाता गृहपत्नीले मेरो मृत्यु पछि राम्ररी शील पालन गर्ने छैन ।' स्वामी ! तपाईंले यस्तो सोच्नु पर्दैन । जति भगवान्का गृही श्राविकाहरू छन् – निर्मल शुद्ध जीवी, राम्ररी शील पालन गर्ने तिनीहरूमध्येमा म पनि एक हुँ । जसलाई यसबारे शंका-सन्देह हुनेछ, उसले भगवान् बुद्धकहाँ गई सोधोस् । अहिले भगवान अरहत् सम्यक् सम्बुद्ध भर्ग देशको सुंसुमारगिरी नगरस्थित भेसकला-मगृदावनमा बस्नुभएको छ । स्वामी ! त्यसैले तपाईंको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नु भएको छैन ।"



https://dhamma.digital

५– "हे स्वामी ! शायद तपाईंको मनमा यस्तो लाग्न सक्छ कि– 'यी नकुलमाता गृहपत्नी आध्यात्मिक समाधि-चित्त लाभिनी छैन ।' स्वामी ! तपाईंले यस्तो सोच्नु पर्दैन । भगवान्का जति गृही श्राविकाहरू छन्– निर्मल शुद्धजीवी, आध्यात्मिक समाधि-चित्त लाभिनी तिनीहरू मध्येमा म पनि एक हुँ । जसलाई यसबारे शंकासन्देह हुनेछ, उसले भगवान बुद्धकहाँ गई सोधोस् । अहिले भगवान अरहत् सम्यक्सम्बुद्ध भर्ग देशको ``मृगदावनमा बस्नुभएको छ। स्वामी ! त्यसैले तपाईंको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नुभएको छैन ।"

६– "हे स्वामी ! शायद तपाईंको मनमा यस्तो लाग्न सक्छ कि– ' यी नकुलमाता गृहपत्नी यो धर्म-विनयमा (बुद्धधर्ममा) गम्भीरता प्राप्त, अति गम्भीरता प्राप्त, आश्वासन प्राप्त, शंका-सन्देह लिई कुरा गर्न नपर्ने भई, वैशारद्य प्राप्त गरी कसैको भरमा (धर्मावबोध गर्नका निम्ति) गर्नुपर्ने गरी बस्ने छैन ।' स्वामी ! तपाईंले यस्तो सम्फनुपर्दैन । भगवान बुद्धका जति गृही श्राविकाहरू छन्– निर्मल शुद्धजीवी तथा यो धर्म-विनयमा गम्भीरता प्राप्त, ``वैशारद्य प्राप्त गरी कसैको भर लिनुनपर्ने गरी बस्छन्– तिनीहरूमध्येमा म पनि एक हुँ । जसलाई यसबारे शंका-सन्देह हुन्छ, उसले भगवान कहाँ गई सोधोस् । अहिले भगवान सम्यक्सम्बुद्ध भर्ग देशको ``मृगदावनमा बस्नुभएको छ । स्वामी ! त्यसैले तपाईंको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नुभएको छैन ।"

नकुलपिता गृहपतिलाई नकुलमाता गृहपत्नीले यसप्रकार अववाद (सम्फाई बुफाई) प्रेमपूर्वक कुरा सुनाउने गर्दा उनको सो रोग निको भयो । नकुलपिता गृहपतिको सो रोग दूर भई नकुलपिता गृहपति त्यस रोगासनबाट उठे । रोगासनबाट उठेको केहीदिन पछि नकुलपिता गृहपति लौरो टेकी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि नकुलपिता गृहपतिले भगवान्लाई अभिवादन गरी एकछेउमा बसे । एकछेउमा बसेका नकुलपिता गृहपतिलाई भगवान्ले यस्तो भन्नुभयो –

"हे गृहपति ! तिम्रो निम्ति लाभ हो, तिम्रो निम्ति सुलाभ हो ! !



https://dhamma.digital

जसको नकुलमाता गृहपत्नी जस्ती अनुकम्पिका, अर्थकामिनी, अववादिका तथा अनुशासिका (प्रेमपूर्वक सम्झाउन) स्त्री छे। (१) गृहपति ! जति मेरा निर्मल शुद्धजीवी, राम्ररी शील पालन गर्ने गृही श्राविकाहरू छन्, तिनीहरूमध्येमा नकुलमाता गृहपत्नी पनि एक हुन्। (२) गृहपति ! जति मेरा निर्मल शुद्धजीवी, आध्यात्मिक समाधिचित्तलाभिनी गृही श्राविकाहरू छन्, तिनीहरूमध्येमा नकुलमाता गृहपत्नी पनि एक हुन्। (३) गृहपति ! जति मेरा निर्मल शुद्धजीवी, यो धर्म-विनयमा गम्भीरता प्राप्त, अति गम्भीरता प्राप्त, आश्वासन प्राप्त, शंका-सन्देह लिई कुरा गर्नुनपर्ने, वैशारद्य प्राप्त, कसैको भरमा पर्न नपर्ने, गृही श्राविकाहरू छन्, तिनीहरूमध्येमा नकुलमाता गृहपत्नी पनि एक हुन्।"

"हे गृहपति ! अतएव तिम्रो निम्ति यो लाभ हो। तिम्रो निम्ति सुलाभ हो ! ! जसको नकुलमाता गृहपत्नी जस्ती अनुकम्पिका, अर्थकामिनी, अववादिका तथा अनुशासिका स्त्री छे।"

(यी कुराहरू सुनी नकुलपिता गृहपति अत्यन्त प्रसन्न भए।)

## ३. चूलसुभद्रा

### परिचय

Dhamma.Digital

### चूलसुभद्राको विवाह

६ योजन टाढा पर्ने कोशल राज्यकै साकेत नगरवासी कालक श्रेष्ठीसँग बालक समयदेखि नै अनाथपिण्डिकको मित्रता थियो। यिनीहरू एउटै आचार्यकहाँ पढिरहेको बेलामा "हामीहरूका छोरा वा छोरी हुँदा जसले छोरी माग्ने छ उसलाई दिनुपर्छ" भनी परस्पर वाचा गरेका थिए। पछि उनीहरू ठूला भएपछि दुवैजना आ-आफ्नो नगरका श्रेष्ठी भए।

एक समय साकेत नगरवासी कालक सेठ व्यापारको निमित्त पाँचसय गाडाहरूमा सामानहरू राखी श्रावस्ती गए। श्रावस्तीमा पुगेपछि उनी अनाथपिण्डिककहाँ गए। अनि अनाथपिण्डिकले चूलसुभद्रालाई बोलाई "छोरी ! तिम्रा मित-बा कालक सेठ आइपुगेका छन्। उनी प्रति

गर्नुपर्ने जम्मै कामको भार तिम्रो भयो; राम्ररी हेरविचार गर" भनी भने। "हुन्छ, हवस्"भनी सेठ आएदेखि उनले गर्नुपर्ने कामको हेरविचार गरिन्। खान-पान पनि आफैले तयार पारिन्। सुगन्ध, लेप तथा फूल आदि पनि आफैले तयार पारिदिन्छिन्। भोजनको समय भएपछि नुहाउने पानी आदि वस्तुहरू पनि ठिक पारिदिन्छन्। चूलसुभद्राको शील-स्वभाव देखेर प्रभावित भएका कालक सेठले एकदिन अनाथपिण्डिकसँग सुख दुःखको कुराकानी गरिरहँदा अघि आचार्यकहाँ पढिरहेको बेलामा दुईजनाको बीचमा वाचा गरेको कुराको स्मरण दिलाई कालक सेठले चूलसुभद्रालाई आफ्नो छोराको लागि मागे।

तर यिनी बुद्धमार्गी नभएकाले अनाथपिण्डिकले यस विषयमा बुद्धसँग परामर्श गरे। बुद्धले उनको उपनिश्रय सम्पत्ति देख्नुभई अनाथपिण्डिकलाई अनुमति दिनुभयो। भगवान्को अनुमति सहित आफ्नी भार्या पुण्यलक्षणासँग पनि सल्लाह गरी पछि उनको कुरा स्वीकारी अनाथपिण्डिकले उनलाई वचन दिए। अनि दिन पनि निश्चय गरी अङ्गदेशका भद्रीय नगरवासी धनञ्जय सेठले आफ्नी छोरी विशाखालाई झैं महान सत्कारपूर्वक विवाह गरिदिए। छोरीलाई विदा दिनु भन्दा अगाडि अनाथपिण्डिक श्रेष्ठीले धनञ्जय सेठले झैं आफ्नी छोरी चूलसुभद्रालाई निम्न दश अर्ति पनि दिएका थिए।

**दश अर्ति**

"नानी सुभद्रे ! पतिकुलमा बस्नेले (१) भित्री आगो बाहिर न लैजानू, (२) बाहिरी आगो भित्र न ल्याउनू, (३) दिनेलाई मात्र दिनू, (४) नदिनेलाई नदिनू, (५) दिनेलाई पनि नदिनेलाई पनि दिनू, (६) सुखपूर्वक बस्नू, (७) सुखपूर्वक परिभोग गर्नू, (८) सुखपूर्वक सुत्नू, (९) अग्नि परिचर्या गर्नू तथा (१०) आन्तरिक देवतालाई नमस्कार गर्नू।"

यसरी छोरीलाई अर्ति दिई सेठले आफ्नी छोरीको कुनै दोष हुन गएमा छानबीन गर्नको निमित्त आठजना कुटुम्बहरूलाई पनि जिम्मा लगाई दिए। अनि बिदा दिने दिनमा बुद्ध सहित भिक्षुसङ्घलाई दान दिई बडो धुमधामका साथ विदा गरी पठाए।



https://dhamma.digital

यसरी बिदा लिएर जानुभन्दा अगाडि चूलसुभद्राले बुद्धसँग “भन्ते ! म जाने कुलगृह मिथ्यादृष्टिक छ । यदि मैले त्यहाँ तपाईंको सम्मान गराउने मौका पाएँ भने मानिसहरू पठाइरहँदा विलम्ब हुने भएकोले यस विषयमा भगवान्ले समय समयमा आवर्जन गरी हेर्नुभए बेस हुने छ” भनी प्रार्थना गरिन् । भगवान्ले आश्वासन दिनुभयो । क्रमशः साकेत नगरमा पुग्दा ससुराहरूसँग नगरका मानिसहरू लिन आएपछि आफ्नो श्रीसम्पत्ति प्रकट पार्दै विशाखाले झैं आफूलाई देखाउँदै खुला रथमा बसी नगर प्रवेश गरिन् । आए आएका मानिसहरूले दिएको कोसेली स्वीकारी पुनः उनीहरूलाई कोसेली पठाई सारा नगरवासीहरूलाई आफ्नो गुण देखाई सबैलाई प्रसन्न पारिन । “बुहारी आई” भनी घरका जहानहरूले मंगलोत्सव मनाउँदै पाँचसय अचेलक (=नाङ्गा साधु) हरूलाई निम्तो गरे । अनि चूलसुभद्राका ससुराले “हाम्रा अरहन्तहरूलाई आएर वन्दना गर”भनी उनलाई बोलाउन पठाए। आर्यमार्ग फलमा प्रतिष्ठित चूलसुभद्रा “अरहन्त”भन्ने शब्द सुन्ने बित्तिकै सारै प्रसन्न भई “अहो मेरो लाभ !” भन्दै गइन् । अनि ती अशोभनीय नग्न साधुहरूलाई देखी “हे पिता ! जसको अभ्यन्तरमा न लज्जा छ र जसको बाहिर न भय छ – यस्ता पनि श्रमण हुन्छन् र ! ! यिनीहरू श्रमण होइनन्” भन्दै, चूलसुभद्रा आफू बस्ने ठाउँमा फर्किन् । अनि अचेलकहरूले “महासेठ ! कहाँबाट तिमीले यस्ती अलक्षिनी ल्याएको ? के जम्बुद्वीपमा अर्की केटी छैन र ?”भन्दै सेठलाई परिभाष गरे । अनि उनले “आचार्य हो ! जानेर वा नजानेर गरे पनि यस विषयमा म सोधपूछ गर्नेछु” भनी अचेलकहरूलाई विदा दिई पठाए ।

## बुद्धलाई निम्तो

त्यसपछि चूलसुभद्राकहाँ गई “अम्मे ! किन त्यसो भनेकी ? किन अरहन्तहरूको अवहेलना गरेकी ?” भनी सोधे ।

“पिता ! अरहन्त भन्नेहरू यस्ता हुँदैनन्” भनी भनेपछि सेठले “त्यसोभए कस्ता हुन्छन् त ?”भनी सोध्दै यस्तो भने–



https://dhamma.digital

**"किदिसा समणा तुय्हं, बाल्हं खो ते पसंससि ।**
**किं सीला किं समाचारा, तं मे अक्खाहि पुच्छितो'ति ॥"**

**अर्थ–**

"तिम्रा श्रमणहरू कस्ता छन् त ? जसको तिमी खूब प्रशंसा गर्छ्यौ । तिनीहरूको शील स्वभाव कस्तो छ त ? यो प्रश्नको जवाफ देऊ ।"

उनी भन्छिन्–

१. **"सन्तिन्द्रिया सन्त मानसा, सन्तं तेसं गतंठितं ।**
**ओक्खित्तचक्खू मितभाषी, तादिसा समणा मम ॥**

२. **"कायकम्मं सुचि तेसं, वाचाकम्मं अनाविलं ।**
**मनोकम्मं सुबिसुद्धं, तादिसा समणा मम ॥**

३. **"विमला सङ्खमुत्ताभा, सुद्धा अन्तर बाहिरा ।**
**पुण्णा सुद्धेहि धम्मेहि, तादिसा समणा मम ॥**

४. **"लाभेन उन्नतो लोको, अलाभेन च ओनतो ।**
**लाभालाभेन एकट्ठा, तादिसा समणा मम ॥**

५. **"यसेन उन्नतो लोको, अयसेन च ओनतो ।**
**यसायसेन एकट्ठा, तादिसा समणा मम ॥**

६. **"पसंसायुन्नतो लोको, निन्दाय च ओनतो ।**
**समा निन्दा पसंसासु, तादिसा समणा मम ॥**

७. **"सुखेन उन्नतो लोको, दुक्खेनापि च ओनतो ।**
**अकम्मा सुखदुक्खेसु, तादिसा समणा ममा'ति ॥"**

**अर्थ–**

१–"मेरा श्रमणहरूका इन्द्रिय तथा मन शान्त छन् । उनीहरू मितभाणी तथा संयत चक्षुका छन् । यस्ता मेरा श्रमणहरू हुन् ।



https://dhamma.digital

२–"मेरा श्रमणहरूको कायकर्म परिशुद्ध छ, वचीकर्म निर्मल छ। मनः कर्म पनि सुविशुद्ध छ। यस्ता मेरा श्रमणहरू हुन्।

३–"मेरा श्रमणहरूका भित्र र बाहिर मोती र शंख जस्तै निर्मल छ, शुद्ध धर्मले परिपूर्ण छ। यस्ता मेरा श्रमणहरू हुन्।

४–"यो लोकमा मानिसहरू लाभद्वारा उफ्रिन्छन् र अलाभद्वारा चाउरिन्छन् तर मेरा श्रमणहरू त्यसबाट अविचलित छन्। यस्ता मेरा श्रमणहरू हुन्।

५–"यो लोकमा मानिसहरू यशद्वारा नाक फुलाउँछन् र अयशद्वारा नाक खुम्च्याउँछन् तर मेरा श्रमणहरू त्यसमा तटस्थ रहन्छन्। यस्ता मेरा श्रमणहरू हुन्।

६–"यो लोकमा मानिसहरू प्रशंसाद्वारा उफ्रिन्छन् र निन्दाद्वारा ठुस्स पर्छन् तर मेरा श्रमणहरू त्यसमा समान रहन्छन्। यस्ता मेरा श्रमणहरू हुन्।

७–"यो लोकका मानिसहरू सुखद्वारा नाक फुलाउँछन् र दुःखद्वारा नाक खुम्च्याउँछन् तर मेरा श्रमणहरू सुखदुःखबाट कम्पित हुँदैनन्। यस्ता मेरा श्रमणहरू हुन्।"

अंगुत्तर अट्ठकथाले चाहिँ यसरी उल्लेख गरेको छ–

**१. "सन्तिन्द्रिया सन्तमानसा, सन्ततेसा गुणमग्गसण्ठिता।**
**ओक्खित्तचक्खु मितभाणी, तादिसा समणा मम॥**

**२. "वसन्ति वनमोगय्यह, नागो छेत्वाव बन्धनं।**
**एकानिया अदुदुतिया, तादिसा समणा ममा'ति॥"**

**अर्थ–**

१–"मेरा श्रमणहरूका इन्द्रियहरू शान्त छन् र मन पनि शान्त छ; उनीहरू मार्गफलरूपी गुणमा प्रतिष्ठित भई शान्त भएर पनि तेजिला छन्। उनीहरूको चक्षुइन्द्रिय संयत छ र उनीहरू मितभाणी छन्। यस्ता मेरा श्रमणहरू हुन्।



https://dhamma.digital

२–“बन्धन चुँडालेको हात्ती जस्तै उनीहरू जङ्गलमा एक्लै बस्छन् । यस्ता मेरा श्रमणहरू हुन् ।”

यसरी सुनाएर श्रेष्ठीको अगाडि बसी त्रिरत्नको गुण बखान गरिन् । उनको यो कुरा सुनी श्रेष्ठीले “त्यसो भए तिम्रा श्रमणहरूलाई हेर्न चाहन्छु, हामीलाई देखाउन सक्छ्यौ ? तिम्रा श्रमणहरूलाई बोलाएर मंगलोत्सव गर्नेछु ।”

“कहिले गर्नुहुन्छ ?”

श्रेष्ठीले विचार गरे– “केही दिन पछि गर्नेछु भन्दा मानिस उठाई बोलाएर ल्याउन सक्छिन् । अतः भोलि नै गर्नेछु भनी भन्नुपऱ्यो”भनी “अम्मे ! भोलि नै गर्नुछु” भने । अनि संध्या समयमा घरको माथिल्लो तलामा गई जेतवनतिर हेरी अत्यन्त भक्तिपूर्वक बुद्धगुण अनुस्मरणको साथै वन्दना र बुद्धको स्मरण गरी सुगन्धित कूलद्वारा “पाँचसय भिक्षुहरूका साथ भोलिको निमित्त म निम्तो गर्दछु; मेरो भोजन स्वीकार गर्नुहोस्” भनी आठ मुट्ठि सुमन-फूल चूलसुभद्राले आकाशमा फ्याँकिन् । फूल गएर धर्मोपदेश गरिरहनु भएका बुद्धमाथि चँदुवा जस्तो भएर बस्यो । शास्ताले आवर्जन गर्नुहुँदा सो कारण थाहा पाउनु भयो । धर्मोपदेश सिद्धिएपछि अनाथपिण्डिकले भगवान्लाई पाँचसय भिक्षुहरूका साथ भोलिको निमित्त निम्तो गरे । शास्ताले अनापिण्डकलाई “मैले निम्तो स्वीकार गरिसकेको छु”भनी भन्दा उनले “भन्ते ! कसको निम्तो स्वीकार्नुभएको छ ?”भनी सोध्दा वहाँले “श्रेष्ठी ! चूलसुभद्राको”भनी उत्तर दिनुभयो ।

“भन्ते ! चूलसुभद्राकहाँबाट यहाँ कुनै मानिस आएको देख्दिन । ऊ त टाढा बस्छे ।”

“गृहपति ! हो, ऊ टाढा बस्छे । तर श्रद्धासम्पन्न सत्पुरुषहरू जतिसुकै टाढा बसेता पनि हिमाल जस्तै देखिन्छन्[१]” भनी भन्नुहुँदै “दूरे सन्तो पकासेन्ति हिमवन्तोव पब्बता ...”भनी गाथा भन्नुभयो ।

“हुन्छ भन्ते ! चूलसुभद्रालाई संग्रह गर्नुहोस्”भनी अनाथपिण्डिक फर्केर गए ।

अनि भगवान्ले आनन्दलाई “आनन्द ! साकेत जानेछु । पाँचसय



https://dhamma.digital

भिक्षुहरूलाई सलाक बाँडिदेऊ। तर षडभिज्ञलाभीहरूलाई मात्र देऊ"भनी भन्नुभयो । आनन्द स्थविरले त्यस्तै गर्नुभयो ।

सबैभन्दा पहिले सलाक ग्रहण कुण्डधान स्थविर हुनुहुन्थ्यो । त्यसैले अंगुत्तर अट्ठकथा- एककनिपात वण्णनाले यस्तो उल्लेख गरको हो - चूलसुभद्राले निम्तो गरेको दिनमा तथागत साकेतमा जानुहुँदा पनि पाँचसय भिक्षुहरूमध्ये सर्वप्रथम कुण्डधान स्थविरले सलाक लिनुभएको थियो । चूलसुभद्राले जस्तै महासुभद्राले पनि निम्तो गरेकी थिइन । उनी उग्ग नगरमा गएकी थिइन् भन्ने कुरा पनि उक्त वण्णनामा नै स्पष्टरूपले उल्लेख गरेको पाइन्छ ।

रात परेपछि चुलसुभद्राले चिन्ता गर्न थालिन् - "भगवान व्यस्त हुनुहुन्छ। मेरो बारेमा आवर्जन गर्नुभयो वा भएन। के गर्ने होला ?" यसरी चिन्ता गरिरहेको बेलामा उनलाई **वैश्रवण महाराजाले** "सुभद्रे ! तिम्रो निम्तो तथागतले स्वीकार्नुभएको छ" भन्ने आवाज सुनाएपछि अत्यन्त हर्षित भई भोजनको सरसामान जोरजाम थालिन् । भगवान् पाँचसय पडभिज्ञ भिक्षुहरूका साथ शक्र देवेन्द्रले निर्माण गरेको कुटागारमा बसी आकाशमार्गद्वारा **साकेत नगर** जानुभयो । चूलसुभद्राका सासु ससुरा सहित घरका जहानहरू उनले बताए झैं घरको माथिल्लो तलामा बसेर भगवानको प्रतीक्षा गरी बाटो हेरिरहे । बडो दर्शनीय लीलाले भिक्षुहरू सहित भगवान आइपुग्नु भएको देखेर अत्यन्त प्रसन्न भई भगवानको स्वागत गरी बडो सम्मान र प्रसन्नतापूर्वक भगवान सहित भिक्षुहरूलाई भोजन गराए। यसरी भोजन गराई सिद्धिएपछि पटक पटक निम्तो गरी एक सप्ताहसम्म महादान दिए ।

शास्ताले उनको मनोभाव अनुरूप उपदेश गर्नुभयो र **कालक सेठ** स्रोतापन्न भए। पछि उनले आफ्नो उद्यान शास्तालाई प्रदान गरे। पछि त्यहाँ घरहरू पनि बनाइदिए। त्यसैले यो आरामको नाम **कालकाराम** हुन गएको हो। धम्मपदट्ठकथा अनुसार चूलसुभद्राप्रति अनुग्रहको निमित्त **शास्ताले** त्यस ठाउँमा अनुरूद्ध स्थविरलाई छाड्नुभयो ।

जेतवन विहारको निर्माणकार्य सिद्धिएपछि राजगृहमा भगवान्लाई



https://dhamma.digital

खबर पठाई भगवान बुद्ध **राजगृहबाट श्रावस्तीमा** आइपुग्नु भई **जेतवन विहारमा** प्रवेश गर्ने दिनमा विहारमहोत्सव तयार पारी भगवान्‌लाई लिन जाँदा **अनाथपिण्डिकले** आफ्नो छोरालाई पांचशय परिवारहरूको साथमा पठाए । रंगीचंगी पाँच वर्णका कपडा लगाएका आफ्नो परिषद्‌का साथ गई पाँचसय ध्वजाहरू समाती उनी भगवान्‌को अघिल्तिर बसे । त्यसको पछाडितिर **महासुभद्रा र चूलसुभद्रा** आफ्ना पाँचसय कुमारीहरूका साथ पूर्ण घट लिएर बसे। त्यसको पछाडि अनाथपिण्डिककी भार्या सर्वालंकारले विभूषित भई पूर्ण - पात्र लिएका पाँचसय नारीहरूका साथ बसिन् । सबभन्दा पछिल्तिर **अनाथपिण्डिक** स्वयं चुनेको लुगा लगाई चुनेका लुगा लगाएका पाँचसय सेठहरूका साथ बसे । यस यात्रामा प्रसेनजित कोशल राजाकी सातवर्षीय छोरी सुमना राजकुमारी पनि सम्मिलित भएकी थिइन् भन्ने कुरा अगाडिको सुमना राजकुमारीको कथामा उल्लेख भएको छ । अनि परिषद्‌हरूलाई अघिल्तिर राखी महाभिक्षुसंघले परिवृत्त भई यात्राका साथ लोकनायक भगवान् बुद्धले जेतवन विहारमा प्रवेश गर्नुभयो ।

चूलसुभद्रा अनाथपिण्डिक सेठकी माहिली छोरी हुन् । जेठी छोरीको नाम महासुभद्रा र कान्छी छोरीको नाम चाहिँ सुमनादेवी थियो ।

× × ×

Dhamma.Digital

## मूल सूत्र

**सत्पुरुष हिमाल जस्तै देखिन्छ**

**"दूरे सन्तो पकासेन्ति, हिमवन्तो व पब्बतो ।**
**असन्तेत्थ न दिस्सन्ति, रत्तिं खित्ता यथा सरा[१] ॥"**

**अर्थ–**

"हिमालय पर्वत टाढा भए पनि देखिने झैं सत्पुरुषहरू टाढैबाट देखिन्छन्; रातको अन्धकारमा छोडेको बाण झैं असत्पुरुषहरू टाढाबाट देखिँदैनन् ।"

× × ×



https://dhamma.digital

# ४. खुज्जुत्तरा उपासिका

## परिचय

बुद्धधर्मको इतिहासमा गृहस्थी उपासिकाहरूमध्ये खुज्जुत्तरा उपासिकाले बहुश्रुत तथा प्रज्ञाको क्षेत्रमा विशिष्ट स्थान प्राप्त गरेकी थिइन् । कौशम्बीवासी घोषित वा घोषक श्रेष्ठीको कुलगृहमा एक धाईको कोखमा उनको जन्म भएको थियो । उनको नाम 'उत्तरा' थियो ।

खुज्जुत्तरा उपासिकाकोबारेमा केही कुरा उल्लेख गर्नुभन्दा अगाडि, सर्वप्रथम, घोषक श्रेष्ठीको सम्बन्धमा केही प्रष्टिकरण दिनु आवश्यक ठान्दछु ।

## घोषकोत्पत्ति

बुद्धभगवान्को समयमा कौशम्बी नगरमा घोषक, कुक्कुट, तथा पावारिय भन्ने तीनजना नामी सेठहरू थिए । । यिनीहरूमध्ये घोषक श्रेष्ठीको उत्पत्ति तथा उनी कसरी कौशम्बीनगरको श्रेष्ठी भए भन्ने सम्बन्धमा उनको जीवनमा घटेका केही घटनाहरू यहाँ उल्लेखनीय छन् ।

घोषकको जन्म कौशम्बीबासी एक गणिकाको कोखमा भएको कुरा अंगुत्तरनिकाय र धम्मपद अर्थकथाहरूमा समुल्लेख भएको पाइन्छ छोरा जन्मेको देखी गणिकाले उसलाई सडकको कसिंगर फाल्ने ठाउँमा फाल्न लगाएपछि बालकलाई कौवाहरूले घेरी राखे । त्यसवेला कौशम्वी सेठको एक कर्मचारी सेठको घरमा जान लागिरहेको बेलामा उसले बाटोमा कौवाहरूको बथान देखी "के रहेछ" भनी हेर्दा भर्खर जन्मेको एक बालक देखी, पुत्रस्नेह उत्पन्न गरी बालकलाई आफ्नो घरमा लग्यो । उसको नाम 'घोषक' थियो ।

त्यसबेला कौशम्बिक सेठ पनि राजाको चाकरीबाट फर्किरहेको थियो र उसले बाटोमा एक ज्योतिषी पुरोहित ब्राह्मण भेटचो । अनि उनीसँग उसले " पुरोहित बाजे ! आज नक्षत्रको के हाल खबर छ नि, नक्षत्र योग कस्तो छ त ?" भनी सोध्दा उनले त्यहीं बसी औंला गिन्तीगरी नक्षत्र योग विचार गरी भने –



https://dhamma.digital

"भो सेठ ! आज जन्मिने बालक यस नगरको सेठ हुनेछ।" त्यस समय सेठकी धर्मपत्नी गर्भिणी थिई र भरे- भोलि भएकी थिई। त्यसैले हतारो हतारो तरी सेठ घरफर्की पत्नी सुत्केरी भइकी भइन भन्ने जान्न चाहन्थ्यो। पत्नी सुत्केरी भइनसकेकीले उसको मनमा यस्तो कल्पना उठ्यो–

"नगरमा आज कसैको घरमा बालक जन्मेको पाएमा मैले उसलाई ल्याउने छु र पछि मेरो पनि छोरै जन्मेमा त्यसलाई मार्न लगाउने छु। अनि मेरै छोरो यस नगरको सेठ हुनेछ। केही भएर छोरी पाएमा उसलाई मेरी छोरी दिई आफ्नै घरमा राख्ने छु।"

यस्तो सोची उसले त्यसै दिन जन्मेको बालक खोजी गर्न पठायो। संयोगवश आफ्नै कर्मचारीको घरमा त्यसैदिनमा जन्मेको बालक पाई, उसलाई एकहजार कार्षापण दिई सो बालक आफ्नो घरमा ल्याई राख्यो।

केही दिनपछि सेठकी पत्नीले छोरा जन्माई। त्यसपछि सेठले त्यो बालकलाई मार्ने संकल्प गऱ्यो। त्यो बालक नभएमा आफ्नै बालक नगरको सेठ हुनेछ भन्ने विश्वास लियो। यसै पाप संकल्पको हेतुले उसले घोषक बालकलाई मार्ने निश्चय गऱ्यो। सङ्कल्प अनुसार काम गरिन्छ। खराव सङ्कल्प भए खराव काम, असल सङ्कल्प भए असलै काम गरिन्छ।

त्यसैले धम्मपदमा सबै कर्मको मूलकारण मन नै हुन्छ भनी भनिएको हो। बुद्धिमानीले पापसङ्कल्पलाई 'पापसङ्कल्प' भनी जानी त्यसबाट मुक्त हुने सत्प्रयत्न गर्छ र मुर्खले पापसङ्कल्पलाई 'पापसङ्कल्प' भनी बुझ्न नसकी पापसंकल्पमै डुब्दै जान्छ।

**हत्याको षड्यन्त्र**

(१) पापमा डुब्ने चित्त प्रवृत्ति भएको कौशम्बिक सेठले घोषक बालकलाई मार्ने नै नियत गरी, एक दिन आफ्नी काली भन्ने दासीलाई अह्राई सर्वप्रथम गोठको द्वारनिर छाड्न लगायो। तर सो घोषक बालकले अघिल्लो जन्ममा कुकुर हुँदा एक प्रत्येक बुद्धको निकै हेरविचार गरेको थियो र प्रत्येक बुद्ध प्रति ऊ अधिक स्नेह राख्दथ्यो। त्यसैको प्रभावले ऊ



https://dhamma.digital

देवलोकमा उत्पन्न भई, त्यहाँबाट च्यूत भई, यहाँ मनुष्यलोकमा जन्मेको हो । उसको कर्म बल असाध्यै बलियो थियो ।

गोठको ढोका खोल्दा, अरू अरू दिनमा भए गोठका ठुला ठुला गाईहरू सबभन्दा पछि निस्कन्थे । तर त्यसदिन गोठको ढोका खोल्ने बित्तिकै, गोठको सबभन्दा ठुलो गोरू बाहिर निस्क्यो सो बालकलाई आरक्षा गर्दै हज्जारौं गाई गोरूहरूको धक्का खाएर पनि अडिक भई, निश्चल भई त्यहीं नै दैलोनिर उभिइ रह्यो । गोठालोले देखी, आश्चर्य मानी "आज यो गोरू किन सबैभन्दा पहिले निस्की दैलोतिर सबैलाई असजिलो पार्दै उभिइरहेको होला !" भनी हेर्न जाँदा गोरू टाङमनी एक दुधे बालक देखि, विश्मित भई "यो बालकको प्राण बचाउन यसरी उभिरहेको रहेछ" भन्ने बुझी बालकप्रति स्नेह उत्पन्न गरी, बालकलाई घरमा लग्यो ।

(२) जब सेठले बालक नमरेको र उसलाई गोठालोले आफ्नो घरमा लगेको खबर सुन्यो अनि उसले गोठालोलाई एकहजार कार्षापण दिई पुनः बालकलाई आफ्नो घरमा ल्यायो । समय बित्दै गएपछि पुनः एक दिन सेठले अर्को उपाय सोच्दै सोही काली दासीलाई अह्राई बालकलाई मसानमा छाड्न लगायो ।

त्यस दिन आफ्नै अजपाल सोही मसानतिर बोका, बाख्राहरू चराउन गयो । बाख्राहरू मध्येबाट एउटा ठुलो बाख्राले सो बालक भएको ठाउँमा गई, घुँडामारी टाङमनी बालकलाई राखी दूध ख्वाई हजारौं बोका र बाख्राहरूको कुल्चाईबाट बालकलाई बचायो । सबै बाख्राहरू चर्दै गएर पनि ऊ त्यहीं नै घुँडामारी बसि नै रहेको देखी, अजपाल गई हेर्दा बालकलाई दूध ख्वाइरहेको देखी बडो आश्चर्य मानी बालकलाई आफ्नो घरमा लग्यो ।

(३) सेठले फेरि बालक बाँचि नै रहेको मात्र नभई उसलाई आफ्नै अजपालले आफ्नो घरमा लगी पालिराखेको खवर सुनी, उसलाई पनि एकहजार कार्षापण दिई बालक फिर्ता ल्यायो ।

पापचेतनाद्धारा गरेको काम सफल नभएकोले उसको मनमा



https://dhamma.digital

झन् झन् डाह भयो र मूढतावस झन् उत्तरोत्तर उसको चिन्ता बढदै गयो। पाप गर्ने मूर्खहरूको चित्तवृत्ति दिनपरदिन पापमै रमाए जस्तै पुण्य गर्ने पुण्यात्माहरूले पापबाट आफ्नो चित्तलाई हटाई पुण्यमै लगाउन थाल्छन् । तर कौशम्बिक सेठ माथिल्लो श्रेणीको भएको हुँदा उसले एकमाथि अर्को दारूण उपाय सोच्दै बालकलाई गाडा ल्याउने बाटोमा कुल्चाउनको निमित्त राख्न पठाउने अठोट गऱ्यो । यसै संकल्प अनुरूप उसले एक दिन, हजारौँ गाडाहरू ल्याउने बाटोमा अर्थात् गाडाजाने लीगमा राखिदिनको निमित्त काली दासीलाई अह्रायो । बिहानको भोर (झिसमिसे) नहुँदै सो बाटोमा सयकडौं गाडाहरू आए । जब सो बालक भएको ठाउँतिर पुग्यो अनि गाडाको दुबै गोरूहरू कति पनि डेग चलेनन् । गाडावानहरूले गोरूहरूलाई धेरै कुटे, चुट्न सम्म चुटे, सासना गरे तैपनि गोरूहरूका खुट्टाहरू कीला ठोके जस्तो भएका थिए । गाडावानहरूले बेस्करी चुटेपछि गोरूहरू झन् भुईंमा टाँसिएका जस्तो गरी थुचुक्क बसिदिए । गोरूहरू तार्न अनेक कोशिस गर्दागर्दै उज्यालो भएर आयो । आकाशमा सूर्यको किरण देखिन थालेपछि गाडीवानहरू 'आज यी गोरूहरू किन ढिटाह भई बसेका होलान्' भनी यता उता हेरी अगाडिपट्टि हेर्न जाँदा एक बालकलाई देखे । अनि गाडीवानहरूले गोरूको प्रकृया देखी विश्मित भई "धन्य ! धन्य ! ! यी गोरूहरू ! ! ! " भन्दै उनीहरूले सो बालक लिएर गए । यस्तै दैवी शक्तिलाई नै कर्मशक्तिको प्रमाण भन्दछन् ।

(४) उता सेठले फेरि पनि बालक नमरेको खबर सुनी उसको मनमा झन् झन् डाह र ईर्ष्या बढेर आयो । फेरि गाडीवानसँगबाट एकैहजार कार्षापण दिई घोषकलाई फर्काएर ल्यायो । सेठहरूकोनिम्ति सो बालक आखाँको छारो समान हुन थाल्यो । ब्यर्थमा बालक मार्ने मनोवृत्ति झ्न झन् बढ्दै गयो, मन पोल्न थाल्यो । तैपनि उपाय सोच्न छाडेको थिएन र भीरबाटै खसालि दिउँ भन्ने विचार गरी एक दिन, सोहि दासीलाई अह्राई भीरबाट खसाल्न पठायो । किन्तु बालकको कर्मशक्ति यत्तिको बलियो थियो कि त्यहाँबाट खसाल्दा एउटा बाँसको झाँङमा परी मानौ कुनै झोलीमा राखे जस्तो गरी त्यहीं झाँङमा अड्क्यो । त्यसै



https://dhamma.digital

दिन बाँसको काम गर्ने मानिसहरू बाँस काट्न जाँदा झाँङबाट आएको बालकको आवाज सुनी हेर्दा एक बालक देखी, खुशी भई उसलाई लिएर गए ।

(५) यो खबर सुनी सेठको मन झन् पोल्यो । के गरौं कसो गरौं भई बालकलाई सोझो आँखाले पनि हेर्न सकेन । यसलाई नमारेसम्म आफ्नो बालक नगरको सेठ हुन सक्ने छैन भन्नेतिर मात्र विचार गई, ईर्ष्याले जली जे गरेर भएपनि यसलाई नमारी छाड्ने छैन भन्ने भावना झन दरिलो पाऱ्यो । त्यसपछि उसले झन भयानक उपाय सोच्यो ।

सेठको एक विश्वासी कुम्हाले साथी थियो । उसलाई भनी बालकलाई मार्न लगाई, अवालभित्र हाली पोलिदिने दानवी विचार गऱ्यो । अनि उसले कुम्हाले कहाँ गई भन्यो–

"साथी ! आज म तिमीकहाँ एक विश्वासको कुरा गर्न आएको हुँ । मेरो घरमा एक कुजात बालक छ । उसलाई काटी तिम्रो अवाल पोल्ने बेलामा त्यसभित्र हाली भष्म पार्न परेको छ ।"

सेठको कुरा सुनी कुम्हाले दुबै हातले कान बन्द गरी "अहो, यस्तो काम कसरी गर्ने ! " भन्दै डराउन थाल्यो ।

यस्तो भन्दा सेठले उसलाई फकाई एकैहजार कार्षापणको थैली अगाडि राखिदियो । एक हजारको थैली देख्ने बित्तिकै कुम्हालेको मन फर्क्यो र "त्यसो भए, फलाना दिनमा मेरो अवालमा भाँडा पोलिने छ , त्यस समय बालकलाई पठाइदिनुहोस् ' भनी कुम्हालेले सुस्तरी जवाफ दियो ।

त्यसपछि कुम्हालेको अवालमा आगो राख्ने दिनमा सेठले घोषकलाई बोलाई भन्यो – "पुत्र ! तिम्रो आज फलाना हाम्रा साथीको घरमा गई ' बाबुले भनेको काम गरिदेऊ" भनी पठायो ।

उनीहरूका बीच यस्तो कुरा भएको थियो कि सो दिनमा पठाइने बालकलाई काटी अवालभित्र हाली आगो लगाइ दिने ।

घाम झुल्किने बेलामा सेठले घोषकलाई कुम्हालेको घरमा जाने काम अह्रायो । बिचरा सीधासाधा घोषक बालकको, मृत्युको द्वार आज



https://dhamma.digital

कुह्मालेको घर हुन गयो । बाटोमा उसले आफ्नो सद्दे भाई भनी संझी राखेको सेठको छोरालाई भेट्‌यो । उ त्यहाँ गुच्चा खेलिरहेको थियो । दाइचाहिंलाई देखेर उसले भन्यो –

"भो दाइ ! दिनभरी गुच्चा खेली रोटीहरू मैले जम्मै हारें । एउटा पनि रोटी जित्न सकिन । अतएव मेरोनिम्ति गुच्चा खेलि देऊ ।"

अनि घोषकले भन्यो–"भाई ! मलाई बाबुले कुम्हालेकहाँ गएर आऊ भनी काम अऱ्हाएको छ । म खेल्न सक्दिन ।"

"भो दाइ ! त्यसो नभन । तिमी गुच्चा खेल्न सिपालु छौ । मलाई रोटी जिताइ देऊ । बरू म कुह्मालेकहाँ गई बाबुले अऱ्हाएको काम गरेर आउने छु । "

भाइचाहिँले सारै जिद्दी गरेपछि घोषकले उसलाई भन्यो –" त्यसो भए, तिमी त्यहाँ गई 'मेरो बाबुले भनेको काम गरिदेऊ ' भनी कुम्हालेलाई भनी आऊ ।"

अनि सो बालक दाईचाहिंको कुरा सुनी साझँपख सरासर कुम्हालेको घरमा गयो । कुम्हालेले सो बालक आउनासाथ उसलाई दुई टुक्रापारी, काट्‌कुटपारी माटोको भाँडामा राखी, अवाल भित्र हाली हत्तरपत्त आगो लगाइ दियो ।

उता घोषक कुमारले गुच्चा खेली धेरै रोटी जित्यो । भाइ आउला भनी धेरैबेरसम्म बाटोमा पर्खिरह्यो । साँझपरि सक्दा पनि भाइचाँहि फर्केर नआएकोले ऊ कुम्हालेको घरतिर हेर्न गयो । उसलाई त्यहाँ नदेखेपछि "घर फर्कि सक्यो होला" भन्ने विचार गरी आफू पनि सरासर घर फर्क्यो ।

टाढैदेखि घोषक फर्किरहेको देखि कौशम्बिक सेठ चकित भई घोषकलाई "किन तँ कुम्हालेकहाँ नगएको ? जा तुरून्त फर्की ! " भन्दै गालि गर्दै हप्काउँदा घोषकले विनम्रतापूर्वक आफू गइरहेको बेलामा भाइचाँहिले आफूलाई बाटोमा देखी उसले सारै जिद्दी गरेको हुँदा आफू गुच्चा खेली ऊ कुम्हालेकहाँ गएको कुरा सुनाउने बित्तिकै आफ्नो ज्यू भरी तातो पानी खन्याइदिएको जस्तो भई, पसिना बगाउँदै सेठ दगुर्दै



https://dhamma.digital

कुम्हालेको घरमा गयो। टाढैदेखि सेठ चिच्याउँदै "पख् पख्" भन्दै कराउँदै कुम्हालेको घरमा आएको देखी कुम्हालेले "धेरै हल्ला नगर्नुहोस् , काम जम्मै सिद्धिसकेको छ" भनी सेठलाई सुनाउने बित्तिकै सेठ त्यही नै बेहोस भयो। त्यहाँदेखि उसको चित्त र मगज बिग्री पागल हुन थाल्यो। त्यसपछि चाल्नी जस्तै हृदय लिई सेठ घर फर्क्यो।

त्यसैले धम्मपदमा दण्डरहित तथा दोष रहित प्राणीलाई हिंसागर्नेलाई दश कारणहरूमध्ये कुनै न कुनै एक कारण यसै जन्ममा भोग्नुपर्छ भनी भनेको हो–

**(१) "यो दण्डेन अदण्डेसु, अप्पदुट्ठेसु दुस्सति।**
**दसन्नमञ्ञतरं ठानं, खिप्पमेव निगच्छति॥**

**(२) "वेदनं फरूसं जानिं, सरीरस्स च भेदनं।**
**गरूकं वा पि आवाधं, चित्तक्खेपं व पापुणे॥**

**(३) "राजतो वा उपसग्गं, अब्भक्खाणं व दारूणं।**
**परिक्खयं व ञातीनं, भोगानं व पभङ्गरं॥**

**(४) "अथ चस्स अगारानि, अग्गि डहति पावको।**
**कायस्स भेदा दुप्पञ्ञो, निरयं सोपपज्जती' ति (१)॥"**

अर्थ– १–४ " जसले दण्डरहित निर्दोषी प्राणीलाई दण्ड दिन्छ वा दोष लगाउँछ, उसले दश कारणहरूमध्ये कुनै न कुनै एक कारण छिटै भोग्नुपर्छ – (१) टाउको दुख्ने आदि तीब्र वेदना, (२) केहीन केही प्रकारको हानी, (३) अंग भंग वा जीवन नाश, (४) तीब्र रोग, (५) चित्तविक्षेप वा बौलाहापन, (६) राजदण्डादिको भय, (७) कठोर निन्दा वा उपहास, (८) नाता कुटुम्बहरूको हानी, नोक्सानी, (९) भोगसम्पत्तिको हानी नोक्सानी तथा (१०) घरमा आगलागी। त्यस्तो मुर्ख पुरुष मृत्युपछि नर्कमा पनि उत्पन्न हुन्छ।"



https://dhamma.digital

(६) चित्तविक्षेप भएर बहुलाहा जस्तो हुँदा पनि कौशम्बिक सेठको विचारधारामा कुनै परिवर्तन आएन । उसको मन पापचेतनाले भरिएको थियो । आफ्नो प्राण छउञ्जेलसम्म कुविचार गर्न छोडेन । मार्ने षड्यन्त्र गर्दा गर्दै घोषक कुमार पनि तन्नेरी हुँदै आयो ।

फेरि एक दिन, सेठले घोषकलाई टाढाको एक आफ्नो गाउँमा पठाई मार्न लगाउने विचारले प्रेरित भई, आफ्नो गाउँको मुखियालाई एक पत्र लेखी घोषकको तुनामा बाँधी, उसलाई पठायो । घोषक विचरा फेरि आफ्नै मृत्युको सन्देश आफैले बोकी सो गाउँमा गयो । एकैदिनमा सो गाउँमा पुग्न नसक्ने भएकोले घोषकले सेठसँग विनम्रतापुर्वक बाटोखर्च माग्यो । सेठले उसलाई "बाटोखर्च चाहिंदैन । फलाना गाउँमा एक सेठको घर छ । उनी हाम्रा साथी हुन् । अतएव उनकै घरमा एकरात बास बसी भोलिपल्ट जाऊ" भनी भन्यो ।

सीधासाधा तथा आज्ञाकारी घोषक सो गाउँमा पुगेपछि सेठको घर खोज्दै गयो । त्यसबेला सो सेठ दाऱ्ही बनाउँदै थियो । घोषकले सो सेठको घर पत्तोलगाई त्यहाँ गई सेठलाई नमस्कार गऱ्यो । सेठले उसंग कहाँबाट आएको हौ र कसको छोरा ह्रौ भनी सोधेपछि घोषकले सबै वृत्तान्त बतायो । सेठ बडो खुशी भयो ।

सो सेठकी पन्ध्र सोऱ्ह वर्षकी एक सुन्दरी छोरी थिई । त्यस बेला उसकी नोकर्नी फूल किन्न घरबाट बाहिर जान लागेको देखी, सेठले उसलाई बोलाई घोषकलाई बस्ने कोठा इत्यादि तयार पार्न अऱ्हायो । सेठले अऱ्हाएको काम गरिसकेपछि उ फूल किन्नी फर्कंदा सेठकी छोरीले उसलाई "किन अबेरगरी आएको ?" भनी हप्काउँदै गालि गरी । अनि उसले अबेर भएको कारण सबै सुनाई ।

"घोषक" भन्ने नाउँ सुन्ने बित्तिकै कुमारीको मनमा स्वतः गहिरो प्रेम उत्पन्न भयो । यिनीहरू दुवै यसभन्दा चार जन्म अगाडि पति र पत्नी भई बसेका थिए । कुमारीले त्यस जन्ममा एक प्रत्येक बुद्धलाई एक कुरूवाको भात पकाई अत्यन्त श्रद्धापूर्वक दान दिएकी थिई । सोही कुशलकर्मको प्रभावले यस जन्ममा ऊ सेठको कुलमा जन्मेकी



https://dhamma.digital

हो । पूर्वजन्ममा स्नेहपूर्वक एकैसाथ बसेर आइसकेको वासनाको हेतुले गर्दा अहिले उसको नाम सुन्ने बित्तिकै पानी माथि फुतुरूक्क निस्केको कमलको फूल झैं उसको हृदयमा प्रेम उत्पन्न भएको हो ।

त्यसैले यसो भनिएको हो–

**"पुब्बेव सनिवासेन, पच्चुप्पन्न हितेन वा ।**

**एवं जायते पेमं उप्पलंव यथोदके' ति ॥"**

**अर्थ–**

"पूर्वजन्ममा एकसाथ बसिसकेको र वर्तमान समयमा पनि भेट-घाट हुँदा– पानीमा उत्पन्न हुने कमलको फूल झैँ प्रेम उत्पन्न हुन्छ ।"

अनि सो कुमारी दासीसँग घोषक कुमार सुतिरहेको कोठामा हेर्न गई । त्यसबेला उसको आँखा घोषकको छातिनिर तुनामा बाँधि राखेको कागजको टुक्रोमा पर्न गयो र उसले "के रहेछ ?" भनी तुना फुकाली हेर्दा सो पत्रमा "यो पत्र बाहक मेरो घरको एक कुजात पुत्र हो । यसलाई मारी चर्पीको खाडलमा गाडी त्यसको खवर पठाएमा तिमी मबाट पुरस्कृत हुनेछौ" भनी उल्लेख गरेको कुरा पढ्दा उसलाई बडो दुःख लाग्यो र उसले त्यसको बदलामा "यस पत्रवाहक मेरो जेठो छोरो हो । तपाईं गाउँलेहरू सबै मिली फलाना गाउँको सेठकी कन्याकुमारी मागी, विवाह मङ्गल गरी मलाई सुचना पठाउनुहोस्" भनी अर्को पत्र लेखी उसकै तुनामा बाँधिदिई ।

भोलिपल्ट सो गाउँमा पुगी गाउँको मुखियालाई घोषकले पत्र दियो । पत्र पाई गाउँका मुखिया सहित सबै गाउँलेहरू अत्यन्त खुशी भए । अनि पत्रमा उल्लेख भए अनुसार सोही गाउँको सेठसँग कन्या मागी विवाह मङ्गलोत्सव सिध्याई कौशम्बिक सेठकहाँ खबर पठाए ।

सो खवर सेठले पाउने बित्तिकै उ बडो अचम्म भयो । चिताए झैँ एउटै पनि काम नभई झन् जम्मै काम उल्टो उल्टो मात्र भएकोले अन्तमा उसले घोषकलाई "चाँडै आऊ" भनी खबर पठायो ।

घोषककी पत्नीले त्यस गाउँका सबै मानिसहरूलाई भनी राखेकी



https://dhamma.digital

थिई कि "कुनै पनि खबर आएमा पहिले मलाई नभनिकन मेरो पतिलाई नभन्नु ।"

कौशम्बिक सेठको खबर ल्याउने मानिसलाई घोषककी पत्नीले मानमिजास गरी, केही दिनसम्म पर्खिरहने कुरा बताई ।

अर्को पनि खबर लिएर मानिस आयो । उसलाई पनि त्यस्तै भनी । अर्को पनि मानिस खबर लिएर आयो, अनि उसँग घोषककी पत्नीले सेठको हालखबर सोधी । सन्देश वाहकले " अब त सेठ सिकिस्त छ । आज भोलि नै मृत्यु हुन सक्छ" भन्ने खबर सुनायो । त्यसपछि घोषककी पत्नीले आफ्नो पतिलाई "कौशम्बिमा फर्कने बेला भयो" भनी भन्दै उसलाई सिकाउनुपर्ने अर्ति बुद्धि दिई । यिनीहरू कौशम्बीमा आइपुग्ने दिनमै सेठको पनि मृत्यु भयो । मृत्यु हुने बेलामा सेठले आफ्नो खजाञ्चीसँग "नगद सम्पति कति छ ?" भनी सोध्दा खजाञ्चीले "चालीस कोटी छ" भनी भन्दा सेठले "यो धन घोषकलाई न दिनू", भन्ने बिचार गरी बोली प्रकाश गर्न खोज्दा उल्टै "यो धन घोषकलाई दिनू" भनी भन्यो । यतिकैमा उसको प्राण पनि गयो ।

त्यसपछि कौशम्बीको राजाले घोषक कुमारलाई बोलाई चालिस कोटी धनको मालिक उसैलाई बनाई श्रेष्ठीपद पनि दिए ।

यहि नै कौशम्बीवासी घोषक सेठको उत्पत्ति कथा हो ।

## घोषक श्रेष्ठीको पुण्यचेतना

श्रेष्ठीपद प्राप्त गरी रथमा बसी नगर परिक्रमा गरी आइरहेको घोषक श्रेष्ठीलाई देखी उनको पत्नीले काली दासीलाई सम्बोधन गर्दै भनिन्-

"अम्मे ! तिम्रा मालिकले यो ऐश्वर्य जम्मै मेरो कारणले पाएका हुन् ।"

"कसरी ?" भनी काली दासीले सोधी ।

"आफ्नो मृत्युको सन्देश पत्र लिई गइरहेको बेलामा यी कुमार हाम्रै घरमा बास बसेको थिए । मैले सो पत्र च्याती अर्को पत्र लेखी पठाएको थिएँ । त्यसैले आज यिनले यत्रो श्रीसम्पत्ति पाए" भन्दै आफूले



https://dhamma.digital

गरेको कुरा जम्मै घोषककी पत्नीले काली दासीलाई सुनाइन् । अनि कालीले भनी–

"अम्मे ! तपाईंले त यति कुरा मात्र जान्नुभएको रहेछ । किन्तु यी घोषक श्रेष्ठीको इतिहास निक्कै लामो छ । यी कुमारलाई कौशम्बिक सेठले बालककालदेखिनै मार्ने षड्यन्त्र गर्दै आएको थियो । तर यिनको पुण्य भाग यस्तो बलियो रहेछ कि यिनलाई मार्न नसकी सेठ आफै मरेर गयो । अम्मे ! सवप्रथम यिनको जन्म हुनासाथ यिनलाई बाटोमा फ्याँकेको थियो । यिनको आमा बाबु को हुन् भन्ने कुरा आजसम्म कसैलाई थाहा छैन । यिनलाई कौशम्बिक सेठले पैसा तिरी ल्याएको थियो । पछि सेठको आफ्नो छोरा जन्मेपछि यिनलाई मार्ने षडयन्त्र गरेको थियो । मार्नकोनिम्ति अनेकौ प्रयत्न गऱ्यो तर कुनै पनि प्रयत्न सफल हुन सकेन । हजारौं रूपैया खर्च गऱ्यो । अम्मे ! कर्मबल भनेको साह्रै ठुलो हुँदो रहेछ । पुण्यको प्रभाव भनेको यत्तिको शक्तिसम्पन्न हुँदो रहेछ ! आखिरमा ज्योतिषले भनेबमोजिम यी कुमार यस नगरको श्रेष्ठी नै भई छोडे" भन्दै बडो संवेगपूर्वक बितेका घटनाका कुराहरू जम्मै सुनाई ।

यी कुराहरू सुनी घोषककी पत्नीलाई बडो आश्चर्य लागी जिरिङ्ग भयो । त्यसपछि एक दिन, उनले आफ्नो अतीत इतिहासको कुरा जम्मै उनलाई सुनाइन् । घोषक श्रेष्ठीले पत्नीको कुरा सुनी काली दासीसँग पनि सोधे । अनि काली दासीलाई आमा समान गरी राखे । त्यसपछि यिनीहरूले बितेका घटनाहरूलाई मनमा राखी "यस्तो आश्चर्यजनक, अजीव हुने हामीले प्रमादी भई जीवन बिताउनु हुन्न, अप्रमादी भई बस्नुपर्छ" भनी धर्मचेतना राखी प्राणीप्रति दया राखी दिनको हजारौं रूपैया परित्याग गरी गरीब गुरूवा, अन्धा, कृपण आदिहरूका निम्ति नित्य खाद्यपदार्थ दान दिने दानशाला खोले । त्यस दानशालामा दिनको हजारौंको संख्यामा गरीब गुरूवाहरूले खाना लिन आउँदथे ।

## खुज्जुत्तराको जन्म

यस्तो कठिनाइताबाट उत्तीर्ण भएर आएका दानी, धर्मात्मा घोषक श्रेष्ठीकी एक धाई आमाको कोखमा खुज्जुत्तरा उपासिकाको जन्म भएको



https://dhamma.digital

थियो । उनी देवलोकबाट च्यूत भई यहाँ जन्मेकी थिइन् । जन्मदेखि उनी लंगडी थिइन् । उनको नाम "उत्तरा"हो । तर उनी " खुज्जुत्तरा" भन्ने नामले नै प्रसिद्ध थिइन् । पालि (मागधि) भाषानुसार खुज्जु+उत्तरा= खुज्जुत्तरा । अर्थात् खुज्जु–लंगडी, उत्तरा उनको नाम हो । "लंगडी उत्तरा" भन्ने अर्थले " खुज्जुत्तरा" भन्ने चलन भएको हो ।

**खुज्जुत्तराको पूर्वकर्म**

उनी लंगडी हुनाको पूर्वकर्मको कारण बताउँदै अंगुत्तरनिकाय अर्थकथा र धम्मपद अर्थकथाहरूले यस्तो उल्लेख गरेका छन्– अतीतकालमा वाराणशी राजाको घरमा नित्य भिक्षा लिन आउने एक लंगडो स्वभावको प्रत्येकबुद्ध हुनुहुन्थ्यो । वहाँलाई देखी उनले (– खुज्जुत्तराले ) आफ्नो स्त्री परिषद्को अगाडि प्रत्येकबुद्धलाई गिज्याउँदै, खिसीगर्दै लंगडी भई देखाउँदथिन् । त्यसैको प्रभावले उनी लंगडी भई जन्मेकी हुन् ।

त्यस्तै गरी, काश्यप बुद्धको पालामा उनी ((– खुज्जुत्तरा ) वाराणशीवासी एक सेठकी छोरी थिइन् । उनको घरमा एक क्षीणास्रवी भिक्षुणी समय समयमा आउँदथिन् । एक दिन, सो सेठकी छोरी श्रृङ्गार गरिरहेको बेलामा, उनको घरमा आइरहनु भएकी सो अर्हत भिक्षुणीलाई उनले काम अऱ्हाएकी थिइन् । त्यस समय उनको घरमा कुनै दासी थिएनन् । उनले सो क्षीणास्रवी भिक्षुणीलाई "आर्या ! त्यो मेरो श्रृङ्गार तथा गहनाको बट्टा यता ल्याइदिनुहोस्" भनी अऱ्हाइन् । त्यसबखत सो भिक्षुणीले सोचिन्– "यी कुमारीले अऱ्हाएको काम नगरी दिएमा, यिनले मप्रति रिस गर्नेछिन् । अनि यिनी सोहि रिसको हेतुले नर्कलोकमा जानेछिन् । यदि मैले यिनले अऱ्हाएको काम गरिदिएमा यिनी यसैको फल भोग्दै धेरै जन्मसम्म प्रेशकारी (-नोकर्नी) हुनेछिन् भन्ने जानी नर्कलोकभन्दा नोकर्नी हुनु नै वेश" भनी सो क्षीणास्रवी भिक्षुणीले उनको श्रृङ्गार तथा गहनाको बट्टा ल्याइदिइन् । यसै कर्मको प्रभावलेगर्दा उनी धेरै जन्मसम्म नोकर्नी कुलमा जन्मेकी थिइन् र अहिले पनि नोकर्नी नै हुनु परेको हो ।



https://dhamma.digital

अतीतकालमा, एक दिन, वाराणशी राजाको दरवारमा पात्र भरी तातो पायस भोजन भिक्षालिई गइरहेको आठजना प्रत्येकबुद्धहरूको हात, तातो पात्रले पोलिरहेको देखी, उनले (खुज्जुत्तराले) आफूले लगाई राखेको आठवटा दाँतका चुरीहरू वहाँहरूलाई प्रदान गरी वहाँहरूको हात पोल्नबाट बचाइदिइन् । चुरी पाई प्रत्येकबुद्धहरूले उनको मुख ताक्नु भयो । उनको कारण बुझी "भन्ते ! यी चुरीहरू तपाइहरूलाई नै प्रदान गरिसकें " भनिन् । यसै दानको प्रभावले गर्दा उनी त्रिपिटक धारी महाप्राज्ञा भएकी हुन् । भनिन्छ ती आठवटा चुरीहरू नन्दमूलक पर्वतमा अद्यापि यथावत् छन् । प्रत्येकबुद्धहरूलाई उपस्थान गरेको पुण्यको प्रभावले उनले अहिले स्रोतापन्नफल साक्षात्कारगर्न सकेकी हुन्।

**पाण्डित्यता**

लंगडी भएर पनि खुज्जुत्तराको ज्ञानशक्ति लंगडो थिएन । उनि निक्कै बुद्धिमानी थिइन् र उनको स्मरणशक्ति तथा प्रज्ञालाई बुद्धले पनि प्रशंसा गर्नुभएको मात्र नभई 'खुज्जुत्तरा जस्तै हुन सक' भनी प्रेरणा समेत दिनुभएको छ । पछि उनी श्यामावती महारानीकी सेविका हुन पुगिन् । उनी श्यामावती महारानीको अति विश्वासिनी थिइन् । विशेष गरी उनले श्यामावती महारानीकोनिम्ति फूल किनेर ल्याउने काम गर्दथिन् ।

भगवान् बुद्ध सर्वप्रथम कौशम्बीवासी घोषकादि सेठहरूको निमन्त्रणामा कौशम्बी नगरमा आउनु हुँदा, एक दिन, भगवान् सहित भिक्षुसङ्घलाई सुमन मालाकारले निम्त्याएको थियो ।

खुज्जुत्तराले सधैं उसको घरबाट फूल किनेर लैजाने गरेकी थिइन् । त्यसदिन पनि खुज्जुत्तरा फूल किन्न उसको घरमा गइन् । अनि उनलाई सुमन मालाकारले "अम्मे ! आज मेरो घरमा भगवान् बुद्धको सेवा टहल गरी, वहाँको धर्मोपदेश सुनिसके पछि फूल लिएर जाऊ" भनी भन्यो । खुज्जुत्तराले स्वीकार गरी बुद्धको सेवा टहल गरिन् तथा धर्मोपदेश पनि सुनिन् । बुद्धको उपदेश सुनी खुज्जुत्तराले स्रोतापन्न फल साक्षात्कार गरिन् ।



https://dhamma.digital

जब कुनै व्यक्तिले स्रोतापन्न फल अवबोध गर्छ तब उसको पञ्चशीलमा कुनै त्रुटी हुँदैन । उसको पञ्चशील परिशुद्ध तथा निर्मल हुन्छ । स्रोतापन्न फल-साक्षात्कार भएपछि पूर्णरूपेण पञ्चशील पालन हुन्छ । बुद्ध, धर्म तथा सङ्घ प्रति उसको श्रद्धा अटल हुन्छ । प्राण गए पनि उसले हिंसादि पञ्च पापकर्म गर्दैन । उ नरकगामी पनि हुन्न । स्रोतापन्न भएकोबेला देखि उसले पञ्चशील अखण्डित तथा विर्मलरूपले पालन भएको हुन्छ र उसको शीललाई आर्यकाल शील पनि चन्दछन् ।

स्रोतापन्न हुने व्यक्तिमा स्वभावतः उपरोक्त गुणहरू निहीत हुने भएकोले खुज्जुत्तरा उपासिकाले अघि-अघि फूल किन्दा जुन कपट गर्दथिन् त्यसदिन, ती जम्मै परित्याग गरी, आठै कार्षापणहरूको फूल किनेर श्यामावती महारानीकहाँ गइन् । त्यसदिन अरू अरू दिनहरूमा भन्दा धेरै फूल देखेर श्यामावती महारानीले उनीसँग सोधिन्-

"अम्मे ! आज मालाकार निक्कै खुशी भएको जस्तो लाग्छ । अरू अरू दिनभन्दा आज निक्कै धेरै फूल ल्यायौ त ! किन आज यत्तिका फूल ल्याएको ?"

अनि खुज्जुत्तराले प्रष्ट शब्दमा बताइन् ।

"देवी ! अरू अरू दिनमा ममा अँध्यारोपन थियो । आज सो अँध्यारोपन मबाट हटिसके । अघि अघि मैले आठ कार्षापणमध्येबाट चारै कार्षापणको मात्र फूल किनेर ल्याउँथें । किन्तु आज आठै कार्षापणको फूल किनेर ल्याएँ । आज मेरो भाग्य खुल्यो, मनको मलिनपन छुट्यो तथा मनको दियो पनि बल्यो । आज मैले उज्यालोपन पनि देखें । सुमन मालाकारको घरमा बुद्ध भगवान् सहित भिक्षु सङ्घलाई निम्तो गरेको थियो । उसले मलाई बुद्धको धर्मोपदेश सुनेर मात्रै जाऊ भनी भन्यो । अनि मैले भगवान् बुद्धको दर्शन गरी वहाँको उपस्थान समेत गरें । वहाँले दिनुभएको अमृतमय धर्मोपदेश पनि सुनें । वहाँको उपदेशद्धारा मेरो मनलाई असल बाटोमा राखिदियो । अब उप्रान्त मबाट कहिल्यैपनि त्यस्तो छलकपट हुने छैन । सत्यमा जरो बसिसक्यो । त्यसैले आज मैले अघिअघि गरिरहेको मिथ्याजीविकालाई छोडी सम्यक्जीविकाको शरण



https://dhamma.digital

लिई तपाईंले दिनुभएको आठै कार्षापणको फूल किनेर ल्याएकी हुँ। अघि अघि मैले चारै कार्षापणको मात्र फूल ल्याउँदथें । त्यसैले आज बढ्ता फूल देखिएको हो, मालाकार खुशी भएकोले होइन ।"

खुज्जत्तराको कुरा सुन्दासुन्दै श्यामावती महारानीको मन र शरीर हलुँगो भई "बुद्ध, बुद्ध" भन्ने शब्द सुनी उनको मन बुद्धारम्मण प्रीतिले भरिन थाल्यो । अनि महारानीले उनलाई भनिन्-

"अम्मे ! त्यसो भए तिमीले दिएको धर्मामृत हामीलाई पनि पिलाऊ । बुद्धले दिनुभएको उपदेश हामीलाई पनि सुनाऊ ।"

"देवी ! त्यसो भए एक धर्माशन तयार पार्न लगाउनुहोस् । अनि मात्र तपाईंहरूलाई उपदेश सुनाउने छु, धर्मामृत पनि पिलाउनेछु ।"

अनि श्यामावती महारानीले एक सुन्दर धर्माशन तयार पार्न लगाई, खुज्जुत्तरा उपासिकालाई सोऱ्ह घडा सुगन्धित पानीले नुहाई, शुद्ध वस्त्र पहिराई, धर्माशनमा बसाली सम्मानपूर्वक उनलाई अभिवादन गरी, आफ्ना पाँचसय परिवार स्त्रीहरूका साथ धर्म श्रवणार्थ आफू भुँईमा बसिन् । खुज्जुत्तरा उपासिकाले पनि शैक्षप्रतिसम्भिदामा प्रतिष्ठित भई बुद्धसँग सुनेर आएका सबै उपदेश, मधुर स्वरले श्यामावती महारानी सहित पाँचसय स्त्रीहरूलाई सअक्षर सुनाइन् । उपदेशको अन्तमा श्यामावती सहित सबै पाँचशय स्त्रीहरूले धर्मावबोध गरी स्रोतापन्नफल साक्षात्कार गरे ।

यसपछि श्यामावती महारानीले खुज्जुत्तरालाई "अम्मे ! आजदेखि तिमी मेरी नोकर्नीबाट मुक्त भयौ । आजदेखि तिमी मेरी मातृस्थानमा र धर्मकथिकाचार्यको स्थानमा रही दिनदिनै भगवान् बुद्धको उपदेश सुनी हामीलाई पनि बुद्धोपदेश सुनाई धर्मामृतपालन गराऊ " भनी खुज्जुत्तरालाई दासताबाट मुक्तगरी, मातृस्थानमा र धर्मकथिकाचार्यको स्थानमा राखिन् ।

खुज्जुत्तराले पनि त्यसदिनदेखि दिनहुँ बुद्धकहाँ गई उपदेश सुनी, सो उपदेश श्यामावती सहित उनका पाँचसय स्त्रीहरूलाई सुनाउन थालिन् । खुज्जुत्तरा उपासिकाले उपदेश सुनाई श्यामावती महारानी सहित पाँचसय



https://dhamma.digital

स्त्रीहरूलाई स्रोतापन्न फलमा प्रतिष्ठित गराएको समाचार चारै परिषद् हरूका बीचमा चर्चाको विषय हुन थाल्यो । बहुश्रुतता, धर्मकथिकता, स्मरणशक्ति तथा प्रतिभाण (बुझ्न सक्ने दक्षता ) सम्पत्ति आदि उनका गुणको बयान गरी भगवान्ले उनलाई बहुश्रृत हुनेहरूमध्येमा अग्रगण्य स्थानमा राख्ने कुराको घोषणा पनि गर्नुभयो । जुन कुरा तल मूल सुत्रको "अग्रस्थान" भन्ने शीर्षकले प्रष्ट गरेको छ ।

खुज्जुत्तरा उपासिकाले शैक्ष प्रतिसम्भिदा प्राप्त गरेकी थिइन् ।

## उत्कृष्ट जीवन

यद्यपि खुज्जुत्तरा उपासिकाको बारेमा सविस्तार चरित्रकथा पालिसाहित्यमा उपलब्ध छैन तापनि जति कारणहरू सुत्र र अर्थकथा-हरूमा उपलब्ध छन् त्यतिले नै खुज्जुत्तराको बारेमा जानकारी प्राप्त गर्न पर्याप्त छ । खुज्जुत्तराको जीवन यति उच्च छ कि भगवान् बुद्ध स्वयंले "यदि कुनै एक पौत्रिक गृहस्थीले आफ्नी छोरीको अभिवृद्धि चाहन्छ भने खुज्जुत्तरा उपासिका जस्तो हुन सकुन् भनी प्रार्थना गर" भनी भन्नुभएको कुराबाट पनि प्रमाणित हुन्छ । "यदि कुनै उपासिकाको बीच दाँजो लगाउने हो भने खुज्जुत्तरा नै मापदण्ड हुन्" भनी भन्नुभएबाट पनि हामीले उनको जीवनको उत्कृष्टताबारे अनुमान लगाउन सक्छौं । यी दुबै कुराहरू तल उल्लिखित मूलसुत्रको 'मापदण्ड" र "आयाचना" भन्ने शीर्षकबाट प्रष्ट हुन्छ ।

भगवान्का युगल भिक्षु अग्रश्रावकहरू– सारिपुत्र महास्थविर र मौद्गल्यायन महास्थविरहरू, युगल भिक्षुणी श्राविकाहरू –क्षेमा र उत्पलवर्णा महास्थविराहरू, युगल उपासक श्रावकहरू–चित्र गृहपति र हस्तक आलवक, तथा युगल उपासिका श्राविकाहरू वेलुकण्डकी नन्दमाता र खुज्जुत्तरा हुन् भन्नेबाट पनि खुज्जुत्तरा उपासिकाको महत्व बुझ्न सकिन्छ । यस्तै कुरा बुद्धवंस पालिमा पनि समुल्लेख भएको पाइन्छ ।



https://dhamma.digital

**अघिल्ला जन्महरू**

अघिल्ला जन्महरूमा खुज्जुत्तरा उपासिका बोधिसत्वका परिवारहरू मध्येमै रहेको कुरा जातक साहित्यबाट पनि प्रमाणित हुन्छ ।

शाक्यमुनि गौतम बुद्ध अघिल्ला जन्महरूमा बोधिसत्व छँदा एक जन्ममा वहाँ वाराणसी देशमा, एक ब्राह्मण कुलमा जन्मी कृषिकर्मद्वारा जीविका गर्नुहुन्थ्यो । त्यसबखत सर्पले डसी वहाँको छोराको खेतमा मृत्यु भएको थियो । छोराको मृत्यु भएर पनि बोधिसत्व रूनु भएको थिएन । यो आश्चर्य देखी इन्द्र परीक्षा गर्न त्यहाँ आएका थिए । त्यसबखत बोधिसत्व ब्राह्मणको ६ जना परिवारहरूमध्ये खुज्जुत्तरा उपासिका बोधिसत्वकी दासी थिइन् ।

भिसजातक अनुसार बोधिसत्व ८० कोटि धनका मालिक भएका ब्राह्मणको कुलमा जेठो छोरो भई जन्मिनुभएको थियो । वहाँको नाम महाकञ्चन कुमार थियो । वहाँका जम्मा सात भाइहरू र एक बहिनी थिई । त्यसबखत पनि खुज्जुत्तरा उपासिका महाकञ्चन ब्राह्मणको घरमा दासीकै रूपमा बस्थिन् ।

अर्को एक जातक अनुसार बोधिसत्व सुदर्शन नगरको राजाको कुलमा जन्मिनु हुँदा वहाँको नाम सुतसोम कुमार थियो । बोधिसत्वका चन्द्रदेवी प्रमुख सोन्ह हजार स्त्रीहरू थिए । त्यस समय खुज्जुत्तरा उपासिका त्यस राजदरवारमा धाई आमाको रूपमा थिइन् ।

कुसजातक अनुसार हाम्रा बोधिसत्व, मल्ल राज्यको कुशावती नगरको कुशराजकुमार भई जन्मिनुभएको थियो । कुशराजकुमारकी पत्नी प्रभावती देवीको सेविका भई खुज्जुत्तरा उपासिका त्यस समय पनि खुज्जुत्तरा नामले नै प्रसिद्ध थिइन् । त्यसबखत पनि उनी लंगडी (खुज्जा) नै थिइन् ।

तल उल्लिखित मूल सुत्रको "अनिष्फल मरण" भन्ने शीर्षक अनुसार श्यामावती महारानी सहित उहाँका पाँचशय स्त्रीहरू घरको आगोमा परी मृत्यु भएको बेलामा खुज्जुत्तरा उपासिका एक मात्र त्यस आगोमा परिनन् । श्यामावतीहरूले पूर्वजन्ममा गरेको अपराध कार्यमा खुज्जुत्तरा उपासिका सामेल थिइनन् ।



https://dhamma.digital

# मूल सुत्र–

## १–मापदण्ड

यस्तो मैले सुनें। एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो । त्यहाँ भगवान्ले "भिक्षुहो ! " भनी आमन्त्रण गर्नुभयो । "भदन्त " भनी भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले भिक्षुहरूलाई भन्नुभयो–

"भिक्षुहो ! लाभसत्कार तथा यशकीर्ति भनेको अति दारूण, कटु, तथा खरो हुन्छ । त्यसैले तिमीहरूले 'उत्पन्न भएको लाभसत्कार र यशकीतिलाई छाड्नेछौं, उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई चित्तले समात्न लगाउने छैनौं' भनी सिक्नुपर्छ ।"

"श्रद्धालु एक पौत्रिक उपासिकाले आफ्नी प्यारी तथा मनपर्ने पुत्रीको असल कामना गर्ने हो भने – ' आर्या ! तिमी खुज्जुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता जस्ती हुन सक ।'

(१) "भिक्षुहो ! मेरा श्राविका उपासिकाहरूमध्येमा खुज्जुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता नै मापदण्ड हुन् तथा प्रमाणकर पनि हुन् ।"

'आर्या ! यदि तिमी घरबाट छाडी, अनागारिक भई प्रव्रजित हुन चाहन्छयौ भने–तिमी क्षेमा र उप्पलवण्णा भिक्षुणीहरू जस्तै हुन सक ।'

(२) "भिक्षुहो ! मेरा श्राविका भिक्षुणीहरूमध्येमा क्षेमा र उप्पलवण्णा भिक्षुणीहरू नै मापदण्ड हुन् तथा प्रमाणकर पनि हुन् ।"

'आर्या ! तिमीलाई शैक्षत्व प्राप्त नभइकन लाभसत्कार तथा यशकीर्ति प्राप्त नहोस,' ( भगवान्ले भन्नुभएको छ कि ) 'भिक्षुहो ! यदि भिक्षुणीलाई शैक्षत्व प्राप्त नभइकन लाभसत्कार तथा यशकीर्ति प्राप्त भयो भने उनको निम्ति विध्न हुनेछ ।'

"भिक्षुहो ! यसप्रकार – लाभसत्कार तथा यशकीर्ति भनेको अति दारूण, कटु, तथा खरो हुन्छ। अनुत्तरयोगक्षेम प्राप्तिका निम्ति विघ्नकारक



https://dhamma.digital

हुन्छ । अतएव तिमीहरूले ‘उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई छाड्ने छौं तथा उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई चित्तले समात्न लगाउने छैनौं’ भनी सिक्नुपर्छ ।”

## मूल सुत्र–

**२–अग्रस्थान**

**“एतदग्गं, भिक्खवे, मम साविकानं उपासिकानं बहुस्सुतानं यदिदं खुज्जुत्तरा ।”**

**अर्थ–**

“भिक्षुहो ! मेरो बुहुश्रुता श्राविका उपासिकाहरूमध्येमा खुज्जुत्तरा उपासिका अग्रछिन् ।”

## मूल सुत्र–

**३–आयाचना**

“भिक्षुहो ! श्रद्धालु उपासिकाले सम्यक्रूपले आयाचना गर्ने हो भने यसप्रकार आयाचना गर्नुपर्छ – ‘ त्यस्ती हुन सकौं जस्ती खुज्जुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता उपासिका छन् ।’

“भिक्षुहो ! मेरा श्राविका उपासिकाहरूमध्येमा खुज्जुत्तरा उपासिका र वेलुकण्डकी नन्दमाता उपासिका नै तुलादण्ड हुन् तथा प्रमाणकर हुन् ।”



https://dhamma.digital

**परियत्ति सद्धम्म कोविद प्रथम वर्ष** (तह ८)

**चतुर्थ पत्र**

# बुद्धकालीन बौद्ध व्यक्तित्वहरु

## पाठ्यक्रम

(**अंक विभाजन :** एकाई १ को ३० अंक, एकाई २ को २० अंक, एकाई ३ को ३० अंक, एकाई ४ को २० अंक )

**शिक्षण अवधि १५०**

**पूर्णांक १००**

**उत्तीर्णांक ४०**

**एकाइ १ : बुद्धकालीन अग्रणी महिला, बुद्धमाता** **शिक्षण अवधि ५०**

महाप्रजापति गौतमी

**एकाइ २ : बुद्धकालीन अग्रश्राविकाहरू** **शिक्षण अवधि ३०**

१) खेमा स्थविरा

२) उत्पलवर्णा स्थविरा

**एकाइ ३ : बुद्धकालीन ब्राह्मणहरू** **शिक्षण अवधि ४०**

१) अस्सलायन माणव

२) कसिभारद्वाज ब्राह्मण

३) कूटदन्त ब्राह्मण

**एकाइ ४ : बुद्धकालीन विशिष्ट महिलाहरू** **शिक्षण अवधि ३०**

१)अम्बपाली

२) नकुलमाता

३) चुलसुभद्रा

४) खुज्जुत्तरा



https://dhamma.digital

**सन्दर्भ ग्रन्थहरू :**

भिक्षु अमृतानन्द, बुद्धकालीन ब्राह्मण -२, काठमाण्डौः आनन्द कुटी विहार गुठी, बु.सं.२५२१, सन् १९७७ ।

भिक्षु अमृतानन्द, बुद्धकालीन श्राविका चरित्र भाग-१, काठमाण्डौः आ( नन्दकुटी विहार गुठी बु.सं २५१८

भिक्षु अमृतानन्द, बुद्धकालीन महिलाहरू भाग-१, काठमाण्डौः आनन्दकुटी विहार गुठी बु.सं २५१८

भिक्षु अमृतानन्द, बुद्धकालीन महिलाहरू भाग-२, काठमाण्डौः आनन्दकुटी विहार गुठी बु.सं २५२६, वि.सं.२०३९

भिक्षु अमृतानन्द, बुद्धकालीन नेपाली विश्वकोश ,बुद्धकालीन श्राविका चरित्र भाग-१, ललितपुरः वीर-पूर्ण पुस्तक संग्रहालय, बु.सं.२५६३ ।

Dhamma.Digital



https://dhamma.digital